CC-0. In Public Domain. Digitization by eGangotri

13388

# भाषा वंशावली

## भाग २

प्रकाशक
श्री ५ को सरकार
शि.मं. पुरातत्व विभाग
नेपाल राष्ट्रिय पुस्तकालय

.५
६९ भा

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

पुरातत्व प्रकाशनमाला ३८।

# भाषा वंशावली

## (द्वितीय भाग)

बिब्लियोग्राफर श्रीशंकरनाथ अधिकारीको
अध्यक्षतामा

पं. देवीप्रसाद लंसाल
ज्योतिषाचार्य- महेन्द्र विद्या भूषणबाट सम्पादित

श्री ५ को सरकार
शि.मं. पुरातत्व विभाग
नेपाल राष्ट्रिय पुस्तकालयबाट प्रकाशित

13388

CC-0. In Public Domain. Digitization by eGangotri

संवत् २०२३ विजया दशमी
प्रथम संस्करण १०००
(सर्वाधिकार सुरक्षित)

मुद्रकः-
श्री अन्नपूर्णा-प्रेस (रजिष्टर्ड)
६८, असनटोल,
काठमाडौं, १० (नेपाल)

CC-0. In Public Domain. Digitization by eGangotri

# दुइ शब्द

यो वंशावली विगत २०२० पौष १ गते प्रकाशित भएको हस्तलिखित ग्रन्थ भाषा वंशावलीको दोश्रो भाग हो। उक्त पहिलो भागमा हामीले दोश्रो भाग पनि निकट भविष्यमैं निकालिने छ भनी लेखेका थियौं ता पनि कतिपय कारगणहरूले गर्दा ढिलाई हुनगएकोमा हामी सवै पाठक वर्गहरू सित क्षमा याचना गर्छौं।

ऐतिहासिक दृष्टि कोणले यो दोश्रो भाग पहिलो भागको अपेक्षाकृत निकै उपयोगी सिद्ध हुने छ। पहिलो भागमा नेपालको उत्पत्ति सम्बन्धी पौराणिक कथा किंवदन्तीहरू विशेष रुपले वर्णन गरीएका थिए र तिनीहरूको धार्मिक दृष्टि कोणले आफ्नै महत्व भएको र नेपालको विषयमा सृष्टिको आदि कालदेखि उल्लेख भएको हुँदा ती पौराणिक घटन हरू सुरुदेखिनै समावेश गरिएका हुन्। यो वाहेक नेपाल देव देवीहरूको वासस्थान कहलाउनुको साथै यहाँका नर नारीहरूको जीवनको प्रत्येक पाइला धा मक परम्पराले अनु प्राणित भएको हुँदा यस देशको इतिहासको शुभारम्भ पनि धार्मिक पृष्ट भूमिमा आधारित मान्नु कुनै युक्तिसङ्गत होवैन भन्न पनि नस किने भएको र इतिहासको क्षेत्र भित्र पर्ने घटनाहरू मात्र समावेश गर्दा वंशावली अधूरो नैं हुने ठानी सृष्टिको शुभारम्भदे खकै घटनाहरू राखी एक पूर्ण वंशावली तयार पार्ने उद्देश्य लिई यो वंशावली प्रकाशित गरीएको हो।

यो भाग मल्ल राजा श्री नन्द देवबाट सुरू भई श्री ५ वडा महाराज पृथ्वीनारायणशाहको कान्तिपुर प्रवेश संम राखी टुङ्ग्याइएको छ। यस भागमा इन्द्रचोकको निर्माण मत्स्येन्द्रनाथको उत्पत्ति आदि घटनाहरूको वर्णन छ र अन्य कैही घटनाहरू प न धार्मिक कुराहरू द्वारा पुष्टि भएका छन् मल्ल राजा जयस्थितिमल्ल र उनका सुधार तथा रीतिरिवाजहरू विशेष रूपले वर्णन गरिएका छन्। सम कालिन घटनाहरूमध्ये भक्तपुर र ललितपुरका राजाहरूको थोर वहुँत वर्णन गरि एको छ।

हुन त वास्तविक रूपमा वंशावलीलाई पुरा ऐतिहासिक महत्व दिन सकिदैन ता पनि हामी यस लाई सर्वथा इतिहासको रूपमा स्वीकार नगर्न पनि सक्दैनौं। नेपालको विषयमा पहिले इतिहास लेख्ने यूरोपियन विद्वानहरूले पनि वंशावलीको सहायता लिएको हामी प्रशस्त उदाहारण पाउँछौं।

यो अत्यन्त खुशीकी कुरा हो कि आज हाम्रो देश पनि यस क्षेत्रमा निकै अगाडि वढ़ी सकेको छ र आज हामीलाई आफ्नो देशको इतिहास पढ्न विदेशी विद्वानहरूको मुख ताकनु पर्दैन विभिन्न ठाउँमा पाइएका शिलालेख तथा शिला पत्रहरुको आधारमा प्रमाणिक इतिहासको सृजना धमाधम भई रहेछ र वंशावलीमा उल्लेख भएका कुरा तात्कालिक प्रमाण हरु द्वारा पुष्टि भएका छैनन् तापनि थोर बहुत

CC-0. In Public Domain. Digitization by eGangotri



कुराहरू मिल्न आएका छन् । अतः यो वंशावली पाठक वर्ग तथा इतिहासकारहरूलाई हाम्रो देशको विशुद्ध इतिहास तयार पार्न थोरै मात्रामा भएपनि सहायक सिद्ध होला भंने हाम्रो धारणा छ ।

अन्त्यमा म विभागका निर्देशक श्रीरमेश जङ्ग थापाज्यूलाई यो वंशावली शीघ्राति शीघ्र प्रकाशित गर्न उत्साहित गर्नु भएकोमा धन्यवाद ज्ञापन गर्दै दोस्रो भागको पनि केही पृष्ठहरूको प्रतिलिपि संपादन का निमित्त तयारगर्नु भएका पहिलो भागका संपादक श्री नयनाथ पौड़ेल लाई पनी धन्यवाद दिन्छु । यस भागका सम्पादक श्री देवीप्रसाद लम्सालले परिश्रम पूर्वक सम्पादन गरी यो भाग समयमा नै समाप्त गरिदिनु भएकोले वहाँ विशेष धन्यवादका पात्र हुनु हुन्छ ।

शंकरनाथ अधिकारी
विब्लीयो ग्राफर
नेपाल राष्ट्रिय पुस्तकालय

०२३ कार्तिक ७ गते

CC-0. In Public Domain. Digitization by eGangotri

# मेरो भनाई

जुन सुकै देश वा राष्ट्रको आफ्नै ढङ्गको इतिहास परम्परा साहित्य र संस्कृति हुन्छ, तर सहीसामाग्री उपलब्ध हुदानै हरेक क्षेत्रको बास्तविकतथ्य ज्ञानहुन शक्तछ। इतिहास बाट गतघटनाहरुको केवल क्रमभात्र थाहाहुने हैंन। त्यस बाट राष्ट्रको योग्यता अयोग्यता सफलता विफलताका कारणहरू खोज्न र जान्न सकिन्छ। इतिहास क्रियात्मक राजनीति हो, जसको द्दर्शला गतशताब्दिहरूका भिन्न भिन्न अनुभव द्वारा स्थापित गरिएको छ र राष्ट्रको भाविविंकाशको निमित्त हामी यी कार्य तथा कारणका बहुमूल्य अनुभवलाई पन्छाउन शक्तेनौं।

इतिहासमा विशेषगरी त्यस अङ्गको बढ़ी महत्वहुन्छ, जब देशमा राज्यक्रान्ति वा कुनै ठूलो उथल पुथल हुन्छ। किन कि त्यस समयमा शयकडौं वर्ष देखि एकत्र भैराखेका कारणहरू र गुप्त कारणहरू उठेर माथिल्लो तहमा आएर प्रत्यक्ष देखिन लाग्दछन्। त्यस बेला राष्ट्रको सारा शक्ति केन्द्रित भैंराखेको हुन्छ र जसको शान्तिका समयमा अध्यन गर्न दुर्लभ हुन्थ्यो त्यसका अङ्ग प्रत्यङ्ग त्यस वेला, छर्लङ्ग हुँन्छन्। यसै समयमा राष्ट्रको मूलाधार शक्ति त्यसको गुण अवगुणको पहिचान हुन्छ। जस्तै गतमहायुद्धका घटना लेयूरोपका शक्ति र सभ्यताको अनेक गुप्तकुराहरु दुनियाका अगाडि छर्लङ्हुन आए।

राज्यक्रान्तिको मूल्य यसनिमित्त पनि अधिक मानिन्छ कि त्यस राष्ट्र को भावी इतिहासलाई पनि त्यसले बनाउदछ र अर्कारा‌ष्ट्रका घटनाक्रमलाई पनि प्रभावान्वित पार्दछ। अमेरिका र फ्रान्सको राज्य क्रान्तलेयूरोपका शासन पद्धतिको ढाँचानै बदलिदियो। त्यस्तै भारतको क्रान्ति पछि हाम्रो देशका स्वेच्छाचारी शासकले पनि शदाब्दि पुरानो प्रसाशन बाट हात धुनुपर्‍यो। यस्तै स्वेच्छाचारी शासनले गर्दा नेपालको वास्तविक इतिहास लेखिएको थिएन। लेख्न इच्छाभए पनि इच्छानुसारको इतिहास लेख्न पाउदैनथे। यो पुस्तिका आधुनिक 'डायरा को जिजुबाजे जस्तोछ। यसलाई वंशावली भनिन्छ। यस्तो इतिहास प्रेमीहरुले टिपेर राख्ने चलन थियो। यो वंशावली खास इतिहासमा चाखराख्ने हरुका निमित्त मूलबाटो नभए पनि गोरेटोको काम अवश्यनै दिनेछ भन्नेलागेको छ र त्यसैका आधारमा यो क्रमशः प्रकाशित गरिदै छ।

यो वंशावली कुनै एक व्यक्तिले एकै समयमा लेखेको न हुनाले लेखकको नाम यसमा छैन। यो वंशावली को दोस्रो भाग हो। प्रथम भागमा आदिकाल देखि राजा अंशुवर्माको राज्यकाल सम्मगएको छ। यो दोस्रो भागमा राजानन्द देवको साशनकाल देखि उठानगरी श्री ५ वडामहाराज पृथ्वीनारायणशाहदेव ले कान्तिपुर प्रवेश गरेसम्मको छ। यसमा सहयोग गर्ने पं. यज्ञादन्द गुभाजु तथा पं. टङ्कप्रसादढ़काल धन्यवादका पात्र हुनुहुन्छ।

विनीत

संबत् २०२३ विजया दशमी — देवीप्रसाद लंसाल

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

# विषय सूचि

| | पृष्ठ संख्या |
|---|---|
| ललितपुरको स्थापना | १ |
| मिथिलाका ब्राह्मणको र ल्हासाका लामाको संपर्क | ३ |
| नरेन्द्रदेवका पालामा अनावृष्टि | ४ |
| मत्स्येन्द्र र गोरखनाथ को उत्पत्ति | ५ |
| मत्स्येन्द्रनाथलाई लिन राजा नरेन्द्रदेवको प्रस्थान | ७ |
| कामरूपीठ बाट नरेन्द्रदेवको प्रत्यागमन | ८ |
| मत्स्येन्द्रनाथको प्रतिष्ठा | ९ |
| मत्स्येन्द्र नाथको वर्णन | १० |
| मत्स्येन्द्रनाथको रथयात्रा | १२ |
| राजा नरेन्द्रदेव र आचार्य बन्धुदत्तको प्राणत्याग | १७ |
| इन्द्रचोकको निर्माण | १८ |
| समनगरको निर्माण | १९ |
| मणिगणेशआदि देवताको प्रतिष्ठा | २१ |
| कान्तिपुरनगर निर्माण | २२ |
| नेपाली संवत् को प्रारम्भ | २४ |
| नान्यदेवले नेपाल उपत्यकामा राज्य गरे भन्नेअनु श्रुति | २६ |
| नेपालमा मुकुन्दसेनले आक्रमणगरेभन्नें अनु श्रुति | २७ |
| भीमसेनको स्थापना | २८ |
| इन्द्रयात्रामा देखिने मञ्जिपात राक्षस | २९ |
| हर्सिहदेव संबन्धि अनुश्रुति | २९ |
| श्रीतुलजा देवीको उत्पत्ति | ३१ |

CC-0. In Public Domain. Digitization by eGangotri


| | |
|---|---|
| सिमरौन गढ़को निर्माण | ३२ |
| श्रीतुलजा देवीको प्रतिष्ठा | ३४ |
| तुलजा अगाडिका गणेशको उत्पत्ति | ३४ |
| तुलजा बाट वरदान | ३५ |
| नेपालमा भूकम्प | ३५ |
| धानको राशको थुम्को | ३६ |
| स्थितिमल्लका पुर्खा | ३७ |
| स्थितिमल्ल र उनको स्थिति | ३७ |
| भक्तपुरको वयान | ५३ |
| कान्तिपुरको वयान | ५५ |
| फेरी कान्तिपुरको वयान | ८१ |

CC-0. In Public Domain. Digitization by eGangotri

# भाषा वंशावली

## ललितपुरको स्थापना

अस्य पुत्र श्रीराजा नन्ददेव भोगवर्ष १३ यी राजाले सिखरापुर मतिलिनगर दुइ सहरको राज्य गर्दै थिया। यिनै राजाले विक्रमादित्य सेनका पूर्व कथा सुनी विक्रमादित्य संवत्सर नेपाल आदि पूर्व पश्चिममा अधि बेस गरी नचल्याको विक्रमादित्य संवत्सर प्रख्यात गरी चलाइदिया। देवताहरूको सन्मान गरिरहयाका थिया।

अस्य पुत्र श्रीवीरदेव राजा भोगवर्ष १६ यिन राजाले ब्राम्हण ज्योतिषी पण्डित बौद्धाचार्यहरूसंग संमत गरी ज्ञानो जनकन प्रजाकन बोध दी एक एक सहर बनाउनको बडो इच्छा भयो भनी ❀ उत्तर प्रयाग शंखमूल सन्धिपर्यन्त सहर बनाउंला भनी उद्योग गर्न लाग्या। ललित भन्याको एक कोही घाँसीलाई राजाले तेसको लक्षण विचारी बढिया ठह्राई त्यसलाई आफ्ना घोडाको

---

❀ क' पुस्तकमा यहाँबाट पाठान्तर छ। सो यस प्रकारको छ–

बडो उद्योग गरी श्रीपरमेश्वर सर्वेश्वरको सेवा गर्दै थिया। एक दिन राजा आफ्ना दर्बारका झ्यालमा बस्याका थिया र त्यहा सधैं कुष्ठरोग भयाका घाँसी एकलै घाँस काट्न आउथे। एकदिन राजाले झ्यालबाट नजर गर्दा सोही घाँसीका कुष्ठरोग सबै निको भै सुन्दर मूर्ति भयाको देखी राजा आश्चर्य मानी निज घाँसीसँग राजाले सोध्दा अघि ता तिमी कुष्ठरोगी थियौ। आज ता कुष्ठरोग सबै निको भै सुन्दर रूप भयो भनी राजाबाट हुकूम हुंदा निज ललित भंन्या घासीले राजाका हजुरमा विन्ति गऱ्यो।

हे महाराज म हिजो वाग्मतीबाट दक्षिण दिशामा ललितारण्य भन्याका वनमा घाँस काट्न जाँदा मलाई गर्मी ज्यादा हुंदा त्यहां पानीका चब्ल ? पोखरी जस्तो पानी जम्याका ठाउंमा गई लुगा छोडी

CC-0. In Public Domain. Digitization by eGangotri



चिरुवादार गरी राख्या । पछि राजाका अनुग्रहले र अम्बिका रानीका प्रेमले ललित ठूलै मानिस भयाको थियो र ललित नाम वन फाँडी सहर बसाउननिमित्त आफ्ना प्रेमी ललितलाई मुख्तियार गरी सहर बसाउन लाया । तेस ललितले राजाको हुकूम पाई बढ़िया सुसाइत पारी सहर बनाउनको आरम्भ गऱ्या । यस्ता तरहसंग राजाले धेरै धन खर्च गरी सहर बसाउन लाउँदा अघिका सहर मतिलिनगर देखि जोरी बनाया । ९००० नौ हजार घर थपी अति ठूलो सहर बनाया । नगरका लक्षणले पाँच थुम्का बनिगया । ती राजाले अघि बस्याको दर्बार छाडी नयाँ दर्बारमा वास गऱ्या । ललित नाम वन फ़ाँडी बनायाको सहर हुनाले ललितपत्तन भनी शास्त्रोक्त प्रमाणले सहर बसाई नाम प्रख्यात गरिदिया । ललित नाम भयाकाले बनायाको हुनाले ललितपुर भनी भन्दछन् । यहाँपछि यिन राजाका पालामा मीननाथ लोकनाथ १२ गोटा देवताका रथ बनाई यात्रा बनाया । भैरव श्वेतनारायण हरिशङ्कर गरुडनारायण लोकनाथ मीननाथहरूका यात्रा प्रतिवर्ष खेलप्रति गराया । वैशाख शुक्ल ११ देखि पूर्णिमापर्यन्त अघिका टोल पछिका टोलहरूमा राजा प्रजाकन मंगलनिमित्त जात्रा बनाई प्रतिवर्ष चलाया ।'

यिन राजाका पालामा सुन्दर नाम बनियाँले रत्नाकर समुद्रमा जाई रत्न ली कालीनगरमा जाई रत्न विक्रय गरी सात कोटि धन कमाई नेपालमा ल्याई नेपालमा अघि नभयाको बौध्द धर्म लोप हुन लाग्यो भनी धर्म प्रकाश गर्ननिमित्त पाद प्रतिष्ठाकर्म बौध्दाचायहरूबाट गराई एक कोटि धन १०००००००

---

घाँस बोक्ने नोल ताहाँ गाडी नुहाउन गया र पानीबाट माथि आउँदा कुष्ठरोगकन पनि निको भै गयो । नोल लिन जांदा नोल पनि फिक्न नहुने भै सिध्द भै गया भनी बिन्ती गर्दा राजा बहुत खुशी भै मलाई यो ठाउँ देखाऊ भनी भन्दा सो जग्गा राजालाई देखाया र राजा आफ्ना दर्बारमा आई बस्या । ललित भने परमेश्वरका कृपाले कुष्ठरोग निको भै गयाका हुनाले घाँसी भया पनि राजा-बाट आफ्ना मन्त्री गरी राख्या । नोल सिध्द भै गयाका अझतक कुम्भेश्वरदेखि दक्षिण दिशामा झतापोलदो भनी नाम राखी छँदैछ । परमेश्वर सर्वेश्वरका सेवा गर्दै यी राजाले मनमा एक सहर बनाउला भन्ने मन थियो र कोही बखतमा सर्वेश्वरबाट स्वप्नमा हे राजा तिमीले सहर बनाउने भया यो ललितारण्य वन फाँडी २४ तत्त्वका प्रमाणले श्री यन्त्रका प्रमाणबाट तिम्रा मन्त्री ललितलाई अख्तियारी गरी हाम्रा ३ स्वयम्भू शिवलिंग सहरभित्र पारी बनाउनू । तिमीलाई पनि उध्दार गरुँला भनी स्वप्न हुँदा कलिगत वर्ष मा फाल्गुन शुक्ल मा शुभ साइतमा ललित भन्ने मन्त्रीले राजाका हुकूम पाई आरम्भ गऱ्या । यस्ता तरहसंग राजाले धेरै धन खर्च गरी २४ टोल २४ तत्वका प्रमाण धारा इनार पोखरीसमेत देव देवताका स्थापना गरी बड़ो सुन्दर ललितपत्तन भनी नाउ राखी मतिलिग्रामसम्म जोरी सहर बसाया ।

CC-0. In Public Domain. Digitization by eGangotri



❀ गाडी स्थूलदो चैत्यका प्रतिमा बनाई माघ शुक्ल पञ्चमी उत्तर भद्र नक्षत्र सिद्धियोग बुधवारका दिन प्रतिष्ठा गरी नवदान पादपूर्णदान संपूर्ण भोजन गराई बौद्धमार्गीहरुबाट आशीर्वाद ली धेरै धन खर्च गरी बौद्धमार्गीको धर्मवृद्धि गऱ्या । पुलचोकसन्धि पादप्रतिष्ठा गरी सवा लक्ष्य धन गाड़ी स्थूलदो चैत्यका प्रतिमा बनाई पुलचोक देश बनाई अघि भै गयाको धर्मकन लोप हुन लाग्याको बौद्धकर्मकन वृद्धि गरी चाहिंदो विधिपूर्वक सुन्दर नाम बनियाँ माली जातले वृद्धि गऱ्या । नाना प्रकार संग बौद्धमतको धर्म बढाई पछिबाट बौद्धमार्गमा प्रवेश गरी भिक्षुक धर्म ली नकवहिल भनी विहार बनाई बुद्धको प्रतिष्ठा गरी सोही विहारमा शान्त भै गया ।

## मिथिलाका ब्राम्हणको र ल्हासाका लामाको संपर्क

फेरि मिथिला नगरका ब्राम्हण थिया । मिथिलामा दुर्भिक्ष भै उस ठाउमा नरही भाईले सहित उत्तराखण्डतिर आया । नेपालमा आइपुग्याप्रान्त भोट देशतिर गया । जब ल्हासा पुग्याथ्या । उहाँ लामाहरू तपचर्या गरी रह्याकाकन देख्या र यस ब्राम्हणले पनि उनीहरुको सामर्थ्य विचार गर्न लागिरह्याका थिया । ती लामाहरूमध्ये कोही लामाले रूखमा चाट्दा तपका बलले रूखबाट दूध प्रवाह भै सोही दूधका आहर गरी तपस्या गऱ्याको देखी तेस मिश्र ब्राम्हणले आफ्ना मार्गका मात्रको विचार गरी हेंरूँ भनी मन्त्रका प्रयोगले लामाले चाट्दा दूध प्रवाह हुन्या रूखकन मन्त्रका बलले सुकाइदिया र लामाले यस्तो त हुनुपर्न्या होइन भनी

---

पूर्व बालकुमारी, दक्षिण थछे महालक्ष्मी नैऋत्य कसुंतिकुमार पश्चिम यप्पा वैष्णवी पश्चिम ड़ेखुहो रूद्रायणी वायव्य लोहगल इन्द्रायणी उत्तर धंतिलवाराही, उत्तर सिकुवही चामुंडा यस्तो रीत गरी देव देवताको प्रतिष्ठा गऱ्या । यिनै राजाले शिखरापुर दर्बार छाडी ललितपत्तन दबारमा बस्न आया । ललित भन्न्याले बनायाको हुनाले ललितपुर भनी नाम प्रख्यात भै ललितपुर भन्या सत्तर कुंभेश्वरदेखि दक्षिणपट्टि अद्यापि छंदैछ । यिनै राजाका पालामा ललितपत्तन सहरमा मतिलिनगरका मीननाथ श्रीजटाधारी लोकेश्वर, धालाछका लोकनाथ मतिलिनगरको वटुक भैरव स्वथ नारायण, चाराछेका हरिशकर, कोलिमका महेश्वर यिनै देवताका रथ बनाई, प्रतिवर्ष वैशाख शुक्ल ११ देखि पूर्णमासम्म जात्रा गरी टोल टोलका प्रजाहरुले मान्य गन रीत चलाया ।

यिनै राजाका पालामा सुन्दर नाम महाजनले रत्नाकर समुद्र भन्या ल्हासामा जाई नाना तरहका बेपार इत्यादि गरी रत्न सुवर्ण ली कलिंग देशमा गई रत्न सुवर्ण विक्रय गरी सात कोटि धन जम्मा गरी देवी प्रसन्न गराई राजासंग बक्साई दानापु र भन्या सहर बसाई कोटिधन ❀

CC-0. In Public Domain. Digitization by eGangotri



आश्चर्य मानी विचार गर्न लाग्या। कसले क्या गरिदिएछ भनी विचार गरी खोज्दा तेही मिश्र ब्राम्हणकन ठहराई बातचित गर्दा परस्पर आफ्ना मार्गको भेद बताई सुनाया। बहुतै प्रीतिभावले गरी भोटैमा बसिरह्याको थिया। केही वर्षपछि धेरै दौलथ सुवर्ण कमाई लामा सँग विदा भै फर्की आया। आफ्ना जन्मभूमितर्फ जानुपऱ्यो भनी मिथिलातर्फ गया। उहाँ सजाति भाई गोष्ठी गोत्रीहरूले जातमा नलिदा फर्की नेपालमा आई शंखमूलका सन्धि ठूलो विहारगृह बनाई बुद्धको मूर्ति स्थापना गरी त्यहीं वास गऱ्या। बौद्धमार्गको धर्म सबै याद पाई सगोत्रीहरूले सजातमा नलिंदा बौद्धमार्गी भै भिक्षुकचर्या लिया। ताहाँपछि बुद्धको सेवा गरिरह्या। फेरि बुद्धको पादप्रतिष्ठा गरी द्रव्य गर्भमा राखी स्थूलदो चैत्य बनाया। भाइचाहिले पनि विहारगृह बनाई बौद्धको स्थापना गरी बौद्धाचार्य भै रह्या। राजा वीरदेवले नगर बढाई प्रजाकन प्रतिलाप गरिरह्याका थिया।

## राजा नरेन्द्रदेवको पालामा नेपालमा अनावृष्टि

अस्य पुत्र नरेन्द्रदेव भोगवर्ष ३७ यिन राजाका पर्यायमा सिध्द गोरखनाथ नेपालमा आई भिक्षा माग्न जाँदा अतीत अभ्यागतमाथि श्रध्दा कम देख्या। ताहाँपछि नेपाल पुण्यभूमिमध्ये उत्तर मृगस्थ—लीविषे जलवृष्टिका कर्ता नागहरूकन खैंची नाग आसन गरी गुप्त रूपले तप गर्न लागिरह्या। यो कुरो दुनियाँलाई जाहेर थिएन। पछिबाट जलवृष्टि नभै प्रजाहरूले दुःख पाउँदा राजा नरेन्द्रदेवबाट अहो क्या आपत आइलाग्यो मेरो पालामा प्रजाले बहुतै दुःख कष्ट पाया। राजा भै प्रजाकन यदि दुःख भयो भन्या क्या राजा भनी साऱ्है मनमा विषाद गरीकन कसो गऱ्या दुर्भिक्ष हरण होला। कौन उपदेशो सामर्थी होला भनी जान्न्या ज्योतिषी पण्डितहरूकन तलास गर्न लाग्या। चारै तर्फका जान्न्या जान्न्या पण्डित ज्योतिषी बूढ़ा बूढ़ाहरू गुरू प्रोहितप्रभृति सबैकन बटुल्याई फुल्याई ठूलो कचहरी गरी सोधपुछ गर्दथ्या। शास्त्रहरू मगाई दुर्भिक्ष-हरण हुन्याको उपाय शास्त्रमा खोज्न लगाई अनेक तरहसँग विचार गराउँथ्या। आफू र रातमा हात्तीमा सवार भै सहर ग्रामका गल्ली गल्लीमा डुली गरी चर्चा दुनियां क्या क्या वार्ता गर्दारह्याछन् भनी बुझ्न लाग्याका थिया। क्या कारण भन्या पञ्च भन्याका परमेश्वर हुंन्। पञ्चका ईश्वरबाट जुक्ति बकाउँछन् भन्या निश्चय गरी रात्रिमा फिरथ्या।

एक कोही दिन सहरमा रात्रिविषे फिर्दा कान्तिपुर सहरमा रह्याका बन्धुदत्त नाम बौध्दाचार्य ब्राम्हण मुडियाका शिवमार्ग बौध्द मार्ग दुवै मार्गका धर्म वेवहार जान्न्या एक बौध्दाचार्य थिया। रातमा कोठाभित्र आफ्नी स्त्रीसंग बसिन्हदासमय स्त्रीले सोध्न लागी रहे स्वामी यो नेपालमा

CC-0. In Public Domain. Digitization by eGangotri



जलवृष्टि नभै दुर्भिक्ष हुदा लोकले साह्रै अन्नविना दुःख कष्ट पाया । राजा पनि भरसक मेहनत गरी जान्न्या मानिस खोजी बटुल्याउंछन् । कसो गर्न्या जलवृष्टि हुंदो हो नि भनी सोध्दा बन्धुदत्तले केही जुक्ति छ भन्नुहुदैन अरू केही जुक्ति गरीकन पनि यो कामको पार लाग्न्याछैन भन्दा त स्त्रीले साह्रै ढ़िपी गर्न लागिन् र बन्धुदत्तले बहुतै ढिपी गरी हत्या देला भन्या जस्तै सताउंदा क्या भन्याकि हे सुन्दरी सुन यो कुरा कसैलाई नभन्नू भनी कबूल गराई यहाँ देखि ३०० यो जनभित्र कामरूपीठमा श्री मत्स्येन्द्रनाथ राजाका पुत्र भै जन्म लिन गयाका छन् । नेपालमा भन्या गोरखनाथबाट नेपाली प्रजाहरूले अनादर गर्दा रीस गरी नाग आसन गरी गुप्तले तपस्या गर्दा जलवृष्टि नभयाका छन् ती गोरखनाथका गुरु मत्स्येद्रनाथकन आवाहन गरी ल्याउनु सक्या गोरखनाथ तपचर्या-बाट उठ्नन् र नागहरू स्वस्वस्थानमा जानन् । ताहाँपछि आफै जलवृष्टि भै दुर्भिक्ष हरण होला भन्या कुरा कहानी गर्न्याको राजा नरेन्द्रदेवबाट सुनी अब उपाय पायाँ भनी खुशी भै दर्बार फर्की आया ।

भोलि बिहान सवेरै बौध्दाचार्यकन बोलाउन पठाया र तिनले स्त्रीलाई भन्या । हेर हिजो राति तैंले साह्रै ढ़िपी गरिस् आज दर्बारबाट बोलाहट भयो अब राजाले कसो गर्न आँट्या भनी डराई नजाई रह्या र फेरि दर्बारबाट राजाको हुकूम हुन्छ विस्तार नगर केही कुराको डर मनमा नराख निःसन्देह संग आऊ भनी ब्रुझाई डाकी लग्या । राजाका हजुरमा पुग्यापछि राजाबाट पनि बहुतै सन्मानपूर्वक आदर गरी जान्न्या जान्न्या पंडितहरू ज्योतिषीहरू बटुल्याई शास्त्रको विचार गराई राख्याको मानिसहरूकामध्ये कचहरीमा राखी साधनी गर्दामा ती बन्धुदत्तले आफ्ना दस्तुरमाफिक ईश्वरको स्मरण गरी जोखना हेरी क्या भन्या कि हे महाराज यहाँ ठूलो कष्ट प्रश्न आयो । विना उद्योगले मेहनत नगरी यो कामना पुग्न्याछंन क्या कारणले भन्नुहोला त यस नेपालमण्डलमा बडा सिध्द देवता गोरखनाथ अप्रसन्न हुंदा नागहरू आसन गरी गुप्त तप गर्नु हुंदा जलवृष्टि शून्य भै दुर्भिक्ष भयाको हो । अब क्या जुक्ति गर्नु पर्दछ भन्नुहोला त यस कालमा यहादेखि ३०० योजनभित्र पूर्वभागमा लीला गर्ननिमित्त श्री मत्स्येन्द्रनाथ राजपुत्र भै जन्म लिन गयाका छन् । ती मत्स्येन्द्रनाथ गोरखनाथका गुरु हुन् तिनकन नेपालमा ल्याउनसक्या तबदेखि गोरखनाथ गुरुका नमस्कार गर्ननिमित्त उठनन् र नागहरू बन्धनदेखि मुक्त हुंदा जलवृष्टि हुन्याछ भनी विन्ति गर्दा ती मत्स्येन्द्रनाथ गोरखनाथ भन्याका को हुन् यिनका आदिको उत्पत्ति कस्तो हो भनी सोधनी गर्दा ती बन्धुदत्त प्रभृति जान्न्या जान्न्या पण्डितहरू बसी विचार गर्दा शास्त्रानुसार ठहराई विन्ति गर्न लाग्या ।

## मत्स्येन्द्रनाथ तथा गोरखनाथको उत्पत्ति

हे महाराज पूर्वकालमा श्री महादेव ब्रम्हा विष्णुप्रभृति इन्द्रादि तेत्तीसकोटि देवताहरू जम्मा भै

CC-0. In Public Domain. Digitization by eGangotri



रहँदा समय श्री महादेवबाट विष्णुतर्फ नजर गरी क्या भन्नु भयो कि हे विष्णु तिमी संपूर्ण लीलामा कुशल छौ त म एक थोक कुरो भन्दछु । क्या भनौला त आज मलाई ऐले तिम्रो मोहनी स्वरूपको चरित्र देखलाऊ भनी सोध्दाभया र विष्णुबाट हे महादेव यो कुरो नभन्नुहवस् भनी बुझाउँदा पनि बुझाउन सकेनन् बहुतै ढ़िपी गर्नु हुँदा विष्णुबाट उस समय यिनलाई मोहिनी मूर्त्ति नदेखाई भएन भनी आफू अलप भै मोहनी मूर्त्ति देखाउँदाभया । उस बखतमा कस्तो चरित्र देखियो कि क्षणभरमा स्वप्ना झै सब मोहमा परिगया । तत्क्षणैमा दोश्रो संसार जस्तै देखियो । वसन्त ऋतु आई ठूलो एक बगैंचा देखिया सुगन्ध वायु वहन लाग्यो । नाना तरहका फल फूल वनचरहरू नाना पक्षिहरू सुस्वरसंग बोली विहार गर्‍याको देखिया । उस बगैंचामा एक अति सुन्दरी मोहनी मूर्ति देखिया र महादेवका नजरबाट देखी अघिको चेष्टा बदली मोहनीदेखि बहुतै आसक्त भै पछि पछि धाउदाभया । मोहिनी रूपधारीबाट हाउ भाउ कटाक्ष रूपी तीरले महादेवका मन हरी लिंदाभया र मोहिनी मूर्तिकन पछि पछि धाई समात्न खोज्दा, मोहनी मूर्तिबाट छुनै नदिन्या यस्तै तरहसंग धेरै वेर भुलाउँदा आसक्तताले पीड़ित भै धैर्य धार्न नसक्ता जोरसंग धाई मोहिनी मूर्तिको स्पर्श गर्निबित्तकै मोहिनी अलप भै विष्णुमूर्त धारी शिवका उत्थान ध्वजलाई चक्रले छेदन गर्दा शिवको शुक्ल च्युत भयो र त्यो शुक्ल विष्णुबाट आफ्ना बाहुलीमा थापी लिंदाभया र उस समयमा नब शिवजीसंग विन्ति गर्‍या कि हे शिवजी तपाईको वीर्य व्यर्थ हाल्न योग्य छैन भनी उत्तिखेर वायु देवता र केशरी वानरलाई बोलाई क्या अन्हाउनुभयो कि हे वायु देवता केशरी यो शिववीर्य केशरीका हातमा राखिदी ऐले जाई अंजनी गर्न लाग्याकी भयाको ठाउँ जाई यो वीर्य तिनका उदरमा पारिदिनू भनी अन्हाई पठाउँदाभया र तिनीहरू जाई दशेन्द्रिय निगृह गरी तप गर्न लाग्याकी अंजनीका कर्णद्वारबाट शिववीर्य उदरमा प्रवेश गराउंदा गर्भाधान भै तिनदेखि हनूमानूको जन्म भयो । शिवका वीर्यदेखि उदय हुनाले बड़ो सामर्थवानन् भया । हरिका आज्ञाले उदय हुँदा हरिभक्त भया । केशरी वानरका हस्तबाट वीर्य कर्ण द्वारमा राख्नाले कपीतन भया । वायु देवताबाट वीर्य उदरमा प्रवेश गराउँदा वायुपुत्र भनी प्रख्यात भया ।

विना प्रसंगले अंजनीको गर्भबाट जन्म पाउँदा जति भया यही शिववीर्य केशरी वानरका हात राखिदियापछि विष्णुका बाहुलीमा लाग्याको नदीमा बाहुली धुँदा पानीमा रह्याको वीर्य मत्स्यले खाँदा मत्स्योदरदेखि मत्स्येन्द्रनाथको जन्म भयो । जलले धुँदा पनि नगयाको विष्णुबाट गोबर मगाई हस्त मर्ली फेक्याका गोमलदेखि उदय भयाको हुनाले गोरखनाथ भनी प्रख्यात भयाका हुन् भन्न्या वृत्तान्त नरेन्द्रदेवका कचहरीमा जाहेर गर्दा राजालाई बहुतै श्रद्धा लागी मनमा क्या विचार गर्‍या कि जस्त तरहसंग पूर्वकालमा रोहिणीनक्षत्रमा शनिश्चर जाँदा वर्षा शून्य हुँदा रघुवंशमा उत्पन्न भयाका राजा दशरथका पर्यायमा अब कसो गर्न्या हो भनी वशिष्ठादि मुनिहरूकन बोलाई मेरा पालामा प्रजाहरूलाई बहुतै कष्ट प्राप्त भयो । प्रजाको प्रतिपाल यदि गर्न सकिएन भन्या राजा भयाका क्या प्रयोजन भयो धिक्कार

CC-0. In Public Domain. Digitization by eGangotri



हो भनी वशिष्ठादिका उपदेश सुनी शनिश्चर जस्तासँग युध्द गर्नाको अङ्गीकार गरी, कि प्रजाका कारणमा प्राण गै गयो, कि प्रजाको उपकार गरिहाल्याँ भनी आँटो शनिमाथि धनुर्वाण ली रथमा चढी जाई धनु टंकार शब्द गर्दा मजस्ता वीरमाथि उपकार गर्नानिमित्त आफ्ना जीयको माया त्यागी इलाग्यो धन्यै हो भनी बहुतै प्रसन्न भया र उस रथबाट बल प्रसाद पाया । अब उप्रान्त कौनै कालमा अपनि रोहिणीका कोष्ठमा न जानू भन्न्या वढी गरी ससारमा ठूलो यश नाम कमायाथ्या । त्यस्तै युग अनुसार मेरा पालामा यस्तो प्रजाको आपत आई प्राप्त भयो । अब मैले पनि दुर्भिक्ष हरण हुन्या उपायका उद्योगमा जीवको संकल्प गर्दछु । सक्या दुर्भिक्ष हरण गरी जस कमाउँला, सकिनं भन्या पनि प्रजाका कारणमा प्राण गया पनि मलाई बढियै छ भनी मनमा बिवेक गरी इदमित्थ ठहराई बन्धुत्त.चार्यलाई एकान्तमा बोलाई सम्मत गऱ्या ।

## मत्स्येन्द्रनाथलाई लिन राजा नरेन्द्रदेवको कामरूपीठ प्रस्थान

अब हामीहरूले कसो गर्नु पऱ्यो भनी सोध्दा बन्धुदत्ताचार्यले क्या विन्ति गऱ्या कि हे महाराज अब हामीले फकीरको भेष गरी कामरू पीठमा जाई चाहियाको उपाय गर्न जानुपऱ्यो, उद्योग गर्दा दैवागतले जो भैपरी आउँछ । सो काममा जुक्तिसंग गर्न्या काम गरुँला भनी चाँहिदो खर्च ली गुप्तसंग मन्त्रीलाई राज्यको भारा सौंपी बढ़िया वेलामा साईत गरी प्रस्थान गरी बन्धुदत्त आचार्य र एक चाकरलाई साथ ली राजा नरेन्द्रदेवबाट चाहिदो सार्जाम लिन लाई नेपालका नाग कर्कोटकलाई आवाहन गरी हामीलाई संकष्ट पर्दा आवाहन गर्दा आउनू भंन्या वाचा बन्देज बाँधी प्रजालाई थाहा नदी फकीरका भेष गरी देशान्तरगमन गरी गया । जाँदा जाँदा कामरू पीठमा पुगी सहरमा प्रवेश गरी वास गरी राजाका धेरै पुत्रहरूमा मत्स्येन्द्रनाथ चाँहि कुन रह्याछन् भनी तलास गर्न लाग्या । जब विचार गरी ठहराई सक्याथ्या । त्यहाँपछि अब एक जुक्ति गर्नु पऱ्यो भनी नागकन आवाहन गरी विन्ति गऱ्या ।

हे नागराज अब तिमीले यस देशका राजाको भोजन गर्दा समय रेणुप्रमाण सूक्ष्म रूप भै राजाका उदरमा प्रवेश गरी आफ्नू सरीर वृध्दि गरी उदरमा पीडा देऊ जब मैले मन्त्रले उपकार गरूँला तब तिमीले राजाकन रोग निवारण गरी बाहिर निस्कनू भनी नागलाई पठाई राजाका उदरमा प्रवेश गरी उदर ठूलो भारं गरी पीडा दिया । हात गोडा मुख सब्ब सुकी पेटमात्र बढी राजालाई पीडा हुँदा अनेक जान्या ज्योतिषी वैद्यकन बोलाई औषधि गराउन लाया । आराम गर्न कसैले सकेनन् । देशी परदेशी जान्या काको आउँदा रह्याछन् भनी सहरमा तलास गर्न लाया । यस्तै समयमा ती बौध्दाचार्यले राजाकन र सेवककन सहरमा डुल्न जाऊ, तिमीहरू औषधि गर्न जान्दछौ कि ? भनी सोध्दा हामी त

CC-0. In Public Domain. Digitization by eGangotri



जान्दौन । हाम्रा एक गुरु छन् । तिनलाई औषधिहरूको याद छ भन्नू भनी सिकाई पठाया र त्यस देशका राजाका मानिसहरूले ती राजा र सेवकलाई तिमीहरू औषधि गर्न जान्दछौ ? कि भनी सोध्दा तिनीहरूले बौध्दाचार्यले सिकायाअनुसार उत्तर दिंदा ती राजाका मानिसहरूले बौध्दाचार्यलाई बोलाई दर्बारमा लग्या ।

## कामरूपीठबाट राजा नरेन्द्रदेवको नेपालमा प्रत्यागमन

ताहाँपछि मन्त्रीहरूले औषधि गर्ननिमित्त विचार गराया । ती बौध्दाचार्यले पनि धेरै विचार गरी नाडी हेरी प्रश्न विचारी चाहिदो नागपूजाको सार्जाम मागी पूजा गरी औषधि खुवाउदा राजालाई वमन भयो र ती नाग सूक्ष्म रूपले गरीं बाहिर निस्की अलग भै गया । ताहाँपछि फेरि केही औषधि गर्दा राजा पीडादेखि मुक्त भै जस्ताका तस्ता भै जान लाग्दासमय धन्य तिमी रह्याछौ मकन जीवदान दियौ भनी बहुतै प्रार्थना गऱ्या । अब तिमी क्या माग्दछौ माग भनी सोध्दा बौद्धाचार्यले म केही माग्दिन यदि बक्सनुहुन्छ त तीन वार सत्यवाचा गर्नुहोला तब म एक थोक माग्दछु भनं सत्यवाचा गराई क्या माग्या भन्या हे महाराज तपाईंका धेरै पुत्रहरू छन् । तिनीहरूमध्यें मैले रोजी लियाका एक पुत्र बक्सनुहवस् भनी माग्दा राजाले विचार गऱ्या । पुत्र दिनु भन्याको कठिन कुरो हो परन्तु मलाई जीवदान दी सत्यकबूल गराइसक्यापछि दिनैपर्‍यो भनी लौ दिउँला भनी कबूल गऱ्या ।

ताहाँपछि सबै पुत्रहरू बोलाई सामुन्ने राखी लौ एक पुत्र लैजाऊ भनी भन्दा ती आचार्यले जुनचाहिं अवतारी थिया । तिनैकन ठहराई ती राजपुत्रकन माग्दा ती राजाले मेरा पुत्रहरूमध्ये उत्तम भयाका मुख्य चाँहिकन यिनले माग्या वाचामा हाऱ्याँ क्या लाग्छ भनी केही भन्न सकेनन् । ताहाँपछि रानीले थाहा पाई यस पुत्रकन त म कदाचित् दिन्याछैन भनी दिएनन् । थोरै दिन त्यहाँ बस्दा ती लक्षणवान् पुरुषकन साथ ल्याउन नपाई एक दिन ती अवतारी पुरुषकन भेटी तिमीकन हामीले नेपालमा दुर्भिक्ष हुँदा यहाँसम्म धाई आइपुग्यौ । बाबासग पनि मागिसक्यौं । हामीले पायौं । अब हाम्रा मनोरथ पूर्ण गरिदिनु चाहिं छ भनी विन्ति गर्दा मत्स्येन्द्रावतार पुरुषबाट आज्ञा गऱ्या । नेपालमा सहकाल गर्ननिमित्त श्री पशुपतिनाथकन मान्नू आसमुद्रान्त त्रिभुवनका देवताहरू तिनैका हुकुममा अधीन भै रहन्छन् । वैशाखमा ब्राह्मण द्वारा आर्यातीर्थको जलाभिषेक गर्नू तब वर्षाफल सुफल होला भनी आज्ञा गऱ्या—ततः श्लोकेन कथयति—

अथोवाच स मत्स्येन्द्रः नेपालवासिजन्तत्र
मृत्युञ्जयाय विप्रैश्च वैशाखे चाभिषेचनम्
मिलित्वा सववर्गैश्च दुर्भिक्षहरणं भवेत्
गृह्यन्ते तज्जलं मेघैः काले वर्षति सर्वदा

CC-0. In Public Domain. Digitization by eGangotri



यस्ता प्रकारसंग आज्ञा गरी तिमीहरूले आवाहन गर्दा म आउँला भनी ऐले र तिमीहरूसँग आउनुहुदैन । मेरा आमाले पनि जान देवैनन् । तिमीहरू यहाँ बस्नुपर्दैन जाऊ भनी आज्ञा प्रसन्न भया । उप्रान्त कामरूबाट गमन गरी फर्की नेपाल आई चाहिंदो पुरश्चरणको सार्जाम सब थोक शास्त्रानुसार जोरजम्मा गरी उत्तम भूमि ठहराई लगनखेलका मध्यमा शिलाको पद्माकार बनाई पवित्र भै पीठ पूजा कलश थापी पुरश्चरण आरम्भ गऱ्या ।

## श्रीमत्स्येन्द्रनाथको नेपालमा प्रतिष्ठा

एकदिन बन्धुदत्तले राजासँग भन्यो । हे महाराज आज रात्रि मत्स्येन्द्रनाथ गमन गरी आई यस कलशमा प्रवेश गर्न्याछन् । तिमीले उस बखतमा एक पट्टवस्त्रले तत्क्षण कलसमा छोप्नू भनी अहान्ई ध्यानदृष्टि लाई मन्त्रले आकर्षण गऱ्या । नेपाल भूमिमा दशदिग्विषे रक्षा विधानले दिग्बंधन गरी आवाहन गर्दा मन्त्रका बलले गरी आकर्षण हुँदा श्रीमत्स्येन्द्रनाथबाट नरस्वरूपमा आफ्ना आमा भै रह्याकीकन निन्द्रैमा छली कामरू पीठका आफ्ना गण साथमा ली नेपाल भूमिमा प्राप्त भै पञ्चरत्नको तेजले युक्त भै रत्नाकार स्वरूप भ्रमर भै पुरश्चरण गऱ्याका स्थानमा प्राप्त भै कलशमा भित्र प्रवेश गऱ्या। राजालाई र अकस्मात् निन्द्रा लाग्न जाँदा बेहोस भै कलशमा छोप्न सकेनन् र भ्रमर स्वरूप फेरि कलशबाट निस्की फर्कंदा भया र बन्धुदत्त आचार्यले कटुवालदहदेखि पर जान नहुन्या साधन दिग्बन्धन गरी राजालाई भन्या । हे महाराज तिमी उत्तरसाधक हौ । तिमीले अवसर चुकायौ । ईश्वर फर्की गमन गरी जाँदा भया । अव वेस गरी चेत गरी बस भनी फेरी मन्त्रले आकर्षण गर्न लाग्या । फेरि मत्स्येन्द्रनाथ गमन गरी आई कलशभित्र प्रवेश गऱ्या । राजालाई फेरि निन्द्रा भयो र फेरि उम्की गया । त्यहाँपछि फेरि राजा-लाई भन्या । तिमीले दुइ वार चुकायौ । अब फेरि एक फेरासम्म मन्त्रका वलले श्रीमत्स्येन्द्रनाथ आकर्षण गरुँला तेस्रा पालि पनि चुकायौ भन्या मनोरथ व्यर्थ भयो भनी खै गरी अब त वेस गरी चेती रहुँला भनाई आकर्षण गर्न लाग्या । फेरि मन्त्रका वलले श्रीमत्स्येन्द्रनाथकन आवाहन गर्दा गमन गरी आई कलशमा प्रवेश गर्दासमय देवताका छलले गरी राजालाई फेरि निन्द्रा लाग्न जाँदा बन्धुदत्त आचार्यले अब त अनर्थ भयो यस औसर चुक्याउप्रान्त सब मिहनत व्यर्थ भयो भनी चाँडै राजालाई गोडाले धका दी राजालाई उठाउँदा राजाले पनि चाँडै पट्टवस्त्रले कलश छोपिदिया । तर उस बखतमा राजाले क्या चिताया भन्या यस आचार्यले मलाई लातैले हान्या यिनका गोडा तीन टुक्रा पार्न पर्न्या हो भनी चिताया ।

यहाँपछि विधिपूर्वक स्थिर वाचन गरी पूजा मान्य गऱ्या । कामरूपीठका पूर्णचरिड नीलनाथ हयग्रीव आदि हरूकन पनि आवाहन गरी पूजा मान्य गऱ्या । ललितपत्तन स्थान बनाई चोभु भन्याका

CC-0. In Public Domain. Digitization by eGangotri



स्थानमा सुहृभेश्वर नाम मिश्र ब्राम्हण बौद्धाचार्यमा पस्याका(थिया)उनका विहारका सन्धि उदरमात्र लश राखी धातुका लोकेश्वर मूर्ति बनाई विधिपूर्वक प्रतिष्ठाकर्म गरी स्थापना गऱ्या। नेपालमा शुभाशुभ चिह्न हवस् भन्ना निमित्त भरणीनक्षत्र वार योग लग्न ठहऱ्याई मनुष्यका माफिक दशकर्म गरी स्त्रीलाई गर्न्या कर्म पनि गरी स्त्रीपुरुष दुवैका चाहिन्या कर्म पुऱ्याई यज्ञोपवीत दी शिवमार्ग बौद्धमार्ग दुवै मार्गले मान्नु पर्न्या प्रमाणले गरी ग्रहहरूका दान शान्तिस्वस्ति गर्नु पर्न्या रीत चलाया। यी प्रमाण गऱ्याको शुभाशुभ चिन्ह पिनै श्रीमत्स्येन्द्रनाथबाट हवस् भन्नानिमित्त हो। यस्ता प्रकार सँग सिद्ध मत्स्येन्द्रनाथकन नरस्वरूपका गतिमा ल्याई प्रतिष्ठा गऱ्या।

## श्रीमत्स्येन्द्रनाथको वर्णन

यस्तै समय गोरखानाथबाट मत्स्येन्द्रनाथ आया भनी पञ्चकुमारीका मुखबाट सुनी मेरा गुरुको दर्शन गर्न जानुपऱ्यो भनी गुप्तरूप तपचर्याबाट उठ्दा नागहरू सबै स्वस्थानमा गया। त्यस दिनदेखि वर्षा प्रशस्त भैगयो। यहाँपछि बन्धुदत्त नाम बौध्दाचार्यले श्रीमत्स्येन्द्रनाथकन स्तोत्र बनाई स्तुति गऱ्या।

नमो लोकनाथाय-स्तुत्वा प्रणम्यमभयंकरसर्वसत्वा

संपूर्णचन्द्रवदनाम्बुजपत्रनेत्रम्।

सर्वज्ञज्ञानमुकुटोज्वलमुक्तिमार्गं

तं पद्पाणिवरभूषितज्ञानराशिम्

अस्यार्थ-हे परमेश्वर समस्त लोकहरूकन अभय वर प्रसन्न हुन्या पौर्णमासीका चन्द्रमा जस्ता तेजिला मुखारविन्द भयाका तथागतका बौध्दज्ञान धारण गरिरहयाका फेरि यो परमेश्वरका गात्र लक्षण कस्तो छ भन्या, नासिका पनि लामो, गण्डस्थल उठ्याको, ओठ रातो, तुषार जस्ता दन्त हँसिला मुखारविन्द भयाका विशाल कृपाल भयाका भयाका सिरपिन भयाका फेरि ब्रम्हाले पनि मान्याका कोमल वाणी भयाका फेरि पुष्पका मालाले आभूषण गऱ्याका सुवर्ण नाना रत्नका अलंकार भूषण गऱ्याका त्रिनयन जटा मुकुटमा बालचन्द्रले शोभायमान भयाका कृष्ण मृगका अञ्जीन ओढ्याका सुवर्ण भयाका फेरि लोकेश्वर भनी समस्त देव दैत्यले भज्याका वासुकी नाग राजाको नर्ने धाऱ्याका चिन्तामणि मनकामना पुऱ्याउन्या, रत्नकुण्डल कर्णमा धाऱ्याका, फेरि संसार भन्नाले जन्म मरण वृद्ध हुनु नाना पाप दुःखरूपी समुद्रमा डुब्याका लोकहरूले नमस्कार गर्दा पूर्वकालमा परमेश्वरबाट बौध्द ज्ञान दी बोध गरी पापीहरूकन धर्म उपदेश दिन्या, फेरि यमराजका नरकमा जाई अविचिन नरकमा डुबाई राख्याका पापीहरू सबै उतारी पाप देह मोचन गरी नरक सबै

CC-0. In Public Domain. Digitization by eGangotri



नाश गरी शीतल भूमि गरी नरक कुण्डबाट पद्म उत्पत्ति गरी पापीहरूको दुःखमोचन गरी सुख दिन्या, फेरि नरकमा जांदा यम किंकरहरूकन तर्साई पठाई विहार गर्न्या, फेरि नरक जस्ता ठाउमा जाई भक्तिजन उद्धार गर्न्या, त्रैलोक्यका नाथ भयाका, अभय दिन्या दुःख पर्दा जसले तिनको नाम स्मरण गर्दा त्यसको दुःख हर्न्या, फेरि यिनैले प्रेतलोकका भूमिमा जाई प्रेतहरूको भोक तृषा छुटाईदिन्या, कस्ता प्रेतहरू भन्या पर्वत जस्ता पेट भयाका तृषाले नरकका ज्वालाले सरीर जीर्ण भै पानी घाममा रह्याका सुक्याका काठ जस्ता आंङ सियाको छेद जत्रो मुखद्वार भयाका प्रेतहरूकन आफ्नै बाहुलीले पानी पियाई उद्धार गर्न्या तृष्णाले पीडित भयाका दुःखीहरूकन आफ्ना पांचै अंगुलीबाट नदी वहाई प्रेतहरूको भूख छुटाई सरीर पुष्टि गरी आनन्द गराउन्या, फेरि चन्द्र सूर्यका किरणले नदेख्याका ठाउमा जाई चिन्तामणि कुण्डलका तेजले उज्यालो गरी यक्ष राक्षसले नमस्कार गरियाका वलि राजाकन पातालमा जाई अनुत्तर ज्ञान कही बोध दी थोरैमाथि उतारिदिन्या, दिवि कुंडल भयाका देव पुत्रथ्यै जाई अन्न मांग्दा देवपुत्र रोई विन्ति गर्दा अन्न धन रत्न संपत्ति पनि दी दुःख नाश गर्न्या कामरूप अनेक राक्षसीहरूका स्थानमा जाई अर्कालाई मारी खांउ भनी चिताउन्या, राक्षसीहरूकन मोह गरी ज्ञान कही धर्मचित गराउन्या विष्टा मूत्रका भूमिमा जाई कोटिप्रमाण कृमि भै रह्याका नारकीकन भ्रमर भै जाई जाई शब्दले शब्द सुनाई सबै कृमिकन उद्धार गउर्न्या बाह्र वर्षसम्म पनि पानी नपरी दुर्भिक्ष भै हाहाकार हुदा पानी परी ब्रीहिवृध्दि गर्न्या राक्षसीका हातबाट बनियाहरू आफ्नू वराह घोडा भै समुद्रबाट उक्साई पार गर्न्या साध्दातु केही कालमा संसार प्रलय हुदा देव दानवहरू आफ्ना रोम कूपमा हाली रक्षा गर्न्या व्याघ्रादि सबै भय नाश गर्न्या मनुष्य जस्तै रूखमा पारिजेत श्रेष्ठ त्यस्तै धान्यादिले युक्त गराई समस्त कुवेरादिले नमस्कार गरियाका यस्ताकन नमस्कार भनी जसले करुणाष्टक पाठ गर्ला। त्यसको साफल्य होला। नाम लिनाले दुःस्वप्नादि नाश होला ईश्वरले सब पदार्थमा रक्षा गरुन् भंन्या आदि भावले गरी करुणाष्टक बनाई स्तोत्र गर्न्या। श्लोक पच्चीसको स्तोत्र बनाई ※ "श्रीमदार्यावलोकितेश्वरभट्टारकस्य श्रीबन्धुदत्तचार्यकृतां करुणास्तव", भनी स्तुति गर्न्या।

फेरि राजा नरेन्द्रदेवबाट पनि आदि सकृत् वाणीका 'रूपस्तवं' भनी स्तोत्र बनाई × स्तुति गर्न्या।

नमो लोकनाथाय

---

※ या स्तोत्र नेपाल राष्ट्रिय पुस्तकालयको १२८, १२६, संख्याको हस्तलिखित पुस्तकमा सुरक्षित छ।

× योस्तोत्र नेपाल राष्ट्रिय पुस्तकालयको १२६ संख्याको हस्तलिखित पुस्तकमा सुरक्षित छ।

CC-0. In Public Domain. Digitization by eGangotri



सर्बभूतमनुकम्पित तुभ्यं शान्तिमेव चरितं तव तुभ्यम् ।
सर्वरूपवरदिव्यसुरूपं तं नगामि दशवलबलरूपम् ।।१।।

## मत्स्येन्द्रनाथको रथयात्रा

यस्ता प्रकारसंग श्रीराजा नरेन्द्रदेवले बन्धुदत्त आचार्यले मन्त्र आकर्षण गराई श्रीमत्स्येन्द्र नाथकन नेपालमा ल्याया । नेपालमा प्राप्त गराउँदाको वर्ष संख्या श्लोक–

अतीतकलिवर्षेषु स्वादस्वर्गरसाग्निषु ।
नेपाले विजयी श्रीमानार्यावलोकितेश्वरः ।।

कलिगतवर्षको ३६७६ × जाँदा श्री मत्स्येन्द्र नाथकन नेपालमा प्राप्त गराया । यहाँपछि राजा नरेन्द्रदेवले बन्धुदत्ताका सम्मतले यात्रा बनाउनाको विधिक्रिया रथको आकार भैरव ककोंटक नागका प्रमाणले ढलमा बनाई चारै भैरवका भावले चार पाङ्ग्रा बनाई ३२ हात प्रमाणका रथ पाङ्ग्रा ढ़लमा चाहिंदो विंधि आरम्भ गरी यात्रा बनाया । मत्स्येन्द्रपुर नाम एक देश बनाई महीना ६ ललितपुरमा विराजमान गराउनुपर्न्या गरी देवालय बसाया । यही रीत वर्षप्रति सदा सर्वदा भैगयो ।

---

× यस संवत्को विषयमा पाठान्तर पाइन्छ जस्तै–

अतीतकलिवर्षेषु शून्यद्वन्द्वरसाग्निषु ।
नेपाले जयति श्रीमानार्यावलोकितेश्वरः ।।

[कलिगत वर्ष ३६०० (वि. सं. ५५६) मा नेपालमा आर्यावलोकितेश्वर (मछिन्द्रनाथ) पूज्य हुनुहुन्छ] (त्रिरत्नसौन्दर्य गाथाको ८२ पृष्ठको टिप्पणी)

अतीतकलिवर्षेषु शून्द्वन्द्वरसाग्निषु
नेपाले विजयी श्रीमानार्यावलोकितेश्वरः ।।

(नेपाल राष्ट्रिय पुस्तकालयमा रहेको २७६ संख्याको हस्तलिखित पुस्तकबाट)

(कलिगतवर्ष ३६२३ (वि. सं. ५७९) मा नेपालमा अर्यावलोकितेश्वर (मछिन्द्रनाथ) पूज्य हुनुहुन्छ)

CC-0. In Public Domain. Digitization by eGangotri



षडव्योमषड्वन्हिमिते कलौ वै
नेपालमागात्खलु लोकनाथः ॥

(योगी शङ्करनाथद्वारा प्रकाशित "मत्स्येन्द्रपद्यशतकम्" को अवतरणिकाबाट)

(कलिगतवर्ष ३६०६ ( वि. सं. ५६२) मा लोकनाथ (मछिन्द्रनाथ) नेपालमा आउनुभयो)

अतीतकलिवर्षेषु शून्यस्वर्गरसाग्निषु
नेपाले जयति श्रीमानार्यावलोकितेश्वरः ॥

( "मत्स्येन्द्रपद्यशतकम्" को अवतरणिकाबाट )

[ कलि गतवर्ष ३६७० ( वि. सं. ६२६ ) मा नेपालमा आर्यावलोकितेश्वर (मछिन्द्रनाथ) पूज्य हुनुहुन्छ ]

यी पाठहरूमा अहिले यहां विचार गरिन्छ—

कृतयुगाम्बरवन्हिभिरुज्झितो गतकलिः किल विक्रमवत्सरः ।
शरहुताशनचन्द्रवियोजितो भवति शाक इह क्षितिमण्डले ॥

( शतानन्दले वि. सं. ११५६ मा बनाएको भास्वतीबाट )

कलिगत वर्षमा ३०४४ घटाएपछि विक्रमसंवत हुन्छ । विक्रमसंवत्मा १३५ घटाएपछि शकसंवत् हुन्छ ।

शककालं कर्मभूमौ स्थाप्य नन्दाद्रिभूरग्नि युता ३१७९ योज्यै एतन्कलियुगम्भवति

( राष्ट्रिय पुस्तकालयमा रहेको सुमतितन्त्रको फोटोबाट )

[ शकसंवत्मा ३१७९ जोडेपछि कलिगतवर्ष हुन्छ ]

—यस अनुसार कलिगतवर्ष ३६०० मा शक सं. ४२१ वि. सं. ५५६ हुन्छ । कलिगतवर्ष ३६०६ मा शक सं. ४२७ वि. सं. ५६२ हुन्छ । कलिगतवर्ष ३६२३ मा शक सं. ४४४ वि. सं. ५७९ हुन्छ । कलिगतवर्ष ३६७० मा शक सं. ४९१ वि. सं. ६२६ हुन्छ । कलिगतवर्ष ३६७६ मा शक सं. ४९७ वि सं. ६३२ हुन्छ ।

शकसं. ३८६ देखि ४२७ सम्म तदनुसार वि. सं. ५२१ देखि वि. सं. ५६२ सम्म नेपालमा राजा मानदेव शासन गरिरहेका छन् । ( हेनुहोस् "इतिहास-संशोधनको प्रमाण प्रमेय ( पहिलो भाग ) २६३—२६७ पृष्ठ )

शकसं. ४४४ वि. सं ५७९ मा नेपालमा राजा वसन्तदेव शासन गरिरहेका देखिन्छन् {हेर्नुहोस्- अभिलेख-सङ्ग्रह पाचौं भागमा प्रकाशित पाटन वहालुखाको र बलम्वु पासिख्यको अभिलेख}

चापालीगाउंको अभिलेखबाट शकसं. ४८९ वि. सं. ६२४ मा गणदेव राजा देखिन्छन् ।

… … { भट्टा } रकमहाराज { श्री } गणदेवः { कुशली } … … … संवत ४८९ श्रावण शुक्लदिवा-द्वादश्याम् { हेर्नुहोस्- लेवी ८ संख्या नोली २१ संख्या }

CC-0. In Public Domain. Digitization by eGangotri



[भट्टारकमहाराज श्री गणदेव कुशल हुनुहुन्छ । संवत् ४८६ श्रावण शुक्लद्वादशीमा]

वि. सं. ६३३ मा नेपालमा राजा मानदेव थिए भन्ने कुरा सुमतितन्त्रबाट थाहा पाइन्छ ।

"शकराज्याब्द ४९८ मानन्देवस्य राज्याब्द ३०४"
[ राष्ट्रिय पुस्तकालयमा रहेको सुमतितन्त्रको फोटोबाट ]

[शकसंवत् ४९८ देखि मानदेव संवत् चलेको हो । त्यसको चलन ३०४ वर्षसम्म रह्यो ।]

यहाँ ४९८ शकसं देखि मानदेव संवत् चलेको भनी लेखिएको हुँदा वि. सं. ६३३ मा मानदेव राजा थिए भन्ने थाह हुन्छ ।

यसरी माथि उल्लिखित वि. सं. ५५६, वि. सं. ५६२, वि. सं. ५७१, वि. सं. ६२६, वि. सं. ६३२ तिरका कुनै समयमा पनि नेपालमा नरेन्द्रदेव राजा भएको प्रमाण पाइएको छैन ।

लिच्छविकालको इतिहासमा राजा नरेन्द्रदेव वि. सं. ७००–७३६ सम्म राजा भएका देखिन्छन् । ( हेर्नुहोस्–संस्कृत–सन्देश १।२ मा प्रकाशित ऐ. शि. बाबुराम आचार्य तथा श्रीगुरुपं नयराज पन्त द्वारा र नोली ६७ संख्यामा पनि प्रकाशित तलेजुचोकको अभिलेख, तथा भगवानलाल १३ संख्या अर्थात् नोली ७३ संख्याको पशुपति वज्रघरको अभिलेख ) तल उद्धरण गरिने एक पद्यले वि सं ७६० भन्दा पछिका राजा नरेन्द्रदेवले मछिन्द्रनाथको यात्रा चलाएका हुन् कि ? भन्ने शङ्का उठ्न दिदैंन । अहिले–सम्म पाइएका शिलापत्रका आधारमा वि.सं. ७६० भन्दा पहिलेका राजा नरेन्द्रदेव यिनी एकमात्र छन् ।

यी राजा नरेन्द्रदेवको पालामा चिनियाँ राजदूत वाङ्युन्चे चीनबाट भारतमा नेपालको बाटो वि. सं. ७००–७१४ सम्म ओहोरो दोहोरो गरेका थिए। राजदूत वाङ्युन्चेले तात्कालिक नेपालका राजाको वर्णन गर्दा "राजा नरेन्द्रदेव कानमा सुनको चौगडी लाउंछन् तथा मोती मुगा पन्नाहरूले सिंगारिएका हुन्छन् । उनको कमरपेटीमा बुद्धको मूर्ति कुंदिएको हुन्छ " यस्तो लेखेका छन् ।

शिलापत्रमा राजा नरेन्द्रदेव आफूमा " उर्लेका वीर सिपाहीका भाला र बाणले उनिएका हात्ती घोडाले घनघोर भएको लडाई मा सारा वैरीलाई सोत्तर पारेर दुनियाँहरूलाई धर्मकर्म रुपैया पैसाको व्यवहार र सुखसयलसमेत पुऱ्याइदिने आफ्ना कीर्तिले दिशा विदिशा उज्यालो पारेका श्रीपशुपति–नाथका पाउको अनुग्रह पाएका " यस्तो विशेषण लगाउँछन् । ( नेपालको संक्षिप्त इतिहासको आधारमा )

राजा नरेन्द्रदेव आफूमा " पशुपतिभट्टारकपादानुगृहीत " यस्तो विशेषण लगाउँछन् तापनि उनी बौद्धमार्गपट्टि पनि झुकेका रहेछन् भन्ने कुरा उनको कमरपेटीमा बुद्धको मूर्त्ति कुंदिएकोबाट थाहा पाइन्छ ।

वि. सं. ७६० मा मत्स्येन्द्रनाथ नेपालमा प्रख्यात भइसकेका छन् भन्ने कुरा नरेन्द्रदेवकै नाति हुन्छ द्वितीय जयदेवको पशुपतिको शिलापत्रको एउटा पद्यबाट स्पष्ट । सो यस प्रकारको छ– ।

CC-0. In Public Domain. Digitization by eGangotri



" पद्मं किं करुणाकरस्य करतो लोकेश्वरस्यागतम् "

[ करुणामय लोकेश्वरको हातबाट आएको कमल पो यो हो कि ? ]

यसबाट वि. सं. ७६० मा मत्स्येन्द्रनाथ प्रख्यात भइसकेका र कमरपेटीमा बुद्धको मूर्ति कुदिएंबाट राजा नरेन्द्रदेवको बौद्ध धर्मपट्टि पनि झुकाव देखिनाले यिनै नरेन्द्रदेव राजाले मत्स्येन्द्र—नाथको यात्रा चलाएहोलान् ! भन्न सकिन्छ। तर तात्कालिक निश्चित प्रमाणविना टुङ्गो लगाउन चाँहि सकिन्न।

राजा नरेन्द्रदेवले नेपालमा मत्स्येन्द्रनाथको यात्रा चलाएका हुन् भन्ने हो भने " स्वादस्वर्गरसा-गिषु " यस्ता पाठको ठाउँमा " वेदवेदाद्रिबन्हिषु " जस्ता नरेन्द्रदेवको समयसंग मिलने पाठ पढ्नुपर्छ। वंशावलीको यो पाठले राजा नरेन्द्रदेवले मछिन्द्रनाथको यात्रा चलाए भन्न सकिन्न।

राजा नरेन्द्रदेव तथा उनका आचार्य बन्धुदत्तले मछिन्द्रनाथको यात्रा चलाएका हुन भन्ने तात्कालिक प्रमाण अहिलेसम्म नपाइए तापनि अनुश्रुति भने पछि पछिसम्म, " राजा नरेन्द्रदेव र बन्धुदत्त आचार्यले मत्स्येन्द्रनाथको यात्रा चलाएका हुन्" भन्ने चलेर आइरहेको पाइन्छ। जस्तै-

गोपाल वंशावलीमा यस विषयमा यस्तो लेखिएको छ—

"राजा नरेन्द्रदेव वष ३५ तस्य आचार्य बन्धुदत्त द्वयेन श्रीबुग्मलोकेश्वर भट्टारकस्य जात्रा कृता भवति

(हिमवत्संस्कृति १ वर्ष १ अङ्क ११ पृष्ठबाट)

[ राजा नरेन्द्रदेव ( राज्य भोग ) वर्ष ३५ उनका आचार्य बन्धुदत्त हुन। दुवैले मछिन्द्रनाथको जात्रा चलाएको हो ]

राजा श्रीनिवासमल्लको पालामा वि. सं. १७३४ मा कवि नीलकण्ठले बनाएको 'मत्स्येन्द्रशतकम्" नामक पुस्तकमा पनि यस विषयमा यस्तो लेखिएको छ—

अनावृष्टिरासीत् पुरा द्वादशाब्दावधि श्रेष्ठनेपालपीठे यदातु ॥
तदा पीडिताः पीनताभावहेतोः स्वकाये जनाः क्लिष्टचित्ताः बभूवुः ॥४१॥

तदा बान्धवाद्येन दत्तेन मन्त्रप्रभावातितेजस्विना कामरूपे ॥
महामन्त्रजाप्येन मत्स्येन्द्र गत्वा समाराधितस्त्वं स्वभक्ते दयालुः ॥४२॥

स आचाचार्यवर्यस्ततः स्वप्नलब्धं वरं प्राप्य भावत्ककारुण्यदत्तम् ॥
त्वया विभृता मानुषं रूपमच्छं सहायात्पुरः पीठनेपालमेव ॥४३॥

नरेन्द्राय भूपालवर्याय सर्वं त्वदायातवृत्तान्तमाहाप्य स्ववम् ॥
नरेन्द्रस्तदाचार्यवाक्यं निशम्य क्षणात्तोषयुक्तोभवद्विस्मितश्च ॥४४॥

CC-0. In Public Domain. Digitization by eGangotri



तदभ्यन्तरे मानुषं रूपमाशु त्वया त्यक्तमन्तर्हितस्त्वं क्षणेन ॥
द्विरेफो हि भूत्वागमिष्यामि चेति त्वदाज्ञामवाप्याथ राज्ञे ब्रूवीत् सः ॥४५॥

यदा भ्रामरं रूपमाप्त.स रात्रौ त्वया दृश्यते चेत्तदा धारणीयः ॥
निशम्येति तद्वाक्यमेवं प्रचक्रे नरेन्द्रोपि तस्मन् क्षणे वृष्टिरासीत् ॥४६॥

सुवृष्ट्या तया तत्प्रजास्तुष्टचित्ता गतक्लेशता पीनकाया बभूवुः ॥
ततो बान्धवाद्येन दत्तेन चेमां सुमूर्तिं प्रतिष्ठाप्य तन्त्रोक्तमन्त्रैः ॥४७॥

सपर्याविधिं शिक्षयित्वा जनेभ्यः कृतं विघ्नशून्यं सदा पीठमेतत् ॥
नरेन्द्रावनीशः स आचार्यवर्यः सुलीनत्वमाप्तौ सुमूर्तावथास्याम् ॥४८॥

( नेपाल राष्ट्रिय पुस्तकालयमा रहेको ६५५८ नं. को हस्तलिखित पुस्तक 'मत्स्येन्द्रनाथपद्यशतक'बाट सम्पूर्ण यो 'मत्स्येन्द्रपद्यशतक' पुस्तक योगी शङ्करनाथद्वारा प्रकाशित भएको छ । )

[ उहिले यो असल नेपाल पीठमा १२ वर्षसम्म खडेरी परेको थियो । त्यसवेला प्रजाहरू पिरिएर ज्यादै दुब्लाएका थिए ॥४१॥

हे मत्स्येन्द्रनाथ ! त्यसवेला आफ्ना भक्तमाथि दया राख्ने हजुरलाई मन्त्रका प्रभावले ज्यादै तेजिला भएका महामन्त्र जप्ने बान्धवदत्त (बन्धुदत्त) ले कामरूपपीठमा गएर आराधना गर्नु भयो ॥४२॥

हजुरको निगाहबाट सपनामा वर पाएपछि, बन्धुदत्त आचार्य सुन्दर मनुष्यको रूप लिनुभएको हजुरसंगसंगै नेपाल फर्कनुभयो ॥४३॥

हजुर आउनुभएको सारा वृत्तान्त बन्धुदत्त आचार्यले नरेन्द्रदेव राजालाई बताउनुभएपछि नरेन्द्रदेव राजा एकछिन जिल्ल पर्नु भयो । अनि ज्यादै खुशी हुनुभयो ॥४४॥

एकै छिनमा हजुर मनुष्य रूपलाई त्यजेर अन्तर्ध्यान हुनुभयो । 'म भमराको रूप लिएर आउनेछु, भन्ने हजुरको त्यो आदेश आचार्य बन्धुदत्तले राजालाई बताउनुभयो ॥४५॥

राति जुनवेला भमरालाई देखे पनि समातिहाल्नुपर्छ ' भन्ने बोली सुनेर राजाले त्यसै गर्नुभयो । अनि एकै छिनपछि वर्षा भयो ॥४६॥

रामूरी वर्षा भएपछि सारा प्रजाहरू खुशी भए । पीर नहुनाले मोटाउन पनि लागे । आचार्य बन्धुदत्तले अनि पछि तन्त्र मन्त्रको अनुष्ठानद्वारा हजुरको यो असल मूर्त्तिलाई स्थापना गर्नुभयो ॥४७॥

प्रजाहरूलाई पूजाविधि सिकाएर यो नेपाल पीठलाई विघ्न नभएको पारेपछि राजा नरेन्द्रदेव तथा आचार्य बन्धुदत्त हजुरको यही असल मूर्त्तिमा लीन हुनुभयो ॥४८॥ ]

" तस्मिन् विहारे श्रीनरेन्द्रदेवराजा निवृत्तिधर्मपरायणो बभूव । येन श्रीवन्धुदत्ताचार्यस्योत्तरसाधकभूतेन पोतलकाचलाच्छ्री मदार्यावलोकितेश्वरो ललितपत्तनमानीतः ॥ आद्वादशाब्दमनावृष्टयुपद्रवानि दूरीकृतानि ॥ "

CC-0. In Public Domain. Digitization by eGangotri



# राजा नरेन्द्रदेव र आचार्य बन्धुदत्तको प्राणत्याग

मत्स्येन्द्रस्य समा यात्रा नास्ति ब्रम्हाण्डमण्डले

यति भनाई महायात्रा नेपालमा प्रख्यात भै गयो । यिनै ईश्वरका वाणीप्रमाण वैशाख महीनामा शिवकन पानी चढ़ाउनु रीत नेपालमा भैं गयो । यस धर्मले वर्षा सुफल भै रह्यो । मत्स्येन्द्रनाथकन प्रथम आकार बनाउंदाको स्थान चित्रकार विधि गराउंदाको त्यस स्थानमा अद्यापि मृत्तिकाभूमिछ तापनि केही बीजको अंकुर भूमिबाट उब्जनन् । यस्ता प्रकारसंग चाहिंदो प्रबन्ध पुऱ्याइसक्याउप्रान्त लोकमा धन्य कहाया । अघि बन्धुदत्तले श्रीमत्स्येन्द्रनाथकन आकर्षण गर्दासमय राजामाथि लात दिदा राजाबाट यस बौद्धाचार्यका गोडा तीन टुक्रा गर्नुपाया हुंदो हो भन्या घयि कुरो चितायाको थियो) बन्धुदत्तले पनि राजाले यस्तो ममाथि चिताउने भनी मनमाथि राख्याको थियो र सोही बहानाले ईश्वरको भक्तिले युक्त भै सरीरत्याग गरी श्रीमत्स्येन्द्रनाथका दाहिना पाउमा रहन गया । राजाबाट पनि मैले अघि घटिया कुरो चितायाथ्याँ । सो कुरो गुरुले पनि मनमा लियाको रहेछ र उस बहानामा यिनले प्राण छोड्या त मैले पनि प्राणत्याग गरी जान्या योग्य हो भनी श्रीमत्स्येन्द्र नाथका भावभक्तिले प्राणत्याग गरी बाउ पाउमा वास गऱ्या । सोही कारण श्रीमत्स्येन्द्रनाथका दर्शन गर्दा सोही दुइ भक्तले युक्त छन् भनी चरणको नमस्कार गर्दछन् ।

अघि ललितपट्टन सहरमा लोकनाथ मीननाथ आदि देवताहरूको यात्रा वर्षप्रति गर्दथ्या । पछि श्रीमत्स्येन्द्रनाथ ल्यायाउप्रान्त एक मीननाथको यात्रामात्र थामी अरू यात्रा मासी

मत्स्येन्द्रस्य समा यात्रा नास्ति ब्रम्हाण्डमण्डले

भनाई महायात्रा गऱ्या । श्री राजा नरेन्द्रदेवले ठूलो यश श्रीमत्स्येन्द्रनाथकन नेपालमा स्थिति गराया । मत्स्येन्द्रनाथका यात्राको विधि प्रवन्धका स्थिति गरी धन्य कहाइ देहत्याग गरी श्रीमत्स्येन्द्रनाथका चरणमा लीन भै गया ।

---

(नेपाल राष्ट्रिय पुस्तकालयमा रहेको २९६ सङ्ख्याको हस्तलिखित पुस्तकबाट)

[ त्यो विहारमा मोक्ष मार्गमा लागेका राजा श्रीनरेन्द्रदेव हुनुभया । आचार्य बन्धुदत्तको उत्तर साधक भएर उहाँले (नरेन्द्रदेवले) पोतलकाचलबाट आर्यावलोकितेश्वर { मछिन्द्रनाथ } लाइ ललितपुरमा ल्याउनु भयो । बाह्र वर्षसम्म वर्षा नभएर परेका विघ्नहरूलाई हटाउनु भयो । ]

यसरी राजा नरेन्द्रदेवले मछिन्द्रनाथलाई ल्याए भन्ने जनश्रुति चलेर आएको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri



शिवदेव पुस्ता ८ के भोगवर्ष २१४ कलिगतवर्ष ३७०५ जम्मा भोगवर्ष ४५४८

अस्य पुत्र श्रीराजा वरदेव● भोगवर्ष २३ यी राजाका पालामा शंकराचार्य स्वामी पुनर्वार आई आफ़ूले राखी गयाको हिन्दू धर्म प्रशस्त हेरी फर्की गया। यिन राजाका पालामा बाबाले स्थिति गरी गयाका श्री मत्स्येन्द्रनाथका बर्षबन्धन पुग्याई चाहिन्या काम पुर्याई प्रजा पालन गरिरह्याका थिया। अघि देखिको हरिसिद्धि त्रिशक्ति भवानीका नाच लोप हुन लाग्याको जान्या मानिसरंग सम्मत गरी विधिपूर्वक फेरि प्रकाश गराया।

## इन्द्रचोकको निर्माण

अस्य पुत्र श्रीराजा शङ्करदेव भोगवर्ष १२ यी राजाले राजधानी सहर बनाउनको इच्छा गरी जग्गा विचार गरी हेर्दा वाग्मतीका उत्तर बिष्णुमतीका पुव भागमा जग्गा ठहराई सहर बनाउनको सब सार्जाम तयार गरी विधिपूर्वक वास्तुकूम देवताको पूजा गरी श्री शाके ५२७ □फाल्गुण शुदि २ उत्तर भाद्र नक्षत्र सिद्धियोग वृष लग्न वर्गोत्तमांस द्वितीय द्रेष्काण यस दिन पूणवती नामको पुरी बनाउन आरम्भ गरी जग खनो बनाउन लाउँदा वर्ष ३ भित्र ५००० पाँच हजार घर सिद्ध गराया।

---

● यहाँ नरेन्द्रदेवपछि शिवदेव राजा भए। शिवदेवपछि उनका छोरा वरदेव राजा भए' भनी लेखिएको छ।

तर वि. सं. ७९० को द्वितीय जयदेवको पशुपतिको शिलालेखमा जयदेवले आफ्नो वंशवर्णन यसरी दिएका छन्।

... ... ... इतश्च नरेन्द्रदेवः

... ... ... ... ... ततो जातः श्रीशिवदेव इत्यभिमतो लोकस्य भर्ता भुवः॥

तस्माद् भूमिभुजोप्यजायत जितारातेरजय्यः परैः

राजा श्रीजयदेव इत्यवगतः श्रीवत्सदेव्यात्मजः॥ ( पशुपतिको द्वितीय जयदेवको शिलालेखबाट )

[ यहाँपछि नरेन्द्रदेव (हुनुभयो)। उहाँबाट दुनियाँका मन परेका, राजा शिवदेव हुनुभयो। पराक्रमी उहाँ राजाबाट शत्रुहरूले जितीनसक्ना, वत्सदेवीका छोरा राजा जयदेव जन्मनुभयो। ]

यताबाट नरेन्द्रदेवका छोरा शिवदेव, शिवदेवका छोरा जयदेव हुन् भन्ने कुरा देखिन्छ।

यसरी वंशावलीको यो वंशक्रम मिलेको देखिदैन।

□यहाँ 'शाके ५२७ वि. सं. ६६२ मा राजा शंकरदेवले पूर्णवती सहरको जग खने' भनी लेखिएको छ। तात्कालिक प्रमाणबाट त्यसबेला राजा शिवदेव तथा महासामन्त अंशुवर्मा देखिन्छन्

CC-0. In Public Domain. Digitization by eGangotri



उस समय इन्द्रचोक भन्याका टेखु दोभान भन्याको थियो। थोरै वर्षपछि संगम छाडी एक वाणसम्म पुढ़ो सरी जाँदा वेलामा न्होंगलमा इन्द्रचोक भनी देश बसाया। पीठ श्मशान मेटीकन सहर बसाई बौद्ध मार्गका बौध्दाचार्यका सम्मतले ललितपत्तनका श्रीमत्स्येन्द्रनाथका यात्राका गतिले पूर्णवती सहरमा श्वेतरूप लोकेश्वर विधिपूर्वक स्थापना गरीकन स्वयम्भू काली पूर्ण काली कामनादायक गणेशकन प्रतिष्ठा गन्या। अघिदेखि चोभारका आनन्दादि लोकेश्वरको यात्रानिमित्त रथको आकार बनाई देवपत्तन सहरमा यात्रा गरी फर्काई लैजान्थ्या। यिनै आनन्दादि लोकेश्वर र पूर्णवतीपुरको श्वेतरूप लोकेश्वर दुवै साथै रथ आकार रथ बनाई चैत्र शुक्ल अष्टमीका दिन असनटोलमा राखी तीन दिनपर्यन्त यात्रा गर्दथ्या।

# सात नगरको निर्माण

अस्य पुत्र श्री वर्द्धमानदेव राजा भोगवर्ष १६ यिन राजाले पनि फेरी थपी चार हजार घर बढाई पूर्णवती सहर बढ़ाया।

फेरी १५ वर्षपछि अस्य पुत्र श्रीबलिदेव राजा भोगवर्ष १२ यिन राजाले पनि सहर बढाउनको इच्छा गरी उत्तरदेखि दक्षिणतिर सहर बढ़ाईं बसाया। विशालनगर बिग्याउप्रान्त अन्यत्र जाई बस्याकाकन उज्जैनका मानिस झिकाई ज्ञानी पण्डित बुद्धिवन्त प्रभृतिसंग समत गरी नगरप्रतिष्ठा गरी देशमा प्रजाकन आनन्द दी प्रजाले यो नगरमा भुक्तमान गराया।

---

... ... ... ... लिच्छविकुलकेतुभट्टारकमहाराजश्रीशिवदेवः कुशली ... ... ... ...श्रीमहासामन्तांशुवर्मा ... संवत् ५ २ ६ आश्वयुज शुक्ल दिवा—

(लेलेको शिलापत्रबाट। संपूर्ण यो शिलापत्र अभिलेख–संग्रह पहिलो भागमा प्रकाशित भएको छ)

[लिच्छवि कुलका झण्डा जस्ता भएका भट्टारक [गद्दीनशीन] महाराजाधिराज शिवदेव आराम हुनुहुन्छ। श्रीमहासामन्त अंशुवर्मा संवत् ५२६ [वि० सं० ६६१] आश्विन शुक्ल]

यताबाट वि. सं ६६१ मा राजा शिवदेव महासामन्त अंशुवर्मा देखिन्छन्।

श्रीमहासामन्तांशुवर्मा कुशली ... ... ... ... संवत् ३० ज्येष्ठशुक्लषष्ठ्याम

[हाँडिगाउँको अभिलेखबाट लेवी १३ संख्या नोली ३५संख्या]

[श्रीमहासामन्त अंशुवर्मा आराम हुनुहुन्छ। संवत् ३० ['वि.सं.६६३] जेष्ठ शुक्ल षष्ठीमा]

यताबाट वि. सं. ६६१ मा महाराजाधिराज शिवदेव महासामन्त अंशुवर्मा देखिएकोले र वि.सं ६६३ मा महासामन्त अंशुवर्मा देखिएकोले वि.सं. ६६२ मा शङ्करदेव राजा थिए भन्ने कुरा मिल्न सक्दैन भन्ने देखिन आउंछ।

CC-0. In Public Domain. Digitization by eGangotri



यहाँपछि नेपाल मण्डलमा श्रीरुद्रदेव राजा आई राज्य गऱ्या भोगवर्ष २७ यिन राजाले कुंभीतटपर्यन्त निष्कण्टक गरी राज्यभोग गऱ्या ।

यिनको परलोक भयापछि फेरि अंबिका राजाका सन्तान श्रीजयदेव राजा भया। भोगवर्ष ४२ यिन राजाले पनि ललितपत्तन पूर्णवती सहरको वास गरी नगर गुल्जार प्रजाप्रतिपाल गरिरह्याका थिया ।

कान्छा आनन्दमल्ल वर्ष ३५ दाज्यूबाट २ सहरका भोग गराई आफू ज्ञानी पुरुषार्थी हुनाले नेपालकापूर्वभागमा आई अन्नपूर्णा देवीकन काशीदेखि आवाहना गरी ठूलो भक्तिले संयोग गरी सुपाइत पारी अघि ग्राममात्र भें रह्याका ग्रामवान् भक्तपुर नाम गरी भैरवनाथकन देशमध्य पारी १२००० बाह्र हजार का सहर कलिगत ४१९७ □जांदा बसाया ।

फेरि यी राजाले दाज्यूका बराबरै गरुंला भनी सहर पूवभागमा पर्वतभित्र जाई श्रीचण्डेश्वरीका आज्ञा पाई बनेपुर (र अङ) नाम गरी देशहरू ७ गाउं ठाउं ठाउंमा बसाया । कोही ग्राम शास्त्रप्रसिद्ध नेपालका प्रयागसन्धि पनौतीग्राम नाला भगवती नाला संयुक्त कोही ग्राम नारायणसन्धि धौखेल, कोही ग्राम धनेश्वरीसन्धि खड्पु. कोही ग्राम चको ऋषिका आश्रमसन्धि चौकोट, कोही ग्राम वासीका पीठसन्धि सांगा यति सात प्रकार गरी देश बनाई भक्तपुर आई सब लक्षणले दर्बार बनाई रहंदाभया ।

---

□यहाँ'कलिगतवर्ष ४१९७ वि.सं. ११५३ मा आनन्ददेव राजाले एक ग्रामलाई भक्तपुर नाम गरी सहर बसाए'भनी लेखिएको छ । तर तलको प्रमाणबाट —

सम्वत् ४४ ।। ज्येष्ठमासे लिखितमिदमिति ॥ ॥ शुभमस्तु॥ श्रीभक्तपुराधिवासिनो भट्ट पण्डिताचार्यश्रीउदयपालसोमस्य पुस्तकमिदम् ॥

[नेपाल राष्ट्रिय पुस्तकालयमा रहेको नं ८९३ को हस्तलिखित पुस्तक विरूपाक्षतन्त्रबाट]

[सवत् ४४ [वि. सं. ९८१]जेठ महीनामा सारिएको हो । कल्याण होस् । भक्तपुरमा बस्ने भट्ट पण्डित उदयपाल सोमको यो पुस्तक हो ] ।

यस बाट वि.सं ९८१ मा नै भक्तपुर नामकरण भइसकेको देखिन्छ । नेपालमा वि.सं ११५३ ... रुद्रदेव थिए भन्ने कुरा तलको प्रमाणबाट स्पष्ट हुन्छ ।

श्रेयोस्तु ॥ द्विशते सम्वच्छरेतीते सप्तदश सपूरतः ।

फाल्गुणस्य तु शुक्लस्य उत्तमेषु त्रयोदशी

तारका पूर्वफाल्गुन्या ...श्रीनेपालस्ये विजयराज्य महाच्छुद्रपदेवराजेषु

(राष्ट्रिय पुस्तकालयमा रहेको ४४५ संख्याको हस्तलिखित पुस्तक श्रीतन्त्रसद्भावबाट)

CC-0. In Public Domain. Digitization by eGangotri



अस्य पुत्र श्रीबालार्जुनदेव राजा भोगवर्ष २१ यिन राजाले भाइ छोरा आफ्नी रानी सहितका नामले श्रीमत्स्येन्द्रनाथ वुग्मलोकेश्वर भट्टारककन आफ्ना शिरको मुकुट मणि नवरत्न जड्याको मुकुट विधिपूर्वक पूजा मान्य गरी चढाया।

अस्य पुत्र श्री मानदेव १ श्री विक्रमदेव १ मानदेवले ललितपत्तनको राज्य गर्‍या। विक्रमदेवले पूर्णवतीको राज्य गर्‍या। अब ललितपत्तान सहर कान्तिपुर दुवैका मर्यादा मिलाई वृत्तान्त कहिन्छ।

श्री मानदेव भोग वर्ष ३६ यिन राजाले पनि नेपालमा दुई राजा भै आफूसमा मिली राज्य भोग गर्‍या।

## मणिगणेश आदि देवताको प्रतिष्ठा

अस्य पुत्र नरेन्द्रदेव भोग वर्ष १ यिनी राज्याभिषेक पाई चाँडै परलोक हुँदा श्रीगुणकामदेव नाम गर्‍याकाकन राज्याभिषेक दिया। अस्य भोगवर्ष ५१ यिन राजाका पालामा पंचनन्देश्वर संगम वागमती विष्णुमतीको संगम भै मूल सागर भन्याको थियो। यिन राजाका पालामा श्रीमन्मानेश्वरीका प्रसादले पंच कौमारी मर्तदेवी भनी मांगल देशका नायाटोल बनाई मूल स्वान नाम पुष्पका निमित्तले मालिन नाम गठ जात प्रख्यात गर्‍या। यिनीहरू गठ होइन। यहाँपछि ललितपत्तनका पटको राज कुलमा ९ चोक बनाई राख्याका श्री आदिशक्ति ईश्वरी प्रसन्न भै मानदेव राजाको भक्ति सेवादेखि प्रसन्न भै वृन्दावनबाट श्रीआदिशक्ति दी पठाउदा नेपालमा ल्याई श्री मूलछें भनी मूल आगममा स्थापना गरी शिवशक्तिले युक्त गरी मूलछें आगम भनी प्रख्यात गरी संसार प्रतिपाल गर्ना निमित्तले प्रबन्ध पुर्‍याई स्थापना गर्दाभया। यहाँपछि बौद्धमत शिवशक्ति दुवै मन्त्रका प्रमाणले रहस्य मूर्ति बनाई प्रतिष्ठा गर्‍या।

यिन राजाले फेरि खड्गयात्रा अघि नभयाको मूलछें आगम स्थापना गर्न पाउंदा दशमीका दिन निमन्त्रणा कम पूजा गराई आश्विन शुक्ल परेवाका दिन घटस्थापना गरी यवारोपण दश दिनका दशमीमा खड्गयात्रा गर्दाभया।

---

[संवत् २१७ [वि.सं ११५३] फाल्गुन शुक्ल त्रयोदशी पूर्वफाल्गुनी नक्षत्र भएको दिन नेपालमा श्रीहर्षदेवको विजयराज्यमा]

यताबाट वि.सं ११५३ मा राजा आनन्ददेवले एक ग्रामलाई भक्तपुर नामकरण गरे भन्ने वंशावलीको यो कुरा नमिलेको देखिन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri



यहाँपछि मंकोबहाल भनी बनाई संसारमा वृष्टिका कारणले वर्षाकाललाई अनावृष्टि हुँदा कालमा पातालमार्ग बनाई लगनखेलमा महादेव वर्षेश्वर भनी स्थापना गरी शंखमूलपर्यन्त चारै दिशामा ईंट ढुङ्गाले रस्ता बनाई तीर्थ नागदह भनी बनाई चैत्यका प्रतिमा राखी मंकोबहाल भनी नाम राखी अनावृष्टि कालमा यसको विधि पुऱ्याई साधक जन जान पाउन्या गरी वर्षा शून्य भयामा वर्षा होला भनी साधक गुणी जनलाई भनी राख्या। यो कार्य सिद्धि गर्न निमित्त मणिगणेश भनी स्थापना गरी त्रिशक्ति गुप्त आगम स्थापना प्रतिष्ठा गऱ्या । यहाँपछि राजधानी माणिग्लभट्ट भनी मणिकुमार भनी नारायण स्थापना प्रतिष्ठा गरी एक कर्ष खेत वृषवर्ग गरी चोक बनाई राजस्थान बनाया। ठूलो कोटगृह भण्डारनिमित्त बनाया। पोखरी पनि बनाया । यस चोक र देवतालाई आसय जग्गा राखी पूजा पाठ पुऱ्याई सुखमा ऐश्वर्य पाउनुनिमित्त गऱ्या।

जुन मानिसले परन्तु चित्त राखी भक्ति गर्ला। उस मानिसलाई वैकुण्ठधाम प्राप्त होला । ईश्वरीमा लीन भै मोक्षपदवी पाउला। त्रिवेणी शंखमूल नवसागर प्रभावती संगम ललितपत्तन सहर सन्मुख प्रवाह भै विराजमान भयाका छन्। जुन मानिसले अन्तकालमा यी तीर्थमा प्राण त्याग गर्ला। त्यसलाई विष्णुलोक प्राप्त होला। अथवा गरीब इत्यादि जनले यी तीर्थमा लैजान नसकी गृहमा प्राण छोड्ला सोकन पनि वैकुण्ठवास पाउला। यो तन्त्रका मतले बनाई राख्याको नगर उ डामर तन्त्रका प्रमाणले यो ललितपत्तन सहर बनाई चौबीस हजार अधिका गृहहरूसमेत चौबीस हजार भनी प्रख्यात गरी बनाया। यिन राजाले यस्ता प्रकारसंग कृति बनाई धन्य कहाया।

# कान्तिपुरनगरनिर्माण

अब पूर्णवती भन्न्या सहर पछि कान्तिपुर भनी प्रख्यात हुन्या सहरमा राजा हुन्याका वृत्तान्त कहिन्छ । बालार्जुनदेव राजाका पुत्र २ मध्ये मानदेव ललितपत्तनका राजा भया। भाइ कान्तिपुरका राजा भया । राजा श्रीविक्रमदेव भोगवर्ष ८।९ यिन राजाले पनि नेपालमा दुइ राजा भै देव देवताको सन्मान गरी आफुसमा मिली राज्य भोग गऱ्या।

अस्य पुत्र राजा श्रीनरेन्द्रदेव भोगवर्ष १ यिन राजाले राज्याभिषेक पाई चाँडै परलोक हुँदा भाई श्रीगुणकाम नाम गऱ्याका राजा भया। अस्य भोगवर्ष ५१ यिन राजाका पालामा अघि पंच-नन्देश्वर संगम वाग्मती विष्णुमतीको संगम भै मूलसागर भयाको थियो। यिन राजाले महालक्ष्मीका व्रत सेवा गरिरहँदासमय राजाकन सपनामा लक्ष्मीबाट आज्ञा प्रसन्न भइन्। हे राजन् तिमीले एक

CC-0. In Public Domain. Digitization by eGangotri



पुरी बनाऊ कहाँ भन्या परापूर्वमा नेमुनि ऋषिले तपस्या गऱ्याको स्थान वाग्मती र विष्णुमतीको सगममध्ये विषयकान्तेश्वर विराजमान भयाका स्थानमा इन्द्रादि देवताहरू गुप्तरूपले आई लोकेश्वरका (दर्शन गर्ने) स्थान हो त्यसै स्थान कान्तिपुरी नाम गरी देवीका खड्गाकारले पुरी बनाऊ। त्यस सहर मा नित्य लाख रुपैयाको कारोबार हुन्याछ। यति भयासम्म म पनि त्यसैं सहरमा वास गरी रहुँला भनी स्वप्नविषे आज्ञा दिनुभइन् र गुणकामदेव बहुतै खुशी भै आज्ञा प्रमाण जग्गा ठहराई सहर पुरी बनाउना निमित्त अंगीकार गऱ्या। १८००० घर सहर कलिगत ३८२५ □जांदा तयारी भयो। कर्णदीप समीप श्मशान पनि यथाक्रमले बसाया।

---

□ यहाँ "कलिगत वष ३८२५ (वि. सं. ७८१) मा राजा गुणकामदेवले सहर बनाए' भनी लेखिएको छ। तात्कालिक प्रमाणद्वारा वि. सं. ७८१ मा नेपालमा राजा गुणकामदेव थिएनन् भन्ने देखिन्छ।

दूतकश्चात्र युवराज श्रीविजयदेव। संवत् १४५ पौष शुक्ल दिवा तृतीयस्याम्।

(पाटन मीननाथको शिलापत्रबाट, भगवानलाल १४ संख्या नोली ८० संख्या)

[ यहाँका मार्फत युवराज श्रीविजयदेव हुन्। संवत् १४५ (वि. सं. ७७८) पौष शुक्ल तृतीया ]

यस शिलापत्रमा राजा जयदेवको नाम मेटिएर गएको छ। जयदेवका पिताशिवदेव को भृङ्गारेश्वरको शिलापत्रमा दूतक राजपुत्र जयदेव छन्। यस शिलापत्रमा दूतक युवराज विजयदेव छन्। विजयदेव जयदेवका छोरा हुन्। यसकारण यो शिलापत्र राजा जयदेवकै हो भन्ने देखिन्छ।

जयदेवको पशुपतिको शिलापत्र वि. सं. ७९० को हो।

यसरी वि सं. ७८१ मा नेपालमा द्वितीय जयदेव राज्य गरिरहेका देखिन्छन्।

गुणकामदेव राजा त अहिलेसम्म नेपालको इतिहासमा दुइवटा देखिएका छन्। ती हुन् वि. सं. १०४३ ताकाका पहिला, वि. सं. १२४२ ताकाका दोस्रा।

प्रथम राजा गुणकामदेवको पालाको वि सं. १०४३ को शिलापत्र, तथा वि. सं. १०४७ को ताडपत्राभिलेख पाइएका छन्। ती दुवै अभिलेख—सग्रह ९ भागमा प्रकाशित भएका छन्।

CC-0. In Public Domain. Digitization by eGangotri



फेरी पूर्वदिशाका चण्डेश्वरी ल्याई देशमध्ये रक्षाकार गरी बसाया। फेरि देश पूर्वपट्टि नीलपीठ काली जगाई लुमडी नाम देशरक्षाकार गरी बसाया। तेही क्रमले देश पश्चिमपट्टि विष्णुमतीतिरमा रक्तकालीकन ककेश्वरी जगाई देशका वाह्याभ्यन्तर गरी नवदुर्गा २ गण जगाई देश दक्षिणका मूल क्षेत्रपाल पचली भैरवकन जगाया। देश उत्तरपट्टि रक्षाकारी इन्द्रायणी युग्म २ लुटिपीठ नाम जयजुपीठ बीजेश्वरी आसवालि सहित गरी जगाई बीजेश्वरी आकाशचारि देवी परापूर्वमा बृम्हपुत्री उडी जाई देवी तारा योगिनीमा मिल्न गयाको हो। फेरि लोकेश्वरका यात्रा गरी चलाया।

फेरि सहर उत्तर भागमा गोल गरी ठवहिल नाम ग्राम बसाया। ७०० देवता छन्। बनियाँमा एक बनियाँ आयाको हो। यी राजाले चारै दिशा लडाईं गरी धन दौलथ धरी ल्याई श्रीपशुपतिमा चढ़ाया।

## नेपाली संवत्‌को प्रारम्भ

अब फेरि ललितपत्तनतर्फ-राजा मानदेवका पुत्र ललितपत्तनका राजा भया। श्रीराजा राघवदेव भोगवर्ष ६३ यिन राजाले नीतिले प्रजाकन पालन गरिरह्याका थिया। यिन राजाका यात्रामा भक्तपुर ग्राममा एक सामुद्री शास्त्र जान्न्या थिया र सुवर्णआकर्षणका योग वार साइत

---

राजा द्वितीय गुणकामदेवको पालाको वि. स. १२४२ को लेख नेपाल राष्ट्रिय पुस्तकालयमा छ। सो यस प्रकारको छ।

सम्वत् ३०५ प्रथमाषाढशुक्लतृतीयायां आदित्यवासरे पुष्यनक्षत्रे राजा [धिराज प र] मेश्वरपरमभट्टारकश्रीमद्‌गुणकामदेवस्य राज्ये लिखितमिति।

(नेपाल राष्ट्रिय पुस्तकालयमा रहेको ७०१ संख्याको "भट्टोत्पलकृना बृहज्जातकस्य संक्षेपटीका भन्ने ताडपत्रको पुस्तकबाट)

[संवत् ३०५ (वि. सं १२४२) अधिक आषाढ शुक्ल तृतीया आदित्यवार पुष्यनक्षत्रमा गद्दीनशीन महाराजाधिराज गुणकामदेवको राज्यकालमा लेखियो]

यताबाट "वि स. ७८१ मा गुणकामदेव राजा थिएनन्। वि. सं. ७८१मा राजा जयदेव थिए। प्रथम गुणकामदेव राजा वि. सं. १०४३ तिर द्वितीय गुणकामदेव राजा वि. स. १२४२ तिर नेपालमा राज्य गरिरहेका थिए भन्ने स्पष्ट देखिन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri



ठहराई आफूले जान्याको शास्त्रप्रमाण स्थानसमेत जानी थोरै मानिसहरूकन गुप्तसंग विष्णुमतीको र भद्रमतीको संगम लखुतीर्थमा जाई बालुवा उठाई बोकी सरासर आऊ भनी पठाया। ती भरिया–हरूले ती जान्या जनले अन्हाई पठायाबमोजिम बालुवा बोकी आउँदा वेला बाटामा कोही एक चतुर मानिस कान्तिपुर सहर हजार घर नपुग्दा अधिका कान्तिपुरवासी साख्वा नाम गर्‍याको शूद्र जातले भक्तग्रामवासी भरियाहरू विष्णुमतीसम्म आई बालुवा बोकी भक्तग्राम लैजान किन लिन आया. यसमा केही कारण निश्चय होला, भनी ठहराई भरियाहरूकन बहुतै सन्मान गरी बुझाई घरमा लगी ती भरियाहरूकन तृप्त गरी खुवाई मलाई पनि बालुवा चाहिन्या थियो। भरियाविना ल्याउन सक्याको छैन। तसर्थ यस बालुवा मेरा घरमा खन्याई फेरी विष्णुमती जाई बालुवा बोकी लैजाऊ भनी ज्यालासमेत दी अनेक तरहसंग बुझाउंदा ती विवेक नभयाका भरियाहरूले वढ़िया भन्यौ क्या होला भनी बालुवा साख्वाका घरमा खन्याइ फेरि विष्णुमती जाई बालुवा उठाई बोकी भक्तग्राम लग्या।

यो भेद साख्वाले बाहेक अरूले जान्याको थिएन। ती भरियाहरू दोस्राफेर लिन जांदा सुवर्ण सिद्धिको साइत टरी गयाको हुनाले भक्तपुर राजधानी सहर लग्याको वालुवाको भारी जस्ताको तस्तै रह्यो र त्यो शास्त्रीका मनमा यस्तो आयो कि मैले धेरै वर्षसम्म मिहिनत गरी निश्चय मानी ठहराई पठायाको यस शास्त्रले मलाई बहुतै शरम पार्‍यो। झूट रहेछ भनी दिक्क भै सुवर्ण आकर्षणका पुस्तकलाई आगामा जलाइदियो। यस कुराको अर्थ साख्वाले बाहेक भक्तपुरका भरियाहरू उसका घरमा आउन्या जान्या मानिस कसैले पनि बुझ्न सकेनन्। साख्वाका घरको बालुवा चोथा दिनमा सबै सुवर्णसिद्ध भै गयो।

ताहां उप्रान्त साख्वा बहुतै ज्ञानी हुनाले मनमा यस्तो विचार गर्‍यो कि भक्तपुरवासी जनले शास्त्रका प्रमाण विचार गरो सुवर्णसिद्ध को साइत योग ठहराई लिन पठायाको धनकन मैले भरियाहरूलाई सन्मान गरी बुझाइ आफ्नू गर्‍यां। अब यो धनलाई राखी छोड्नको केही प्रयोजन छैन चांडै यश धर्म कीर्तिमा ल्याउन्या हो भनी यसना तरहसंग विचार गरी सबै धन सुवर्ण खर्च गरी यो नेपालका मानिस प्रजाहरूको ऋण कत्ति शेष नराखी तिरी नेपाल संवत् नाम गरी संवत् फरायो [x] साख्वा जातमा शूद्र थियो तापनि बुद्धि बडो हुनाले नेपाल पुरीमा ठूलो जस प्रख्यात गरी श्रीपशुपतिनाथका दक्षिण दर्बाजासन्मुख आफ्नू शिलामूर्त्ति बनाई स्थापना गरी अन्तमा उद्धार भै गयो।

---

[x] यहां राजा राघवदेवको पालामा साख्वाले नेपाल संवत् चलाए भनी लेखिएको छ। राजा राघवदेवको पालामा नेपाल सवत् चल्यो भन्ने तात्कालिक प्रमाण अहिलेसम्म पाइएको छैन। अनुश्रुति भने 'राजा राघवदेवको पालामा नेपाल संवत् चल्यो' भन्ने पाईन्छ —

CC-0. In Public Domain. Digitization by eGangotri



# नान्यदेवले नेपाल उपत्यकामा राज्य गरे भन्ने अनुश्रुति

इन्दुश्च सोमवसुसंमितशाकवर्षे
तच्छ्रावणस्य धवले मुनितिथ्यधस्तात्
स्वातौ शनिश्चरदिने रिपुमर्दलग्ने
श्रीनान्यदेवनृपतिर्विदधीत राज्यम्

शाके संवत्को ८११ वष जांदा नेपाली संवत्को १० (९) वर्ष जाँदा यिने जयदेव मल्ल आनन्द मल्लका पालामा दक्षिण कर्णाटक देशदेखि नान्यदेव राजा आई यो नेपालमा प्रवेश गरी द्विमाजु देवी स्वेष्टदेवतासहित गरी आई नेपालका राजाहरूसित लडाइं गरी जिती ती राजाहरूकन भगाया। ती मल्ल राजाहरू भागी तिन्हौतमा बस्न गया। यी कर्णाटकका राजाका सैन्यमा धेरै जातका मानिस साथ थिया। नायर देशका बासिन्दा नेवारहरू ब्रम्हपुत्र क्षत्रीजातिदेखि उत्पन्न भयाका जात आचारहरू आदि अनेक जातका मानिस थिया। यी राजाले राजधानी सहर भक्तपुर गरी वास गरी तीनै सहरका राजा भै रह्या [illegible] राजाका नाम नान्यदेव भोगवर्ष ५० यिनै राजाले नेपालमा शाके-संबत् ल्याई चलाइदिया। अस्य पुत्र गांगदेव वर्ष ४१ अस्य पुत्र नरसिंहदेव वर्ष ३१ अस्य पुत्र शक्तिसिंहदेव ३९

……… नेपालमा राघवदेव् हुँदा शाक्

आठसौ दुवै ८०२ वर्षपछि फिराया।

[नेपाल राष्ट्रिय पुस्तकालयमारहेको २७९३ संख्याको नेपाली भाषामा श्लोकबद्ध ग्रहगौरव भन्ने अप्रकाशित पुस्तकबाट ]

वंशावलीकारले यहाँ शाके सवत् ८११ वि.सं. ९४६ मा नान्यदेव तीनै सहरका राजा भए भनी लेखेका छन्, तथा नान्यदेवपछि उनका सन्तान रामसिंहदेव सम्मको राज्यभोगवर्ष जम्मा २१९ वर्ष भनी लेखेका छन्। यहाँ वंशावलीको भनाईअनुसार नान्यदेवका सन्तान रामसिंहदेवसम्म जम्मा ९४६ + २१९ = वि. सं. ११६५ तिर हुनुपर्नेमा वंशावलीकारले "रामसिंहदेवको पालामा ४३५९ कलिवर्ष (वि. सं. १३१५) मा मुकुन्दसेन राजाले युद्ध गऱ्यां' भनी लेखेका छन्।

यसरी यहाँ ड़ेढ सय वर्षको फरक परेको छ।

यस विषयमा वंशावलीमा लेखिएको "इन्दुश्च सोमशशिसम्मितशाकवर्षे" यो पाठ मिल्दैन, "नन्देन्दुशून्यशशिसम्मतशाकवर्षे" यो पाठ मिल्छ भनी सूर्यविक्रम ज्ञवालीले लेख्नुभएको छ

( हेर्नुहोस् नेपाल उपत्यकाको मध्यकालीन इतिहास २८ -३३ पृष्ठ )

CC-0. In Public Domain. Digitization by eGangotri



# नेपालमा मुकुन्दसेनले आक्रमण गरे भन्ने अनुश्रुति

अस्य पुत्र रामसिंहदेव वर्ष ५८ यिन राजाका पालामा पश्चिम पाल्पा देशदेखि कलि ४३५९ मा मुकुन्दसेन नाम गऱ्याका बडो वीर राजा सवा लाख लश्कर साथ गरी यस नेपाल पुरीमा प्रवेश गरी नेपालका राजाहरूसित ठूलो अति कठोर युद्ध गऱ्या। दुवै तर्फका सैन्य धेरै मऱ्या। परन्तु सेन राजाले नेपालको राजाको लश्कर धेरैकन मारी जिती भगाया। सबै सहरमा बेनीतिसित प्रजाहरूकन दलमल गरी लुटपीट गरी मूला उखेली खाडल खनी राखी थान सबै काटी कुटी कुनियो [कुनिउ] लाई ठाउँ ठाउँका देवताहरू भंग गरी ताडी पाँचो मछिन्द्रनाथका जात्रामा निकासिराख्न्या भैरवका मूर्ति उखाली ** आफ्ना स्वदेश पाल्पा नाम बुगौली देश पठाइदिया अद्यापि पाल्पामा छंदैछन्।

---

** वंशावलीकारले यहाँ ' वि.सं १३१५ मा पाल्पाका राजा मुकुन्दसेनले नेपालमा आक्रमण गरी उत्पात मचाए " भनी लेखेका छन्। पाल्पाका प्रसिद्ध राजा मुकुन्दसेन वि. सं. १६०० ताकाका हुन्।

वि सं १३१५ मा मुकुन्दसेनले नेपालमा आक्रमण गरे भन्ने कुराको प्रमाण नेपालको इतिहासमा अहिलेसम्म पाइएको छैन।

वि, सं. १३४४, १३४५, १३४६ मा पश्चिमबाट जितारिमल्लले नेपाल उपत्यकामा लगातार तीनवर्ष सम्म आक्रमण गरेका थिए। गाउहरूमा आगो लगाईदिई हाहाकार मचाई जितारिमल्ल स्वदेश फर्केका थिए।

( यस विषयमा विशेष कुरा इतिहास संशोधनको प्रमाण प्रमेय १४८ पृष्ठ हेर्नुहोस् )

वि. सं. १४०६ मा बङ्गालका सुल्तान शमसुद्दीनले ठूलो फौजसाथ नेपाल उपत्यकामा भयङ्कर आक्रमण गरेका थिए, त्यसबेला उनको फौजले शहरहरूमा आगो लाइदियो। पशुपतिनाथलाई तीन टुक्रा पारिदियो। स्वयम्भू चैत्य भत्काई त्यहाँ भएको धन लिई त्यहाँ आगो लाइदियो। उपत्यकाका शासक र दुनियाँहरूले शमसुद्दीनको फौजसंग सोझै मुकाबिला गर्न नसकी आफ्नो संरक्षण गनतिर लागेका हुदा मुसलमानी सैन्यले नेपाल उपत्यकाका तीनै शहर उजाड पार्ने अवसर पायो।

[यस विषयमा विशेष कुरा इतिहास-संशोधनको प्रमाणप्रमेयको ९२-९६ पृष्ठ पढ्नुहोस्।

यसरी प्रमाणद्वारा सिद्ध भइसकेको नेपाल उपत्यकामा जितारिमल्लको आक्रमण, सुल्तान शमसुद्दीनको आक्रमणको कुरालाई वंशावलीकारले यहाँ लेख्न सकेका छैनन्।

यहाँ लेखिएको " मुकुन्दसेले नेपाल उपत्यकामा आक्रमण गरी उत्पात मचाए " भन्ने कुराले जितारिमल्ल अथा शमसुद्दीनको आक्रमणलाई लक्ष गरेको हुनुपर्छ।

CC-0. In Public Domain. Digitization by eGangotri



यी मुकुन्दसेन राजाले नेपालका प्रजा वशमा राखी राज्यभोग गर्नाको बन्दोबस्त नगरी प्रजाहरूकन मार पीट गरी अन्नदि काटी देवताको स्थान बिगारी मनग्य गर्‍या । यी सेन राजाका सैन्यमा खस मगर आदि पर्वतवासी थिया । यिनीहरूका मनमा दया धर्म नहुनाले नेपाल पुरीमा धेरै अकीर्ति गर्‍या र श्रीपशुपतिनाथ आदि सबै देवता कोप भै पशुपतिका अघोर मुखले विकरदन्त निकासीकन महामारी भन्याकी संहारकारी देवी प्रकट गरी सबै लस्करमा प्रवेश गराई श्रीपशुपतिनाथबाट एक पक्षभित्रमा सबै लस्कर भस्म गराई सेन राजाका सब सेनालाई यमलोक पठाया । राजामात्र पूर्व दिशामा जाई पुग्या ।

यी मुकुन्दसेन राजाले नेपालमा प्रवेश गरी लडाइं गर्दा मछिन्द्रनाथ लगनखेलका स्नान मण्डलमा थिया । धेरै सेनासाथ वैरी आयो भन्या सोहरा सुन्दैमा सबै यात्रा देखनकन गयाका मानिस भागी गया । मछिन्द्रनाथका साथ कोही मानिस थियानन् । उस्तै बखतमा आफ्ना सैन्यलाई सहरतिर घेन लाई मुकुन्दसेन राजा मछिन्द्रनाथ भयाका ठाउँमा पुगी आफ्ना घोडाको गलाको सिक्री माला झिकी उरालिंदिदा मछिन्द्रनाथले सिर झुकाई आफ्ना गलामा पारी लिंदाभया । यसै कारण मुकुन्दसेन राजाले मछिन्द्रनाथको बडो प्रत्यक्ष मानी उनमाथि केही विघ्न सेन राज बाट हुन पाएन । त्यो सिक्री माला मछिन्द्रनाथका गलामा अद्यापि छँदैछ ।

यही समयदेखि नेपालमा खस मगरहरूको प्रवेश भयो । सिन्की हकुवा चावल पनि यही समय देखि बन्न गयाको हो ।

## भीमसेनको स्थापना

कर्णाटकको राजाहरूले पाँच पुस्तासम्म नेपालका भोग गरिरहँदा मुकुन्दसेन राजा आई अघिका राजकुल निर्मूल गर्‍याउपरान्त नेपालमा कर्णाटकी राजाका वंश शून्य भै अरू कोही भयाका छैनन् भनी सुन्या र नुवाकोटवासी वैश्यहरू धेरै जम्मा भै आई सहरहरूमा राजा भैहलाई धेरै जनाले भोग गर्‍या । कान्तिपुरमा त वैश्यहरू १२ ठकुरी कहलाइ टोल टोलमा एक एक राजा भया यिनै वर्ष श्रीभीमसेनले कान्तिपुरमा विराजमान गर्नाको इच्छाले दोलखादेखि आई × काठबहालको वैश्य ठकुरीका घरमा आई मनुष्यरूप धरी वैश्याका घरको कामकाज गरिरहँदा वैश्यवन देखि प्रत्यक्ष देखाया र वैश्यले यी त केवल भीमसेन हुन् ममाथि बहुतै अनुग्रह गरी आयाका रह्याछन् भनी निश्चय

× वंशावलीकारले " दोलखाबाट आई पशुपतिनिर भीमसेनको प्रतिष्ठा भयो भन्ने कुरा माथि नै बताइसकेका छन् । त्यही कुरालाई यहाँ उनले फेरि दोहर्‍याएका छन् ।

( हेनुंरोम् भाष वंशावली ( पहिलो भाग ) ( पृष्ठ ८२ )

CC-0. In Public Domain. Digitization by eGangotri



ठहराई तोयूख्वा भन्न्या ठकुजुले नेपाली संवत् २६० मा बडो देवालय बनाई बडो मूर्त्ति बनाई चित्रकार भरी भीमसेनकन प्रवेश गराई विराजमान गराया।

## इन्द्रजात्रामा देखिने मंजिपात राक्षस

फेरि यिनै समयमा कान्तिपुरका पश्चिमतिर कोही एक मञ्जिपात नाम जग्गा थियो। त्यहाँदेखि कोही एक राक्षस नित्य आई कान्तिपुरका दक्षिणपट्टि सहरका छेउ एक रञ्जितकार छिपानीसंग क्रीडा गरी जान्छ भन्न्या कुरा वैश्य ठकुरीहरूले सुन्या र बान्ह ठकुरीहरूले जुक्ति गरी त्यस मनुष्यरूप धरी आउन्या राक्षसकन भेटी बुझाई सत्य कबुल्याई इन्द्रजात्रामा लाख्याको स्वरूपले मकुडो लगाई ठूलो यात्रा प्रतिवर्ष गराया। घर पनि बनाई मञ्जिपात नाम गरी राखी दिया। त्यस राक्षस त्यसै जग्गामा गुप्त रूपले प्रवेश गरी रह्याको छ। अद्यापि इन्द्रजात्रामा त्यस मञ्जिपात राक्षसका नामले यात्रा प्रतिवर्ष गर्दछन्।

यही समयदेखि २२५ वर्षसम्म तीनै सहरका भोग वैश्य ठकुरीले गऱ्या। धेरै राजा हुना लेनाम लेखिएन। नेपालमा प्रतापी राजा छञ्ज्याल नुवाकोटका पर्वतमा बसी देवी तैनाथी जस्ता भै रहन्या जब नेपालका राजालाई परचक्र आई मदत नदिन्या राजा दुर्बल हुंदा नेपालमा राजा शून्य हुंदा औसर हेरी अघि सरी नेपालको राज्य भोग गर्न्या कोही प्रतापी राजा आई जित्दा फेरि नुवाकोट जाई दबी रहन्या सबै वैश्य ठकुरीहरू लुचापनसंग राज्य भोग गर्न्या हुन्।

## हर्रिसिहदेवले नेपाल उपत्यकामा राज्य गरे भन्ने अनुश्रुति

यहाँ उप्रान्त हर्रिसिहदेव नाम राजा श्रीरामचन्द्रका कुलमा उत्पन्न भयाका सूर्यवंशी, यिनका पुर्वामा अयोध्या नगरीको राज्य भोग छुट्न गयापछि अन्यत्र जाई बस्या। उहाँबाट पनि नान्यदेव नाम गऱ्याका सूयवंशीले श्रीतुलजा भवानीकन पाई सिमरौन जङ्गलमा आई ठूलो मिहिनतगरी लंकाको राक्षसले रात्रिमा यथाक्रम गरी बनायाको गढ़लाई सिमरौन गढ़ नाम गरी राज्य गरिरह्याका राजाका पांचवा पुस्ताका राजा हर्रिसिहदेव राजाकन श्रीतुलजा भवानीबाट मकन नेपालपुरीमा लैजाऊ भनी आज्ञा प्रसन्न हुंदा भवानीका आज्ञाप्रमाण नेपालमा प्रवेश गराया।

CC-0. In Public Domain. Digitization by eGangotri



बाणाब्धियुग्मशशिशाकवर्षे
पौषस्य शुक्लनवमीरविसूनुवारे ।
त्यक्त्वा स्वपट्टनपुरीं हरिसिंहदेवो
दुर्दैवदैवविपरीतगिरिं प्रवेश (विवेश) ॥

शाके संवत् १२४५ नेपाल संवत् ४४४ साल पौष मासका शुक्ल पक्ष नवमी तिथि शनिश्चरवारका दिन आरम्भ गरी हरिसिंहदेव राजाले तुलजा भवानी सहित गरी नेपालपुरीमा प्रवेश गरी राजधानी सहर भक्तपुरमा गन्या । यिन राजाका साथ ब्राम्हण अचार नेवार वैद्य खड्गी तेली रजिक यी ७ जात र सुवार ज्यापूहरू संग थिया । तुलजा भवानीका कृपाले भक्तपुरवासी बैश्य राजाले आफ्ना गादीकन सौंपी राज्याभिषेक दिया ।× फेरि तुलजा भवानीकन दर्बारभित्र पारी देवालय बनाई विराजमान गराया । यही समय तुलजा देवीकन हेर्नाको इच्छाले बडो दल जम्मा गरी भोट्याहरू आउंदा बडो दल थुम नाम गरी थुंको बसाया । परन्तु केही सीप नलाग्दा फर्की गया । थुंको अद्यापि छँदैछ ।

यिन राजासित सिमरौनगढ छाडी आउँदा संकष्ट कालमा आफूले कपडा धुन पर्दा रजिक नाम जात कोही देवपत्तन आई बस्या । यिनै राजाका वैद्यमा एक वैद्यलाई कर्कोटक नागले लैजाई नागिनीको

× यहाँ वंशावलीकारले ' हरसिंहदेवले वि. सं. १३८० मा नेपाल उपत्यकामा आई राजधानी सहर भक्तपुरमा बनाए " भनी लेखेका छन् । परन्तु त्यो कुरो तात्कालिक प्रमाणबाट पुष्टि हुन सक्दैन ।

विक्रमको चौधौं शताब्दीको उत्तरार्धमा सिम्रौनगढ़मा राजा हरसिहदेव शासन गर्दै थिए । वि. सं. १३८१ मा दिल्लीका सुल्तान गयासुद्दीन तुगलक बङ्गालमा आक्रमण गरी दिल्ली फर्कंदा तिरहुतको बाटो गरी फर्केका थिए । त्यस वेला गयासुद्दीनले सिम्रौनगढमा आक्रमण गर्न लाग्यो भन्ने संभी हरसिह् देव प्रजा उठाई लड्न तयार भई निस्के । यसैले तिरहुतका राजा हरसिहदेवसंग गयासुद्दीन तुगलकको लडाइ पऱ्यो । गयासुद्दीनको फौजले सिमरौनगढ़ ध्वस्त पारिदियो । यति भएपछि हरसिहदेवले भागी ज्यान जोगाए । केही कालपछि उनी नेपालको पहाडी भागमा पसे । दोलखातिर आउंदा टिंपाट ( तीन पाटन ) भन्ने ठाउँमा हरसिहदेवको मृत्यु भयो ।

हरसिहदेव पहाडतिर आउंदा नेपाल उपत्यकामा अरमल्ल र रुद्रमल्लको संयुक्त शासन चलिरहेको थियो । हरसिहदेव यस वेला नेपाल उपत्यका नपुग्दै तीन पाटनमैं मरेका हुंदा उनको यस आगमनले नेपाल उपत्यकाको राजकाजमा तत्काल केही परिवर्तन ल्याएन ।

( यस विषयको प्रमाणसहितको विशेष कुरा इतिहास-संशोधनको प्रमाण प्रमेय २३२-२३६ पृष्ठमा पढ्नुहोस् )

CC-0. In Public Domain. Digitization by eGangotri



नेत्र रोगको औषधि गराया । त्यस वैद्यको औषधिले नागिनीको नेत्ररोग आराम गर्दा नाग खुशी भै गुणी जन हो भनी ठहराई वैद्यकन खुशी गराई शेष नारायणसन्धिमा बसाया ।

यी राजा बाटोमा सिमरौनगढ छाडी चाँडै आउनुपर्दा नित्य बलि दिनकन अड्कन जाँदा तुलजा देवीका आज्ञाप्रमाण खोज्न जाँदा जङ्गलमा महिष भेट भयो र समाती ल्याई बाँधी पूर्व दिशाकन द्वार पारी दिशा फेर्न्या ज्यापूलाई ल्याई उसका हातले देवीकन रक्त चढाउन लाया र खड्गी जात हुन गयो ।

यहाँदेखि तुलजा भवानीकन प्रतिवर्ष महिषमांस प्रशस्त गरी चढाई प्रसाद गरी मांसभोग गरी चलाया । नेपालवासी नेवारहरूले महिषमाँस जाहेरसंग भोग गर्दासमय एक कोही शिवदत्त मैथिल महापुरुष आई महिषमांस भाग गर्न्यालि जनै धारणा गर्‍याका कहीं देख्याको छैन भनी राजाकन सुनाउदा महिषमांस छाड कि जनै छाड भनी कर लाई रोजाउंदा ईश्वरीबाट प्रसाद गरी बक्स्याको मांसभोग त्याग गर्न नसकी जनैकन धारणा गर्न सब नेवारले छाड्या । नेयरवासी नेवारहरूका जनै अद्यापि छैंदैछ ।

# श्रीतुलजा माईको उत्पत्ति

अघि हरिसिहदेवका पुर्खा नान्यदेव नाम गर्‍याकाले श्रीतुलजाभवानीकन पाउंदाको विस्तार कहिन्छ । सूर्यवंशी राजाहरूका अयोध्या नगरीको राज्यभोग छुट्न गयापछि सूर्यवंशी राजाहरू कोही कोंकण देश गै बस्या नेवारहरूको आदिस्थान पनि त्यही देश हो । त्यहांबाट आई बाग्ह मल्लारका अमलमा चन्द्रभागा नदीका किनारामा बस्या । जात सूर्यवंशी चन्द्रवंशी चौहान वैश्य कच्छर शूद्र ज्यापू, उहां यिनोहरूले तीन चार पुस्तासम्म बिताया । नेयार भन्याको देश अझसम्म चन्द्रभागा नदीका किनारामा छँदेछ।

यिनीहरूमध्ये सूर्यवंशी राजपूत नान्यदेव भन्याका २० वर्षका उमेर हुँदा दिल्लीमा आमा बाबु परयार समेतलाई ली गै आफूले दिल्लीका बादशाहको नोकरी गर्‍या । ५ ७ वष सम्म बादशाहका नोकर भै बस्या । आमा बाबु स्वास्नी सबै दिल्लीमा मर्दा आमा बाबु स्त्रीहरूकन पालन पोषणनिमित्त नोकरी गर्‍याको हो । यिनीहरू यदि मरी गयापछि नोकरी गर्नको क्या प्रयोजन छ भनी चित्त उदास भै फांकरी चालसंग रमंता भै अयोध्यामा आइपुग्या । सरयुका किनारामा फकिरी चालसंग बस्दथ्या ।

एकदिन नान्यदेवलाई अधरात्रिमा यस्तो स्वप्न भयो कि एक अति सुन्दरी स्त्री आई म तेरा पुर्वाका ईष्टदेवता हुं । म सरयुमा जलभित्र छु । ऐले तं उठेर मलाई जलबाट झिक् । म बस्याका ठाउंमा भ्रमरहरूले छोपी राख्याको देख्लास् भनी यस्ता तरहसंग तुलजा भवानीबाट अनुग्रह गरी

CC-0. In Public Domain. Digitization by eGangotri



स्वप्नविषे आज्ञा प्रसन्न हुँदा नान्यदेव जागी उसै घडी उठी सरयुका किनारामा जाई हेर्दा धेरै भमराहरूलें एकत्र गरी छोपी राख्याको देख्दा उस ठाउंमा गोता मारीं हेर्दा सुनको डब्बाभित्र तुलजा भवानीको यन्त्र र बाहिरपट्टि पूजा पद्धतिको पुस्तकसमेत ताँबाकोपेटाराभित्र हालिराख्याको पाया। डब्बाका माथिबाट लेख्याको श्लोक–

रामो वेत्ति नलो वेत्ति वेत्ति राजा पुरोरवा
अलर्कस्य धनं प्राप्य नान्यदेवो भविष्यति'

यसको इतिहास यस्ता प्रकारसंग भै गयाको हो

अघि देवराज इन्द्रले महादेवसंग तपस्या गरी महादेवकन प्रसन्न गराउंदा तुलजा माईको मन्त्र-तन्त्र पद्धति इन्द्रकन दिया। रावणको पुत्र इन्द्रजित्‌ले इन्द्रकन जिती ती यन्त्र पद्धतिसमेत लङ्कामा ल्याई पूजा गरी नरवलिसमेत दी मानी राख्यो। रामचन्द्रले लङ्काको रावणलाई संहार गर्‍यापछि ती यन्त्र पद्धतिकन अयोध्यामा ल्याई पूजा गरी राख्यापछि रामचन्द्र स्वर्गारोहण हुँदा सरयुमा राखी गया।

त्यहाँ उप्रान्त नल राजाले ती यन्त्र पद्धति पाई पूजा गर्दा देवता प्रसन्न थिया। उनको प्राणत्याग हुन्या बखतमा रामचन्द्रले पनि सरयुमा राखी जानुभयो, म पनि त्यहीं राख्दछु' भनी राखी परलोक भै गया। फेरि पुरोरवा नाम राजाले थाहा पाई सरयुबाट झिकी पूजा मान्य गरी राख्या। उनले पनि अन्तकालमा 'अघि रामचन्द्रले नल राजाले सरयुमा राखी गया, अब मैले पनि त्यहीं राखीं जान्या हो' भनी सरयुमा राखी परलोक भै गया।

त्यहाँ उप्रान्त फेरि अलर्कले झिकीकन पूजा गर्‍या। अलर्क ब्रह्मज्ञानो थिया र निष्कामनासंग भक्तिभाव गर्दथ्या। बलिदान पनि दिंदैनथ्या। यसैकारण देवताको प्रसन्नता भयाको नदेखी उनले पनि सरयुमा अघि लियाकै ठाउंमा राखिदिया। त्यो डब्बामाथि लेखियाको श्लोक अलर्कका पालामा लेखियाको हो। नान्यदेवले तुलजा भवानीका अनुग्रहले यन्त्र मन्त्र पूजा विधानको पद्धति पाई पद्धति माफिक देवीको पूजा गर्न लाग्या। अलिक दिनपछि पूजा गरिरहंदा आकाशवाणी भयो।

हे नान्यदेव, जनकपुरका निकट एक ठूलो जङ्गल छ। तैंले उहां मलाई लैजा। मेरो मन्दिर पनि उहीं बन्ला। तेरा भाग्यको प्रकाश पनि उहीं होला। यस्तो आकाशवाणी नान्यदेवले सुनी आश्चर्य मानी उसैघडी गमन गरी सरासर जनकपुरतिर आया त्यहाँ ठूलो जङ्गल थियो। जो त्यहां जान्थ्या, ठूलो कालसर्पले डसी मार्थ्यो। त्यसै कालसर्पका डरले त्यस जङ्गलमा कोनै मानिस पस्न सक्दैनथ्या। नान्यदेवले आकाशवाणीको प्रतीत मानी आँटी सबैले मनाई गर्दा गर्दै उस जङ्गलका बीचमा आई पुग्या। त्यहां पत्थरका ठूलो चट्टान देख्या। रात पर्दा उसै पत्थरमाथि ईश्वरीकन पुकारी सुत्दा अर्ध—

CC-0. In Public Domain. Digitization by eGangotri



रात्रिमा स्वप्न भया ।

अयोध्यामा सरयुका किनारमा स्वप्न हुँदा देख्याकी सुन्दरी स्त्री आई यो पत्थरमनि एक खड्ग छ । त्यो खड्ग झिकी हातले धारी जागी बस् , एक मणिधर सर्प आई मणि भैंमा राखी त्यो सर्प चर्न जाला । त्यो मणिनेरा गोबर होला । गोबरल मणि छोपिदियास् , जसै तँमाथि सर्प आइलाग्ला । तेरा पाला त्यसै वेला त्यस खड्गले प्रहार गरी त्यो सर्पको शरीर छेदन गर्‍यास् । यस ढुंगा मणितिर वरिपरि र इनार माझको समेत ७ इनारमा द्रब्यले भरिराख्याका छन् । ती सब धन झिकी ली यहाँ मेरा मन्दिर बनाई बाह्र मल्लारबाट तेरा जात र स्वदेशीहरूकन झिकाई यहाँ सहर बनाई राज्य गर भनी ईश्वरीबाट स्वप्नविषे यस्ता तरहका बचनले आज्ञा प्रसन्न हुँदा नान्यदेवल भवानीका वचनप्रमाण काम गरी देवीका अनुग्रहले खड्गदान पाई धनको खबर्दारीनिमित्त रह्याका अति भयानक बलवान् सर्पकन सहजै मारिसकी हेर्दा त अयोध्यामा सरयुबाट निस्क्याको डब्बामाथि लेखियाको श्लोक सर्पका शिरमा सुनका अक्षरले लेखियाको देख्या । त्यहा पछि निर्भयसंग ढुंगामनि खनी हेर्दा ७ इनारभरि द्रब्य राख्याको देखी मनमा वहुतै हर्ष भयो ।

# सिमरौन गढको निर्माण

त्याहाँपछि माथि भन्याका रजपूतहरू स्वदेशीहरूकन झिकाई धेरै द्रब्य खर्च गरी सहर बसाउनको आरम्भ गर्दा समय एक कोही राक्षस नान्यदेवका सेवक भयाकी एक स्त्रीसँग नररूप धारी आई नित्य शयन गरी त्यस स्त्रीसंग संभोग गरी जान्थ्यो । एकदिन त्यस नररूपधारी राक्षसको र त्यस स्त्रीको बातचीत हुँदा हाम्रा साहेवले बाह्र मल्लारबाट स्वदेशी हामीहरूकन झिकाई राजा कहलाई यस ठाउँमा सहर बसाउनानिमित्त सब सर्जाम तयार गरिसक्या । कहिलेज्याल तयारी होला भनी त्यस स्त्रीले भन्दा त्यस राक्षस नररूपधारीले हामीले बनाउन पाया चाँडै एकै रातमा तयार गरिदिन्याथियौं भन्यो र त्यस स्त्रीले धेरै मानिसलाई धेरै दिनसम्म धेरै दुःख दिन पर्‍या काम छ तिमी तयार गर्न सक्दछौं भन्या तयार गरिदेऊ भनी ढिपो गरी भन्दा लौ फलाना दिनका रात्रीमा बनाउँला । मानिसहरूमात्र रात्रिमा सबेरै सुत्नु कोही मानिसले थाहा नपावस् भना प्रातकाल भयापछि उठी गया । यसै माफिक त्यस स्त्रीले राजासग बिन्ति गरी । आजका रात्रीमा मानिसहरू सबैले सबेरै सुत्नु कोही उटी नफिर्नु भनी खबर सबलाई दिया । आज्ञाबमोजिम सब मानिस सबेरै सुत्या । यसै रात्रि त्यस राक्षसले लंकाका आफ्ना भाइ बन्धु हित चित्तका राक्षसहरू आफ्ना दाइभाइकन डाकी संगल्याई सहर बसाया । तयार हुन लाग्दा प्रातःकाल हुन गयो र चाँडै सिध्याई राक्षहरू आफ्ना आफ्ना स्थानमा गर्‍या ।

CC-0. In Public Domain. Digitization by eGangotri



# श्रीतुलजादेवीका नेपालमा प्रतिष्ठा

भोलिपल्ट नान्यदेवप्रभृति सब मानिस जागी हेर्दा अति सुन्दर जब्बर गढ़ तयार भयाको देखी सब मानिस आश्चर्य मानी और बहुतै खुशी भया। त्यहाँपछि त्यस शहरको नाम सिमरौनगढ भनी राखी नान्यदेव राजाले राज्य गऱ्या। यिनका वंसमा सिमरौनगढ़का राज्यभोग गऱ्याको पाचौं पुस्ताका राजा हरिसिंहदेवका पालामा ठूलो खर्च खजानाको सोहरा उठ्दा दिल्लीका बादशाहले त्यहाँ अम्बल गर्न खोज्दा हरिसिंहदेवलाई स्वप्न भयो।

हे हरिसिहदेव यहाँ म्लेच्छको उपद्रव होला। अब तँ मलाई नेपाल पुरीमा लैजा। अब उप्रान्त म त्यही बसूँला भनी तुलजा भवानीबाट यस्ता प्रकारको स्वप्न दिदा जान्या होकि नजान्या हो भनी दोचित्ता भैं बस्या पछि नित्य पूजा यथाक्रमले गर्दाखेरी तलाई स्वप्नमा भयाको वचन सत्य हो मलाई चाँडै आजै ली नेपालतिरको गमन गर भनी यन्त्रबाट शब्द प्रकाश भयो र उसै बखत राजाले प्रस्थान गरी तत्तैयारो गरी नेपालतिर चाँडो गरो आया। सिमरौनगढमा रहञ्ज्याल बन्दोबस्तसित उही बेलामा नित्यपूजा बलिदान विधानप्रमाण गर्दथ्या। ईश्वरीका आज्ञाप्रमाण मानिनमात्र साथ ली धन दौलथ दर्बार त्यागी चाँडै आउँदा जङ्गलका रस्तामा नित्य बलि अड्कन जाँदा कस्ना तरहसंग पूजा गर्न्याँ हो भनी शंका सन्देह गरी बस्दा निद्रावस्था प्राप्त भै प्रातः कालमा जो जन्तु भेटछ, उसैलाइ समाती बलि दिनुभनी स्वप्न भयो जागो सायमा मानिसहरूकन उठाई बाटामा जाँदा प्रातः कालका वखत अर्नी भेटियो र त्यही अर्नीलाई समाती बलिदान दिया। दुइ चार ज्यापूलाई बलि दिन लाया।

त्यहाँ उप्रान्त ती ज्यापूहरू कसाईका जातमा द रया। बाटामा हडवड़ी पर्दामा ईश्वरीलाई भोग लाउनलाइ गाह्रो भयो र ईश्वरीबाट ती ज्यापूहरूमध्येमा कोही ज्यापूलाई चोख्याई नेम गराई भोग पकाउन ला भनी आज्ञा पाउदा ज्यापूलाई भोग पकाउन लाया। खालि देवतालाई मात्र चढिथ्यो। त्यही सुवार भन्याका ज्यापूहरूको थर भयो।

# तुलजामन्दिर अगाडिका गणेशको उत्पत्ति

जसै हरसिंहदेव नेपालमा आइपुग्या। नेपालमा जयभीम भन्याका वैश्य कुलका राजा थिया। जयभीम राजाले हरिसिहदेवलाइ बहुतै आदर सम्मान गरी ईश्वरीको इच्छा प्रसन्न हुन्छ त्यहाँ मन्दिर बनाऊ भनी हुकुम दियापछि भादगाउमा एक दक्षिणी ब्राम्हण अग्निहोत्री थिया। तिनै ब्राम्हण वस्याको जग्गलाइ प्रसन्न गरी स्वप्न विषे ईश्वरीबाट त्या अग्निहोत्री ब्राम्हण बन्याको ठाउँ पवित्र भूमि छ मेरो मन्दिर त्यहि बनाउ भनी आज्ञा हुँदा जयभीम राजाले तिम्रा घरको साटा अर्कै ठाउँ दिउँला द्रव्य पनि दिउँला, भनी त्यस दक्षिणी ब्राम्हणलाई अनेक संझाई बुझाया।

CC-0. In Public Domain. Digitization by eGangotri



हरिसिंहदेवले पनि धेरै द्रव्य दिउला भनी अनेक तरहसँग प्रार्थना गऱ्या । तैपनि ब्राह्मणले नमान्दा जय-भीम राजाले यस ब्राह्मणलाई हामीले यस्ता तरहसँग बुझाउँदा पनि मानेन त जाउ भित्र भनी जवरदस्तीसंग हरिसिंहदेवलाई ब्राह्मणका घरभित्र हुल्दा त्यस दक्षिणी ब्राह्मणले गला सेरी आत्महत्या गरी मऱ्या र हरिसिंहदेव राजाले मलाई ब्रह्महत्या लाग्यो । ब्राह्मणको रक्त पऱ्याको ठाउ देवताको मन्दिर कसो गरी बनाउं भनी फिक्री अपशोच गरी अन्न जलको त्याग गरी सात दिनसम्म देवनामाथि धर्ना दिंदा त्यो ब्राह्मण त गणेश हो । त्यसको शिर अघि नै काटियाको छ । तसर्थ तलाई हत्या लाग्दैन, मेरो मन्दिर त्यही बना । ढोकामा त्यो ब्राह्मणलाई गाडी उसको समाधिमाथि गणेशको मूर्ति स्थापना गरी अघि उसको पूजा गर्नु, पछि मेरो पूजा गर्नु भनो ईश्वरीको आज्ञा हुदा राजाले उसैमाफिक गरी मन्दिर बनाया । भादगाउका तुलजा भवानीको ढोकाका गणेश तिनै हुन् ।

## तुलजादेवीबाट वरदान

फेरि राजा हरिसिंवदेवले ईश्वरीसंग प्रार्थना गरी मेरो कुलको राज्य कहाँसम्म रहला भनी विन्ति गर्दा २७ पुस्तासम्म तेरा सन्तानको राज्य रहला २८ पुस्ता पुग्यापछि पश्चिम दिसाबाट बैरी आई राज्य गर्ला भनी ईश्वरीको आज्ञा भयो । यही वचन आज्ञा भयाका भादगाउँ का दर्बारमा लेखियाको छँदैछ । रणजित्मल्लसम्म २८ पुस्ता भएथ्यो । रणजितमल्लका राजकुमार जन्म हुँदा २९ पुस्ता लाग्यो । राज्य पनि गयो । हरिसिंहदेव राजाकन केही दिन भयापछि द्विमाजु देवीबाट नान्यदेव नाम कर्णाटकी राजाका पालादेखिको धेरै धन सौंपिदिया र राजाले द्विमाजु देविकन इष्टदेवता भनी प्रतिवर्ष देवाली पूजा गरी चलाया ।

## नेपालमा भूकम्प

यी हरिसिंहदेवका भोगवर्ष २८ अस्य पुत्र मतिसिंहदेव वर्ष १५ वर्ष अस्य पुत्र शक्तिसिंहदेव वर्ष २७ अस्य पुत्र श्यामसिंहदेव वर्ष १५ यी राजाका पालामा नेपाल भरमा बडो उग्र दिन आई अधिक भाद्र शुक्ल १२ उत्तराषाढ़ा नक्षत्र सोमबारका दिन बडो उत्पात संकष्ट भूमिकम्प भयो र मछिन्द्र नाथका देवालय भत्की द्वार बन्द भै भयो । देश देशमा देवालय घर भत्की धेरै बिग्री मैदान भै गयो ललितपत्तनमा मतिकोभैरव तर लगनखेलको सहर युगल, त्यागल भन्याको जगा सबै मैदान भै गयो । कान्तिपुरमा पञ्चपुर भक्तपुरमा धर्मपुर खडगपुर भन्याको जगा भत्को मैदान भै गयो धेरै दिनसम्म भूमिकम्प भूमि फाटी गाड भैंमी धेरै खसि मऱ्या । जीव जन्तु असंख्य नाश नेपाल सवत् ५२८ ★ सालमा भैगयो ।

★वंशावलीकारले यहाँ "ने सं. ५२८ वि सं १४६५ मा नेपाल उपत्यकामा राजा श्यामसिंहदेव

CC-0. In Public Domain. Digitization by eGangotri



# धानको राशको थुम्को

उन्प्रात यी श्यामसिंहदेवका सन्तानमा पुत्र भएन र पुत्री नरेन्द्रलक्ष्मी, नृपेन्द्रलक्ष्मी यी मुनीन्द्रलक्ष्मी तीनमध्ये ज्येष्ठपुत्री नरेन्द्रलक्ष्मीकन अघि कर्णाटकी राजा नान्यदेवले तिरहौंतिर भयाका मल्ल क्षत्रीका सन्तानलाई झिकाई पुत्रीकन कन्यादान दी जुवाईकन राज्याभिषेक दी आफू थार्यातीर्थ गै परलोक भै गया।

राजाका नाम जय भद्र मल्ल वर्ष १५ यी मल्ल राजा हुँदा नवदुर्गागण प्रसन्न भै अघिदेखि भक्तपुरका राजपदवी मल्लहरू हुन्, तिनै मल्लको सन्तान फेरि भक्तपुरको राजा हुन आया भनी देवीगण खुशी भै देश आग्नेय दिशामा धान झाट्दा ठूलो रास अन्नको भैगयो। मानिसहरूले धेरै ओसार्दा पनि अन्नपूर्ण भै पछि थुम्को बनिगयो। अद्यापि थुम्को छदैछ।

---

थिए' भनी लेखेका छन्। तर तत्कालिक प्रमाणबाट यो कुरो मिल्दैन।

वि. सं. १४५२ मा स्थिति मल्लको मृत्यु भएपछि उनका तीन जना छोरा धर्म मल्ल ज्योतिर्मल्ल कीर्ति मल्लले मिली राज्य गरे। वि. सं. १४५९ मा नेपाल उपत्यकामा धर्म मल्ल ज्योतिमल्ल कीर्ति मल्लहरूको संयुक्त शासन चलिरहेको थियो।

(इतिहास-संशोधनको प्रमाण प्रमेयको १३४ पृष्ठ हेर्नुहोस्)

ने. सं. ५३१ वि. सं. १४६८ मा ज्योतिमल्ल राज्य गरिरहेका थिय भन्ने कुरा नेपाल राष्ट्रिय पुस्कालयमा रहेको एक पुस्तकालयबाट थहा पाइन्छ। सो यस प्रकारको छ।

श्रेयोस्तु संवत् ५३१ चैत्रकृष्णप्रदीपद्यान्तिथौ स्वातिनक्षत्रे शुद्धियोगे यथाकरणमुहूर्ते बृहस्पति वासरे मेषराशिगते चन्द्रमसि राजाधिराजपरमेश्वरपरमभट्टारकश्रीश्रीजयजोतिमल्लदेवस्य विजयराज्ये अमात्यजयब्रह्मकस्य पुस्तकोयम् क्रमाचायतेजरामेण लिखितमिदं ॥ ॥

(ने.सं. ५३१ वि सं. १४६८ चैत्रकृष्ण प्रतिपदा तिथि स्वाति नक्षत्र शुद्धि योगमा पर्नु पर्ने करण मुहूर्त परेको बेलामा बृहस्पति वार मेषराशिमा सूर्य तुला राशिमा बसेको बेलामा राजाधिराज परमेश्वर परम भट्टारक श्रीजयज्योतिमल्लको विजयराज्यमा अमात्य जयब्रह्मको यो पुस्तक कर्माचार्य तेजरामले सारेको हो)

यसरी वि. स. १४६५ मा नेपाल उपत्यका श्यामसिंह राजा थिएनन्। स्थिति मल्ल छोराहरू राज थिए भन्ने देखिन्छ

CC-0. In Public Domain. Digitization by eGangotri



## स्थिति मल्लका पुर्खा

अस्य पुत्र नागमल्ल वर्ष १५ अस्य पुत्र जयजगतमल्ल वर्ष ११ अस्य पुत्र नागेन्द्रमल्ल वर्ष १० अस्य पुत्र उग्रमल्ल वर्ष ११ अस्य पुत्र अशोकमल्ल वर्ष १६ यी राजाले ललितपत्तनका क्वाथदेका कौमारी देवीको सेवा गरी देवीकन प्रसन्न गराई ललितपत्तनका वैश्य राजाहरू सबै जिती भोग गऱ्या। ललितपत्तनका वैश्य राजाले धेरै बहाल बनाई राख्याका छन्। देवपत्तनमा पनि वैश्य रानी दुवैले दुइ बहाल बनाई च्यासलटोल ललितपुरमा पनि बनाई देवप्रीति गरी धेरै गूठी पनि राखिदिया।

फेरि यी अशोक मल्लले यी कुमारी ठूली हुन् भनी सेवा गरिरहँदा कौमारीसन्धि बहृयाकी वाग्मती मनमतीसंगम धार ली जग्गा फरक गरी छाडी उत्तरपट्टि जाई बस्दाभया। यिन राजादेखि गंगा बालकुमारी प्रसन्न हुंदा यी राजाकन बडो ज्ञानी पुत्र जन्म गराइदिया।

## राजा स्थिति मल्ल र उनको स्थिति

पुत्रका नाम जयस्थिति मल्ल वर्ष ४३यिन राजाले धेरै स्थिति बाँधिदिया। आफ्नू स्वक्षेत्र घर खेत बिर्ता नाम राखी किन्नु बेच्नु हुन्या रीत चलाया। फेरि चार वर्णभित्र छत्तीस जातका निर्णय गरी × जातअनुसार कर्मकाण्ड चलाउन लाया।

फेरि अघिका राजाहरूका पालामा हस्तप्रहार धिग्वचन यति दुइ दण्डमात्रै थियो अब उप्रान्त यस्ता तरहका दण्डले हुन्याछैन हस्तप्रहार धिग्वचनदेखि शरम मानी नरम हुन्याछैन भनी विचारमा ठहराई रुपैया लिन्या दण्डका मर्यादा गरी चलाया। फेरि राजाहरू परलोक हुँदा वेलामा छत्तीस जात जम्मा गरी जातअनुसार क्रमैसित राखी पलङ बनाई राजाका मृतक शरीरकन राखी बोकी श्मशानमा लैजाँदा दीपक नाम रागले बाजा बजाई मृतकलाई अग्निसंस्कार गर्ने गरी रीत चलाया।

---

× "स्थितमल्लले चार वर्ण छत्तीस जातका निर्णय गरे" भनी वंशावलीकारले यहाँ लेखेका छन्। परन्तु "या कुरा होइन, स्थितमल्लभन्दा धेरै अघिदेखि नै नेपालमा जातपात थियो" भन्ने कुरा श्रीगुरु पं. नयराज पन्तले सप्रमाण सिद्ध गरिसक्नु भएको छ।

(पूर्णिमा वर्ष १ अङ्क २ को १–१० पृष्ठ हेर्नुहोस्)

CC-0. In Public Domain. Digitization by eGangotri



फेरि प्रजाहरू मरण हुंदा छत्तीस जातमध्ये कतिलाई काहाल बाजा बजाई जलाउनु भनी रीत चलाइदिया। फेरि आफ्ना आफ्ना जात विशेषका कार्यविना अर्का जातको कार्य गर्न्यालाई दण्ड गर्नु फेरि साना जातहरूलाई पहिरन, गहना, घर यस्ता तरहको बनाई लाई बस्नु—

कसाईले बाहाकस्या लुगा लाउनु। पोढ्याले टोपी, लवेदा, जुत्ता, सुनका गहना नलाउनु, कसाई पोढ्या चर्मकारले झिगटी छाना नछाउनु। आफू भन्दा ठूला जातलाई मान्न भन्या स्थिति बांधी चलाया।

यस्ता तरहसँग अनेक रीति थिति नीति राखी जस कीर्ति चलाया। यिन राजाले थिति बाँधेको विस्तार कहिन्छ।

यिन राजाले स्थिति बाँधेको विस्तार कहिन्छ। यिन राजा जयस्थितिमल्लले बक्ननिह्म कुलका कीर्तिनाथोपाध्याय कान्यकुब्ज रघुनाथ झा, मैथिल श्रीनाथ भट्ट, महीनाथ भट्ट, रामनाथ झा यति ५ शास्त्रज्ञ बुद्धिमान् ब्राह्मणका बुद्धि मत सुनी लोप भै गयाको मत प्रख्यात गरी स्थिति बाँधिदिया। घरका बन्देज प्रमाण बूढी अंगुठा २४ अंगुलको एक हात आफ्ना हातको प्रमाण गरी बनाया। गल्ली घरको प्रमाण खा १ घरको चारैतर्फ नापी हात ९५ गल्लीभित्रका घरको प्रमाण खा १ को १०१ हात सहर पट्टिका घरको प्रमाण ८५ हात घरको यति ३ प्रकार गरिदिया।

ब्राह्मण क्षत्रिय वैश्य शूद्र यति चार जातलाई वास्तु प्रकरणका विचार अष्टवर्गका विचारले घर बनाउनु भनी चलाइदिया। वैश्य शूद्रलाई दैवज्ञका द्वारा जातकपद्धति दिन विचार गराउनु। ब्राह्मण क्षत्रियलाई ब्राह्मणका द्वारा गऱ्याउन्या रीत चलाया। खेतको प्रमाण अवल द्वयम् सिम चाहार यति ४ प्रकारको गऱ्या। चाहार खेत कर्ष १ को चारैतर्फ़ नापी १२५ हात, सिम नाम खेत कर्ष १ को प्रमाण ११२ हात, द्वयम् खेत कर्ष १ को प्रमाण १०६ हात अवल खेत कर्ष १ को प्रमाण ९५ हात बूढी औंठा २४ अंगुलका १ हातको प्रमाणले खेत नाप्न्या टाँगाको हात ७॥ गरी अघिको प्रमाण १०॥ हात भै रह्याको मेटी आफ्ना हातको प्रमाण गरी खेत नाप्न्या डंगुल क्षेत्रकारक नाम जात बनाया।

यहाँपछि तक्षकार भनी बाँडाहरूमध्ये पिछु नाम घर नाप्न्या जात बनाया। फेरि नेवारलाई ३६ जात बनाई श्रेष्ठ भनी जातक नाम प्रख्यात गराया। जैसीका जात ८ आचारको जात ८ वैद्यको जात ४ श्रेष्ठका जात ३६ मध्ये तागाधारी १३ जात चन्दैरी सुवेरी भण्डारी आचार दैवज्ञ आदि १३ जात तागाधारी हुन्। ब्राह्मणका जात जति भयाका पञ्च गौड पञ्च द्राविड यति १० मूल जात हुन्। यसै मूलबाट ब्राह्मणका जातका नाम धेरै हुन गया। जैसी ब्राह्मणलाई अपूज्य गराया। ज्यापूका जात ३२ कुह्मालका जात ८ कसाइले नङ काटन्या जात ७२ खसका जात ६४ वाडाका जात ४

CC-0. In Public Domain. Digitization by eGangotri



ठह्र्या । कुसुल्याका जात ४ पोढ्याका जात ४ चर्मकार कुलु यति सब गरो जम्मा जात ७२५ ठह्र्या । साना जातका हातबाट कुलनाश आयुर्दा क्षय होला । ठूला जातका छोरी नीच जातसँग जान्या साना जातका मानिस उत्तम जातका स्त्री संसर्ग गर्न्याहरूको स्थिति बाँधिदिया ।

त्यहांपछि यिन राजाले जातनिर्णय क्षेत्रनिर्णय गृहनिर्णय जातमाला स्थिति बाँधी हिन्दू धर्म नेपालमा सच्याई आफ्नू जस नाम प्रख्यात गर्‍या । नेपाली संवत् ५१५ साल माघ शुक्ल १० रोहिणी-नक्षत्र वृद्धियोग बेहानका १३ घडी चढ्दा कलशस्थापनादि कोट्याहुति यज्ञ गरी ब्राह्मणलाई रोजगार बनाई जात विशेष जातअनुसार कर्मविधि रोजगार स्थिति बाँधी सुनाविर्ता भनी बनाई दिया । साहू ऋणीलाई दिक भोग किल भन्न्या नाम गरी चलाइदिया । यति विधिपूर्वक पुर्‍याई नरकावली श्लोक लेखी ब्राह्मणका वाक्य सुनी प्रजा प्रतिपालन गरी गरीब निर्धा अनाथ दुःखी दरिद्रलाई दुःखमोचन गरी जातकर्मअनुसार घर खेत दी प्रजालाई सुख-भोग दिदाभया । श्लोक

आदित्यचन्द्रौ वलिनो नलश्च
द्यौभूमिरापो हृदयं यमश्च
अहश्च रात्रिश्च उभे च सन्ध्ये
धर्मश्च जानाति नरस्य वृत्तिम्

सत्यं हन्ति सुतं हन्ति हन्ति स्वर्गं पुराकृतम्
स्वर्गस्थापितरं हन्ति ये चरिष्यन्ति चान्यथा ।
स्वदत्तां परदत्तां च यो हरेत वसुन्धराम्
षष्ठिवर्षसहस्राणि विष्टायां जायते कृमिः ॥

यति श्लोक बनाई स्थिति बन्देजको परिपाठ यो नेपालभूमिमा चलाइदिया । यो स्थिति जसले हरण गर्ला । उसैलाई यही श्लोकका पदवी पापफल लाग्ला । स्थिति थाम्न्यालाई उत्तरोत्तर वृद्धि होला ।

फेरि यिन राजाले अघिका राजाका पालामा हस्तप्रहार धिक्‌वचन दुइ दण्ड गर्दथ्या । अब उप्रान्त यस्ता प्रकारका दण्डले हुन्याछैन भनी खतअनुसार रुपैयाँ लिन्या मर्यादा चलाया । फेरि राजाहरू परलोक हुंदा वेलामा ३६ जात जम्मा गरी जातअनुसार क्रमैसित राखी लैजादाका क्रमले उत्तम मध्यम अधम चिह्निन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीअशोकमल्ल राजाका छोरा श्रीजय मल्ल राजा बालक छँदा भित्र्यानीतिरका छोरा ३ ले दुःख दिदा भागी पनौतीमा लुकिरहन गयाका थिया। राजचलन तीन भाइले गऱ्या। एक भाइका मनसुवा ठूलो पोखरी बनाउनु। एक भाइका मनसुवा सहरमा परखालले घुमाउनु। एक भाइका मनसुवा दर्बारचोक बढाउनु यति रकम चलाई पर्जा झारा बोलाउँदा भला २ आदमीले बोल्या। बाबु छोडी साना बाबुका वचनमा चल्नुपऱ्यो भनी प्रजालाई सामल दिन तयार पनि भया। तिनपट्टि प्रजा छुट्याउन पनि लाग्या। त्यस बीचमा भला आदमी सब बटोली हातमा १।१ तेगा ली धुरा उठी सबै प्रजा संग ली पनौतीमा राजा लिन गया। पछि राजा बोकी ल्याई दर्बारमा चलाया। श्रीजयस्थितिमल्लकन राजा थाप्या। भित्र्यानीका छोरालाई तेगाले टाउको फोरी मान्या। त्यस बीचमा प्रजा सबै भै राजाछेउ भला २।४ आदमीले विन्ति गऱ्या। हे महाराज हजुरका प्रजा हजुरका देशमा घर गरी बसी रह्याछौं बेच्नु, बाधा राख्नु, देव देवतालाई चढाउनु हुन्या गरी सुनावर, सुनाखेत गरी प्रजालाई बक्सनुहवस् भनी विन्ति गर्दा राजा प्रसन्न भै चलनमा काटा ढक पाथी कुरुवाले नाप जोख गरी किन्नु बेच्नु आफ्ना रकम नछोड्नु जात नछोड्नु सुनाघर सुनाखेत सुनाबारी गरी बक्स्यौं। ब्राम्हणले पूजा पाठ जजमानी चलाउनु। ब्राम्हणले बिराया भन्या तुरु १००० अचारले (बिराया) ५०० गुभालले (बिराया) ५०० ज्यापुले (बिराया) २५ सुव्यानीले (बिराया) २५ छिपानीले (बिराया) १२ नाउंले (बिराया) १२ भाटले (बिराया) १२ काहालले (बिराया) १२ कुम्हालले (बिराया) १२ चित्रकारीले (बिराया) १२ कसाइले (बिराया) १२ पोढ्याले (बिराया) १२दण्ड गर्नु, जजमानले बिरायो भन्या तुरु १००० दण्ड गर्नु राजाले ब्राम्हणादि पोढ्यापर्यन्त परापूर्वका रीतसंग मिलाइदिनु भनी स्थिति बाँधिदिया।

सो स्थिति बाध्नालाई दिल्ली बादशाहलाई सौगात पठाई स्थिति गर भन्या हुकुम र सुनसिद्धि रुपैयाँ बनाऊ भन्न्या हुकुम औ खिल्लतसमेत पठाया। नेपालेश्वर जयस्थितिमल्ल नाउ गरी पठाया। त्यस दिनदेखि जयमल्ल नेपालेश्वर जयस्थितिमल्ल भनी नाउँ प्रख्यात भै गयो।

नेपाली संवत् ५३९ □ माघ कृष्ण २ रोजका दिन श्री ३ जयस्थितिमल्ल ठाकुरबाट स्थिति बाँधी

---

□ यहाँ वंशावलीकारले ने. सं. ५३९ वि. सं. १४७५ मा स्थित मल्लले स्थिति बाँधे भनी लेखेका छन्, तर तात्कालिक प्रमाणबाट यो कुरो मिल्दैन। ने. सं. ५१५ वि. सं. १४५२ मा नै स्थिति मल्लको मृत्यु भइसकेको थियो भन्ने कुरा नेपाल राष्ट्रिय पुस्तकालयमा रहेको एक पुस्तकबाट थाहा पाइन्छ। सो यस प्रकारको छ —

याते कामशरैकभूनर्स हते नैपालिके हायने
पष्ठ्यां भाद्रपदे ऽसिते रविदिने ऋक्षे तथा स्रष्टरि।
मध्यान्हे स्थितराजमल्लनृपतिः स्वर्गाविरोहं गतो
हाहाकाररवः सशोकवचनव्याप्तं प्रजानान्पुरम् ॥

CC-0. In Public Domain. Digitization by eGangotri



वक्सनु भयामा अघिकोथिति रहदा फेरि थितिवाधि ववस्याको ब्राह्मणले यजमानीकाम क्षत्रियको र शूद्रभारीको जजमानकामगर्नु क्षत्रियले र शूद्र भारोले अरु बाट काम गराऊनु छैन शूद्र भारोले वेपार गर्नु चित्रकारले चित्रकार कामगर्नु साल्मीले तेलपेलनु छिपाले कपडारंगलाउनु भाटले नंवुरंगाउनु गठले र मालीले फुल वेचनु खुपलले डोलिवोक्नु जोगी दर्शन धारोले मागीखानु लोहर्कमिले ढुङ्गाको कामगर्नु दैवज्ञ जोशिले हेर्नु कोनु लेखनु कुमालले भाडापार्नु टटिले पारवंनु नसाहिले रागोमार्नु मासुवेचनु नाउले कपाल खौरनु नंकाटनु भडेलले पाकगर्नु कसटले कासाको कामगर्नु तमोट्ले तामाको कामगर्नु वेन्याकवाडाले सुना चाँदिको कामगर्नु बज्राचार्य गुभाजुले देवप्रतिमाकोपूजा आजा गर्नु चित्रकारो साल्मी छिपा भाट गठ लोहर्कमि कुमाल नाइनौ यी नौजातको जजमानी गर्नु ॥ ॥

राजाले पञ्चप्रजाकन वाधिदियाको थिति सिपाहि लाई ढाल तरवार दिया प्रजालाई डोकोबोको गर्नु आफ्ना कर्ममा रहनु ब्राह्मणलाई सिपाहिले पाऊलागी गर्नु कल्याण स्वस्ति दीर्घायु ब्राह्मणले भंनु सिपाहि र नेवारले रामराम गर्नु यस्तै थिति वाधियाको हो ।

नेपालमा ४ वर्ण छतिसजातलाई वाधिदियाको थिति पैल्हे मानिस जन्मदा सुढ्यानिलाई दिन्या दस्तुर च्यूरा कुर्वा १० चावल कुर्वा १० जन्मदा देखिनुवारन सम्ममा बालखलाई दियाको दाम सुढ्यानीको सुढ्यानी डाक्दा आयेन भन्या तुरु १२ दंड अरु सुढ्यानी डाकन जांन्यालाई आउन्यालाई ति दुवैलाई तुरु २४।२४ दंड जन्म भयाका दिन अजिमा आदिलाई सिन्दूर सुपारीको पोका चढाउनु नाता लाग्याकार इष्टमित्र लाइ पनि सिंदूरको पोकामा देवतालाई दक्षिणा समेंत गुरु पुरोहित लाइ पनि अजिमाआदि लाई सिचुपालु चन्हाउनु दिनु दिन ।१२ विचार गरी बढिया दिनमा पीछिनीलाई डाकि नाल कटाउनु त्यसलाइ दस्तुर च्यूरा कुर्वा ५ चावल कुर्वा ५ पिछिनी डाकन जांदा आयेन भन्या तुरु १२ दंड ।

बालखजन्मदा चौथादिनमा गर्न्या अजिमा आदि लाई सिचुपालु चढाउनु क्काथ चढाउनु दिनु खुवाउनु इसिमुगु चढाऊनु ।

छेंटेका दिन. फुपुले दीपमालालाउनु दीपमालामा गाजल थापी बालखका आँखामा गाजल लाइ दिनु सेतो भोटो पहेलो रुमाल मिमिचा अंगुठि १ कुरुवा चासल एकपाथि तेल राखी लाइ दिनु पुरोहितले स्वहा स्वधा कर्म गर्नु दक्षिणा भेटि दाम ६। २४ पुरोहित डाकन जादा आयेन भन्या तुरु २॥ दंड अरु पुरोहित डाकि काम चलाउन्या आउन्यालाई तुरु ५।५ दंड हर्ष वढाई गाउन वजाउन दिनु चिपालु समेत अरु सबैको दामदी पठाऊनु फुपुले पुत्र परिवार आऊने लाई खुवाई पठाऊनु फुफुलालाई चोलादी विदागरी पठाऊनु प्रोहितलाई सिधा दक्षिणा दिनु ।

1338

CC-0. In Public Domain. Digitization by eGangotri



दसौं दिनमा नाउलाईडाकी कपालखौराउनु, नङ्कटाउनु जतीजति काममालाग्याका नाउनाउनी-लाई पेटभरिखुवाउनु, वर्षदिनको ठेक्वाली अट्वयो भन्या नाउले आफ्नु बाली.ली काम चलाउनु दिनुपर्न्यां ठेक नअड्कँदै चाहिन्या दिन, डाक्न जाँदा आएन भन्या तुरु १२ दण्ड गर्नु; आफ्ना नाउ छोडी अरु डाकी काम चलायो भन्या डाक्न्या आउन्यालाई तुरु १२ दण्ड गर्नु वर्षदिन सम्मको काम चलाउन्या काममा लाग्न्या नाउलाई काम सिध्याई चिउरा दिनु,

संघटलाई लुगाधुन दिदा दस्तुर पाथो १ चिउरो दाम १४ सघर डाक्नजाँदा आएनभन्या तुरु ३ दण्ड गर्नु, आफ्नो छोडी अरु डाकीकामचलायो भन्या डाक्न्या आउन्या २ लाई तुरु ३।३ दण्ड गर्नु,सूतकभित्र बढ़िया दिन हेरी ज्योतिषीलाईडाकी चिन्हा लेखाउनु, दस्तुर दाम १२ चावल कुरुवा १ ज्योतिषीलाई दिनु, लेख्याका चिटा चिन्हा ज्योतिषीले सौंपदा दाम २ दस्तुर दिनु, ब्राम्हण रजपूत-को १२ दिनमा न्वारान्, अरु जातको दसौं दिनमा न्वारान् प्रोहितले कलशार्चन गराउनु, नाउं ठहराई पञ्च सुगन्धले जन्मपत्रिका लेखाउनु, सुनाउनु, सुध्यानीले बालखलाई स्नान गराउनु, घृतप्राशन-गराउनु, मिमिचा लुअंगु मिमिचार्ल माखालं बुकुवा तेल लगाइदिनु, रुमाल दिनु, कलश दि अजिमा र काममा लाग्न्या मानिसलाई सिचु पालु चढाउन दिनु, माइतीबाट आयाको टीकाको सराजाम सौंपनु माइतीबाट आउन्या मानिसलाई सिचु पालु र पेटभरि खुवाई दाम २ दी विदा गराउनु, दोबाटोमा अजिमाकन ली फाल्नु, त्यस दिनदेखि बालखलाई मह घोटी औषधी चल्यो।

तेस्रा मैन्हा लाग्यापछि बढ़िया दिनमा कलशार्चन गरी सुलग्नमा बालखलाईनरिवलकोगरी कपूर गुलियो फल उखु जेठाले (थकालिले) खुवाउनु, सुध्यानीले बलि फाल्नु, ब्राम्हणलाइ सिधा दक्षिणा दी विदा गराउनु, माइतबाट आउन्यालाई खुवाई दाम २।२ दस्तुर दी बिदा गराउनु, त्यस दिनदेखि बालखलाई फल मात्रचल्यो।

छ मैन्हा लाग्यापछि बढिया दिन देखाई बढ़िया लगनमा ब्राम्हणले कलशार्चन गराउनु। चौरासी जातका ब्यञ्जन शाली धानका चावल कुरुवा १ का भात बडा थालमा त्रिगोटीसमेत राखी पस्काउनु, टक्र्याउनु, त्यतिकै ब्यञ्जन अजिमालाई आगम पर सारी सुबेलामा जेठोले (थकालीले) पञ्चग्रास खुवाउनु, बडा ग्रास गरी ३ गांस खुवाउनु, देव देवतालाई भाग ९ र भेटी ब्राम्हणलाई सिधा दक्षिणा दी विदा गराउनु, माइतबाट आयाकोटीका लाइदिनु बोकी ल्याउन्यालाई पेटभरी खुवाई दाम २।२ दस्तुर दी विदा गराउनु, त्यस दिनदेखि बालखलाई अन्न चल्यो।

CC-0. In Public Domain. Digitization by eGangotri



अथ चूडाकरण कर्णभेद — अघिल्ला जेठो (थकाली) आदिको कपाल खौराउनु नङ कटाउनु,खली पीनाले नुहाउनु. शुद्ध वस्त्र लगाई श्रीगणेशपूजनादि श्राद्धपीठ पूजा आचार्यले गण गुरु नागपूजा गराउनु, कुमारी सूत्रले बालखको आपादमस्तकान्त अष्टोत्तर सत्त्वावर्त अधिवासनसूत्र पवित्रिलाई एक सुगन्धि स्वस्ति चिन्हित हातमा राखी अग्निलोह रक्षासगुनादिफल जामिकेक दिनु, नवरत्न मुद्रिकाले मध्ये केशविषे बाँध्नु. देवताको भेटी चढाउनु, ब्राम्हण पूजा गरी जोसी आचारलाई सिधा दक्षिणा दी विदा गराउनु कुमारी पुज्नु, त्रिगोडिसमेतका बडाथालमा कुरुवा १ को शाली धानका चावलको भात पस्की चौरासी व्यञ्जन समेतका पञ्चग्रासपूर्वक भोजन गराउनु। उच्छिष्ट कलंख फाल्न, प्रातकाल भयापछि यज्ञमण्डपमा बूह्माष्टकलशादि सरञ्जाम तयार गरेर गणेश आवाहन आदि कलश-स्थापना गरी बूम्हार्चन गरी होम गर्न सुनरनका बेलामा मातुलक्षुर शुचि चन्द्रमण्डलथालि पूजा-गरी सौखधउमोदकलयाइ कपाल भिजाउन, बालखका केसमा पञ्चपल्लव बाँध्नु, पूर्णादिक्रम गरी मावलीले छेदन गर्नु, फुपूले चन्द्रमण्डलमा थाप्न, कानमा मामाले सुगन्ध चन्दनले सुवर्ण सुचिले चिह्न-लाइदिनु, नाउले कपाल खौराउन, कान छेड्नु, स्नान गराउनु, कपालमा श्रीखण्डले सेतो तिल लाइदिनु, स्वस्तिक लेख्नु, सगुणाशीर्वाद गरी वस्त्र दिनु, ठाडो चन्दन लाइदिनु; देव देवतालाई भेटी ब्राम्हणलाई सिधा दक्षिणा दिन, यज्ञ विसर्जन गरी अभिषेक पाती दी सूर्य गणेशादि दर्शन गराउ मामाको घरबाट आयाको टीका लगाइदिन, ल्याउन्यालाई खुवाई दाम २ दस्तुर दिनु, फुपूलाई चन्द्रमण्डलको थाल र चोलो १ दिनु, नाउलाई १२।४ दी कपाल खौराउदामा लायाको वस्त्र नाउको खान्या भाग दी पठाउन, यति काममा लाग्न्या मानिस छाडी अर्कालाई डाकी काम चलायो भने यजमानलाई सुरु २४।२४ दण्ड यजमान ल्याउन्यालाई तुरु २४।२४ दण्ड, यी मानिस डाक्दा आएन भन्या प्रोहितलाई तुरु १२ दण्ड, जैसी आचारलाई तुरु ६।६ दण्ड, फुपूलाई तुरु ८ दण्ड, मामालाइ तुरु ८ दण्ड, चित्रकारीलाई तुरु १२ दण्ड, कुम्हाललाई तुरु १७, नाउलाई ३६, यति ब्राम्हण क्षत्रियको अरु, जातको कलशार्चन गरी पुर्‍याउनु दण्ड ऐंजं

अथ व्रतबन्धन, अथ व्रतबन्धन अधिवासन ऐंजं गणेशावाहनादि ऐंजं ब्राम्हण कलशादि स्थापन ऐंजं पूजासमेत गुरुले होम गरी यथाक्रममा गुरुमण्डल पूजन दण्डादिग्रहण भूषण वेलामा मौंजि ब्राम्हणको क्षत्रियको गायत्रीप्रदान माघादि आषाढावधि प्रारम्भ ब्राम्हणको साइत बढिया क्षत्रियको ब्राम्हणको भाद्र शुक्ल बढिया दिन समावर्तन क्षत्रियको प्रारम्भका अष्टम दिन समावर्तन, कुलदेवतापूजा आमीसभोजन।

त्यसपछिका जातले कलशार्चन मात्रैले विधिपुर्‍याऊनु त्यस दिनदेखि स्वजातिधर्मलिनु खुसल आदि कुलु पर्यन्तका हातको पानी नखानु कदाचित् भुलिखायो भन्या प्राजापत्य चान्द्रायण गोदान गरी

CC-0. In Public Domain. Digitization by eGangotri



ब्राह्मणलाई सिधा दक्षिणा दी सरकारमा तुरु १२० दण्डतिरि आफ्ना जात खुवाई पञ्चगव्य गंगाजल खाइ आफ्ना जातलाई तुरु १२ दस्तुर दिनु जातलाई भोजनखुवाइ तारा हेरि जातसंग भातमीली खानु ।

बाबु ब्राह्मण आमाविधवा रजपून निवार भयाको जैसी लाई जनै दिनु शिखा गायत्री दिनु त्यसले संकल्प आदि वोलनु श्रेष्ठ संग विहागर्नु जोतिस शास्त्र पढ़िगुन्नु पात्रो ग्रहण योग स्नानादि जोग कहनु चिटा लेखनु ग्रहणलेखनु ताहादेखी ब्राह्मणकर्ममा चल्या तुरु १२ दण्ड ।

बाबु ब्राह्मण आमा सवर्ग क्षेत्रीनीबाट हुन्या कर्माचार्य तस्ले शिखा गायत्री पाइ तलेजुमा टहल–गर्नु कदाचित् काम अडवयो भने देवताकोपूजा नभडकाउनु·अर्काले छुन नहुन्या देवता वोकि ठाउमा ल्याउनु बलमिचि आफ्नुपुर्खाले नलायाको जनैलायो भन्या जनैछिनालिदिनु तसलाइ सासना फला–म्मा तार लालगरी षोलि जनइलाइ दिनु ऐ ।

जैसिले स्वकर्म लेरव्याको बलमिच्यो भन्या जनैछिनालि श्रेष्ठमा मिलाई दिनु तुरु २४ दंड़ गर्नु ।

ब्राह्मण खुसलनि सित गयो भन्या तुरु १२० दंड़ प्राजापत्य चान्द्रायण जातलाइ तुरु २४ दस्तुर दिन पञ्चगव्य गंगाजल शालग्रामोदक तुलसीदल खाइ भात खुवाइ ताराहेरि खानु ।

डेपेनि मोसल्नि सालिमनी चित्रकारिनी भटियानी कोनालनिहरू संग गया ऐंसदर ।

नाउनि सघटनी सित गया तुरु १४० दंड़ अरु सदर ।

लोहकारनी पुत्रपुलनी माहुत्यानी छिपिनी मालिनी चित्रकारिनी वलिनी कसाइनी गठश्रेष्ठि–नीं छत्रकारिनी सवल्लिनि सोढ्यानी कुसल्यानी वलामिनी मझिनी यति संग गया तुरु दंड ४८० चान्द्रा–यण दोवर अरु ऐ ।

पोढ्यानी कुलुनी संग जानी जानी गयो भन्याचान्द्रायण नास्ति त्यसै जातको भयो ।

नजानी भूलपऱ्यो भन्या तुरु ७४० दंड २ प्राजापत्य चान्द्रयण अरु ऐजं ।

ई सबैमा पोइ भएका संगगया सुनसिगिको मोहर रुपैया ६० दंड ।

ल्हासा जान्याका स्वास्नीसंग गया तेस्को दोवर दंड ।

क्षत्रीय जाति गयो भन्या तेस्को आधा दंड चान्द्रायण अरु सबै सदर ।

चान्द्रायण नपर्न्या पोइ हुन्या स्वास्नीसित स्वजाति सबैगयो भन्या सुन पिहि मोरु ६० दंड ।

सुजातिसित कुजातिगयो भन्या जात पङ्गति वढाई स्वास्निका गर्भभयाको छैन भन्या भुलि गयाकि भया चौथाइ दंड चान्द्रायण प्राजापत्य । ऐं मित्र जानि जानि गयो भन्या दंड चान्द्रायण दोवर अरुऐं ।

CC-0. In Public Domain. Digitization by eGangotri



ब्राह्मणिमा पोइहुन्या छेउ ब्राह्मण गयोभन्या ब्राह्मणीकों स्वजाति हुनु नास्ति ब्राह्मणलाई लिङ्ग सासनागरि देश देखी वाहिर धपाउनु चान्द्रायण नास्ति ।

ब्राम्हणले विधवाब्राह्मणी विरायो भन्या सुनसिंहि रुपैया ३० दंड ब्राह्मणी स्वजातिमा जाननास्ति ।

पोइ हुन्या ब्राह्मणीमा छेत्री गयो भन्या खोलापार लैजाई चाण्डालका हातले एकचोटमा मर्न्यागरीकन हानी मार्नु विधवा ब्राह्मणीसंग क्षत्री गयो भन्या लिंगशासना गरी सुर्नसिही रुपैया ३० दंड जातमा जानपऱ्यो भन्या प्राजापत्य चान्द्रायण ऐजं पोइ हुन्या ब्राह्मणीमा वैश्य गयो भन्या लिंग काटिदिनु सुन-सिही रु १२० दंड दुइलाई चान्द्रायण नास्ति विधवा ब्राम्हणीसंग वैश्यगयो भन्या लिंग शासन गरी सुनसिंही रुपैया ६० दंड ब्राम्हणीलाई चान्द्रायण नास्ति । बैश्यलाई आफ्ना जातमा जानुपऱ्यो भन्या १० प्राजापत्य चान्द्रायण, पोई हुन्या ब्राह्मणीसंग शूद्रगयो भन्या लिंग काटी खुवाई चाण्डलका हातले कटाउनु ह्माणीलाई चान्द्रयण नास्ति विधवा ब्राह्मणिमा शूद्र' गयो भन्या लिंग काटी चाण्डालले मार्नु ब्राम्हणीलाई चान्द्रायण नास्ति ।

जातको व्यवस्था—कुलु जातले गर्न्या कपाल खौरनु नङ्काट्नु आफूलाई आफैले दिन दिनमा वृद्धि सुतक शुद्ध मृतक सुतक दिन १० लठ्या मानिस पिण्ड गराउन्या आफ्दा नाइक्याका वचनले आफ्ना जातमा जान्याले पिण्ड गराउनु रकम छालाका कुपा बनाउनु छालाका थैली बनाउनु औ बाजा पेटा-रामा गोलामा छाला लाईदिनु, आफ्ना रकम छालाको रकम छोडी अरु रकममा गयो भन्या तुरु १२० दंड आफ्ना जातमा बिवाह गर्न पाएन भन्या स्वास्नी बुझाई आफ्नु जात नदवाई श्रेष्ठ देखि कुसुल्यानी-सम्म ल्याउनु खत नास्ति ।

पोढ्याको कपाल खौराउनु, नङ्काट्नु आफैले सूतक पिंड ऐजं पोसाक जोराजोरी नलाउनु सुनका गहना नलाउनु, विनाकामले घाम अस्त भयापछि सहरभित्र नपस्नु, पीठ देवताका पीवाला वलि देवताका गहना सह्यारी नैवेद्य मागी खानु, माछा मारी भँगेरा समाती वेची खानु, बडो जात नछुनु; गाइ नखानु, सुँगुर खानु मुर्दाका पोशाक लिपी लिनु, दाम एक दस्तुर लिनु सती जान लागिन् भन्या मित्यारी लाई जोर पोसाक पोढ्यानीले लिनु सतो जान्या स्वास्नी पोइसंग सुती मर्न नसकी चिताबाट खसी ठहरियो भन्या सोही पोढ्यानीसंग जात मिली पोढ्यानीका जातमा जाई बस्नु ।

डोम जातिको—कुसल्यासंगभै ढोलक बजाउनु स्वास्नी नचाई कमाइगरी खानु, सुतक २ लठ्या ऐजन् ।

CC-0. In Public Domain. Digitization by eGangotri



टटिजातको दुनियाँलाई कात्रो परिबुन्नु; मोल टका १ सतिको एरि बनाउनु पऱ्यो भन्या मोल टका २ ली बेच्नु सुतक छ जुठो १० पुरोहित गुभाल ।

कुसल्या जातको–बाजा फुकी बजाइ दस्तुर सुमंगलको दाम १२ विवाहको रु ॥ पास्नी व्रतबन्ध चूडाकर्ममको दस्तुर दाम ६ काममा लाग्न्या छ।

त्यसलाइ पेट भरी खुवाउनु डाक्न आउदा काम अड्काइ दियो भन्या तुरु १२ दंड आफ्ना छोडि अरुलाई काम चलायो भन्या तुरु १२ दंड टोलमा काम काजमा मागी खानु दुनियाको चोक वढारी खानु कापालिभेषभै डम्बरु वजाइ मागी खानु सुतक ६ मुर्दा पालनु जुठो दिन ७ लघ्यामानु पुरोहित आफ्नै जात वारि कमाउनु खेत कमाउनु ।

कसाईको– नङ्काट्नु कपाल खौराउनु आफ्नै जातले दुनिञाका मुर्दा लैजादा वाजा वजाउन काममा लाग्न्या कसाई जतिछ सवैले तिन तिन दाम दस्तुर लिनु । सतिको वाजा वजाउनु पऱ्यो भन्या दस्तुर टका १ खलकिलाई ३।३ दाम दुनियाका काम काजमा राँगो काट्नु पऱ्यो भन्या दस्तुर एकपैसा कि दामली राँगा काटि दिनु टिकावाल राँगा नदिवार नकाट्नु । भला २ आदमिलाई त्यो मासु नवेचनु चौरमा दुनिञाको रागो काट्नु पऱ्यो राजाको दस्तुर रु १ नदिउन्ज्याल रागो न काट्नु । मासुको व्यपार गर्नु पर्न्याले काट्नु पऱ्यो भन्या राजाका दस्तुर दोवर । दुनीञाको वदेल काट्नु पऱ्यो भन्या सरकारमा टाउको चढाइ आफुनै दस्तुर रूपैया आठाना खानु मासु छुस्याइ दिनु आफु भन्दा वडा जातलाई दुध दहि नवेचनु घ्यू समेत नदिनु । सुतक ६ जुठो लास्थ्य ऐजन् खेत कमाउनु पुरोहित नाइगुभाल ।

नरिजातको–भित्तामा चित्रकार लेखनु फर्फरमायसि लेखनु नङ्कटाउनु कसाईले च्यूरा कुट्न्या मुशल नसमातनु सुतक ६ जुठो १० लस्थ्या मांनु प्रोहित गुबाहाल ।

सवलको–मानिसलाई जुकोलाई कमाई खानु, खेत कमाउनु, सुतक ६ जुठो १० लस्थ्या मान्नु; प्रोहित गुभाल । ॥

गठको—वनको फूल टिपी ल्याउनु, बेची साटी खानु, खेत कमाउन, सुतक जुठो लस्थ्या, पुरोहित ऐजन् । ॥

मालीको—फूलवारी बनाउनु, फूल वेच्नु साट्नु गरी खानु; सुतक जुठो लस्थ्या मान्नु प्रोहित ऐजन् । ॥

छिपाको–नीर आदि गरी पाँचै रंग धागा कपडा रंगाउनु कसाहीले नङ कटाउनु, सुतक

CC-0. In Public Domain. Digitization by eGangotri



६ जुठो लस्या पुरोहित ऐंजन् खेत कमाउन्, । ॥

पुलुपुलुको–दुनियाँको मुर्दा अघिबाट आरती मजिरा बजाई आफ्नु दस्तुर लिनु, दॉम ४ चावल कुरुवा १ नाउ कसाही सुतक जुठो लस्या पुरोहित ऐंजन् । ॥

नकर्मीको–फलामको काम गर्नु, सुतक ६ नाउ कसाही जुठो लस्या पुरोहित ऐंजन् खेत कमाउनु,

पिछिनीको–बढिया दिनमा दुनियाँको बालख जन्मदा नाल काटिदिनु. दोबाटामा फाल्नु सुब्यानीको आधा दस्तुर लिनु, सुतक ६ जुठो १० लस्या मान्नु, पुरोहित ऐंजन् नाउ कसाही, खेत कमाउनु, । ॥

सघटको–दुनियाँको लुगा धोइ वर्षदिनको कबोलमाफिक बाली खानु, सुतकमा जुठोमा ६।६ कुरुवा चिउरा दाम १६।१६ लिनु खेत कमाउनु, सुतक जुठो पुरोहित ऐंजन् । ॥

नाउको–ब्राह्मणदेखि ज्यापूपर्यन्तको कपाल खौरन्; नङकाटनु, दस्तुर सुतकको कुरुवा ६ ठोमा कुरुवा ६ लिन, सुतक जुठो १० लस्या मान्नु पुरोहित ऐंजन् माहुर लाउनु, वेचिखानु. काठ कुन्द्नु सुतक जुठो गैह्र ऐजन ।

महाब्राह्मण भाटको–पाखि पटुका रँगाउनु एकादशाह खानु खेत कमाउनु पसल नराखनु सुतक ऐजन् जुठो १० लस्या मांनु पुरोहित ऐजन् ।

चित्रकारिको- देवता चित्रकार लेखनु, गुभालसंग दिक्षासुंनु रग्सी जाड वनाउनु वेचनु सुतक जुठो लस्या प्रोहित ऐजन् खेत कमाउनु नाउ कसाहि ।

सालमिको व्यस्था—तेल पेलि वेचि खानु वावियाले खट वाधनु सुतक जुठो लस्या प्रोहित ऐजन् ।

मोसटको व्यवस्था—कसाहिले मासु वेचन्या पसलमा मासु पोकापारि दिनु आफ्नु दस्तुर खानु सुतक जुठो लस्याप्रोहित ऐजन् ।

टेपोचको—पालुंगाको साग रोपि व्यवस्थासित वेचनु वेचदामा श्री ५ सर्कारमा दस्तुर दिनु काहाल वाजा वजाउनु खेति गर्नु सुतक गैह्र ऐजन् ।

खुसलको व्यवस्था—काहाल जात्रा वजाउनु खट् बाधदा सालमिले न पुग्याको गुहार दिनु खेति गर्नु सुतक गैह्र ऐजन् ।

CC-0. In Public Domain. Digitization by eGangotri



लुर्कमिको-सुना चादिको गहना बनाउनु सुतक ६ जुठो ७ लख्या मांनु प्रोहित ऐजन् । सिर्कमिको-काठको काम गर्नु सुतक ६ जुठो १० लख्या प्रोहित ऐजन् ।

ग्वालको ध्यवस्था-गाइपालनु दुद दहि घ्यू कोटल वैचनु श्री ५ सर्कार दुनिञालाई चाहिया-का गाई तयार गर्नु सुतक १० जुठो १२ लख्या प्रोहित ब्राह्मण ।

कुमालको व्यवस्था- माटाका भाडा पार्नु सर्कारलाई दस्तुर दि वेचनु सुतक १० जुठो १२ लख्या प्रोहित गुवाहाल अचार ।

उदासको—ह्लासाको व्यापार गर्नु कोठिराखनु सुतक ६ जुठो १० लख्या मांनु प्रोहित गुभाल ।

टटि-परिवत्तु जनै वनाउनु वेचनु सुतक १० जुठो १२ लख्या मांनु पुरोहित ब्राह्मण ।

टमोट्को—तावा कांसादि धातुको भाडा बनाउनु सुना चाँदिको जलप सार्नु सुतक १० जुठो १२ लख्या उप्रा न्त ब्राह्मण जैसि अचार बौद्धमार्गि भया गुभाल ।

मुल्मी श्रेष्टको-रानीका माइति नभया माइतिले गर्न्या काम गर्नु वनीज व्यापार गर्नु सु-तक जुठो लख्या प्रोहित ऐ ।

किसानिको-देवदेवताका पूजा सामा वोकनु बलि फालनु प्रोहित गुभाल खेत कमाउनु सुतक जुठो लख्या ऐजन् ।

वैद्यको—दुनियाका नारी हेरी व्यथा थाहापाई औषधी गर्नु लोकान्तर हुन्या ठहऱ्या बैत-रणी दिलाउनु वखत्मा विधिगरी लवंगादि दिनु दस्तुर टका १ लिनु नीर्थ धुन्याउनु अरु ऐजन् प्रोहित ब्राह्मण ।

लोहकर्मिको-प्रमाणले देव देवता वनाउनु सुमेरु खोलि ढुंगा फोर्न्या रकम् सोगर्नु सुतक १० जुठो १२ प्रोहित गुभाल ।

वढैको-काठको फर्मायसि कामगर्नु चर्षाविट्टा धूप बनाउ सुतक जुठो ऐजन् प्रोहित बौद्ध-मार्गिको गुभाल शिव मार्गिको ब्राह्मण ।

हलवाईको-रोटि वनाउनु गुवाहाल संग मन्त्र सुंनु सुतक १० जुठो १२ प्रोहित ऐजन ।

गुवाल विषुधाडाको मूलं वनाइ वेचनु पंचपतकादि अदवाल बनाइ वेचनु शिखा मुण्डन गर्नु गुवाल संग मन्त्र सुन्नु सुतक ६ जुठो लख्यामांनु प्रोहित गुवाल ।

धाडाको- सुनाचाँदिको गहना वनाउनु , ढलवट् धातु भाडा कमाउनु धातुका वुट्टा का

CC-0. In Public Domain. Digitization by eGangotri



काटनु सुना चादिका जलप् सानुँ कासा कचौरा वनाउनु सुतक गैह्र ऐजन् ।

वज्राचार्यको–गुवालले श्रेष्ठ ज्यापु हलवाइ वराहि सिकर्मि लोहर्कर्मि चित्रकारी सम्म दी आयाकालाइ मंत्र दिनु सुतक ६ जुठो ७ लस्या मांनु प्रोहित गुवाहाल् ।

कसालको–कासो कुटि पिटि भाडा कमाउनु सुतक १२ जुठो १२ लस्या मांनु प्रोहित ऐं ।

पीठाचार्यको –पीठ पीठमा देवता २ को पूजा गर्नुं आफ्ना अधिकारसम्मको महावलि आदि वलि विधान गर्नु व्राह्मणबाट मंत्र सुन्नु र जनैपाउनु विधि आफ्ना थकालिले गर्नुं सुतक १० जुठो १२ लठ्या मांनु प्रोहित व्राह्मण विवाहमा झा श्रेष्ठ दुनियाको घर श्रुद्धि गर्नुं ।

शिवाचार्यको – शिवलिङ्गको पूजा गर्नु आफ्ना अधिकारसम्म जजमानी गर्नुं घरशुद्धि जजमानी चलाउनु यज्ञ गर्नु व्राह्मणबाट मंत्र सुन्नु जनै पाउनु आफ्ना ज्यार्विधि हो थकालिले गर्नु सुतक १० जुठो १२ प्रोहित व्राह्मण सामान्य श्रेष्ठ सित विवाह चलाउनु ।

कर्माचार्यको—श्रीतलेजुको टहल चौकि वसनु व्राह्मण बाट मंत्र सुन्नु जनैपाउनु विधि आफैले गर्नुं आफ्ना अधिकारसंम जजमानी चलाउनु सुतक १० जुठो १२ लस्या मांनु प्रोहित व्राह्मण जैसी आचार ।

गुर्वाचार्यको–श्रेष्ठलाइ दीक्षा सुनाउनु व्राह्मणबाट मंत्र सुंनु आफ्ना अधिकारसंमका जजमानी चलाउनु सुतक १० जुठो १२ लस्या मान्नु प्रोहित व्राह्मण सुकार्यमा होम गर्नु ।

देवाचार्यको–आफ्ना थकालिबाट मंत्र सुंनु आफ्ना सुकार्यमा होमगर्नुं जजमानी चलाउनु सुतक जुठो लस्या प्रोहित ऐजन् ।

पात्रवंशठकुलवट् व्राह्मणबाट मंत्र सुंनु ढाल तर्वार भीर्नुं सुतक १० जुठा लस्या प्रोहित ऐ ।

राज लवट्को व्यवस्था-व्राह्मणबाट मंत्र सुंनु ढाल तर्वार भीरनु राजसेवामा रहनु सुतक १०जुठो १२ लस्या मांनु प्रोहित ऐ ।

कायस्थ भनिके— सत्को मोहर लेखनु दानपत्र सुक्रिविक्रि पत्र तमसुक भाषापत्र गैह्र लेखोट् लेखनु वस्तुर लिनु व्राह्मणसंग मंत्र सुंनु सुतकदेखि प्रोहितसम्म ऐं ।

भागे श्रेष्ठको व्यवस्था –शिवमार्गीले व्राह्मणसंग मंत्रसुन्नु बौद्धमार्गीले गुभालसंग मंत्र सुंनु वनिज व्यापार गर्नु सुतक १० जुठो लस्या मांनु प्रोहित व्राह्मण प्रोहित गुभाल ।

अमात्य माहात्को –व्राह्मणसंग मंत्र सुनु उतम श्रेष्ठ संग विवाह गर्नु राज काज पनि गर्नुं सुतक १० जुठो १२ दिन मांनु प्रोहित व्राह्मण गुवाहाल ।

जोसिको –व्यवस्था व्राह्मणबाट मंत्र सुंनु जनै शिखा गायत्री पाउनु त्यसले उपल्लो संकल्प अ-

CC-0. In Public Domain. Digitization by eGangotri



द्यादि वोलनु श्रेष्ठ संग विवाह गर्नु जोतिष आस्त्र पढ़नु पात्रो ग्रहण ग्रह योगादि स्नान दान मेला २को योग कहनु चिह्ना लेखनु सायेत लेखनु यति देखि उपर ब्राह्मणकर्ममा नचलाउनु आफ्ना अधिकार संमको जजमानी गर्नु सुतक १० जुठो १२ लख्यामांनु प्रोहित ब्राह्मण ।

ठकुरको— ब्राह्मणसंग मन्त्रसुंनु जनैपाउनु शिव बुध्दमार्ग मांनु ढाल तरबार भिर्नु राजकाज गर्नु सुतक १२ जुठो १५ लख्या मांनु प्रोहित ब्राह्मण ।

ठाकुरको-ब्राह्मणबाट दशकर्म गराउनु, जनै मंत्र पाउनु' ढाल् तर्वार भिरी राजकाजमा रहनु, वनिज व्यपार गर्नु सुतक १२ जुठो १२ लख्या मान्नु प्रोहित ब्राह्मण ।

श्री ५ राजाको–ब्राह्मण बाट दशकर्मादि गायत्री जनै पाउनु ढाल तर्वार भिर्नु आफ्ना नीतिमा चलनु चलाऊनु सुतक १२ जुठो १२ लख्या मान्नु प्रोहित ब्राह्मण

देवब्राम्हणको–स्वजातिलाई मंत्र दिनु राजालाई मंत्र सुनाउनु श्रेष्ठसम्म जजमानी चलाउनुवेद मंत्र स्मृति पुराणादि कर्ममा चलनु चलाउनु राज गुरु घरले पुराण नवाचनु राजगुरु हुन्याले अर्कालाई मन्त्र नसुनाउनु सुतक १२ जुठो २ लख्या मान्नु प्रोहित १२ अपुना मर्दा ब्राह्मणो स्वधर्ममा छउञ्ज्याल ब्राह्मणको अपुतालि दाज्यू भाइ लाई जांदैन क्रियाकर्म पनि अरुले पाउदैन, सूर्यवंशमा उत्पन्न भयाका श्रीनान्यदेव नाम राजा बाट श्रीतुलजाका यन्त्र मन्त्र पद्धतिपाइ सिमंगढ़मा श्रीतुलजाकन विराजमान गराया इनका वंश हरिसिंहदेव बाट श्रीतुलजाकन नेपाल भक्तपुरमा ल्याई स्थापना गऱ्यापछि हरिसिंहदेवका वंशमा उत्पन्न भयाका जयस्थितिमल्ल बाट सव स्मृतिशास्त्रको विचार गरी नेपालका प्रजामा जात भात जात अनुसार धर्म कर्म गर्नु भन्या वंदेज वाधि नेपाल राज्यमा चलाया । यी राजा बहुतै ज्ञानवान् धर्मज्ञ थिया जस्तै पूर्वकालमा मनु बाट स्मृति धर्मशास्त्र वनाई चलाया तस्तै ।

यस कलिकालमा नेपालविषे जयस्थितिमल्लबाट जान्या जान्या ब्राह्मण पण्डितहरुकन आफ्ना हजुरमा बोलाई धर्मशास्त्रको कारण बुझि प्रजाको स्थिति गर्नाकन राजा भनी स्थापना गऱ्याको हो । जौन राजा बाट थिति बाँधी थिति थाम्न शक्तैनन् । उन राजाको राज्यमा बन्दोबस्त रहोइन । जहाँ वन्दोवस्त रहदैन, त्यहाँ जथाभावि हुन जाँदा नितिको अनीति हुन जान्छ । अनीतिले सुख पनि होइसक्दैनन् । धर्म पनि नष्ट हुन जाला । धर्म को स्थिर भयापछि सुभिक्ष सुभिधा राजालाई हवस् भन्नार्निमित्त थिति बाँधी पछिसम्म जस नाम रहन्या काम गरी थिति वाँधी चलउँदा भया । धन्य भन्नु यस्ता राजालाई भन्नु बहुत ज्ञानी वडा सामर्थी धर्म चित थिर भयाका यस्ता राजा जयस्थितिमल्ले प्रजा प्राणीहरूलाई दुख छुटाई सुख हवस् भन्नार्थले र युग युग कितापा जस नाम गर्नाकन देस देसावरबाट धन्य धन्य कहाई सव वान व्यवस्थाको स्थिति बनाई धन्य कहाया । जयस्थितिमल्ल धन्यहुन । अस्य पुत्र यक्षमल्ल※

※वंशावलीकारले यहाँ यक्षमल्ललाई स्थिति मल्लका छोरा हुन भनी लेखेका छन् । परन्तु यो कुरो होईन यक्षमल्ल स्थित मल्लका नाति हुन । स्थिति मल्को मृत्यु भएको १३ वर्ष पछिमात्र यक्ष मल्को जन्म

CC-0. In Public Domain. Digitization by eGangotri



भोगवर्ष २० यिन राजाले शंकराचार्यदेखि चलाथाका दक्षिणे भट्ट ब्राह्मण पशुपतिनाथका पूजाहारि-कन सुसाऱ्यार पशुपतिका भंगऱ्या देवपत्तनका नेवारलाई राखिदिया ।

अस्य पुत्र ३ ज्येष्ठ रायमल्ल माहिला रणमल्ल कान्छा रत्नमल्ल जेष्ठ रायमल्ल भक्तपुरका राजा भया । भोगवर्ष १५ माहिला रणमल्लले बनेपुरजाई सातग्रामका राजा हुँन गया । भोगवर्ष २१॥ यिन राजाका पालामा बनेपुरको नेवार एक कोढी तैलकार मोहनसिलाई कुमारीकुण्ड देवीले स्वर्णमहिकुण्ड शिर । दिइन् र श्रीपशुपतिनाथकन अघि नभयाको चाँदिका कबच बनाई अनेक हिरा आदि जवाहर पत्थर जडी एक ।

मुखी रुद्राक्षसहित गरी कंकणसहित कवच चढाया ? नेपालसंवत् ६२२ मा मोहनसिँहले कवच चढाउंदा तेलका साल एक चढ़ायाको कान्तिपुरमा छंदैछ । यस तैलकारलाई धर्म गर्नकन धन दिन्या कौमारीकु-ण्डका देवी हुन्। यी रणमल्ल का सन्तान भएनन् रवनेपुरका राजधानी यत्तिकै हो। कान्छा रत्नमल्लले जेठा दाज्यू रायमल्लसित विरोध भाव परस्पर गर्न लाग्या । किन भन्या यिनका कुलमा तुलजा जगा उन्या मन्त्र प्राणत्याग हुन्यासमय विना अरु कालमा लिन हुन्या रीत थिएन र रत्नमल्लले आफ्ना बा-बाका प्राणत्याग का वेलामा दाज्यूकन छलकाम गरी बाबुदेखि कुलदुर्गा तुलजा जगाउन्या मन्त्र पायाको थियो र ज्येष्ठक्रमले हुन्या हो तैले मलाई छलिस् भनी रीस गर्दा दुवै भाइको परस्पर चित्तमा विरोध भावहुन गयाको थियो । यस्तै बखतमा कान्छा रत्नमल्लकन तिनै मन्त्रका प्रभावले श्रीनीलतारादेवी प्रसन्न भै स्वप्नाविषे देवीबाट हे राजन् । तिमी कान्तितुर जाई १२ ठकुरीहरू जिती राजा हुन पाउना भनी आज्ञा प्रसन्न हुंदा रत्नमल्लले देवीवाणी हो भनी निश्चयठहराई प्रातकालैमा उठी नीलतारा देवीका स्थानमा जाई दर्शन गरी सरासर कान्तिपुरमा आई बाह्र ठकुरीका एक मुख्य काजीका घर पुगी एकान्त पाई तिनलाई देवीले आज्ञा भयाको वचन भन्दा देवीका अनुग्रहका प्रभावले ती काजी रत्नमल्लका वसमा आई काजीले हवस् म जुक्तिगरुंला भनी राजपुत्रकन गुप्त गरी राखी बाह्र ठकुरीहरुकन यसकाजीले खान्या वस्तु मा विष राखी भोजन गराई चाडै ठकुरीहरूकन मारी रत्नमल्लकन राजागराया । यी र-त्नमल्लले आफ्नु हुकूम वेस गरी चलाईरहँदा एकदिन मनमा यस्तोसंभया कि मेरानिमित्त यस काजीले आफ्ना स्वामी वैश्यठकुरीहरून विष खुवाई माऱ्या । अनविश्वासो पापी काजी रहेछ, यसको मन नपऱ्या मलाई पनि राख्न्या छैन भनी ठानी त्यस वैश्य काजीकन राजा रत्नमल्लले यमलोक पठाया ।

सर्पो व्याघ्रस्तथा राजा अनाश्वासजमातया: येषां विश्वासतो मन्ये शीघ्रं नश्यन्ति जन्तवः ।

---

भएको हो ।

(प्रम.ण. प्रमेय ३९-४२ पृष्ठ हेर्नु होस्

CC-0. In Public Domain. Digitization by eGangotri



यहाँ पछि यिन राजा रत्नमल्लले प्रजाहरू हातमा ली तामाखानीबाट तामा मगाई छाप बनाई अधिका सिहछाप मनाही गरी पैसाका चलन नेपाल भरमा चलाया। यी रत्नमल्लले राज्य गर्दा-समय कुकुनाम भोटया देवान आदि भोट्याहरू धेरै आई दुख दिया र तिह्लौंतिया ब्राह्मण चार जनाले पाल्पा जाई आफ्ना शिष्य सेनराजासंग मागी उनका लस्करलाई ल्याई भोट्याहरूकन मान्या यिनदिनदेखि खसहरू चारथरिकन खेत बिर्ता दीकन जग्गा जग्गामा राख्या। फेरि रत्नमल्ल राजाले तिह्लौंतिया ब्राह्मणहरू चार जनालाई खिल्लत दी आफ्ना स्वस्थानमा पठाया। कुकु नाम भोट्यालाई मान्यापछि उस ठाउंको नाम कुकुस्यानामजोल भनी नाम रहि गयो। यिनै वर्षमा यवन भन्याका मुसलमानहरूको नेपाल विषये प्रवेश भयो।

फेरि यिन राजाका पाला मध्यदेशंदे ख सोमेश्वरानन्द नाम षोढान्यासी एक स्वामी आयार तिनकन श्रीपशुपतिनाथका पूजक योग्य ठहराई पूजाहारि गरिदिया। शंकराचार्य स्वामीले रीत चलाई गयाका पूजाहारि दक्षिणे भट्ट ब्राह्मण मात्र हुन्। यिन राजाका पालामा स्वामी पूजाहारि भया। यी स्वामी सुकुमार हुँनाले यिनकन टहलुवा विना ज्यादा कष्ट होला भनी बनेपुरका थिर २जात ल्याई भण्डान्या गरी राखिदिया पहिलेका भण्डान्या सित पालोगरी टहल गराया। फेरी देवनाका वस्तुरक्षक निमित्तकान्तिपुरका नेवार र थरलाइ विशेष नाम गरी राखि दिया। यी विशेषहरू भंडान्याहरूमाथि डिट्ठा गरी राखिदिया। फेरि यिनै स्वामी कन गुरुपदवी गरी देशरक्षानिमित्त दक्षिणकाली आबाहन गरी पशुपतिनाथका नैऋत्य कोणमा पारी नवग्रह सन्धि मातृका गण सहित गरी स्थापना गराया। फेरी स्वामीका आज्ञाले भंडान्याहरूकन पैले बौद्ध सन्धिमा देवीकन देखाई त्यही स्थानमा। प्रतिवर्ष इष्ट देवता गरी देवाली पूजा गऱ्या। फेरी यिनै स्वामीका आज्ञाले विशेषहरूकन पञ्चलिंग भैरवसन्धि मतिलिस्थानमा मन्त्रेश्वरी देवीकन प्रतिबर्ष इष्टदेवता गरी देवाली पुजा गरी मनाया। यीस्वामीलेधेरै वर्षश्रीपशुपतिनाथकननित्य पुजागरी मातृकासन्धि समाधि राखी प्राणायाम गरी ब्राह्मद्वारा खोली शून्यमा गया। यी रत्नमल्ल राजासित तुजला जगाउन्या मन्त्रसिध्दि हुनाले नानादेवतासन्धि सूक्ष्म मन्दिर बनाई तुल जास्थापना गऱ्या। यिन राजाका पालामा नुवाकोटनामी वैश्य ठकुरीहरू स्वाधीन गरी राजराजेश्वरी देवीका चित्रकारि कर्म गराया। नेपाल संवत् ६११ सालमावैश्य ठकुरीहरूले हुल गर्न आया र ती वैश्य ठकुरीहरूमाथि धेरै सिपाही पठाइ लडाइ गरि जितीनुवाकोटका फल लफु आदि ल्याई श्रीपशुपतिनाथकन चढाया। राजा रत्नमल्लले वर्ष ११ रजाई गरी शान्त भै गया।

अस्य पुत्र अमरमल्ल वर्ष ११ यिन राजाका पालामा बनेपुरका कुह्मालहरूले अनन्तनारायणका मूर्ति पशुपतिनाथका मन्दिरभित्र स्थापनागरुं भनी विन्ति गर्दा ठाउं दिएनन् र रात्रिमा आई एकै रातकाबीचमा वत्सलादेवीसन्धिमा स्थापना गरी बनेपुर फर्कि गया। यिनै राजाले भुवनेश्वरीका पूजाहारि

CC-0. In Public Domain. Digitization by eGangotri



मुनी आचार्य मन्त्र शास्त्रमा बडो प्रवल हुनाले तिनसित संमत गरी मंगलेश्वरी भुवनेश्वरी जयबागेश्वरी वत्सलेश्वरी, पशुपतिनाथखुसी निमित्त बडो असंभावगरी लोकमा धन्य कहाई नौ प्रकारका रथ वनाई मुसल श्रृङ्खला त्रिशूल खड्ग वलि ३ छुरीपाश इत्यादि संयुक्त गरी कुमार कुमारीहरू नौ जनालाई रथमा चढाई शरीर छिन्न भिन्न गरी आषाढकृष्ण अष्टमीका दिन ईशानेश्वर प्रदक्षिणा गराई देशमध्ये प्रतिवर्ष यात्रा गराया। नेपाल संवत् ६२७ यी मुनिआचर्य अति गुणी जन तन्त्र—शास्त्रमा प्रवर हुनाले मृतसञ्जीवनि लिन जाँदामा लोप भैगया। फेरि यिन राजाले दुर्गासित संग आउन्या राजवैद्यका सन्तान फर्पिङ्देखि ललितपत्तनमा आई बस्याकालाई मगाई देवपत्तनमा नवग्रह सन्धि मूलस्थानगरी यिनीहरूका कुलदेवताकन जगावनलाई बसाया। यिन राजाले देवताहरूका नित्य सेवा गरी यात्रा प्रतिवर्ष गरी खुशीसंग गुणी जन खोज गरी कान्तिपुर ललितपत्तन दुवै सहर भोग गरीवस्या।

## भक्तपुर

अथ भक्तपुरको महिमा रायमल्लकस्य पुत्र सुवर्णमल्ल भोगवर्ष १५ यिन राजाका पालामा अनिकाल आई ६३३ साल नेपालसंवत्मा यस्तो दुर्भिक्ष हुँदा भक्तपुरका प्रजाहरु चारै दिशा फिँजी गया। यिनराजले भाइसित विरोधभाव गरी भक्तपुर बनेपुर २ देशको भोगगरी बस्यामा कान्तिपुरका राजाले अनेक देवी गणका यात्रा नाच बनाई। वर्ष प्रति गर्न्या रीत चलाया भन्या सुनी गुणी जन द्वारा नव दुर्गा गणमा अनेक विधान प्रमाण गरी नाच प्रारंभ गराया। फेरि बोड़ेमा पनि महालक्ष्मीदेवीको बडो नेम गरी नाच प्रारम्भ गराया। फेरि आफना लगापातमा भै रह्याका देसका टोलग्राम समभाग गरी भोगगर्‍या। ग्रामहरूका नाम ठीमी नकदेश बोड़े साँखू चाँगु इत्यादिले गरीबनेपुर आदि सातग्राम भक्तपुर राज धानी सहरसम्म तीन भाग क्रम गरी भोग गरी शान्तभै गया।

अस्य पुत्रप्राणमल्ल वर्ष २१ अस्य पुत्र विश्वमल्ल बर्ष १५ यिन राजाका पालामा देवपत्तन आई कान्तिपुरका राजाकन बुझाई नारायण हरू चारै दिशाका यथाक्रमले आवाहन गरी देवताहरूका प्रभाव प्रमाण गरी पशुपतिनाथका चारै दिशामा यथा क्रमले बसाया जलनारायणका साटो बासुकीकन मान्या यिनै राजाका पालामा पशुपतिमा चाँगुनारायणप्रभृति चारै नारायण आवाहन गरीमूर्ति स्थापना गर्‍याका सालमा ठूलो वर्षा भै पर्वत पहिरो आई इचंगुनारायणका स्थानकन ढाकिदा यसै समय सहस्र शिवानन्द ब्राह्मणले विष्णु मतीमा वगाई ल्यायाका नारायणमूर्तिकन पायार यिनै मूर्ती इचंगुमा स्थापना गर्छु भनी पहिरो भत्की छोपियाको पत्साई हेर्दाअघिकै नाराणायणमूर्तिका आसनपाई अग्रभागमा नारायण मूर्तिकन विधानपूर्वक स्थापना गरिदिया।

अस्य पुत्र त्रैलोक्य मल्ल वर्ष १५ अस्य पुत्र जगज्ज्योतिमल्ल वर्ष १५॥ यिन राजाका पालामा पूर्वबाट एक गेडा मकै दर्बारभित्र ल्यायाको माससित मिसी आयो र कोही गुणी जनकन देखाउँदा गुणीजनले यो मकै दुर्भिक्ष गर्न्या वस्तु हो भनी पूर्वैतिर पठाई शान्तिनिमित्त ब्राह्मण भोजन गराउन लाया

CC-0. In Public Domain. Digitization by eGangotri



फेरी यिन राजाकन तुलजा भवानीबाट बारंबार सुन्दरी स्त्रीका स्वरूपले दर्शन दिदै रहन्थिन् । कोही दिन राजाले पाप मति चिताया र देवी अदर्श भै गइन् । त्यहाँपछि यिन राजाले भक्तपुर सहरमा आदिभैरवकन रथारोहण गराई पूजा मान्य गरी जात्रा गराया । ठूलो लिंगाकार बनाई शत्रु हन्ता कार्मले लिङ्ग ढाली टोलप्रति गणेशहरू दुर्गाहरूकन रथारोहण गराई मेष क्रान्तिका दिन गरी विश्वकाट् नाम गरी प्रतीवर्ष यात्रा गराया ।

फेरि यिनै राजाले आफ्ना लगा ठिमी आदि ग्रामहरूमा पनि अनेक देवताका रथारोहण गरी यात्रा गराया । भक्तपुरमा काली देवीकन रथारोहण गराई भैरवनाथकन अन्यशक्तिविषये गमन इच्छा गरिलीयाका लीलाभावले कालीका रथ र भैरवको रथ परस्पर प्रहार गराया । श्री भैरवनाथका रथ बनाउंदा पांग्रा वनाउनलाई कान्तिपुरका राजासंग बक्साई स्लेष्मान्तक बनका रूखको वनाउनु भनी पशुपतिनाथकन मानी देवपत्तनका कर्मीकन र वाजा दी जीर्णभै पांग्रा फेर्नु पर्दा लिन्या रीत चलाया ।

अस्य पुत्र नरेशमल्ल वर्ष २१॥ अस्य पुत्र जगत्प्रकाशमल्ल वर्ष २१॥ यिन राजाले देश पूर्वपट्टी हनूमती नदीविषय हनूमान् साधना गरी ठूलो घाट बनाई धेरै कीर्ति गरी मूर्तिहरू स्थापना गरी शान्त भै गया । अस्य पुत्र जितामित्रमल्ल अस्य पुत्र भूपतीन्द्रमल्ल यिन राजाले पाँच तल्या देवालय उच्चा गरी बनाई ईश्वरीकन विधानपूर्वक स्थापना गर्‍या त्यहाँपछि श्रीभैरवनाथका देवालय बनाइदिया । श्रीनलेजुका स्थापनामा सुनको छाना बनाई सुनका एघार गजुर बनाई मूलचोक सुन्दर गर्‍या । विश्व जात्राका रथ अघिका भन्दा ठूलो गरी बनाईदिया । फेरि आफ्ना मूर्ति बनाई खम्वामाथि स्थापना गरी श्रीतुलजा प्रीति गरी राखिदिया यस खम्बालाई कालीगढ़हरूले खडागर्दा खम्बा माचिन गयो र राजा बहुतै मनमा फिका गरी पछिबाट कान्तिपुरका राजासंग तैलकार मागी ल्याई काम लाउंदा कान्तिपुरका तैलकारहरूले जोडी खडा गरिदिदा बहुतै खुशी भै तैलकारहरूलाई खिल्लत दी पठाया । फेरि ठूलो घण्टा बनाई दरबार अगाडि राखी श्रीतुलजा भवानी प्रीति गरिदिया । तिनफेरा कोटयाहुति यज्ञ गरी शान्त भै गया ।

अस्य पुत्र रणजितमल्ल वर्ष ३३ यिन राजाका पालामा गोर्खाका राजा पृथ्वीनारायणशाह आई चाकरी गर्न आया । भक्तपुरका राजाले उनका शुर्‍याई और बुद्धि देखी खुशी भै आफ्ना पुत्र वीरनृसिंहमल्लसंग मित्रता गराई पुत्र भनी प्रीतिगरी राख्या । यस्तै समय दशैंमा कौमारीकन पूजा गरी भोजन गराई कौमारीका हातबाट एक नीलकमलका फूल राजाकन दिनुपर्न्या रीत अघिदेखि चल्याको थियो । सोहि पुस्प भक्तपुरका राजाकन नदी उनका आस पास रह्याका पृथ्वीनारायणशाहकन दिइन त्यहाँ पछि भक्तपुरका राजा प्रजा सबैले नेपाल यिनिका सौंप्या भनी भन्न लाग्या । पृथ्वीनारायणशाहले ३ वर्षसम्म रहदा भक्तपुरका राजाबाहेक अरूलाई गम्य नभयाको फूल प्रसाद कौमारीका हातबाट पाई

CC-0. In Public Domain. Digitization by eGangotri



नेपालका चाल चलन सब बुझी विदा भै आफ्ना स्वस्थानमा गया। भक्तपुरका राजा रणजितमल्लले भैरवका देवालयमा सुनका छाना बनाइ दिया। दर्वारमा पनि आवरणसहित देवताका मूर्ति प्रकाश गरी सुनका सुन्दर दर्बाजा वनाया। फेरि दर्वारभित्र धेरै चोकहरू बनाई दर्बार बढाया। दर्बारबाहिर नगरा २ बनाइ ईश्वरी प्रीति गरी नित्य बजाउन लाया। यस्ता तरहसँग कीर्ति बढ़ाई प्रजाकन खुशी राजी राखी अनेक शास्त्रका ग्रन्थहरू चिकित्साप्रमाणका औषधीहरूधन इत्यादि अनेक जात जातका वस्तुको संग्रह गरी कोट्याहुति यज्ञ गरी अन्तमा गोर्खाका राज कन प्रवेश गराई आफु काशीवास जान्छु भनी जाई काशी क्षेत्रमा प्राणत्याग गऱ्या।

रणजितमल्लका पुत्र वीरनृसिंहमल्लले राज्य भोग गर्न नपाई बस्या। यिनदेखि सूर्य्यवंशी राजा नेपाल पुरीमा शून्य भै गया। तुलजा भवानीकन नेपाल पुरीमा प्रवेश गराउन्या राजा हरिसिंहदेव देखि रणजितमल्लका छोरा वीरनृसिंहमल्लसम्म २३ पुस्ता। हरिसिंहदेवका पुर्खा नान्यदेव राजादेखी पाँच ५ पुस्ता थप्दा जम्मा पुस्ता २७ राजा भै अठ्ठाइसौं २८ पुस्तामा राजा शून्य भै गयाका हुन्। सूर्यवंशका कुलमा अयोध्या नगरीका राजपदबी छुट्न गयापछि सूर्यवंशी राजपूत स्थानदेखि पतित भै अन्यत्र देशान्तर जाई बस्या। यिनिहरूमध्ये एक नान्यदेव भन्याका सूर्यवंशी राजपूतले श्रीतुलजा भवानीका अनुग्रहले तुलजा भवानीकन पूजा भक्ति भाव गर्न पाउँदा राजा भया। केवल यिनै श्रीतुलजा भवानीका अनुग्रहले सूर्यवंशी नान्यदेवका वंशमा २७ पुस्तासम्म राजा भै राज्यभोग गर्न पायाका हुन। अठाइसौं पुस्ता लाग्दा नेपालमा सूर्य्यवंशी शून्य भै गया।

## कान्तिपुर

अथ कान्तिपुरको महिमा रत्नमल्लका छोरा अमरमल्ल वर्ष ४७ यिन राजाले प्रथम हरिसिद्धि परापूर्वदेखिका त्रिशक्तिदेवी प्रमुख सूत्रवीरले नागेन्द्रलाई वध गऱ्याको शास्त्रोक्त प्रमाणका नाचकन ठूलो सम्मान गरी जगाई कान्तिपुरमा नचाई नृत्यलीला गराया। हरिसिद्धि नाचका (हात्तीका) दोषले अन्न घटाया भनी सहकालनिमित्त खोकनाका रुद्रायणी देवीका नृत्यलीला बनाई नृत्य गराया। फेरि जमानय पर्वतवासी हरि चोक देवीका नृत्य बनाई चलाया। फेरि मनमयजु इन्द्रायणीका नृत्यमा त्रिशक्तिसहित गरी नृत्यलीला बनाई चलाया। फेरि पञ्चलिङ्ग भैरवका नृत्य दुर्गागणसहित गरी नृत्य चलाया। फेरि कंकेश्वरी कालीदेवीका नृत्य मातृकागणसहित गरी चलाया। फेरि लुमुडीमाई महाकालीका नृत्य आवरण गणसहित गरी बनाई चलाया। फेरि कान्तिपुर सहरभित्रका नटेश्वरीका नाचमा श्वेतकाली वाराही भैरव चण्डेश्वरीप्रमुख गरीचण्डासुर दैत्य वधका लीला गरी गणावरणसहित गरी नृत्य बनाई चलाया। यस नाचमा कीर्तिपुरका बाघभैरव आवाहन गरी धुंचा व्याघ्रोत्रि बनायाको हुनाले कीर्ति-

CC-0. In Public Domain. Digitization by eGangotri



पुरमा नचाउन-जानुपर्न्या रीत चलाया । यिन राजाले गुणी जनहरूकन नजीक नजीक राखी अनेक स्थानका पीठ जगाई पूजा मान्य गरी देवी गणहरूका नृत्यलीला बनाई प्रतिवर्ष नृत्य चलाई आनन्दसित राज्यभोग गरिरहंदा कोहि समय एक दुर्जन मानिसले कंकेश्वरीका नृत्य प्रकाश हुन्या वैलामा मनुष्य पशुरूप गरी सन्मुखमा रहंदा देवी कोप भै नरवलि भक्षण गऱ्या र यहाँ उप्रान्त यस्ता तरहसंग नृत्य कठिन होला भनी ठानी कंकेश्वनो कालीकन पूजा मान्य गरी शान्ति गराई नाचमनाही गरिदिया । नरवलि नभै यस नाच प्रकाश नहुन्या भै गयो । अरु देवीगणका नृत्य लीला कोही प्रतिवर्ष कोही बाह्र वर्षमा हुन्या गरी रीत चलाया । अद्यापि पर्यंन्त यही रीत छँदैछ ।

यिनै राजाले फेरि लुमडी यी कंकेश्वरी काली लुघुंभुलु देवी आदि देवताहरूकन रथारोहण गरी चैत्र मासका प्रेत चतुर्दशीका दिन यथाक्रमले गरी रथारोहण गराई सहरमा यात्रा प्रतिवर्ष चलाया । यिन राजाले राज्य गर्दा अम्वल गऱ्याका सहर गामहरूका नाम कान्तिपुर राजधानी पहर ललितपत्तन सहर बाडा ग्राम हारसिद्ध ग्राम लुभु ग्राम सानागाउ ठेचो सुनागुठी चंगाग्राम फर्पिङ् मछिन्द्रपुर कीर्तिपुर खोकना पागा थानकोट बलम्बु सतङ्गाल हरिचोक फुटग्राम धर्मथली टोखा चालीगाम तलग्राम धलग्राम चुकुग्राम गोकर्ण देवपत्तन नन्दिग्राम नन्दिसार सालीग्राम यतिग्राम नेपाल खाल्टाभित्रका भोग गरी राजधानी सहरमा रहंदा राजाले गुणी पण्डित जनहरूसिल सोध्न लाग्या । यि ग्रामहरू कैले देखि वन्याका हुन भनी सोधदा गुणी पण्डित जनहरूले चढाया । हे राजन् यी ग्रामहरू अघि अगिका राजाहरूले बनायाका हुन । यी ग्रामहरूमध्ये कोही ग्रामहरू ब्राह्मणपुत्री जामातृहरूकन दान गऱ्याका हुन् । कोही देवताका आज्ञाले बनायाका कोही बेश र अघिक: ठूला देस उजी शेष रह्यामा बनेका नन्दिग्राम मालीग्राम यी तीन ग्राम परा पूर्वदेखिका मुख्य सहर विशालनगरका शेषमा बनेकाहुंन । यही मध्ये मालीग्राम यिनै राजाका पालोमा आगो लागी उजिगयो र नन्दिग्रामसन्धि वनाया । चाँगुनारायणका आज्ञाले स्वस्था पर्वत शीलागिरिविषये सात सय घर बनाई प्रजाकन राखिदिया ।

अघिका राजा शंकरदेवले वज्रयोगिनी देवीकन शंखका आकारले देश बनाई देवीकन प्रीतिगरी चढायाको देश हो भनी सुजन पण्डितहरूले यस्ता तरहसंग राजाकन बताया । यहाँ उप्रान्त यी अमरमल्ल राजाले सुखपूर्वकसित राज्यभोग गरी शान्त भै गया । अस्य पुत्र सूर्यमल्ल वर्ष ५१ यिन राजाले भक्तपुरका राजाले अम्वल गरी राख्याको देश चाँगु शंखपुर यी दुइ देश बलात्कार गरी मिच्री आपना राज्यसंग निलाई भोग गऱ्या । केही वर्ष संखपुरमा बसी वज्रयोगिनी योगेश्वर महाकालभैरव सिंहिनी व्याघ्रिणीकन रथारोहण गराई स्थानदेगि चार दीन अघी शंखपुरमाल्याई पूर्णिमा दीन मूलयात्रा गरी बडो उत्सव गरी देश घुमाई चौथा दीनका दीन स्वस्थानमा लैजान्या रीत गरी प्रतीवर्ष यात्रा गराया । यी राजाले वज्रयोगीनी देवीका यात्रा बनाई वर्ष ६ सम्म शंखपुरमा वास गरी राजधानी सहर का-

CC-0. In Public Domain. Digitization by eGangotri



न्तीपुरमा आयाका समय बाला नाम एक कोही शूद्र जाती राक्षस नररूप भै जन्म लीन आयाको हुनाले मृतक जलाउँदा नरमाँस चोरी खायो र विकट दन्त नीस्की भयंकर दैत्यस्वरूप भै आयो प्रजाहरू मरण हुँदा वेलामा संस्कार गर्ननिमित्त लैजादा बाटामा श्मसानमा मुर्दा खोसी बलजफत् गरी मृतकमांस आहार गरी बहुतै दुःख कष्ट त्रास प्रजाहरूकन दिदा बालादैत्य भनी सब मानिसले भन्न लाग्या । राजा सूर्यमल्लले आफ्ना पालामा यस्ता तरहको राक्षसरूप भै प्रजाहरूकन दुःख दी उपद्रव गर्‍याको देखी क्या जुक्तीसँग यस राक्षसलाई मार्न्या हो भनी विचार गर्दा त्यस बालदैत्यको अघि नररूप छँदाको मित्र एक कोही तैलकार थियो । उसलाई बुझाई मनवेगी लोहका शस्त्र बनाई युक्तिसँग पठाई बालदैत्यलाई वध गराया । त्यहाँ पछि राजाले त्यस बालादैत्यलाई मारिदियो भनी खुशी भै तैलकारहरूकन अघि नभयाको मृत वाद्य मरणकालमा वाद्य बजाईलैजानु भनी बाजा सिरोपाउ दिया । बाजा अद्यापि तैलकारहरूलाई छँदैछ ।

अस्य पुत्र नरेन्द्रमल्ल वर्ष ५ यी राजाकापालामा देवपत्तनवासी नेवार कोलोखा नाम गर्‍याको थियो । त्यसले धेरै दिनसम्म नित्य चाँगु जाई नारायणका दर्शन गरिरहंदा एक दिन मनमती ठूलो बाढ़ी आयो र तरी जान नसकी मनमा बहुतै फिक्का गरी मैले धेरै वर्षदेखि सेवा नित्य गरिरह्याको आज मैले दर्शन गर्न पाइन भनिरहँदा ईश्वर नारायणका अनुग्रहले आकाशवाणी भयो । हे कोलोखा अब तैंले नित्य चाँगु पुग्न पर्दैन । यो मेरा मूर्ति बगाई ल्यायाको तैले लैजाई देवपत्तनमा वक्रकुण्ड स्वयम्भू ब्रह्ममूर्तिसन्धि स्थापना गर भनी यस्ता तरहका आकाशवाणी सुनी त्यस भक्तजनले मनमतीमा हेर्दा जलविषये श्रीलक्ष्मी-सरस्वतीसहित श्रीभगवान् नारायण शिलामूर्ति देख्यो र उठाई ल्याई ईश्वरका आकासवाणीप्रमाण व्रह्ममूर्तिसन्धि स्थापना गरी कृष्णाष्टमी जागरण पूजा अनेक गूठीराखि दियो ! नारायण अद्यापि छँदैछन् । यीन राजाका पालामा आघका त्रिशूल थात्रा रक्षाका निमित्त गुठ राखिदिया । भुवनेश्वरीका देवालय जीर्णोद्धार गरी अघिको भन्दा बढ़ाई देबालय बनाई दिया ।

अस्य पुत्र महेन्द्रमल्ल वर्ष ४३ यिन राजाले आफ्ना दर्बार उत्तरपट्टि श्रीपशुपतिनाथका आज्ञा पाई पशुपतिका उपमाले देवालय बनाई शिव स्थापना गर्नाले शिवका नाम महेन्द्रेश्वरहुन । पशुपतिनाथका आज्ञाले बनायाको हुनाले पशुपति भनी नाम प्रख्यात गर्‍या । फेरि दर्बारका समीपमा कोटिलिगेश्वर महादेव स्थापना गरी सिङ्गै देवालयमा सुनले छाप्या । त्यस देवालयको नाम कोटिलिग भनी भन्छन् । फेरि श्वेतहंसबाज डिल्लीका बादशाह अकबरशाहकन सौगात पठाया ।

तो बादशाह कस्ता हुन भन्या विक्रमसंवत् १५८९ माघ शुक्ल १२ का दिन तपसी मुकुन्द नाम ब्रह्मचारीले सुखभोगका निमित्त तीर्थराजप्रयागमा फालहाली प्राणत्यागगरी दिल्लीका बादशाह तैमुरका कुलमा हुमायुका पुत्र भै वेगम सुलतानेहामिदेका गर्भबाट विक्रम संवत् १५९० साल आदित्यवारका दिन पैदा भया । अघि यिनका बाबा बादशाह हुमायुलाई दिल्लीका तखतबाट सेरसाहले निकाल्दा भाइहरूका

CC-0. In Public Domain. Digitization by eGangotri



दुष्ट बुद्धि हुँनाले र सरदारहरू निमकहराम हुनाले बहुतै दुःख पाया। यस्ता तरहसंग पतित भयाका बादशाहले पुत्र जन्म भयापछि पुत्रको लक्षणका प्रभावले इरानका बादशाह तामभास्यदका मदद पाई फेरि आफ्ना दिल्ली तखतको अधिपति हुन पाया। तपसीले अवतार लियाको हुनाले तैमुरका घरानामा यतिका बडा बादशाह संसारमा जस कीर्ति प्रख्यात भयाका प्रतापी अरू कोही बादशाह भएनन्। यिनै बादशाह अकबरले बिक्रमसंवत् १६०३ साल तखतमा बस्यापछि कोही वखतमा सौगात पठाई बादशाह खुशी गराई छमासाका छाप बक्साई आफ्ना नामको टक बनाई छाप मारी महीन्द्रमल्ली कहाई भर मुलुकमा चलन चलाइदिया। फेरि यवन भन्याका मुसलमानहरूकन कान्तिपुरमा घरखेत विर्ता दी बसाया।

फेरि यिन राजाले तुलजादेवीका आदिस्थान भक्तपुर हो भनी नित्य नित्य जाइ तुलजा मूलमन्त्र जपी दर्शन गरी फर्की आउंथ्या। यस्तै तरहसंग नित्य धाई सेवा गर्दा श्रीतुलजाभवानी प्रसन्न भै स्वप्नशिषे हे राजन् तँ यहाँसम्म नित्य धाउनुपर्दैन। यस स्थानको गजूर त्यहांका स्थानको द्वार बना बराबरसम्म सूत्रप्रमाणले इच्छा गरी जग बनाई यन्त्राकार आवरण देवताले संयुक्त गरी देवालय बनाउनु र म कान्तिपुरमा जाई त्यस मन्दिरभित्र प्रवेश गर्न आउँला भनी आज्ञा प्रसन्न हुँदा राजा महेन्द्रमल्ल अत्यन्त खुशी भै मखनडबलीदेखिन् दक्षिण तानांदेवदेखिन् पश्चिम झोछेदेखिन् उत्तर प्यफलदेखिन् पूर्व यति चार सिमानाभित्र जगा ठहराई श्रीतुलजाका देवालय बनाउन आरम्भ गर्दा दिनभरि बनायाको रातभरिमा नासी राख्न्या यस्थै तरहसँग दुःखदिदा कालीगढहरू पनि थकित भै गया। त्यहाँ पछि राजाले क्याकारण यस्तो भयो भनी बिचार गर्दा तानांदेवले आफ्ना स्थानभन्दा उच्च गरी देवालय बनाउन लाग्या भनी विगारिदियाको रहेछ र ती तानांदेवलाई राजाले २१ गजुर ३६० रागाँ वलि चढ़ाउंला भनी भाख्या उप्रान्त निर्विघ्नसित यन्त्राकार सुन्दर देवालय सिद्ध भयो। त्यहाँपछि अघि तानांदेवलाई भाख्यामध्ये तानांदेवलाई ५ गजुर चढ़ाई बाँकी गजुर १६ चालक देवलमा राखिदिया। ३६० रागाँमध्ये तनांदेवलाई १ रागांमात्र चढाई ३५९ राँगा दसैंमा सबै देवतालाई पूजा गरी वलिदान गऱ्या। तुलजा भवानीका देवालयलाई ५ गजुरले मखनडवली ढाक्न्या गरी बनाई चढाई सुवर्णले छाना छाईदया।

त्यहाँपछि नेपाली संवत् ६८४ साल मिति माघ कृष्ण दशमी तिथि सोमवार अनुराधानक्षत्रका दिन बढ़िया मुहूर्त पारी कोट्याहुति यज्ञ आरम्भ गरी यथाक्रमले सबै देवता आवाहन गरी प्रतिष्ठाकर्म गरिरहँदा श्रीतुलजा भवानी भ्रमरस्वरूप भै आई देवालयभित्र प्रवेश गर्दीभइन्। त्यहाँपछि राजा बहुतै कृतार्थ भै बड़ो उत्साह गरी धेरै ब्राह्मणहरूकन विर्ता दक्षिणा दी देवालय प्रतिष्ठा गराया। त्यसदिनदेखि कान्तिपुरमा सबै जनाले ठूला उच्च घर बनाउन पाया। फेरि यिन राजाले पशुपतिनाथकन चार नाग चाँदीका बनाई चारै मुखकन चढ़ाया। अद्यापि छँदैछन्। यी नाग बडा प्रत्यक्षका हुन्। फेरि पशुपति-

CC-0. In Public Domain. Digitization by eGangotri



नाथमा तुलजामा धेरै गुठ पूजा गहना ईश्वरी प्रीति गरी धेरै धर्म कीर्ति यस जगतमा प्रख्यात गरी अन्तमा शान्त भै उद्धार भै गया ।

अस्य पुत्र सदाशिवमल्ल दोस्रो पुत्र शिवसिंहमल्ल वर्ष २५ सदाशिवमल्लले कुसङगको सङ्गरी धेरै घोडाहरूको बथान तुल्याई छाडी पठाई प्रजाहरू सबै कन हाहाकार गराया । फेरि बडा बडा यात्राकालमा हेर्न आउन्या सुन्दरी स्त्रीहरूकन पनि जबरदस्ती गरी लगी धेरैलाई बिगारीदीया र प्रजाहरू सब मिली नोल मुग्दरहरू ली राजा मनोहरातिर खेल्न जाँदा नोल मुग्दर ढुङ्गाले प्रहारगरी भक्तपुरमा भगाया यी राजाले बहुतै उपद्रव गरी प्रजाकन पीडा दीन्या हुनाले भक्तपुरका राजा नरेशमल्लले एक चोक भीत्र राखी बन्द गरी खानपीन दी राखीदीया । केही दिन पछि त्यस चोकमा लोप भै गया । सदाशिवमल्लका चोक भनी प्रख्यात भै गयो । केही दिन पछि त्यस चोकमा लोप भै गया र त्यस चोकको नाम सदाशिव मल्लको चो भनीक प्रख्यात भै गयो ।

यहाँ उप्रान्त नोल मुग्दर समात्न्या प्रजाहरू सबै मिली दाज्यू सदाशिवमल्लकन भक्तपुरतिर भगायापछि तिनै प्रजाहरू सब मिली भाइ शिवसिंहमल्लकन राजा गराया । यी राजा बडो ज्ञानी हुनाले दक्षिण महाराष्ट्र देशदेखि लक्ष्मीनारायण नाम लम्बकर्ण भट्ट ब्राह्मण नेपालपुरीमा आई कुलेश्वरमा वसी राजाप्रजा सबकन हेरी देसका लक्षण विचार गरी सहरभित्र प्रवेश गरी राजासँग भेट गर्‍या । राजाले बिचार गर्दा उत्तम पुरुष ठहराई बहुँतै सन्मान गर्‍या । त्यहाँपछि राजाले ती लम्बकर्ण भट्टकन गुरु वरीमन्त्रदान लिया । यिनैका मन्त्रका प्रभावले ललितपत्तनका वैश्य राजाकन जिती दुवै सहर भोग गर्‍या । गुरुका आज्ञाले कान्तिपुर ललितपत्तन दुवै सहरमा देगुतलेका देबालय बनाई यथाक्रम विधानपूर्वक वाह्याभ्यन्तर गरी श्रीईश्वरीकन स्थापना गर्‍या ।

फेरि नेपालसंवत् ७०५ आषाढकृष्ण ५ कान्तिपुरका चिकंमुगलमा यिनै भट्टले आगम श्री वज्रयोगिनीका रहस्य ध्यानले गरी स्थापना गरिदिया । ललितपत्तनमा पनि स्थान बनाई आगमहरू गणेशका मूर्तिहरू स्थापना गरिदिया । यी लम्वकर्ण भट्ट बहुतै मन्त्र शास्त्रमा प्रवीण सामर्थवान् हुनाले घर खेत बिर्ता दी कान्तिपुरमा वास गराया ।

फेरि तिह्रौंतिया पण्डितहरू वेस पढ्याका हुन्छन् भनी चार थर ब्राह्मणहरू विशेवारकर्म हसको नयन खार भन्याका यति ४ थरकन तिह्रौंतबाट झिकाई घर खेत विर्ता दी पुत्र परिवार समेतलाई कान्तिपुर आदि सहरमा वसाया । यिन दिनदेखि नेपालमा तिह्रौंतिया ब्राह्मणहरूको पूर्ण प्रवेश भयो । फेरि राजकुमारहरूकन मैया लिन पनि तिह्रौंतैमा भै गया । मैयाहरूसत डोलाका साथ आउन्या ब्राह्मणहरूकन परिवार घर खेत विर्ता दी बसाया । यही समय परापूर्वकालदेखि नन्दिग्रामवासिहरुका रक्षकारी पूर्व दिशाकी देवी भै रह्याकी वाराही देवीले प्रजाहरूकन मलाई बगाई लैजाला भनी जनायाको थियो ।

CC-0. In Public Domain. Digitization by eGangotri



आज्ञाप्रमाण चौथो दिनमा चोभारका नागले रुद्रमती तीरका वाराहीकन बगाई वाग्मतीदोभान थोरै नाघदा लैजान सकेन र अट्किनरह्याकी अद्यापि छन् । तिलवाराही कहाई रह्याकी छंदैछन् । नन्दिग्राम वासिहरूले पैले देवीले खबर दिँदा पनि जानीजानी केहि याद नगर्नाले देवी कोप भै नन्दिग्रामवासिहरू दुखी हुँन गया । त्यहाँपछि नन्दिग्रामवासिहरूले ग्रामरक्षक पीठ विना हामीलाई भलो हुन्या छैन भनी देस उत्तरपट्टिका वैष्णवीपीठ जगाई अन्नका धेरै पाक गरी सुवर्णका मूर्ति बनाई स्थानमा लैजाई विधि गरी वैष्णनी गणहरू रथारोहण गराइ राजा बक्साइ धेरै गुठ राखी जात्रा गरी प्रतिवर्ष चलाया ।

यी शिवसिंहमल्ल कान्तिपुर ललितपत्तनका राजाका पुत्र २ ज्येष्ठ लक्ष्मीनरसिंह कनिष्ठ हरिहर सिंहमल्ल यी हरिहरसिंहमल्ल ललितपत्तनमा राज्यभोग गर्न गया । यिन राजाले पुत्रका कल्याणनिमित्त भुल्लुनाम ग्राम बनाई तावापत्र गरी श्रीपशुपतिनाथकन प्रीति गरिदिया । फेरि यिन राजाले पञ्चलिङ् भैरवका कूप कैले भरिदेन भन्याको सुनी म भरिदिउँला भनी अहंकार गरी धेरै द्रव्य ल्याई भर्दा पनि भरिएन र बाग्मतीका पानी उठाई ल्याई भऱ्या तैपनि भरिएन र राजाले मैंले नचाहिंदो अहंकार गऱ्याछु भनी चेती अपराध क्षमा गर्न निमित्त धेरै खर्च गरी पूजा गऱ्या । अद्यापि पञ्चलिङ्ग भैरवका यात्रा प्रति केही पूजा पठाउँदैछन् । यस्ता प्रत्यक्षका भैरव हुन । यिनै वर्षका जात्रामा भैरव कोप भै चिकंमुगलमा कूप स्वसी फुट्यो र शिवसिंहमल्ल कान्तिपुरका राजा भैरह्याका हरिहरसिंहमल्लका बाबाले भैरवका कूप फुट्याका टुक्राहरू सब जम्मा गरी जमीनमा गाडी शिलाले ढाकी यथाक्रमले पूजा गरी स्थापना गरी भेलुपात स्थान भनी प्रख्यात गरिदिया । त्यहाँपछि राजाले यी पञ्चलिङ्ग भैरव दक्षिण क्षेत्रपाल बडा प्रत्यक्षका हुन् भनी अघि वैश्य ठकुरी राजाहरूले मृतिकाको कूप बनाई जात्रा चलायाको यिनका पालादेखि धातुका कूप बनाई भैरवका ध्यानले युक्त गरी नाना द्रव्यले भरी आश्विन शुक्ल पञ्चमीका दिन प्रतिवर्ष जात्रा गराया । पुत्र हरिहरसिंहमल्ल पाटनका राजाको स्वभाव देखि पिता शिवसिंहमल्ल माता गंगा रानी दुवै स्त्री पुरुष शंका मान्दथ्या । गंगा रानीले नजीक गरी वनविहारका इच्छाले बूढानीलकण्ठमा अर्ध-मार्ग विषय सुस्थिर गरी ठूलो बगैंचा बनाई रानीवन भनी नाम प्रख्यात गरी जात जातजा फलफूल अनेक जातका विरुवालाई तैयार गरिराख्याको थियो र एक दिनमा राजासहित वनविहार निमित्त जाइरहदा दाज्यू लक्ष्मी नरसिंह मल्लकन बाबाका शेषपछि दुबै सहरको भोग गरूंला भन्या इच्छाले केही अपवादलाई दर्बारबाट धपाई पठाया । लक्ष्मीनरसिंह मल्ल भाइको ठूलो डर मानी देवपत्तन जाई रात्रि विषय एक रञ्जीक संघटको घरमा गुप्त गरी दबी रहन गया । धेरै दिनसम्म दबी रहदा रंञ्जिकपुत्री यी दुवै नीफीकुंचा परुंचा नाम गऱ्याकीहरूले राजपुत्रकन धेरै प्रकारले सेवा गरिराख्दा सवै कर्म भयो र राजपुत्रले मेरा राज भै गया तिमीहरूकन पानी चलाइदिउंला भनाई राख्या । ललितपत्तनका राजा हरिहरसिंह सम्म र कान्तिपुरमा बाबा महातारिकन भेट्न नीमित्त आउँदै जाँदै गर्दथ्या । ती राजारानीले जेष्ठ पुत्रको खोज गऱ्या । कान्छा पुत्र रिसाई कलह उठा-

CC-0. In Public Domain. Digitization by eGangotri



ला भन्या सदेन्ह मानी ज्येष्ठ पुत्रको खोजखवर नगरी रह्याका थिया। यस्तै समय नित्यानन्द नाम ब्रह्मचारी षोडान्यासी स्वामी दक्षिण देशदेखि आई पशुपतिनाथमा प्राप्त भयाकाछन् भन्या खबर गंगा रानीले सुनी रानी जाई स्वामीका सन्मान गरी परीक्षा गरी पशुपतिनाथका पूजक योग्य ठहराई अर्पणकारि गरिदिइन्। यी नित्यानन्द स्वामी कस्ता थिया भन्या बडासमर्थवान् सवै कर्म क्रिया जान्या हुनाले राजाका कल्याणनिमित्त ललितपत्तनका अघिअघिका राजाहरू धेरै दिन नठहऱ्याको कारण अघोरनाथका दृष्टि सन्मुख पर्नाले हो भनी ठहराई अग्रभागमा कुतूहल क्रिया संयुक्त गरी श्रीउन्मत्तभैरवकन स्थापना गरिदिया। यिन दिनदेखि ललितपत्तनका राजाको बढिया हुन गयो। फेरि सिम्भूका बुढियाको बालखहरूको भय पनि निवारण भै गयो। ती बुढियाको भय देवालनबिषय यी भैरवका कृपाले भय नास्ति भै गयो। अरू स्थानमा रह्याका बालखहरूकन ती बुढियाका भय भयो भन्या उन्मत्त–भैरवकन पूजा गऱ्या शान्ति।

फेरि राजराजेश्वरीका जंगल पनि ठूलो गरी पशुपतिनाथका दृष्टि खुशी निमित्त बसाया। त्यहाँ यी स्वामीले गंगा रानीकन बोलाई अव तिम्रा सन्तानहरूको दुवै सहरविषे स्थिर भोग रहला भनी आज्ञा भयो। फेरि यिनै स्वामीका कृपाले रानीले पशुपतिनाथका देवालय पनि तिन तला छाना भै रह्याको बिग्रनलाग्यो र परन्तुसम्म कष्ट होला भनी मध्यम खण्डका छाना शून्य गरी दुई तलामात्र छाना गरी अघिको सुनका छाना बिग्र्याकोमा धेरै सुन राखी गजुर बनाई त्रिकोण इट पारी देवालय संपूर्ण गरी छाई बनाई गजूर चढाइन्।

नेलानसंवत् ७०५ सालमा त्रिकोण इट उन्नन गयोर चाँपुनारायणका देवालय सम्पूर्ण गरी छाडदिया फेरौ गंगा रानीले पशुपतिनाथकन पताका चढ़ाई स्वामीका आज्ञाले कान्तिपुरका दरबारमा एक पताका बाँध्न लैगया। यति गरि केही कालपछि राजा रानी दुवैलोप भैगया। पशुपतिनाथका देवालय नैऋत्य कोणका सरभ रात्रिविषये विशब्दगरी कराउँदा सुन्या मानिस तर्सी कोही बहिरा पनि भैगया यति भया उप्रान्त चौथो दिनमा राजा रानी लोप भैगयाका हुन्।

यहाँ उप्रान्त लक्ष्मीनृसिंहमल्ल जाई कान्तिपुरका मन्त्री प्रजाहरूको मद्दत पाई राजा भया। हरीहरसिंहमल्लले ललीतपत्तनैमा राज्य गऱ्या। यी हरिहरसिंहमल्लले ललीतपत्तनमा राज्य गऱ्याको माता पितास्वर्गे नहुँदैमा हो। धंतलेवाराहीकन बगाई ल्यायाको र पंचलिंग भैरवको प्रत्यक्ष पायाको पनि आफू राजा भयापछि हो। यी हरिहरसिंहका भोगवर्ष २१।

अस्य पुत्र सिद्धिनरसिंहमल्ल राजाका भोगवर्ष ४१ नेपाली संवत् ७४० आश्विन शुक्ल दशमी आदित्यवारका दिन राजा भया। काजीहरूका जुक्तीले हरिहरसिंहमल्लराजाकन र लालमती रानीकन पशुपतिनाथका मन्दिरसन्धि दक्षिण पश्चिम थोरै दिन वास गराई गर्भाधान भै बढ़िया लग्न पाई जन्म भयाका हुनाले अतिज्ञानी भया। यिन राजाले संवत् ७४१ साल मछिन्द्रनाथका देवालयमा एक

CC-0. In Public Domain. Digitization by eGangotri



तला बढ़ाई सुनका छाना बनाई गजूर चढ़ाया । यिनै राजाले अघिकाभन्दा सुन्दर गरी दर्बार बढ़ाई बनाया । सुनका ढोका बनाई राखिदिया । दर्बाजाका दाहिना बाउ नरसिंह पञ्चमुखी गणेश हनूमान् स्थापना गरिदिया । भित्र ढुंगाका चोकमा सुनका धारा बनाई तन्त्रमूर्ति बनाई अति रमणीय स्थान बनाई संवत् ७६७ वैशाखकृष्ण उत्तराषाढ़ा नक्षत्रबृहस्पतिवारका दिन स्थापना गरिदिया ।

फेरि दिगुतले भवानीका देवालय ठूलो पांच तला छाना गरी अघिका भन्दा बढ़ाई बनाई सुनका छाना बनाई संवत् ७६७ ज्येष्ठ कृष्ण २ उत्तराषाढ़ानक्षत्र बुधवारका दिन गजूर चढ़ाया । फेरि तुलजा भवानीकन यथाक्रमले स्थापना गऱ्या । दशैंमा टिकाका दिन दर्बारबाट गमन गरी ठेचोका गठ नाच ललितपत्तनका दुर्गागणका नाचसमेत खड्गयात्रामा जानुपर्न्या रीत चलाया । भण्डारखालमा पोखरी धारासहित गरी बनाई वीचमा सुनका कमल राखिदिया । फेरि मंडपमा भूगोलका आकारले देवतासहित गरी काठको चदुवा गरी गजूर चढ़ाया । फेरि सुनका कमलमाला बनाई मछिन्द्रनाथकन चढ़ाया । यिन राजाका महातारि लालमती रानीले तीनतला देवालय बनाई विश्वेश्वर शिवकन लक्षाहुति यज्ञ गरी स्थापना गरिदिइन् । यहां पछि राजाले दर्बारका अगाडि ढुंगाका देवालय वनाउनकन सबसराजाम तयार गरी संवत् ७५० भाद्रशुक्ल १५ रोज ७ का दिन आरम्भ गरी अति सुन्दर दश अवतार महाभारत रामायण पुराण प्रमाण आवरण क्रमले मूर्तिहरू बनाई राम्री देवालय संपूर्ण गरी बनाया ।

यस्तै समय गोपीकृष्णले स्वप्नामा म फलाना ठाउं छु तैंले बनायाको देवालयमा मलाई स्थापना गर भनी आज्ञा प्रसन्न हुंदा आज्ञाप्रमाण खोज्दा श्रीकृष्णका मूर्ति र राधाजीका मूर्तिकन बुइंगलमा पाया । ती मूर्ति त्यहां कस्ता तरहसंग रहन गयाको हो भन्या अघिका राजाले भण्डारखालका जमिनभित्र पाइ दर्बारका बुइंगलमा राखि छोड्याको रहेछ । यिनै मूर्ति २ कन ल्याई अर्का एक राधाजीका मूर्ति बनाई तीन मूर्त्तिसहित गरी नेपाली संवत् ७१७ साल फागुन शुक्ल १० पुनर्वसु नक्षत्र बृहस्पतिवारका दिन कोट्याहुति यज्ञ विधानपूर्वक गरी देवालय प्रतिष्ठा गरी बडो उत्सव संग श्रीकृष्ण भगवान्कन स्थापना गरिदिया । देवालयका सन्मुखमा ठूलो खम्बा खडागरी सुनका वैन तेजकन स्थापना गरिदिया । देवालयमा सुनका २१ गजुर चढ़ाई ब्राह्मणहरूकन दक्षिणा बस्त्र गहनाहरू दी धेरै ब्राह्मण जोगी जंगम वैरागी फकीरहरूकन भोजन गराया ।

यही कोट्याहुति यज्ञ श्रीकृष्णका मन्दिर सन्मुखका मण्डपमा यज्ञ आरम्भ गरी यज्ञ कुण्ड बनाउंदा चुक बहालको गुभाज्यू बडो सामर्थी थियो र त्यस गुभाज्यूको मनमा सब कार्य ब्राह्मणहरूले चलाउन लाग्या । हामीले जान्याको शास्त्र त व्यर्थ भया भनी चिनाई यस यज्ञमा विघ्न गरिदिनुपऱ्यो भनी ढ़ोकाबाहिर खेतमा मन्त्र पढ़ी माटो फोर्दा यज्ञकुण्ड बनायाको अवस्मत् यज्ञ भत्की चूर्ण भै बिग्र्यो । फेरी बनाउंदा फेरि बिग्र्यो । यस्तै तरहसंग दुइ चार वार हुंदा यो त बडो आश्चर्य भयो क्या कारण रहेछ भनी विचार गर्दा चुकवाहालको गुभाज्यूले गरायाको ठहराई आफ्ना प्रोहित बकनिह्म कुलका

CC-0. In Public Domain. Digitization by eGangotri



विश्वनाथ उपाध्याय जाई यस्ता ईश्वरका प्रतिष्ठा कर्म गर्न लाग्दा यज्ञ विघ्न गरिदिन्याका मन नगर बरु तलाई पनि यो यज्ञमा वसाउँला भनी बुझाई हात ली आई ओत्थ्याहुति जज्ञ वेदोक्त तन्त्रोक्त प्रमाण गरी आफू होता भैं विश्वनाथ उपाध्याले जज्ञ आरम्भ गरी कर्म चलाय।

यस्तै समय कान्तिपुरका राजा प्रतापमल्ल र उनका प्रेमी जामन नाम गुभाज्यूले सिद्धिनृसिंहमल्लका जज्ञ आरम्भ गरीयाको बिघ्न गर्नको इच्छा गरी जज्ञमंडपमा भूतका छंडाको रूप ली गै रुन लाग्या। किन रुन्छौ भनी सोध्या। खान्या कुरो माग्या, खान्या कुरो दिंदा भोटाका थैलामा थाप्या। दिंदा दिदा पनि तिनिहरूको थैला भरिदिन नसक्दा यिनिहरू त मानिस रहेनन्‌ विघ्न गर्न निमित्त आउन्या हुन् भनी जानी खोजी गर्दा तिनिहरू अलप भै गया।

फेरी थोरै वेरपछि ती दुवै सर्पका रूप गरी जज्ञमंडपमा आउंदा यिनिहरू विघ्न गर्न आउन्या हुन् भनी जानी तन्त्रका वलले ती दुवै सर्पकन आसन गरी चाहिँदो कर्म चलाउन लाग्या। जव पूर्णाहुतिका वेलामा ती सर्पकन शुद्ध श्रुव पात्रमा राखी आहुति दिन तयार गरी तिमीहरू को हौ भन्या भया भन नत्र आहुति गरिदिन्छु भन्दा तिनिहरूले हामी कान्तिपुरका राजा प्रतापमल्ल र जामन गुभाज्यू हुं हाम्रा जीवकन बचाऊ भनी विश्वनाथ उपाध्याका कानले सुन्न्या गरी विन्ति गर्दा फेरी तिमीहरूले कैले यस्तो उत्तम कर्म गर्दा बिघ्न गर्न्या काम नगर्नु भनी बाचा गराई छाडी पठाया। यस्ता तरहसंग कोत्थ्याहुति जज्ञ ४६ दिनसम्मलाई श्रीकृष्णका कृपाले यज्ञ निर्विघ्नसित संपूर्ण गर्न्या। त्यहांपछि होता व निह्ना कुलका विश्वनाथ उपाध्याकन सुनका मुकुट सुनका जनही गहनाहरू वस्त्र पहिराई खेत गावालुको घर घरलाई चाहिंदो सब सराजाम गाई भैंसी आदि कमरा कमारीसंहत गरी दान दिया फेरि सुनका वृक्ष हिरा मोति आदि नव रत्नले फल फूल फलाई कल्पवृक्षका आकार गरी चाँदिका पोखरी समेत विश्वनाथ उपाध्याकन दान दिया।

यहाँ उप्रान्त कोही एक दिनका रात्रि विषये राजाले ठूलो पाषाण जस्तो देवालय गोपिनाथका अनुग्रहले तयार भयो भनी हेरिरहदा भगवान् श्रीकृष्णले आफ्ना पूरणस्वरूपले राजा सिद्धिनरसिंह मल्लकन उद्धार निमित्त क्षणमात्र दर्शन दिदा भया। यसै दिन देखि राजाका मनमा यस्तो आयोकि कलियुगका राजाहरूको धर्मचक्षुमा यस्ता तरहसंग दर्शन पाउनु अति दुर्लभ महाकष्टले पनि पाइनसक्नु हो। भगवान् श्रीकृष्णका कृपाले मलाई सहजैमा दर्शन मिल्यो। अब यो संसार व्यर्थ हो केवल यिनै ईश्वरमात्र सत्य हुन् भनी जानी शरीरकन धेरै किस्मत गराया।

गर्मी दिनमा ७ पाखि खापी अग्निसमीप गरी अन्दरभित्र बस्दथ्या। जाडोका दिनमा शिला पलङ बनाई उसमाथि सुती पातलो पछ्यौरा ओढी बस्दथ्या। एक मुठी देखि अन्न बढाई पाथिसम्मलाई भोजन गर्दथ्या। पाथिमा एक मुठी देखि घटाई मुठीसम्म गरी भोजन गर्दथ्या। यस्ता तरहसंग देह

CC-0. In Public Domain. Digitization by eGangotri



साधी मेवा वस्तु त्याग गरो अनेक गोत ज्ञानका कविता नाच बनाई लोकजनले धन्य कहाई रह्याका थिया ।

यिनै राजा गादीमा बस्दा गोर्खाका राजा रामसाह्व गादीमा बस्याका १४ वर्ष भयाका थिया। तिनै राजा रामशाह नेपालमा आई राजा सिद्धिनरसिंहमल्लसंग भेट गर्न आउँदा राजा सिद्धिनरसिंह मल्लले पनि बहुतै सन्मान गरी मर्यादा राखी विदा गरो कार्जा प्रमाणहरूकन गोर्खासम्म पुऱ्याउन पठाया । यिनै राजासंगको मित्रता रह्याको हुनाले राजा रामसाहले ललितपत्तनका चौबीस टोलका २४ भला मानिस मागी तावापत्र गराई लगी गोर्खामा कोठी बसाई वेपार कारवार गराया । यही समय देखि गोर्खा गुलजार हुन गयो । यिन राजाका महतारि लालमती रानीले आफूले स्थापना गऱ्याका विश्वेश्वरका देवालय सन्मुख अघिका २ धारा मानिग्लकमा बनायाका थिया । पछि तीन धारा गरी सुनका बनाइन् । श्रीकृष्ण मन्दिरका नैऋत्य कोणमा अघि आफूले बनायाका देवालयमा स्थापना गर्न निमित्त बनायाका कृष्ण र राधाजीका मूर्तिकन स्थापना गरिदिया ।

फेरि श्रीकृष्णकन सुनका मूर्ति बनाई फागुण शुक्ल पूर्णिमाका दिन हिण्डोल यात्रा प्रतिवर्ष गराया । फेरिजेष्ठ शुक्ल पूर्णिमाका दिन सुनका सिंहासनमा सुनका श्रीकृष्ण राधिका मूर्तिकन विराजमान गराई आफूले बनायाका ३२ गीत र श्रीकृष्ण आदि देवताहरूको मूर्ति लेख्याको पट्टाकी सोही ३२ राज ज्ञान लीलाको गीत प्रतिवर्ष गाउनुपर्ऱ्या रीत चलाया । यिन राजाले आफै ग्रन्थकार भै रामायण आदि अनेक नृत्य लीला बनाई दर्बार सामन्नेका डबलीमा नचाया । फेरि कार्तिक माहात्म्यका नाच आरम्भ गऱ्या ।

यहाँ उप्रान्त महतारि स्त्री पुत्र पौत्र परिवारकन बोध गरी पुत्र श्रीनिवासमल्लकन मन आउन्ज्याल राज्यको संभार गरी प्रजाकन प्रतिपाल गरिरहनु, म पश्चिमतिर त्रशूलगंगा संगममा स्नान गरी क्षगर्खु समीपका स्वयम्भू महादेवका स्थानमा शिवरात्रि जागर्न गर्न जान्छु । निश्चय आउँला भनी नेपाली संवत् ७७२ साल माघ कृष्ण १३ बुधबारका दिन प्रस्थान गरी गोर्खाको बाटो गरी गया । यी राजा कस्ता थिया भन्या ज्ञानी बडा गुणी पण्डित कवि महादाता तपस्वी विवेकी क्षमावन्त सात्विक मृदङ्ग वीना आदि वाद्य बजाउन गाउन जान्या थिया । नेपालमा यस्ता राजा अघि भैगयाका पनि छैनन् । आउन्या पनि छैनन् । यस्ता राजा सिद्धिनरसिंहमल्ल जाई देवप्रयाग, वद्री, केदार, हरिद्वार, श्रीनगर, नागरकोट, लाहुर, दिल्ली, आगरा, कुरुक्षेत्र, मथुरा, जगन्नाथ, रामेश्वर, प्रयाग, वाराणसी, गया नानादेश नानातीर्थमा श्राद्धदान स्नान गऱ्या । यहाँ अघि ललितपत्तनमा श्रीनिवास मल्लले राजकाज गरिरहदा सिद्धिनरसिंहमल्ल तीर्थ स्नान गर्न गयाका ८ महिनापछि संवत् ७७२ साल आश्विण शुक्ल षष्ठ मंगलबारका दिन कान्छा भाई ज्योतिनरसिंहमल्ल राजकुमार खस्या । बाबा सिद्धि

CC-0. In Public Domain. Digitization by eGangotri



नृसिंहमल्ल वैरागी भया भन्या खबर सुन्दा श्रीनिवासमल्लका मनमा बहुतै शोक प्राप्त भयो । फेरि धैर्य गरी खस्न्या भाई ज्योतिनरसिंहमल्ल राजकुमारका नामले तीनतले देवालय बनाई श्रीनारायणकन स्थापना गरिदिया ।

राजा नृसिंहमल्लले देशान्तर जाई देवताहरूको दर्शन गंगास्नान गऱ्या । श्राद्ध तीर्थहरू गरी नेपाली संवत् ७७७ चैत्र शुक्ल ७ का दिन कतैरोकतोक नभै फर्की नेपालमा आइपुग्नासाथ पुगी आउन्याहरू सबकन बिसञ्चो भयो । राजाकन केही भएन । ललितपत्तनका राजा प्रजा स्त्रीजनहरू कान्तिपुरका राजा प्रतापमल्लले प्रमाणहरूसहित गरी गै लिन जाँदा थान्कोट देखि पगरी जमीनमा बिछ्याई सिन्दूर जात्रा गरी नाना वाद्य बजाई लोकजनहरू बहुतै हर्षमान भै राजा सिद्धिनृसिंहमल्लकन ललितपत्तान सहरमा प्रवेश गराया । ललितपत्तानका प्रजाहरूकन बहुतै आनन्द प्राप्त भयो ।

यहाँ उप्रान्त राजा सिद्धिनृसिंहमल्लले संवत् ७७९ आषाढ शुक्ल ३ का दिन आफ्ना महनारी लालमतिका नामले ज्यावला पोखरी बनाई जलजज्ञ गराया । सम्वत् ७७९ माघ शुक्ल पूर्णिमा संक्रान्ति त्रेतायुग उदय महापर्वका दिन राजाले साढ़े बाह्रहजाररुपैयां मोल जान्या हात्ती चन्द्रशेखर नाम वाराणसीका ब्राह्मणलाई दान दिया । वराहक्षेत्र जाई स्नान गऱ्या । फेरि नीलकण्ठ जाई स्नान दान गरी रात्रि जागरण गऱ्या । आफै ग्रन्थकार भै बनायाका रामायणादि नाचहरूको तमासा हेरी धेरै धर्म कीर्ति यश प्रख्यात गरो लोकजनले धन्य कहाई श्रीपशुपतिनाथ मछिन्द्रनाथकन गहनाहरू चढ़ाई संसारकन त्याग गरी केवल श्रीकृष्णजीका चरणको आश्रय गरी नेपाल सम्वत् ७८१ पौषवदि १ का दिन बुधवार देशान्तर गमन गरी गया ।

सिद्धिनृसिंहसर्वज्ञो जीवन्मुक्तो जितेन्द्रियः ।
माधवप्रियसंभक्तो योगीश्वरः कवीश्वरः ।१।
वीर योऽभवत् त्यागी हरिसिंहस्य नन्दनः ।
इत्याख्यानं पठेन्नित्यं सर्वपापै प्रमुच्यते ।२।

यी राजा सिद्धिनृसिमल्लले राज्याभिषेक पाया उप्रान्त ४१ वर्ष राज्यभोग गरी संसार त्याग गरी गयाका हुन् ।

अस्य पुत्र श्रीनिवासमल्ल भोग वर्ष २६ यिनका बाबा सिद्धिनृसिंहमल्लले आफूले देश त्याग गरी गयाकै दिन राज्याभिषेक दी गया । राजा श्रीनिवासमल्लकी रानी मृगावती नाम गऱ्याकी थिइन् । यिन राजाले असल असल ७ घोडाका रथ बनाई सब संयुक्त गरी सुनका सूर्यविम्ब रथमा राखी काशीका सामवेदी ब्राह्मणकन दान दिया । फेरि मछिन्द्रनाथकन आरती गुठ राख्या । प्रातःकाल मध्याह्नकाल सन्ध्याकाल अर्धरात्रिमा आरती गराया । फेरि बुङ्मतीमा सुनका धारा बनाया । सम्वत् ७८२ वैशाख शुक्ल ३ का दिन प्रतापमल्लकी रानी खस्दा मछिन्द्रनाथका यात्रामा वाजा शून्य गरी जात्रा गऱ्या र

CC-0. In Public Domain. Digitization by eGangotri



अतिबेगसित हावा आई धेरै रूख ढाल्या । घरका छानाहरू पनि उडाया । यसै साल छत्रनरसहमल्ल राजकुमार खस्या । यिनै राजकुमारका नामले दरबारभित्र ढुङ्गाका देवालय बनाई वंशगोपाल स्थापना गरिदिया ।

संबत् ७८३ कार्तिक शुक्ल १० कादिन अघि सिद्धिनृसिहमल्ल राजाले पांच तला गरी ठूलो गरी बनाई राख्याको दिगुतलेका देवालयका छानामा अग्निप्रवेश भै एक तला मात्र बाँकी राखी सब जलाउंदा देवताकनमात्र केहि भएन । त्यहांपछि चाडै आरम्भ गरी छ मैह्लाभित्रमा चार तला छानामात्र गरी सिध्याई सुनका छाना छाई गजूर चढ़ाया । सहरमा पनि धेरै ठाउं अग्निप्रवेश भै घर जलाया । त्यहाँ पछि यिन राजाले यी सब विघ्न भयाको मछिन्द्रनाथका यात्रामा वाजा शून्य गरी यात्रा गर्नाले हो भनी संबत् ७८५ पौष कृष्ण अमावासी सूर्य्यग्रहणका दिन टौदह जाई पुरश्चरण गराया । फेरि यिन राजाका पालामा भक्तपुन्या मंत्रीका बुद्धिले राजाकी भिन्यानी देवलक्ष्मीकी छोरी खस्दा एक स्नेस्ता नेपालमा ल्याउनुपर्छ भन्या । भक्तपुन्या मन्त्रीका बचनले राजद्वारमा स्त्रीहरू जाई रोई विचार गर्नु भनी स्नेस्ता बनाई चुइकीलाई रुवाई विचार गराउन पठाया । पैले पाटनमा भैं पछि ३ सहरमा भैं गया । नेपाली संवत् ६८५ माघ शुक्ल २ का दिनदेखि रुन्या प्रबन्ध भै गयो । फेरि यही सालका माघ शुक्ल पूर्णीमाका दिन त्रेतायुग उदयका दिन शंखमूलमा काशीका गुजराती दामोदर नाम ब्राह्मणकन गोशत दान दिया । यिनै दान लिन्या ब्राह्मणले, लब्धं दशगुणं पुष्पमिति वचनं ज्ञात्वा,; भनी एक ब्राह्मणकन १० गाइ दान गरिदिया । फेरि मच्छिन्द्रनाथको देवालयका माझतलामा सुनका छाना बनाई छत्रसहित गरी बनाई गजूर राखिदिया । त्रेतायुगोदय माघ शुक्ल पूर्णिमाका दिन ८ हजार रुपैयां मोल जागा हात्ती दक्षिणी व्यास नाम ब्राह्मणकन दान दिया । फेरि ७८६ सालमा मूलचोकमा दक्षिणपट्टि तीनतले देवालय बनाई गजूर राखिदिया । अघिका गजूर बीच तलामा राखिदिया । चोभारका चन्द्रविनायककन देवालय बनाई गजूर चढाया । संवत् ७८७ आषाढ़शुक्ल ३ का दिन हरिसिद्धिदेवीका देवालयमा गजूर ३ चढाया । अघिका १९ गजूर तला तलाका बीचमा राखिदिया । कीर्तिपुर जान्या बाटामा पूल बनाई प्रतिष्ठा गन्या । यसै साल आश्विन शुक्ल २ का दिन मूलचोकका बीचमा देवालयमा सुनले जलप सरी देवालय बनाई गजूर चढ़ाया । मूलचोकलाई अघिभन्दा चोक फराक बरो बनाई दिया । फेरि चपापुरग्रामका वज्रवाराहीदेवीकन सुनका मूर्ति बनाई संवत् ७८६ चैत्र शुक्ल ८ सोमवारका दिन विश्वनाथ उपाध्याले प्रतिष्ठा गरी एकादशी बृहस्पतिवारका दिन ललितपत्तन सहर घुमाई यात्रा गरी चंपापुर लगी राखी-दिया । संवत् ७८८ श्रावण कृष्ण षष्ठीका दिन ललितपत्तनका राजा श्रीनिवासमल्ल भक्तपुरका जगत्प्र-काशमल्लसँग मिली कान्तिपुरका लगामध्ये उन्तीस कोटहरू जिती ललितपत्तनका राजाले लियापछि भक्तपुरका राजाले हामी दुई मिली तिमीलाई राज्य बढाई दियाको साइत एक १ लाख रुपैया र दुइ

CC-0. In Public Domain. Digitization by eGangotri



हात्ती लुभु ग्राम विपंङ्खु यति हामीलाई देऊ भनी माग्न पठाया। यसमा ललीतपत्तनका राजाले केही उत्तर नदी एक बन्दोवस्त गर्नुपर्ला भनी रहँदा यस्तै समय कान्तिपुरका राजा प्रतापमल्लले रात्रिविषये एक एक मानिस ललितपत्तनका राजासँग पठाई भोलि केही कुरा तिमिसँग सल्लाह गर्नुपर्न्याछ भनी पठाया र भोलिपल्ट सबेरै ललितपत्तनका राजाले प्रतापमल्लसँग टेकु दोभानमा भेट गर्दा हामी दुवै मिलिरहनु नछुट्टिनु भनी सत्यवाचा गऱ्या।

यहाँ उप्रान्त कान्तिपुर ललितपत्तनका राजा दुइ मिली भक्तपुरमाथि चढाइ गरी नाला चौकोट धुलिखेल दाप्चा जिती अम्बल गऱ्या। त्यहाँ पछि भक्तपुरका राजाले रात्रिविषये शैन्य ली जाई कान्तिपुरका कोटहरूमा श्री नवासका सेना हुँ भनी कोटभित्र ढाटी जाई ९ जनालाई माऱ्या। ३० जनालाई समात्या। अरू कान्तिपुऱ्याहरू भागी गया। यहाँ पछि कान्तिपुरका राजा बहुतै रिसाई ठेमी नलिन्ज्याल पगरी गुत्त्याछैन भनी प्रतिज्ञा गरी पगरी उतारी राख्या। त्यहाँपछि ललितपत्तनका राजासँग मिली भक्तपुरका राजाले कपटसँग जिती लियाको कोटहरूकन फेरि आफनु गऱ्या। भाद्र कृष्ण ६ का दिन ठेमी लिनकन ठाना बस्न गयो। ठेमी सहरका चारोतर्फ घेरा नौकोट बनाया। आश्विन मैह्नामा एक कोट जिती लिया। मङ्सिर मैह्नामा नकदेश जिती लिया। ठेमी शहरवासी जनहरूलाई बाहिर निस्कन नदी बहुतै दुर्भिक्ष पारी दुःख दी माघ शुक्ल एकादशीका दिन ठेमी जिती लिया। बन्दूक ६३ ढाल १०९ वलजफत गरी लुटी दुवै राजाले बाँडी लिया। यस सेनाका दलमुखी ललितपत्तनका मुख्य काजी विश्वराम कान्तिपुरका मूलकाजी विरजु थिया। संवत् ७८३ बैशाख मैह्नामाथि पोजोत्रमाथि जगज्ज्योतिर्मल्लले बनायाको पोखरीको छेउ स्थापना गरी राख्याका जागेश्वर महादेव सुनका छाना भयाका देवताकन उठाई आफ्ना शहर कान्तिपुरमा लग्या। फेरि यसै पोखरी बीच राख्याको सुनका नाग पनि उठाई लगी कान्तिपुरका भण्डारखालका पोखरीमा सुनका बसाहामाथि जागेश्वर राखी नागफनि समेत राखिदिया।

त्यहाँपछि प्रतापमल्लले पगरी शिरमा राख्या। यस्ता तरहसंग भक्तपुरका कोटहरू जिती लिया उप्रान्त पनि राजा प्रतापमल्ल भक्तपुऱ्याका कपट बुद्धिदेखि बहुतै रिसायाका थिया र सम्वत् ७८३ भदौ मैह्ना भक्तपुरका समीप चारोतर्फ कोट बनाई कान्तिपुर ललितपत्तनका दुवै राजा मिली ठानामा बसी घेरिराख्दा भक्तपुरवासी जनहरू कोही ढोका बाहिर निस्कन सकेनन्। यहाँपछि कुँम्बुलाई राख्याका धान सत्र भाँडी पशुसमेत बोकाई कान्तिपुर ललितपत्तन लग्या। ललितपत्तनका राजाले भन्दा दोबर अन्न कान्तिपुरका राजाले लग्या।

त्यहाँ उप्रान्त भक्तपुरवासी जनले खान नपाई बहुतै दुःख पाई धेरै मानिस मऱ्या त्यहाँ वर्षसम्म धान त्यहाँ रहँदा कोही ग्रामबाट चामल च्यूरा बेच्न जान नदी राख्या र शहरभित्र अति

CC-0. In Public Domain. Digitization by eGangotri



दुर्भिक्ष भै दामका १२ गेडा मकै मोहरका २ माना चामल भै जांदा किन्न पनि नपाउदा बहुतै गरीब भै खान नपाउँदा रुखका पात कपासका बियाँ घाँसपर्यन्त खान लाग्या । फेरि प्रतापमल्ल राजाले यी नायडोमा राख्याका ढुँगाका सिंह २उठाई ल्याई आफ्ना राजद्वारमा राख्या । पोखरीको ढुंगाको तोरणसमेत उठाई कान्तिपुर लग्या । ललितपत्तनका राजाले मात्र कीर्तिबिगारी केही कुरो लिएनन् । भक्तपुरवासी जनले अनेक पुस्तक घर धनाढ्यहरूकन बेची खाया । बेचदा पनि लिन्या कोही नहुँदा सहरवासीजनहरूले खान नपाउँदा श्रृंगार गर्न समर्थ नभै स्त्रीहरू गर्भामय कोही भएनन् । मर्न्यासिवाय जन्मन्या कोही भएनन् । कोही मानिस हरू र रात्रदिवये सहरबाट जीवको माया मारी निस्की परदेश भागी गया ।

यस्तै समय ललितपत्तनका मूलकाजी विश्वराम वेरामी भया र दुवै सहरका सेना ठाना छाडी फर्की आया । ७८४ कार्तिक कृष्ण ९ का दिन मूलकाजी विश्वराम खस्या । यी काजीलडाईमा बहुतै शूरा थिया । जोगी सन्यासी परदेशीहरू ब्राह्मणहरूकन अन्न वस्त्र दी बारम्बार भोजन गराउँदथ्या । यहाँ उप्रान्त प्रतापमल्ल राजाले भक्तपुरका राजा त अति दुर्वल भया भनी ललितपत्तनका राजा श्रीनिवासमल्लकन कपटसंग वोलाई बन्दिखानामा राखनको मतलब ठहराई बोलाई पठाउंदा राजाका मनमा बहुतै शंका प्राप्त भयो । तैपनि तयार हुंदा मछिन्द्रनाथ एक जनाका शरीरमा प्राप्त भै प्रतापमल्लका मतलव संक्षेपसंग आज्ञा गर्दा श्रीनिवासमल्ल राजाले हामी दुइ जनाको जीव छन्ज्याल नछुटिनु भनी अघि सत्यवाचा गरी देवताका स्थानमा तावापत्र गरिराख्याको छँदा भनो प्रतापमल्लले ममाथि यस्ता यस्ता दुष्ट बुद्धि गर्‍या भनी मनमा विरोधभाव भै डराई कान्तिपुर गएनन् र कान्तिपुरका राजाले अब म एकला हुन लाग्या भनी डराई गुप्तसंग भक्तपुरका राजासंग मानिस पठाई हामी दुइको सन्धि गरी मिलदछु भनी अनेक तरहसंग भनी पठाउँदा पनि भक्तपुरका राजाले प्रतापमल्लको विश्वास नमानी केही उत्तर दिएनन् । यही वार्ता ललितपत्तनका राजाले सव थाहा पाई आफ्ना पुरोहित विश्वनाथ उपाध्याका माहिला छोरा मधुसूदन उपाध्याकन सन्धिको वार्ता करी भक्तपुर पठाउँदा सम्वत् ७८४ वैशाख शुक्ल द्वादशीका दिन भक्तपुरका राजा जगत्प्रकाशमल्ल भक्तपुरवासी प्रजाको दुःख कष्ट देखी अति दुःख मानी दाह्री कपाल पनि नखौरी लामा लामा रौं गरी अति मलिन मुख गरी ललितपत्तनका राजासंग शरण आउंदा श्रीनिवासमल्लले लिन गया । सहरभित्र ल्याई भोलिपल्ट दाह्री कपाल खौराई असल वस्त्र पैह्राया । फेरि उनको दुख देखी करुणा गरीउनका राज्य आफूले लियाको सब संपूर्ण गरी दिया । थोरै दिन आफ्ना राजकुलमा वास गराई विदा दी पठाया । यसताक कान्तिपुर ललितपुरका कौनै राजाले पनि भक्तपुरका मूलतलेजुको दर्शन पाउंदैनथ्या । श्रीनिवासमल्लले धेरै पूजाको सराजाम तयार गरी आई तुलजा भवानी को दर्शन गर्‍या ।

CC-0. In Public Domain. Digitization by eGangotri



यहाँपछि कान्तिपुरका राजा एकला हुन गया । संवत् ८५ ज्येष्ठ शुक्ल दशमी हस्ता नक्षत्रका दिन भक्तपुरका राजा जगत्प्रकाशमल्लले देवालय बनाई ललितपत्तनका विश्वनाथ उपाध्याकन भक्तपुरमा लगी श्रीहरिशंकर मूर्ति स्थापना गराया । संवत् ७८५ आश्विन मैह्लामा मदालसोपाख्यानका नाच बनाई मानिगलमा नचाया । संवत् ७८६ कार्तिक शुक्ल ८ मा पुत्र जन्म्या ७५ दिन मात्र बाँची खस्या । यही साल तव वहालको देवालयका बीच तलामा सुनका छाना छाई सुनकाछत्र पुष्प माला चढाया । ललितपत्तन र भक्तपुरका राजा मिलिरह्याका थिया । संवत् ७८६ आषाढ़ मैह्लामा केही कारण नभै भक्तपुरका राजा जगत्प्रकाशमल्ल प्रतापमल्ल राजासँग मिल्न गया । थोरैदिनपछि प्रतापमल्ल राजाले कान्तिपुरका दर्बारबनाउनेनिमित्त भक्तपुरका राजासँग १४ हज्जार गोटा काठ देऊ भनी माग्दा यिनसँग मिली बढिया हवैन भनी ठानी ६ मैह्लापछी फेरी श्रीनिबासमल्लसँग मिल्न आया । यस कुरामा भक्तपुरका प्रजाले आफ्ना राजाकन प्रतापमल्लसँग मिल्न गयाको नचाहिदो काम गर्नु भयो भनी खं गर्‍या । संवत् ७८७ आसाढ मैह्लामा पुनर्वार ललितपत्तनका राजाको प्रतापमल्लसँग भेटभै सलुक गरी आवन जावत गर्न लाग्या त्यहापछि भक्तपुरका राजाएक्ला हुन गया ।

संवत् ७८७ भद्रो मह्लामा प्रतापमल्लले हरिसिद्धि देवीका देवालयमा सुनका छाना बनाई दिया । संवत् ७८८ कार्तिक कृष्णपंचमीका दिन बुङ्मतीमा रुण्ड कुण्ड भैरबकन सुनका तोरण बनाईचढ़ाया । अघिबाट भैरबकन मनाई ठूलो सुनकामुख बनाई स्थापना गरिदिया । श्रीमछिन्द्रनाथको आखाँबाट आंसु बह्या आयो । यस साल धूम्रकेतुको पनि उदय भयो । फेरि बगमतीमा गोकर्णदेखि देवपत्तनसम्म दूध जस्तो शुक्ल वर्णको जल बह्यो । राजा श्रीनिवासमल्लले संवत् ७८८ पौषवदि १० का दिन यथाक्रमले शान्ति गराया । संवत् ७८८ श्रावण मैह्लामा नीलकण्ठ आई स्नान गरी अनेक दान पुण्य गर्‍या । संवत् ७८९ वैशाख शुक्ल चौथी सिद्धिनृसिंहमल्लका लबटपुत्र कुनिसिंहले स्वथमा तीन तलादेवालय बनाया । संवत् ७८९ ज्येष्ठ शुक्ल १का दिन कुम्भेश्वर स्थान सर्वेश्वरकन नाग बनाई चढ़ाया । संवत् ७९० साल फागुन शुदि सप्तमीका दिन देगुतले का गजूरका चार कुनामा ४ गजूर बनाई चढ़ाया । संवत् ७९० ज्येष्ठ कृष्ण पञ्चमी आदित्यवारका दिन भण्डारखानका छेउमादेवालय बनाई यथाक्रमले दुइ माजु देवीकन स्थापना गरिदिया । संवत् ७९१ कार्तिक शुक्ल दशमाका दिन काठ छैं बालकुमारी स्थानमा अचिन्त प्रमाणले राख्याको खम्बामाथिका मयूर सारी दोस्रा मुजूर बनाई राखिदया यसै साल थछे महालक्ष्मी पीठमा खम्बा खडा गरी सुनका सिंह बनाई राखिदिया । संवत् ७९१ साल चैत्र कृष्ण त्रयोदशीका दिन ललितपत्तनमा भक्तपुरका विश्वक्याट्का प्रमाणले यात्रा बनाई चतुर्दशीका दिम लिंग ढ़ाल्नुपर्न्या रीत चलाया । फेरि रामायणका नाच बनाया । यस नाचका दरहरू नाटेश्वरका प्रभावले सिद्धि भाई बडो अद्भुतसँग चटकी गर्न्याले गर्न्याजस्तै तमासा गरी नाच्दा सहर गाउंका धेरै मानिस

CC-0. In Public Domain. Digitization by eGangotri



तमासा हेर्न आया ।

संवत् ७९१ साल वैशाख शुक्ल चतुर्थीका दिन १६० तोला सुनको च्यादर वनाई चढ़ाया। संवत् ७९१ साल ज्येष्ठ कृष्ण ५ का दिन देवालय बनाई सुनका छाना गजूर चढ़ाई ठाउँ सारी लक्ष्याहुति जज्ञ गरी श्रीतुलजाभवानीकन देवालयमा स्थापना गरिदिया। श्रीनिवासमल्ल राजा नायक भै भक्तपुरका राजा गोर्खाका राजा तनहुँका राजासहित गरी जाई मकवानपुर जिती पछि मलुक गरी शुभसेन राजाले श्रीनिवासमल्ल राजाकन हात्ती २ चढ़ाया। यिनै हात्तीमध्ये एक हात्ती गोर्खाका राजालाई दिया।

संवत् ७९३ माघ मैह्ना मोरंगका राजा हरिहरसेन हरिहरसेन राजा आई सिधुलीमा चढाइ गर्न आउँदा मकानपुरका राजा शुभसेनले थाहा पाई जाई धेरैलाई मारी धेरै वस्तु लुटी लिया। ललित-पत्तनका राजाले विसङ्खुका खसहरूकन मोरंगका राजाकन हटाउन पठाया। तिनिहरूले धेरै वस्तु लुटी ल्याया। संवत् ७९२ माघ शुक्ल श्रीपंचमीका दिन मच्छिन्द्रनाथकन सुनका ढ़ोका तोरणसमेत राख्या। यसै ढ़ोकामा राजाले श्लोक वनाई राखिदिया।

मत्स्येन्द्रं योगिनो मुख्यः शाक्ता शक्तिं वदन्ति यम् ।
बौद्धा लोकेश्वरं तस्मै नमो ब्रह्मस्वरूपिणे ॥१॥
नेपालाब्दे लोचनमच्छिन्द्रखगौ श्रीपञ्चम्याम् श्रीनिवासेनराज्ञा ।
स्वर्णद्वारे स्थापितं तोरणेन सार्धं श्रीमल्लोकनाथस्य गेहे ॥२॥

संवत् ७९३ साल फागुन शुक्ल दशमीका दिन आफैं राजाले ५ श्लोक बनाई शिलापत्रमा लेखाई अरू विस्तार नेपाली भाषा लेखि सुनर्भरि यात्रा गरी देश घुमाई श्रीमच्छिन्द्रनाथका देवालयमा पूर्वपट्टि थापिदिया। संवत् ७९४ वैशाख शुक्ल चतुर्थी बुधवारका दिन श्रीमच्छिन्द्रनाथका रथमा सुनको खट जला राखी यात्रा गराया। यही साल कान्तिपुरका राजा प्रतापमल्ल परलोक भयापछि अघि प्रतापमल्लका साहिला पुत्रले राज्य गर्नु भन्याको रहेछ र यो त बेनीत भयो भनी श्रीनिवासमल्ल योगनरेन्द्रमल्ल भक्त-पुरका राजा जितामित्रमल्ल यिनैका भाइसमेत ४ जना सामेल भै कान्तिपुर जाई श्रीनिवासमल्ल प्रमुख भै तीनपुत्रमध्ये ज्येष्ठ नृपेन्द्रमल्लकन राज्याभिषेक दिन लाया। यिनिहरू सातै राजा सामेल भै सभा गरी बडो उत्सवसंग नाच कीर्तन गराया।

संवत् ७९४ आश्विन मैह्नामा सेन राजाहरूको तकरार भै नमिली शुभसेन नाम राजा आई मदत माग्न आउँदा ललितपत्तनका राजा प्रमुख भै भक्तपुर कान्तिपुर तनहुँका राजा सामेलभै पूर्वतिर हरिहर सेनका राज्य मोरंगमाथि चढ़ाइ गरी गवाहलेति आदि १७ ग्राम जिति शुभसेन राजाकन दी फर्की आया। दोस्रा साल मोरंगबाट ४ हात्ती शुभसेन राजाले श्रीनिवासमल्लकन चढ़ाई पठाया।

संवत् ७९५ मार्गशिर शुक्ल एकादशीका दिन भाग नाम काजीले लामु सत्तल बनाई उमा महेश्वर स्थापना गरी शिवालय पनि स्थापना गऱ्या। संवत् ७९४ चैत्र शुक्ल चतुर्थीका दिन श्रीनिवासमल्लका

CC-0. In Public Domain. Digitization by eGangotri



महतारि आपुरुव नाम रानी परलोक भइन् । संवत् ७९५ मार्ग कृष्ण ६ का दिन श्रीनिवासमल्ल राजाले भक्तपुरका राजा दुई आई कान्तिपुरका राजा तीन भाई तनहुँका राजा गोर्खाका राजा मकवानपुरका राजा दश पतिकन राखी पुत्र योगनरेन्द्रकन व्रतवन्ध गर्दा बडो उत्सव गरी यात्रा गऱ्या । यस समय अघि भै रह्याका राजाहरू परलोक भै नेपालका राजाहरू बालक हुँदा यिन राजाले कसैमाथि चढ़ाइ नगरी सबकन आफूसँग मिलाई आनन्दसित राजभोग गरिरहँदा श्रीनिवासमल्ल राजाले संवत् ७९५ ज्येष्ठ शुक्ल ३ का दिन कान्तिपुर भक्तपुर तनहुँका राजा काजीप्रमाण सामेल गरी श्रीगुह्येश्वरीमा जाई हामीहरू यति राजामा कसैले कलह नउठाउनु; आफुसमा मिली आफ्मा आफ्ना राज्यको भोग गरी मित्रत्व गरी मिली आनन्द सित रहनु भनी बाचा बाँधी खुशीराजीसित सबले कसम खाया । संवत् ७९५ भदौ मैह्ना मा इकुहिटि मुनिका खेतमा एक धानका बीजमा १२४ धानका बाला उठी रहँदा राजा प्रजा सब जाई हेर्न गया । संवत् ७९५ चैत्र शुक्ल पंचमीका दिन श्रीनिवासमल्ल जितामित्र मल्ल नृपेन्द्रमल्ल यी तीन राजा र गुरु प्रोहित चौतारा प्रमाण सबसमूह भै मानिसहरू मर्दा १२ दिनमा घर शुद्ध तेह्रौं दिनमा चाहिंदो कर्म गरी व्राह्मण भोजन गराउने रीत सबको थियो । यस रीतमा प्रजाहरूले सब्रक्रिया पुऱ्याउन नसकी कर्महीन हुन जाँदा शास्त्र स्मृतिका वचन प्रमाण गुरु प्रोहितहरूको वचन ली तिनै सहर आदि सब प्रजाले ४५ दिनमा सपिंडि जोर्नु राजकुलमा मात्र तेह्रौं दिनमा सपिण्डी जोर्नु भन्या बन्देज बाधी तावापत्र गरी ललितपत्तनका मूलचोकमा टाँसिदिया । संवत् ७९९ वैशाख शुक्लमा हतपावदेखि चोकाठसम्म दर्बार बनाई संपूर्ण गऱ्या । संवत् ७९९ वैशाख कृष्ण ८ का दिन मानिग्ल भक्त आगम मूलचोकमा स्थापना गरिदिया । संवत् ८०० ज्येष्ठ कृष्ण ४ का दिन अमरसिंह कुँवरले कोब्रहालमा ढुंगाको देवालय बनाई श्रीकृष्णकन स्थापना गरिदिया । संवत् ८०१ मार्ग शुदि ८ का दिन भीमसेनका देवालय ठुलो गरी तीन तला गरी गजूर चढाया । फेरी कीर्तिपुरमा कोट घर बनाई गजूर चढ़ाया ।

संवत् ८०१ पौष कृष्ण ८ का दिन रात्रि दिग्दाह भैगयो । फेरी अघि लामु धूम्रकेतु उदय भयो । ठूलो एकतारा पनि उदय भयो । फेरि अकस्मात् आकाशविषय शब्द भयो । ज्येष्ठ शुक्ल ७ का दिन रागिविषे भूमि कम्प भयो । धेरै घरहरू भत्काया । संवत् ८०२ माघ कृष्ण २ का दिन साह्रै तुसारवृष्टि भयो । पुत्रले मन्त्रीका खेलले दर्बारका धन द्रब्य ओसारी लगनका स्थानसन्धि बसी बेपारीकन झिकाई वेपार चलाया । ह्लपुखुल बनाया दर्बार बनाउनको पनि इच्छा गऱ्या र छोराले ममाथि अप्रीति गऱ्या भनी बहुतै राजको काम गर्न आटया तर क्याहोला उसको मनसुवा पुऱ्याइदेउ भनी शान्तस्वभावका राजा हुनाले राजकुलमा बोलाई संवत् ८०५ पौष कृष्ण ५ बृहस्पतिबार हस्ता नत्रक्ष सुकर्मा ,योगका दिन पुत्र योगनरेन्द्रमल्लकन सुवर्ण नदीका कलश स्थापना गरी राज्याभिषेकका बिधि पुऱ्याई राज्याभि-

CC-0. In Public Domain. Digitization by eGangotri



षेक दिया ।

बाबा सिद्धिनृसिंह मल्लका कीर्ति कार्तिक भरका नाच गाई मच्छिन्द्रनाथकन धेरै गहना गुठ राखी नीति सँग प्रजा प्रति पाल गरी धेरै धर्म कीर्ति यश बढ़ाई धन्य कहाई संवत् ८०७ माघ शुक्ल एकादशीका दिन राजा श्रीनिवासमल्ल परलोक भै गया ।

अस्य पुत्र योगनरेन्द्रमल्ल वर्ष २१ यिन राजाले संवत् ८०२ वैशाख कृष्ण ११ का दिन आफ्ना महातारी मृगावती रानीका नामले पोखरी बनाई मुनका नाग फणिमा श्रीबालगोपाल स्थापना गरदिया । संवत् ८०५ भदौका ८ दिन भाग नाम काजी बाबाका पालादेखि कालेसव कार्जीहरूभन्दा बडो भै आफ्ना मनोज्ञ गर्दा रानीकनबेमर्यादाका बचन गर्दा प्रजाहरू लीन हुँदा राजाले जुक्तिसँग मान खासी पछिबाट मागिदिया ।

संवत् ८०० फागुन कृष्ण अमावास्यका दिनदेखि देशपूर्वपट्टि मैदान बढ़ाई घोडाजात्रा प्रतिवर्ष चलाया ।

संवत् ८१० कान्तिपुर भक्तपुर मिल्याका बखतमा भक्तपुरमाथि चढ़ाइ गरि ढाल तरबार बन्दुकहरू लुटी १२८ मानिस पक्री ल्याया । यही साल मच्छिन्द्र नाथका जात्रामा रथ ढल्दा एक बाडाका शरीरमा देवता प्राप्त भै दर्बारमा आई तिनिहरूको केही सन्देह मान्नु पर्दैन । रथ ऐल्है खडा हुन्याछ भन्दा राजाले यो कुरा निश्चय हो भन्या वाह्र १२ पल सुनको गहना चढ़ाउँला भनी भाख्या । त्यहाँछि श्रीमच्छिन्द्रनाथकन रथबाट झिकी बाटोमा राखी काठको टेवा लाई डोरीले तानी रथ खडा गरी फेरि यात्रा गर्‍या । अघि भाख्याको सुनका सिक्री माला बनाई चढ़ाया ।

संवत् ८१२ फाल्गुन शुक्ल १२ का दिन लक्ष्याहुति यज्ञ गरी तुलजा भवानीका गजूर चढ़ाया । यही साल मच्छिन्द्रनाथकन बांग्यामुठाको भैरवका मुखबाट पसिना चुहुंदा चौथा दिन ग सहरका उत्तर पट्टि अग्निप्रवेश भै धेरै घर जलाया । संवत् ८१३ माघ शुक्ल १० आदित्यवारका दिन योगनरेन्द्रमल्लले देगुतलेमनि खम्बा खडा गरी आफ्ना मूर्ति दुरुस्त गरी सुनका बनाई राख्या । स्थापना गरी बसाया यही साल ईश्वरदास काजीले नुगलमा भवानीशंकर स्थापना गरिदिया। यिन राजाकी रार्उतनी स्त्री भनी मइले पनि मण्डप बनाया । बाज्या सिद्धिनृसिंहमल्लबाट कार्तिक माहात्म्य का नाच बनाया । आफैं ग्रन्थकार भै यसमाथि फेरि श्रीयोगनरेन्द्रमल्लले स्थापनचार्य नाचकन जमाया। संवत् ८१५ साल गोदावरी तीर्थमा जाई अहोरात्र यज्ञ गरी सब दान दिया । संवत् ८१४ मच्छिन्द्रनाथका जात्रामा अघि मच्छिन्द्रनाथ नेपालमा ल्याउन्या नरेन्द्रदेव राजाको मूर्ति खड्ग भक्तपुरका राजाले सौंपदिनुपर्न्यामा उसताक भक्तपुरका राजासँग मेलन हुनाले भक्तपुरका राजाबाहेकगरी आफूले खड्ग ली कर्म चलया ।

संवत् ८१५ सालदेखि चैत्र मैह्लामा जमरा थापी राम नवमी कर्म वर्षप्रति चलाया । संवत्८१६

CC-0. In Public Domain. Digitization by eGangotri



भाघमा भक्तपुरका राजासंग मेल नहुँदा चागुनारायणका बाटो ललितपत्तनका आदिनारायण स्वथ टोलकाकन पूजा गराया । यही साल योगनरेन्द्र मल्ल देवघाटमा स्नान गर्न जादाँ तनहुँका राजासंग र परशुराम थापासंग भेट भयो । तनहुँका राजाले २ हात्ती दिया । त्यहाँपछि मकवानपुरको बाटो गरी फर्की आया । यिनै हात्तीमध्ये एक हात्ती जितामित्रमल्लकन दी मिल्या । थोरै मैल्लापछि कान्तिपुरका राजाले योगनरेन्द्रमल्लकन एक हात्ती दी भेरी मेत्री भक्तपुरमाथि चढाइ गरी नाला साँगा जिती फर्की आया । संवत् ८१७ ईश्वरदास काजोलेकाठछे पीठ बालकुमारीकन तीन तलादेवालय बनाई गजूर चढ़ाया यही साल राजाले कुम्भेश्वरका देवालय पाँच तला गरी बनाया । संवत् ८२१ माघ शुक्ल एकादशीका दिन यज्ञ मण्डप बनाई होना पट्टको घरको पूर्णानन्द उपाध्याले अग्नि स्थापना गरी कोट्याहुति जज्ञ गऱ्या । श्री कुम्भेश्वरमा गजूर चढ़ाया । सुनका जलहरि राखिदिया । तिन दिनपछि यही जज्ञमा अधिक भीमसेन फेरी तामस मूर्त्ति दुशासनबधका ध्यान गरी भूत भूतिनी सहित गराई यात्रा गरी देवतापिछे छाग मेष हंस बलि चढाई सहरका सव नाच बाजासहित गरी बडो उत्सव गरीदेश घुमाई जज्ञ मण्डप मा लगी यथाक्रमले प्राण प्रतिष्ठा गरी देवालयमा राखी जीवन्यास दिया । कस्ता तरहसंग जगाया भन्या । नाकका छिद्रमा पिउरीकोचारी राख्या । जीवन्यास मन्त्रसिद्धिका प्रभावले जब स्वासाबाट पिउरी उडाया । तसै क्षणमा भयो भनी थाम्या । त्यहाँपछि राजा बहुतै खुशी भै आफ्ना हातको नवरत्न अँगुठी भीमसेनका अगुलीमा राखिदिया । यी भीमसेन बडा प्रत्यक्षका हुन । भक्तपुरका राजाले ललितपत्तनका राजामाथि रीस गरी सन्तान शून्या हुन्या क्रिया गरी शिव स्थापना गरी जलहरिसामुन्ने उत्तार दरबार पारी स्थापना गरिदिया । यसकुरा योगनरेन्द्रमल्ललाई अघि थाहा नहुँदा यिनको पुत्र ऋद्धिनृसिंहमल्ल बालपनैमा खस्या । सभा पालीमाथि पनि तला होचाई धुरीमा हनुमान थापिदिया । धर्मधारा ध्वलहिगी पनि मर्नु नपर्न्या जलधेनु बागमति उत्तरवाहिनी भै रह्याको सोभो गरी बहाई उत्तरवाहिनी नगराई विगाऱ्याको टारोकामा जन्त्र गाडी फेरी दिया । सभापालिमा तला होचा ३ धुरीमा हनुमान थापिदिया । बालकौमारीका सन्मान फेरिदिया । मानिस मर्दा गल्लीगल्लीमा राई विचार गर्नु पर्न्या रीत चलायाको संवत् ८२६ भाद्र कृष्ण ७ का दिन भक्तपुरका राजा भूपतीन्द्रमल्लका राज्य वभु दखल गर्न निमित्त चागु जाई बस्या । दनमुखि चौतारा आनन्दहरि थिया । यस लडाईमा वभु हात लिन सकेनन् । श्रीबज्रयोगिनी चागुनारायणका दर्शन गरी सकिरहंदा भक्तपुऱ्या मन्त्रीका खेलले तमाकुमा राखी-खुवाउदा संवत् ८२६ कार्तिक शुक्ल एकादशीका दिन योगनरेन्द्रमल्ल चागुमा परलोक भया । यसै दिन डोलामा राखी ललितपत्तनमा ल्याई राख्या । कान्तिपुरका भूपालेन्द्रमल्लका रानी र छोरा महेन्द्रमल्ल काजी प्रमाण शुद्ध आई विचार गरी भोलिपल्ट पलङमा राखी शंखमूलमा लग्या । यिनका सँग सति जान्या रानी २ राउतिनी जना ७ बाहिरका जना २३ जम्मा सती जान्या ३२ गया सँ-

CC-0. In Public Domain. Digitization by eGangotri



स्कार गरी सक्यापछि चतुर्दशीका दिन राजाका भण्डार हात्तीहरू कान्तिपुरका प्रजाहरूले लजान लाग्दा ललितपत्तनका प्रजा सब उठी कान्तिपुऱ्याहरूलाई जहाँ पाया तहाँ मान्या। यस्ता तरह ँग मार्दा १०० जनालाई मारिसक्यापछि कान्तिपुरका राजाले रानी काजी कोठामोच्याहरूकन पुऱ्याउन पठाया संवत् ८२६ कार्तिक कृष्ण १० का दिन छोरीपट्टिका सन्तान लोकप्रकाशमल्लकन भक्तपुरका राजा आई अभिषेक दिन लाया। त्यहाँपछि हात्तीमा सवार भै देशजात्रा गऱ्या। यिन राजा योगनरेन्द्रमल्लका पुत्री योगमती रानीका छोरा हुन्। संवत् ८२६ साल वर्षात नहुँदा योगमती रानी र लोकप्रकाशमल्लले सबै ठाउँ देवताहरूकन पूजा पाठ मान्या गरी पानी मगाया। यही साल आषाढ मैह्नामा वज्रवाराही बालकुमारी स्थान देवीमाथी बढ़ी जाहेर भया। फेरि बुङ्गनारायणगणेश पनि कीर्तिपुरतिर फर्किरह्या।

संवत् ८२७ आश्विन वदी षष्ठीका दिन लोकप्रकाशमल्ल ११ मैह्नामात्र राज्यभोग गरी मृत्यु हुदाभया।

यहाँ उप्रान्त बौद्धमल्ल कुवरका छोरा इन्दुमल्लकन राज्याभिषेक दिया। संवत् ८२९ चैत्र शुक्ल पूर्णिमाका दिन डेढ़ वर्षमात्र राज्यभोग गरी परलोक भया। भाग्यवती रानी सती गइन्।

यहाँ उप्रान्त बालक महेन्द्रमल्लकन राज्याभिषेक दिया। यी राजा बालक हुनाले लोकप्रकाशमल्लका महतारि योगमती रानीले कान्तिपुरका राजाकन बोलाइ मर्यादामाफिक कर्म चलाई मछिन्द्रनाथकन जात्रा गऱ्या। यिनै योगमती रानीले ढुंगाका देवालय बनाई श्रीकृष्णकन स्थापना गरिदिइन्। संवत् ८३४ चैत्रवदि २ का दिन श्रीमच्छिन्द्रनाथका मुख उप्की आयो। संवत् ८३५ पौषवदि २ का दिन बालक राजा महेन्द्रमल्ल शीतला भै परलोक भया। माघ शुक्ल १३ बर्ष २ संवत् ८३५ ज्येस्ठ कृष्ण अमावास्याका दिन ऋद्धिनरसिंहमल्ल परलोक भया।

संवत् ८३७ आषाढ शुक्ल पूर्णिमाका दिन कान्तिपुरका राजा महेन्द्रमल्लकन मणिमण्डपमा सिंहासन राखी राज्याभिषेक दिया। भोगवर्ष ५ यिन राजा शुद्ध सूर्यवंशका हुन यिनैं राजाले कान्तिपुर ललितपत्तन दुवै सहर भोग गऱ्या। यिन राजाका पालामा संवत् ८३६ चैत्र मैंह्नादेखि कान्तिपुरमा महामारि आई धेरै मानिस मऱ्या। असारदेखि ललि पत्तनमा मऱ्या। त्यहाँपछि भक्तपुरमा मऱ्या। कान्तिपुरका महेन्द्रमल्ल ललितपत्तनका राजा ऋद्धिनरसिंहमल्ल भक्तपुरका राजा भूपतीन्दमल्लका पर्यायमा पैह्लें हात्ती घोडा आदि पशु पन्छीहरू असंख्य मरी पछि मनुष्य मऱ्या। तीन सहर आदि ग्राम सबमा मर्दा व्यवहार विचार सञ्चार सब बन्द हाहाकार भै गया। संवत् ८४१ ज्येष्ठ शुक्ल १४ का दिन व्याघ्रभैरवका नेत्रदेखि मुनिको मुख पतन भैगया। सबै देवताहरूका स्थानस्थानमा उपद्रव भया। यस्ता तरहसँग महा उत्पात भयापछि संवत् ८४२ भाद्र कृष्ण ११ का दिन अघि भास्करमल्ल नाम भयापछि

CC-0. In Public Domain. Digitization by eGangotri



महेन्द्रमल्ल कहायाका कान्तिपुर ललितपत्तन दुवै सहरका राजा महेन्द्रमल्ल परलोक भया।

यहाँ उप्रान्त ललितपत्तनमा योगप्रकाशमल्ल छोरीपट्टिका सन्तान राजा भया। भोगवर्ष ७ यिन राजाकन भक्तपुरका रणजीतमल्ल राजा आई राज्याभषेक दिया यिन राजाले महामारी उपद्रव शान्तनिमित्त संवत्८४३ माघ ६ का दिन लक्षाहुतिजज्ञ मेल र भगवतीदास नाम काजी र राजा प्रमुख भै सम्पूर्ण गऱ्या। संवत् ८४४ ज्येष्ठ शुक्ल ७ का दिन मछिन्द्रनाथकन रथबाट ओह्लाल्दा कुकुरले छोयो। फेरि वुङ्मती पुग्यापछि सुंगुरले छोयो र प्रायश्चित्त गराया। फेरि कोटिका गौरीकुण्डबाट मांस उत्रो आयो। फेरि गुह्येश्वरी कुण्डबाट हिला जाहेर भै आयो। फेरि चाँगुनारायणका शिर जमीनमा खसिरह्या फेरि भक्तपुरका भैरवका चढ़ाईराख्याको महिषको शिर जिभ्रो निकाली उफ्रन लाग्यो। फेरि पनौतिमा ठेचोमा देवगणहरू अधि सरिरह्या। संवत् ८४५ सालका मछिन्द्र जात्रामा बांग्यामुढ़ाको मुखका नाक आँखा मुखबाट धेरै दिनसम्म पानीको बूँध गिर्दै रह्यो। यही साल भक्तपुरका राजा एकला थिया। तिनले गोर्खाका राजाको सैन्य झिकाई भदौमा विसङ्खु दखल गरिलिया।

फेरि ललितपत्तनका राजाले कार्तिक मैह्नामा गोर्खाका सैन्यकन हात ली योगप्रकाशमल्लले विसङ्खु आफ्ना गऱ्या यहाँपछि भक्तपुरका राजाले कान्तिपुरका राजालाई एक हात्ती र १३००० रुपैंया दी योगप्रकाशमल्लकन एकला गऱ्या। फेरि थोरैदिनपछि जगज्जयमल्ल योगप्रकाशमल्लसँग मिलन आया। फेरि मैह्ना दिनपछि कान्तिपुर ललितपत्तन भक्तपुरका तिनै राजा कोटेश्वरमा भेट भै भक्तपुरका राजाले २ हात्ती र २४००० रुपैंया दिदा जगज्जयमल्ल योगप्रकाशमल्ल गोर्खालीले तीन भाग गरी बाँडी लिया। संवत् ८४६ वैशाखमा मछिन्द्रनाथका देवालयमा चारैतर्फ ढुंगा बसाई मिलाई प्रतिष्ठा गऱ्या। यहाँपछि कान्तिपुर भक्तपुरका राजा मिली भक्तपुरमाथि चढाइ गरि फूलवारी नांबुढा दाप्चाको टजिती फर्की आया। कान्तिपुरका राजाले भक्तपुरका राजासँग हात्ती २ र १८००० रुपैंया लिया। संवत् ८४९ भाद्र कृष्ण १२ का दिन योगप्रकाशमल्ल परलोक भया।

त्याहाँपछि विष्णुमल्लकन राज्याभिषेक दिया। भोगवर्ष १५ संवत् ८५१ पौष मैह्नामा जगज्जयमल्ल र विष्णुमल्ल राजा मिली भक्तपुरमाथि चढाइ गरी नालाग्राम साँगा आदि ६ ग्राम जिती ३ ग्राम बाँडी लिया। विष्णुमल्ल राजाले आफ्ना भागमा गोर्खालिहरूकन राखी आया। यहाँपछि तीनै राजा भेट भै भक्तपुरका राजाले आफ्ना ग्रामहरू छुटाउन निमित्त हात्ती र रुपैंया दी पठाउँला भन्या कवूल गराई फर्की आया। पछि कवूल नपुऱ्याउँदा रिसाया र भक्तपुरमा ठाना बस्न गया। भक्तपुरका राजाले तनहुँ लमजुङ् मकवानपुरका सैन्य आफूसित मिलाई आई हटाई। पठाया। १२० जना गोर्खालीहरूकन समानीं ग्रामहरू आफ्नु गरी लिया। यहाँपछि रणजितमल्लले विष्णुमल्लकन रुपैंया दी आफूसंग मिलाया। यहाँपछि कान्तिपुरका राजाले गोर्खालीकन आफुसंग मिलाई ललितपत्तनका राज्य लामुडाडा

CC-0. In Public Domain. Digitization by eGangotri



दखल गरी गोर्खालीकन राख्या । फेरि विष्णुमल्ल राजाकन गोर्खालीकन आफुसँग मिलाई लामुडांडा आफ्नु गऱ्या । संवत् ८५१ आषाढ कृष्ण ५ का दिन श्रीमच्छिन्द्रनाथकन ठूलो चाँदीका ब्रह्मकूप बनाई चढ़ाया । फेरि संवत् ८५४ माघ शुक्ल देखि आरंभ गरी चौक्काठ नाम गरी अति सुन्दर गरी प्रजा गुहार मागी ३ मैंह्ला भित्रमा अघि भयाको भत्काई दर्बार बनाया । संवत् ८५७ साल विष्णुमल्ल राजाकी रानी चन्द्रलक्ष्मी देवीले श्रीगुह्येश्वरीभवानी प्रीति गरी ठूलो घण्टा चढ़ाई सुनका छाना छाई गजूर चढाइन् । संवत् ८६० पौष कृष्ण ७ का दिन श्रीपशुपतिनाथकन चाँदीका जलहरि बनाई चढाया । महास्नान यज्ञादि कर्म गराया । यही साल फाल्गुन शुक्ल ९ का दिन विष्णुमल्ल राजाकी रानी विष्णुमति देवीले मातातीर्थमा अघि एक धारामात्र थियो । पछि जग्गा सुन्दर गरी बनाई एघार धारा गरी बनाई प्रतिष्ठा गरिन् । संवत् ८५२ ज्येष्ठ शुक्ल ४ शंखमूलका पश्चिम पट्टि लामु पाटी बनाई लक्ष्मीनारायण वाग्मतीका मूर्ति स्थापना गरी प्रतिष्ठाकर्म गराया । संवत् ८६१ मा पौष कृष्ण ७ का दिन महादेव काशीमा अग्निस्थापना गरी यज्ञ पूर्ण गऱ्या । अद्यापि अग्निहोत्र त्यहाको ब्राह्मणहरूले गर्दैछन् । चार हात चार पाउ चार कान भयाको भेडो जन्म्यो । फेरि लगनखेलका माजु सीमाका ठूलो एक हाँगा अकस्मात वायु नबही ठूलो शब्द आई पश्चिमबाट हाँगा भाँचियो । यहाँपछि गोर्खालीं र लंमजुग्या मिली देउ राली दखल गऱ्या । यिन राजाले वज्रवाराही देवीका स्थानमा जगा देवालय बनाई शिलाका महिषमूर्त्ति बनाई स्थापना गरिदिया । यिन राजाले ब्राह्मणहरूकन विर्तादी धर्मको सन्मान गरी जगज्जयमल्लका पुत्र आफ्ना साला राज्यप्रकाशमल्लकन राज्याभिषेक दिनू भनी संवत् ८६५ श्रावण शुक्ल ८ का दिन परलोक भया ।

यहाँपछी राज्यप्रकाशमल्ल राजा भया । भोगवर्ष १३ यिन राजाले श्रीकरूणामयकन ,नाहाल पूजा रथका अगाडि ध्वजा ढ़ल्माका पछाडि पाँच तल्या छत्र चढ़ाई जात्रामा प्रतिवर्ष लैजानुपर्न्या रीत चलाया । संवत् ८६८ पौषमा राजा सिद्धिनृसिंहमल्लले बनायाका कृष्ण देवालयका अगाडीको खम्बाका गरुडको नेत्रबाट रक्त बही आयो । यही साल भदौमा तनहुंका राजाले चितलाङ् दखल गरी लिया । पछि केही रुपैंया दी बुझाई जगा आफ्नू गऱ्या । तनहुंका राजाले लांमुडाडा दखल गरी राख्दा नेपालका प्रजाहरूले कपास किन जान पनि पाएनौं तुला काठहरू काट्न जान पनि पाएनौं भनी राजा राज्यप्रकाशमल्लसँग विन्ति गर्दा सयभा काजीले म युक्तिगरूँला केही सन्देह मान्नुपर्दैन भनी पठाया । यहाँपछि सयभा काजीले तनहुंका राजासंग बन्दोबस्त गरी लामुडाड़ा छुटाईदिउंला भनी आफ्ना गुरुकन पठाउँदा बीचैमा गोर्खाका राजा आई धनवन्त काजीसंग सल्लाह मिलाई लामुडाडा सपुर्द गरी पठाया र सयभा काजी रिसाई फर्क्या । जगा छुटाइदिन आउन्या तनहुंका राजाको गुरु बहुतै दिक् औ बहुतै सर्मिदा भै फर्क्या ।

CC-0. In Public Domain. Digitization by eGangotri



संवत् ८७१ साल ज्येष्ठ वदि अमावास्याका दिन मछिन्द्रनाथका रथ नखुमा पुग्या । यसै दिन सूर्य-ग्रहण हुँदा राजा राज्यप्रकाशमल्ल प्रभृति धेरै प्रजाहरू जाई स्नान गऱ्या । राजाले धेरै दान धर्म गऱ्या यस्तो महापर्व अघि भै गयाको सुन्याको पनि छैन यही साल भिखवालधन र धनवन्त काजीले भिल्ढुंगो खालि दखल गरी राख्दा कालुपांडेसंग भेट गरी छुटाउनको बन्दोबस्त गर्दा कालुपांडेले हामीलाई जान आउन खुलासा गरिदिन्छौ भन्या लौ भन्दा यस कुरा प्रजाहरूले नमान्दा फर्की आया ।

पिन राज्यप्रकाशमल्लका १६ रानी थिया र स्त्रीहरूका विरोधले नेत्र रोग भयो । ज्योतिषीहरूकन देखाउँदा गणेशको दोस भनी ठहराउँदा चोभार गणेशकन देवालय बनाई गजूर चढाया । भक्तपुरका राजा रणजितमल्ल गणेशदर्शननिमित्त आया । कान्तिपुरका राजा जयप्रकाशमल्लले भन्या २१ फेरासम्म बोलाउन पठाउँदा पनि अनेक विन्ति गरी पठाउँदा पनि आएनन् झनसारो पाटनका लगा भित्रको कोटहरूमा आगो लाइदिया । श्रीगणेश छाडी यस्ता तरहको बुद्धि गऱ्या । यही खबर सुनी कालीदास धनवन्त मन्त्रीले गोर्खाका राजा पृथ्वीनारायणकन पत्र लेखी नुवाकोट दखल गरी लेऊ भनी पठाउँदा गोर्खाका राजाले अवसर पाई दखल गरी लिया । राज्यप्रकाशमल्ल राजाले ४ दिनसम्म राज गरी विधिपूर्वक प्रतिष्ठा कर्म गरी सहर फर्क्या । यहाँपछि जयप्रकाशले नगर्कोटी झिकाई सिपाही बनाई नेपालमा राजावा भँडार खराप गऱ्या । दर्माहा दिनानिमित्त पसुपतिनाथका भण्डार खोली पनि लिया । ठछे महालक्ष्मीका अगाडि खम्ब ढाली सुनका सिंह उठाई रात्रिमा कान्तिपुरमा लग्या । अनेक उपद्रव गऱ्या त्यहाँपछि कालीदास मन्त्रीका घरमा नगर्कोटी २ जनाकन चाकरी राखी भेद गरी ६महिनापछि दशैंमा स्थापना कर्म गरी चोकमा वसी तमाखु खाइरहँदा परशुप्रहार गरी कालिदासकन मार्न लाया । यी नार्कोटीहरूकन लगारी नकर्वाहलमा समाई माऱ्या । दोस्राचाहिंलाई वाग्मतीमा फेला पारी माऱ्या । यहाँपछि कालिदासलाई मारिसक्या भनी जयप्रकाशमल्ल बहुतै हर्षमान्या । यहाँपछि ठूला एक मन्त्रीलाई मारिदिया भनी राज्यप्रकाशमल्लको मनहारि रोगले पीडा गऱ्यो । यस्तै बखतमा बिष्णुदत्तनामका ब्रह्म-चारी वीरसाधना गर्न राज्य थामन सामर्थ भयाका ललितपत्तनमा प्राप्त हुंदा तिनकन बहुतै सन्मान गरी राजाको जय होस् भन्दा कारणले बैष्णवी पीठमा साधन गरी सोधन नाम गऱ्याको गुभाजु मन्त्र शास्त्रमा जान्या थियो र साधन गर्न्याको चरित्र बुझन पठाउँदा सोधन गुभाजुले रात्रिमा जाई साधन गऱ्याको भ्रष्ट गरी यही साधन गर्दामा थाप्याको मोहनी पाई गुभाजुले पाइनह मवहादेव भनाई दुनियालें पूजा मान्य गराई वहुतै उपाधिसँग अहंकार गर्न्या पछिबाट मत्स्येन्द्रनाथ नै हुन् भनी शिरको छत्र चिन जांदा समाई ल्याई माऱ्या । अघि साधना भ्रष्ट गरिदिदा विष्णुदत्त ब्रह्मचारिले बहुतै रिसाई श्राप दिया । आफ्ना देश फर्कि गया ।

यहांपछि गोर्खाको अवश्यनै राज्य होला भनी श्राप दिँदाभया । नीचका बुद्धि लीकन राजाप्रति

CC-0. In Public Domain. Digitization by eGangotri



मन्त्रीले मन्त्र शास्त्र भ्रष्ट गर्‍या । यहाँपछि ब्राह्मण देवताकन सन्मान गर्‍या गोर्खाका राजाले यो नेपाल राज्याभिषेक पाउला । ब्राह्मण देवताकन सन्मान गर्न्या उत्तरोत्तर वृद्धि होला भनी ब्रह्मचारि विष्णुदत्त मैथिलले आज्ञा गरीं गयाको छ ।

यहाँपछि राज्यप्रकाशमल्लले नाना प्रकारले प्रजालाई पीडा दीकन बौलाहाको स्वभाव भै नानाउपद्रगर्‍या । संवत् ८७३ चैत्र मैह्नामा राज्यप्रकाश मल्लका पुत्र राजकुमार परलोक भया । यही बखतमा गोर्खाका राजाले नेपाल खाल्डामा प्रवेश गरी दहचोक फर्पिङ आफ्नु गरी राज्यको चलन गरिरह्या । यहापछि गोर्खाका राजा पृथ्वीनारायणशाहले नेपाल खाल्टाभित्र प्रवेश गरी पाठनका लगाको थोरै ग्रामहरू दखल गर्दा संवत् ८७७ कातिकमा वुङ्मती रह्याका मछिन्द्रनाथकन पाठनमा ल्याया । नेममा रह्याका गुभागुहरूले बोकाई ल्याउनाले ग्रामहरूका मानिस सहर जान नदी सहरका मानिस ग्रामहरूमा जान नदी राख्दा पाटनका काजीहरूले केही रुपैंया गोर्खाका राजालाई दीबुझाई ठेंबु बाडे ग्राम चापागाउ ठेचो सुनागुठी खोकना वुङ्मती फर्पिङ यति ग्रामहरू छुटाई लिया । यिनै ग्रामहरूबाट घर्षरी उठाई रुपैंया जंमा गरी गोर्खाका राजालाई महाजन हरूसँग सापट्ली टारिदिया ।

फेरि गोर्खाका राजाले थाङ्कोट् बलम्बु एतुंगल दहचोक दखल गर्‍री राख्दा कीर्तिपुर दखल गर्न निमित्त झंखेलमा ठाना बस्न आउंदा विश्वजितमल्लका सेना र जयप्रकाशमल्ल आफैं आई लडाइ गरी गोर्खाका काजीहरू सबै यिनिहरूकन मारी हटाया । गोर्खाका राजा पृथ्वीनारायणशाह जीवको शंसय गरी दहचोक चढी भागी गया । राज्यप्रकशमल्लका रोग साह्रै भै नाना ज्योतिष शास्त्रमा बिचार गराई समय अनुसार उपचार दान कर्म चाहिँदो गराई नाना औषधि गराउँदा पनि रोग शमन नभै संवत् ८७८ शुक्ल सप्तमी पर अष्टमीका दिन परलोक भै गया ।

यहाँपछि भिरख्वाल धन काजीले नुगलको विश्वजितमल्ल १८ बर्षका उमेर भएकालाई ल्याई सिंहासनमा बसाई उपाध्या मन्त्री प्रजाहरुसँग सम्मत गरी बिश्वजितमल्लकन संवत् ८७८ आश्विन शुक्ल ९ का दिन राजा थाप्या । भोगवर्ष २।९ यिन राजाले प्रजा प्रभृतिकन सुख दी राज्यको चलन गरिरह्याका थिया । यिन राजाले कालिदास काजीकी छोरी चाकुवहाल काजीका छोरालाई दियाकी भयजूथकुं राजाले ल्याई स्त्री गरी राख्या र चाकुवहाल प्रमाणका छोराले कालीदासकी छोरी देवीदास र तघिधनको बल पाई राजामाथि दगा गरिरहँदा एकदिन विश्वजितमल्ल राजा मछिन्द्रनाथका दर्शननिमित्त जाँदा मछिन्द्रस्थानमा मुहुडा फिराईराख्याको देख्या र राजाले आज किन लोकनाथकन टेढो गरी कन राख्याको भनी हुक्म हुदा अरू साथका मानिसहरूले सदाका माफिक रह्याकाछन् भनी विन्ति गर्दा राजाका मनमा आजमलाई क्या भयो भनी आश्चर्य मानी दर्शन गरी फर्कंदा सिंढ़बाट लोट्या । त्यहाँपछि दर्बारमा आया यसै दिन चौकाठका पंच झयालमा रह्याका थिया । उसै भखत चाकुबहाल प्रमाणका छोराले ढुंगाले

CC-0. In Public Domain. Digitization by eGangotri



हानी भाग्या । राजालाई लागेन । यसकी स्वास्नी मैंले राख्यो भन्न्या मलाई हान्याको हो भनी रीसले राजाले केही नभनी चुप लागिरह्या ।

त्यहाँपछि राजाकन साथमा रह्याका काजी प्रधानहरूले राजामाथि यस्तो गर्न सक्न्यालाई समाइ ल्याऊ भनी भयालबाट भित्र पसी काज हरू आफ्ना आफ्ना घर गया प्रजाहरु जाई चाकुबहाल काजी काघरलाई घेरा दीयार चाकुबहाल प्रमानका छोरा दुई भाइले अबहाम्रो जीव रक्षा हुन्याछैन सक्यारू-म्मको पौरुष गर्न्या हो भनी जीवको माया मारी दुइ भाईले तर्बार खिंची पट्टाखेली जाई घेरा दिन्या-हरूकन धपाया । प्रजाहरूकन मारी आउनु भन्न्या हुकुम थिएन र मारेनन् । समाउन भन्न्या सकेनन् ती दुइ भाइले हटाउदा हटाउंदा भीमसेनस्थान नघाई धपाया । दर्बारका ढ़ोकाहरूमा रह्याका मानिसहरू· पनि दब्दा एक कोही ढ़ोकाबाट पसी दर्बारभित्र ज्याँदा राजाले खबर पाई तलेजुमा लुक्न भनी जाँदा चाकुवहाल प्रमाणका छोराले शस्त्र हातमा ली केवल मार्न आँगी लगारी ल्याउँदा विश्वजितमल्ल राजाले अवमेरो जीवरक्षा हुन्याछैन भनी डराई कम्म्रबाट शस्त्र हातमा ली पेट चिरी संवत् ८८० भाद्रवदि १४ का दिन प्राणत्याग गर्न्या । यस्ता तरहसंग राजा विश्वजितमल्लकन परलोक गराई चाँडै फर्की देशत्याग गरी मधेसतर्फ भागी गया । त्यहाँपछि काजीहरूले थाहा पाई दर्बार आइँ बहुतै दुःखित भयापछि धनवन्त काजीले उसै बखत कान्तिपुर जाई जयप्रकाशमल्लका हजुरमा पुगी जुनकन बाबा भनी मानिरह्याथ्यौं तनकन नरचाकुवहाल प्रमाणका छोराले दगागरी अन्तकाल पार्न्या । अब हजुरकन बाबाभनी मात्र आया भनी विन्ति गर्दा जयप्रकाश मल्लले माया गरी ललितपत्तनमा आया । राजा मरण भयापछि विश्वजितमल्ल का महातारिले बहुतै विलाप गरी रोई भयालमा बसी प्रजाहरूकन मेरा पुत्रकन यहाँसम्म आपदा पर्दा क्या हेरिरह्यौं भन्दा प्रजाले केही विन्ति गर्न सकेनन् । सबै टोलाई रह्या र प्रजोहरूकन औ-सरमा वान न आवस् भनी श्राप दी छोराका संसर्ग गरी सती गइन् ।

यहाँपछि संवत् ८०० साल भाद्र वदि १४ का दिन जयप्रकाशमल्ल राजा भया । भोगवर्ष १।२ यिन राजाले हुकुम चलायाको देखी डरमानी टेकु दोभानतिर जाँदा उतैतिरबाट धपाई कान्तिपुर पठाया। यहाँउप्रान्त पाटनका काजीहरूले भक्तपुर जाई रणजितमल्लकन बुझाई संवत् ८८२ साल ज्येष्ठ मैह्नामा ल्याई ललितपत्तनमा राजा थाप्या । भोगवर्ष १।। यिन राजाकन मन नपरी शंखमूलमा श्राद्ध गर्न जादामा तेसै बाटो धपाई पठाया । फेरि यिनै प्रमाणहरूले कान्तिपुरका जयप्रकाशमल्लकन अनेक तरहसँग बुझाई ल्याई राजा गर्न्या । मैह्ना ६ राजा भया उप्रान्त काजीहरूसँग चित्त नमिल्यो राजा जयप्रकाशमल्लले दगा गरी कान्तिपुरका देवानन्द उपाध्याकन पाटन पठाइ धालाछे काजी धनवन्त भिखाधन आदि यी प्रधानहरूकन जयप्रकाशमल्लका आज्ञाले सात पुर्खाको धर्म दी सत्यवाचा गरी कान्तिपुर लग्या । यहाँपछि जयप्रकाशमल्लले सत्य छोडी छदटै काजीहरूकन बन्धन गराया । भिखाधन काजीले जयप्रकाशका

CC-0. In Public Domain. Digitization by eGangotri



बन्धनमा रहन्याछैन । पृथ्वीनारायणशाहकन सलाम गर्न्याछैन भनी प्रतिज्ञा गऱ्याको थियो र बन्धनमा पर्दा कम्मरबाट शस्त्र झिकी मुटुमा रोपी प्राणत्याग गऱ्या । यस कुरामा पाटनका प्रजाहरूले थाहा पाई हुल उठी रात्रीमा अटकनारायणका स्थानसम्म पुग्दा जयप्रकाशमल्लले खबर थाहा पाई २ जनालाई मारी ५ जनालाई समाई हटाई पठाया । यहाँपछि ५ काजीहरूकन स्त्रीको पोशाक पैह्राई आत्रु ली फजित गरी छाडी पठाया ।

जयप्रकाशले पाटनका काजीहरु कन बन्द गरी राजा काजी शून्य भै रहँदा पाटनका प्रजाहरु जाइ गोर्खाका राजा पृथ्वीनारायणसाहकन राजा गर्नुपऱ्यो भनी बिन्ती गर्न जाँदा राजाले आफ्ना भाइदल मर्दनसाहकन आफ्नु साटो छाप चिन्ह दी पठाया र नेपालि संवत् ८८४ माघ शुक्ल पुर्णीमा शुक्रबार का दीन पाटन सहरमा प्रबेश गराई राज्याभिषेक दिया । थोरै दिन व्यतीत भयापछि नुन कपास राजा पृथ्वोनायण शाहले पठाई नदिँदा यस कुरामा प्रजाले दलमर्दनसाहकन भन्या । हामी प्रजाकन सुख होला भन्ना कारणले हजुरकन राजा थाप्यौ । नून कपास झिकाइदेउ भनी विन्ति गर्दा राजा दलमर्दन साहले केही धन्दा मान्नु पर्दैन झिकाइदेउला भनी दिलासा दी राख्या ।
यहाँपछि दाज्यु पृथ्वीनारायणशाहकन पत्र लेखी पठाउँदा पनि दी नपठाउँदा छ प्रधानहरू र प्रजाहरू मिली राजा पृथ्वीनारायणशाहको नाम काटी कारण गरी दलमर्दन शाहकन राजा थाप्या । भोगवर्ष १ त्यहाँपछि पृथ्वीनारायणशाहमाथि बधाई तैपनि नून कपास दी नपठाउँदा प्रमाणहरू प्रजा रिसाई दलमर्दनसाहकन छेकी पछिबाट छाडी पठाया ।

यहाँपछि संवत् ८८५ वैशाख शुक्ल १२ बृहस्पतीवारका दिन पाटनवासी ठाकुर तेजनरसिंहमल्लकन राज्याभिषेक दिया। भोगवर्ष ३ यही साल गोर्खाली नेपालमा प्रवेश गरी ठाना राख्या । ठानामा रहन्याहरूसीत सत्य विश्वास गरीकन तिमीहरूबन मान्याछैन भनी निदानमा सबैकन मारीदीया । २ सर्दारहरूकन समाई नुवाकोटमा लगी सास्ती दिंदा नदीमा डुबाई दुख दिंदा एक जना मऱ्यो। धनवन्तका छोरा वीरनरसिंह मरेन । चौकी राखी कतै जान नदी राख्दा पछिबाट तेरा बाबुलाई चिठी लेख फलाना गाउं हाम्रा हात पारिदेऊ त्यहाँपछी छोडिदीउंला भनी केही गाउँ हात पाऱ्या । पछीबाट नेलमा रह्याका वीरनरसिंहले नेलैसँग त्रिशूल गंगामा फाल हाल्दा चोकीदारहरूले फेरि समाइ राख्या । यस्तै समय धेरै चिठी गोर्खाका राजा पाटनका काजींको उत्तरा उत्तरीं हुँदै थियो । काजी धनवन्तका छोरा वीरनरसिहले बाबुकन चिठी पत्र लेख्दा छोराको मायाले पृथ्वीनारायणशाहबाट चिट्ठी पत्रपठाई झिकाउँदा पाटनका काजीमान छोडी गोर्खाका भरमा गया । यही साल श्रीबज्रयोगिनीका निधारमा अकस्मात रक्तका बिन्दु देखिया । वैशाख कृष्ण १४शनिश्वरबारका दिन बालाज्यूका कोटमा गोर्खाका का सैन्यले प्रवेश गऱ्या ।

CC-0. In Public Domain. Digitization by eGangotri



संवत् ८८६ नष्ठचैत्र शुक्ल ९ का दिनका रात्रिमा कीर्तिपुरमा गोर्खाले प्रवेश गऱ्या। देश प्रजाहरू सान्मे देखापर्न्या आइलाग्न्याहरूकन समाई मार्‍या। पछिबाट अघि कालुपाड़े आदि सर्दारहरूकन र शूरप्रतापशाहका नेत्र तीरका प्रहारले फोरिदिया भन्या रिसले कीर्तिपुऱ्या प्रजाहरू १२ वर्षभन्दा बढ़ी उमेर भयाकाहरूकन नाक काट्या। भागी दवी रहन्याहरूमात्र बाँच्या। यहाँपछि संवत् ८८७ साल पौष कृष्ण दशमीका रात्रीमा प्रजाहरू सब जम्मा भैं चिराक बाली दगाछोडी कीर्तिपुरका कोट घरमा प्रवेश गराया। यहाँपछि संवत् ८८८ भाद्र शुक्ल १४ उत्तरफाल्गुनी नक्षत्र सोमवारका दिन गोर्खाका राजा पृथ्वीनारायणशाहले कान्तीपुर प्रवेश गऱ्या। पछि जयप्रकाश भागी पाटनमा आया। त्यहाँपछि आश्विन वदि ७ का दिन पाटनका तेजनरसिंहमल्ल र जयप्रकाशमल्ल दुवै भागी भक्तपुरमा गया। पाटनका काजी सयख्वाघन भोजनरसिंह सयमजा सिपाइहरू सब भक्तपुरमा गया। यहाँपछि संवत् ८८८ आश्विन वदि ११ शनिश्वरवारका दिन गोर्खाका राजा पृथ्वीनारायणशाहबाट ललितपत्तन दखल गऱ्या। त्यहाँपछि मिश्रज्यु बाहाबल राजाधनवन्त सिं प्रमाण तथिप्रमाण कीर्तिलक्ष्मी सिं यी ६ जनालाई पाटनको भारा दिया। यहाँपछि यी प्रधानकन बोलाईं स्वथ घरमा सल्लाह हुदा मिश्रज्युले तिमीहरू छ जनालाई छल कपट मैले गर्न्याछैन भनी जनै मूठीमा पानी ली सत्यवाचा गऱ्या। बाहाबल रानाले ढ़ाल माथि तरवार राखी तिमीहरूमाथि मैले छल कपट गऱ्या यी भवानीको कुदृष्टि लाग्न्या छ। पछि संवत् ८८९ पौषमासमा राजा पृथ्वीनारायणशाह पाटनमा प्रवेश गर्दा सिन्दूर जात्रा गरी ल्यायापछि छ प्रधानहरूकन पाउरखवारी ल्याई समाई कान्तिपुरमा लगी सर्वस्व हरण गरी सन्तान मास्या। यिनिहरूमध्ये यगुबहालको प्रधान भागी मधेसतिर गया। कसैले फेला पार्न सकेनन्। अरू पाँचै प्रमाणहरूकन हुल्याहा हुन भनी यमलोक पठाया। पाँचै मयजु सती गइन। धनवन्तसिंह शरण आयाको हुन्याले बाँच्या। सबै जग्गा जमीन घर खेत फोई बक्स्या। ६० खेत जागीर बुङ्मती खुवा गरी १२५ घोडा तैयार गर्नु भनी भारा-बक्स्या। यस्ता तरह संग राजा पृथ्वीनारायणशाहबाट निकट गरी राज्य गर्दाभया।

## कान्तिपुर

फेरी कान्तिपुरको विस्तार कहिन्छ। शिवसिंह मल्लका ज्येष्ठ पुत्र लक्ष्मीनृसिंहमल्ल संवत् ७३३ मा राजा भया भोगवर्ष ११ यिन राजाका पालामा आफ्ना कष्ट कालमा आयिसह्यार गर्न्या भनी संझी रजकपुत्री फिकुंचा परुँचाकन डोली पठाई लिन पठाउँदा डोलीमा बस्न्या हाम्रो रीत छैन भनी देवपत्तनमा आई राजासित भेट गरी जलबन्ध मोचन गराया। धेरै खेत मागो गुठी राखी रानीगुठी भनी मनाया। राजाले यिनिहरूमाथि बहुतै आग्रह गरी खुसी गराई पठाया।

यहाँपछि नित्यानन्द स्वामीले श्रीपशुपत्तिनाथकन ढोग दिदैन। यस्ता पूजाहारी राखी बढ़िया छैन भनी कोही दुर्ज्जनले राजालाई सुनाउँदा राजा आफै जाई हेर्न जाँदा स्वामीले अर्थ बुझी केही न-

CC-0. In Public Domain. Digitization by eGangotri



बोली नित्य पूजा सकी बाहीर आई चण्डेश्वरी पूजा गरी आई कामदेवकन ढोक दिया र कामदेवका पादुका भंग भै खस्या । फेरि धर्मशीलामा ढोक दिदा धर्नशीला फुट्यो । दुइ चिरा भयो । फेरि दक्षिणदर्बाजाभित्र पसी दण्डवत् प्रणाम गर्दा त्यो शीला पनि दुई टुक्रा भै फुटयो । फेरि हर हर भनी भित्र जाई श्रीपशुपतिनाथकन सिरले छुवाई दण्डवत गर्न तयार पर्न्या बेलामा स्वामीकन बलले समाई राजाले कर जोरी बहुतै प्रार्थना गरी बुझाई स्वामीदेखि डर मानी राजा कान्तिपुर फर्क्या । यिन दिनदेखि स्वामीले मेरा गुप्त प्रभाव खोल्नुपर्‍यो भनी दिक्क भै संसारमा रहनको इच्छा त्याग गरी नित्यपूजा सकी बाहिर आई नैऋत्य कोण मा खडा भै पकडो ३ भनी तीन वार नित्य भनि रह्या । थोरै दिनपछि यी नित्यानन्द स्वामी समाधि ली प्राण खैंची शून्यमा गया । यी स्वामीलाई उनका गुरुले यो गुप्त प्रभाव खुलन गया पछि तैंले प्राणको माया नराखी संसार त्याग गर्नु भन्न्या वाचा थि–यो र स्वामीले प्राणत्याग गर्‍याको हो ।

यिन राजाले श्रीगुह्येश्वरीदेखि वाग्मतीमा जग वसाई ल्याई श्रीपशुपतिका स्थानको चरणोदक वाग्मतीमा पर्न्या गरी नाल वनाई जल चढ़ाया । संवत् ७५३ माघ शुक्ल ७ का दिन श्रीतुलजा भवा–नीकन सुनका चदुवा चढ़ाया । दीपमाला मवालाख बाली कोटेश्वर मखनमा गुदाल राखिदिया । भित्र ठूलो घण्टा चढ़ाया यिन राजाका २ पुत्र थिया । जेठा प्रतापमल्ल कान्छा भीम मल्ल थिया । ११ वर्ष राज्य भोग गरिसक्दा मन्त्री वर्गका खेलले जेठा छोरा प्रताप मल्लले बाबुको टीकाहरण गरी राजा भया । भीम मल्ल बहुतै बुद्धिमान् अबतारी पुरुष हुनाले बालपनैमा मन्त्री भया । बाबुको टीकाहरण छोराले गरी बन्द गरी राख्या र मन हरी वात रोगले पीडा गराई रह्याका थिया । राज्याभिषेक पाया उप्रान्त ४४ वर्ष बाँची आफ्ना पुर्खादेखि कुलमा चल्याको तुलजा जगाउन्या महामन्त्र बाबाबाट पायाको मन्त्र छोरा प्रतापमल्ललाई दिननपाई मन्त्र लोप गरी नेपाली संवत् ७७७ आद्रकृष्ण १३ शुक्र–वारका दिन परलोक भया ।

अस्य पुत्र प्रतापमल्ल राजा भोगवर्ष ११ यिन राजाले बाबा छँदै बाबाको टीका हरण गरी संवत् ७४४ मा राजा भया । यिन राजाका पर्यायमा श्रीदक्षिणकाली प्रसन्न भै मलाई मूर्त्तिमान् प्रकाश गर भनी-स्वप्नविषे प्रसन्न हूँदा राजाले याद नगरी रहंदा फेरि कन्या कुमारीमा प्राप्त भैं मेरा स्वयम्भू मूर्त्ति अप्र-काशित छ । मलाई मूर्ति बनाई स्थापना गर महामारी भय निवारण होला आयुवृद्धि होला स म्राज्य प्रख्यात होला भनी आज्ञा हुँदा राजाले अबत नबनाई भएन भनी मूर्ति बनाउन लाया । जब सक्याथ्या यहाँपछि फेरि त्यो मूर्ति मेरो अप्रकाशित ध्यान हो त्यो दर्बार भित्र स्थापना गर भनी स्वप्न प्रसन्न हुदा दोस्रा मूर्ति बनाया । श्रीनृसिह भट्ट लम्बकर्ण गुरु पाई यिनका द्वाराले श्रीदक्षिणकाली श्रीसुन्दरकाली अष्टमातृकाकन दक्षिणभागे पूर्णवती गंगा वामभागे उद्धारवती गंगासंगम श्रीस्वयम्भू दक्षिणकालीवास्थान

CC-0. In Public Domain. Digitization by eGangotri



निकटमा श्मशानवासी प्रकाशस्वरूप महाकाली सुन्दर कालीकन सहस्र बलि नरबलि महापूजा को-ट्याहुति यज्ञ गरीकन प्रतिष्ठाकर्म विधान पूर्वक पुऱ्याई वैशाख शुक्ल ३ का दिन स्थापना गरी विराजमानगराया। श्रीसुन्दरकालीकन र आफ्‌ना राजकुलमा मोहनचोक बनाई त्रिशक्ति षडाम्नाय दशाम्नाय षोडशाम्नाय मूर्तिमा मूर्ति प्रतिमा चौसट्ठी जोगिनी आवरण देवता संयुक्त गरी श्रीसुन्दरकालीकन स्थापना गऱ्या।

यिनै फर्पिङ्का ईश्वरी प्रसन्न हुँदा असंहरव्य धन द्रव्य कुबेर संतुष्ट भै ऐश्वर्य पाउदा भया। श्रीगुरु नृसिंहभट्ट राजा प्रतापमल्ल मन्त्री भीममल्ल यी तीन जनाका सम्मतले ईश्वरीकन स्थापना गर्दा ईश्वरीका प्रसादले भोट राज्य लासा कुती अम्बल गरी धेरै दौलत प्राप्त हुँदा मोहन चोकमा पाँच कोटि द्रव्य भण्डार थाप्या। चार कोणमा चार ध्वजा खडा गरी जलधेनुमा षोडश प्रकारका अक्षर लेखीं राख्या। फेरी कोटि धन खर्च गरी परलोक उद्धार इह लोक ऐश्वर्य साम्राज्य पाउनको कामनाले श्रीदेगुदले भवानीका मूर्ति बनाई आफ्‌ना मूर्ति बनाई सालिकथाप्या। श्रीपंचमुखि हनूमानका मूर्ति देवालय बनाई भित्र स्थापना गऱ्या। फेरिदोस्रा हनूमान्‌का मूर्ति बनाई राजद्वारविषे स्थापना गरो हनूमान् ढोका भवो नाम प्रख्यात गरिदिया।

बावा लक्ष्मी नृसिंहमल्ल वात रोगले पीडा गराई दुःख पाइरह्याका थिया। यिनका मन्त्री भक्तपुरका कांचगल नरदेव काजी थिया प्रताप मल्लका काजी प्रतापध्वज मदु जोशो थिया। प्रतापमल्लले राजकाज गऱ्याको देखी बाबा लक्ष्मीनृसिंह मल्लले मनमा संताप छोडी मन हर्ष गरी भन्या कि मैले गुरुका सामर्थ सूनोकन गुरुका प्रसादले गुटिका लिन सामर्थ भयाँ। धन्न्य मेरा गुरु भन्नु यसो भया पनि पुत्रले पुर्खाको नाम राख्यो। मेरो मनमा दुख छैन गुरुका कृपाले मेरा पुत्र उद्धार भयाको देखिसक्याँ। अघि मात्र मेरा मनमा दुःख भयो। पछिबाट मेरा चित्तले देख्या। भक्तपुऱ्या मन्त्रीका बुद्धि सुन्नु रहेनछ। त्यसैका बुद्धि मैले सुन्दा छोराले यस्तो गऱ्याको हो उत्तरपट्टिका राज्यभोग गर्न पाउन्या गरी गुरुबाट कृपागरो प्रसन्न भयो। मेरा गुरुका कृपाले चतुर्दिग्को भुक्तमान होला भनी कृपा भयाको बुद्धि भयो। भक्तपुऱ्याको बुद्धि सुनी घर कलह कुटुम्ब नाश भयाको देखिसक्याँ भनी लक्ष्मीनृसिंहमल्लले भन्या।

महारानी र भीममल्लकी रानी बहुतै मिल्याका थिया। आफ्‌ना कुलमा सिद्ध पुरुषले उपदेश गऱ्याको काम संझी पीयदेवता कोटेश्वरसम्म सडक बाग शास्त्र मर्यादाको सहर प्रजा दस्तुरबमोजिम बन्दोबस्त र यस्तो घाट तयार गर्न सक्या। यही इन्द्रासन भएथ्यो। छयासी हजार योजन हिड्नै पर्दैनथ्यो भनी दुइ जना रानी बसी कुरा गऱ्याको राजा प्रतापमल्लले र भीममल्ल मन्त्रीले सुन्याछन् र यिनै कुरा पूर्ववृत्तान्त सुनी वीरा पेठमा चिर शक्तीले सृष्टि हुन्छे भनी राजा प्रतापमल्लले र मन्त्री भीममल्ललाई धन पूर्ण गरी कार्य सिद्धि गर्नानिमित्त देश देशमा तिमीले गऱ्याको थिति प्रजा प्राणीले

CC-0. In Public Domain. Digitization by eGangotri



मान्नु भन्या बन्देज गरिदिन्छु सकौला भाइ भनी हुकुम गर्दा भीममल्लले विन्ति गऱ्या । भोट मधेस पहाड जाई बुझी बसी बन्दोबस्त गरी प्रजा त्यस सल्लाहमा राखी दौलथ कमाई ल्याई घाट् पाट् सहर जग्या । देवताका नामले टोलै बोलाई वैकुण्ठ जस्तो गरी सिद्ध पुरुषको आज्ञा श्रीपशुपतिनाथको इच्छा हजुरको कलियुगमा वीरकीर्त्ति रहन्या काममा थिति गरी बक्स्या । टहलमा म भरिसक्य गरी पुऱ्याउँला भनी बिन्ति गऱ्या र उही उद्योगनिर्मित्त राजाले बन्देज बाँधी भीममल्ल मन्त्रीले गऱ्याको स्थितिमा सबै प्रजाले राजी भै सामेल रहनु भनो सहर सिमानामा डंका बजाइदिया । तीमीमल्लले पनि मधेस पहाड भोट राज्यतक सर गरी मिलाप राखी सौगात पत्र पठाई राज्यको सोझो चिताई प्रजा मिलाई थितिबाट टकसार रीत भात श्रीपशुपति आर्याको पूजा सज्जन पण्डित पुराण जोगीहरूमा भक्तिसँग मिलाप राख्दै धर्म मार्गले आयाको धन जम्मा गरी ढुकुटी भन्या नाम खजाना राख्या । पहाड मधेस सर गर्न उद्योग गरिरहन्याहुन्याका थिया ।

यस्तै बखतमा मन्त्री भीममल्लले श्री भीमभक्तेश्वर महादेव स्थापना गरी देवालय बनाउँदा भक्त पुऱ्या मन्त्रीको बुद्धिले तुलजाका देवालय भन्दा अग्लो भै तुलजा अप्रसन्न हुँदा बहुतै मेहनतसित तीन दिनमा बनाइसक्याको देवालय एकैदिनमा भत्काइ डेढ़ वर्षभित्र पनि सिध्याएनन् । यस्तै बीचमा उत्तरापथबाट कल आउंदा राजा प्रतापमल्लले भीममल्ल मन्त्रीकन वकील गरी उत्तरापंथ राज्य गर्नको मनसुवा गरी पठाउँदा मन्त्रीं भीममल्लले भक्तपुऱ्या मन्त्रीको कपट बुद्धि थाहा पाई पछि मलाई चुक्ली गरी बिगार पर्ला फर्की आउन पाउन्या छैन भनी चोताई पत्र लेखी आफ्ना तकियामनि यस्ता तरहका बेहोरा लेखी राख्या । भक्तपुऱ्याका बुद्धिले राज्य नासला, पछिबाट राज्य हुन जाला । मेरा बाबाका बुद्धि छैन भन्दा झन्सारो मेरा दाज्युको बुद्धि रहेनछ मलाई विदेस पठाउनको मनसुवा न गऱ्या । परन्तु वाग्मती पूर्वपट्टिका मनुष्यको विश्वास सुंन्याको नेपाल धाम रहन्या छैन । उप्रान्त टीकाधारीको आज्ञा सुनी जान पऱ्यो भनो मैले धंधा लियाको होयिन परन्तु मेरा फर्की आउन पाउला भन्या आँखा देख्दैन भनी यस्ता तरहको पत्र लेखी गयाथ्या । राजा प्रतापमल्लले भाइ भीममल्ल मन्त्रीकन बाह्र वर्षको विदा बक्सी साखुसम्म राजा आफै जाई भाइकन भोटतिर पठाई सहर फर्की आया । भीममल्ल मन्त्री पनि मुलुक सर गर्दै भोट जाई विस्तार लेख्दै बुझी हेर्दा सर्वत्र सुन चाँदीका खानि राइन्या गुप्त मार्गका ज्यादा भन्या गुतुक् जानी कहिन्या ल्हासादेखि वायव्य उत्तर दिशातिर १ ।२० दिनका रस्ताभित्र मानु । पानी जम्याको बालुवा नून उतैतिर सुन खानि एक बित्ता जमीन खन्या पछि सुनका झुकैं झुर्का धेरै मिल्न्या पानीले पखाल्या र बुझी सुन् देखिन्या ल्हासादि गर्न्या गैह्रका भोटे महाजनका फौज एकट्ठा भै हतियारतिर तिर कनान गैह्र त्रो खचड च्याङ्ग्रा भेडा गधालाई सत्तु चिया बोकाई गुड्डुक् जातिका देसमा जाई सुन सत्तु चिया बरोबर साटो नून मफतैमा रित्ता खचड गैह्रमा बोकाई ल्याउन्या एक्लै

CC-0. In Public Domain. Digitization by eGangotri



५।७।१५।२०।६०।७० जना सम्मेलन जाई सक्नु गुरुक जाति भूत जस्ता मार्नाकन कत्ति दया नभयाका जस्ता भोक लाग्या वेपारीका मुख्याजी च्यांग्रो समाती दातले घोक्रामा च्या पीतातो रक्त पिउन्या यस्ता तरहका मानिस का हातमा द्रव्यको खानि रह्याको थाहा पाई भीममल्ल सामर्थीवाला थिया र मनमा विचार गऱ्या कि तिनीहरू सँग सलुक् गर्न सक्या सिद्ध पुरुषको आज्ञा श्रीपशुपति आर्यको इच्छा कलि-जन्मको वीरकीर्ति महाराजको सोझो टहल पुऱ्याया भनी टागनमा सवार भै थोरै मानिससाथ ली सलुक गर्दै जांदामा बाटामा सिद्ध पुरुष सँग भेट हुँदा सिद्धले तिमी को हौ कता बाट आयौ । कहाँ जान्छौं किन जीवको माया मारी जान्छौं भनी भन्दैमा तपस्वी देखि घोडाभाट उत्री साष्टांग प्रणाम गऱ्या । श्रीपशुप-तिआर्यको इच्छा हाम्रा राजाको टहल तपाईंका दर्शन पाउनु मलाई जन्माउन्या मेरा बाबा महातारी धन्य हुनु भनी अश्रुपात गरी विन्ति गर्दा सिद्ध पुरुष खुसी भै चीन डिल्ली भोट सर भोग तप योग जो गर्न उनका अवतारलाई त्यो काम सिद्ध छ । सोही राजा काजी पछि नेपालमा सत्यवादि हुनन् त्यो कीत उनै हरू गर्नन् पुऱ्याउनन् तिमि वीरवरहौ छासुकामिनिमा जाइ तम्री रानी लाइ पत्रनेषि संगवसो तिनिहरू योग तपगर फेरी जन्मौला उहाँबेरै अनाचार ढ़े कोछ मर्ज्यादा न पुग्दामा जन्म लिएका तपस्वी जन्मो वाह्रहज़ार कालिगढ़ फौज जमाई कार्ज्य सिद्धिगर्नन् तिमिलाइ मैले कायाप्रवेशबिद्या दिन्ना यही ज्ञान रानलाई पनि भनि पठाउ भनी सिद्ध गया । उप्रान्त लासाका अजित लामाले भिममल्लकन भोट्का महाकाल स्वरूप देषि वहुतै सन्मान गरी मित्रता गरी मिल्या पछि दाज्यू प्रतापमल्ल राजाकन मोहन चोकमा भंडार राषन निमित्त भनि ५ करोड़ द्रव्य दी पठाया । फेरो भिममल्ल पाकुमा आफ्ना हातका पांच अगुलाको छाप चिह्न राषि द्रब्यराषि छाड्या । मुलुक सर गर्दैथिया भिममल्ल मन्त्रीले वहुतै राजा-कोसोझोगरी सहरमा महाजन हरू राखी कोठीहरू ३२ कहलाइ भोटान्तरमा महाजन पठाइ आफु पनि लासामा जाइ वेपार गराइ सुनु चादिका धारा वहाई नेपालमा ल्याइ महाजन हरूमाथोही रूप्यो अरताली आफ्नोगरी कुटिग्राम आधा आफ्नुगरी राख्या । यस्तै वेलामा भक्तपुरका मंत्रिका बुद्धिले तमा काजि भिममल्ल भाइ भनि पठायाको भोट्का राजाभै भोस्यासंग मिलि रजाइ गर्दछन् भनी चुक्ली गर्दा क्याहा भनी संदेह मानी लीन मानिस पठाउदा नस्तै वेलामा भिममल्ल पनि धेरै द्रव्य लाखपल गुनु वोकाइ आया भन्या खबर आयो । जब भक्तपुर आइ पुग्दा भीममल्ल लाईभक्तपुरका राजा मंत्रीले राजाको डबल् निको छैन दौलथ यहि राखी जाउ भनि उतातिर भित्रीचिवां खवर प्रतापमल्ल लाई पठउदा प्रतापमल्ल रिसाइ मन्मा दगालीयां । भिममल्ल जाइ तलेजूको दर्शन गरिराजाको दर्शन गरौला भनि सिंह ढ़ोकाबाट भित्र जाने वित्तिकै कसाहिहरूलाइ तिनुले अघि दूदको गोलपुरो जछौकी रगत्को गोलपुरोज छौ भनी भै गीमार्न छुटायाको ले रिसायाका छन् । उनिहरूलाई काट् भनि अह्राइ राषवरू गोत्रहत्या निमित्त धर्म कीर्ति शिव स्थापना गरी देउला भनि राजा प्रतापमल्लले हुकुम दि राख्याको रहेछ । भिममल्ल आइ सिहढ़ोका छिरि त्रिशूल डवलि पुग्दा दश दाह जनाले पक्रिए तर्वारले प्रहारगरि

CC-0. In Public Domain. Digitization by eGangotri



विवेक नगरी मार्न लाया ।

भीममल्लकी रानी सतीभै स्वैरगत्मा हानको पंजा भिजाई हातको पंजा ढोकामा छापा मार्दा यपढुंगा ढोकाको सोझो जोगर्ना सिद्धपुरूषको आज्ञा पौषशुक्ल ८ सोमवारका दिन महापराक्रसी पर राज्यका राजाले अतिमान्याका दुर्जनका वचन सुनेछन् ता तपस्वि जोगि वाहेक षानु कसैलाई नहोस् भनी आर्य्याघाट्मागै प्राण छोड्या । पनी तिन्को लास चितामा मुर्दादि षिएनन् । ती भिममल्लका रानीले पनि काय प्रवेश विद्या सिद्धपुरुषका आज्ञाको चिठि पाउदा सो ज्ञान पूर्ण भयाको थियो र दुवै स्त्रीपुरुष घोडा चढ़ी जानलागेका लाई सिद्ध पलंभले स्थापना गऱ्याका भगवान् महाकाल स्थानमा भीममल्का भतिजाले देषि आश्चर्य्यमानी वोलाउनपनि नसकी हेरी मात्र रह्या । उनैहरू दुवै जना वार्त्ताचत् गर्दै टागन् घोडा चढ़ो बिस्तारै गएका लाइ रानीपोखरी छेउ धेरै मानीसले देष्या । षिलत् दिनु भन्या मल्लाहको बात् अघी सुनीनुथ्यो पछि काटछन् भनियोथ्थ्यो आजै आइपुग्या भन्या आजै दुवैजना यकै टागन्मा चढि जानुछन् क्या आश्चर्य हो भंदै सवैल हेरिकन मात्रैं रह्या । देउपाटन्मा पुग्दा प्रतापमल्लको भडाऱ्या ज्ञानश्वर मास्कीले भेट प्रणामगरी रोयो क्या आश्चर्य हो भनि विन्ति गर्दा मानिसका हात चिठि पठाइ दियाको छ हामि दुवैको सेवा छ विन्ति गरि दिनु कागत बमोजिम बुझि लिउन् सवै वात दाज्यै जान्येछन् षिलत इ छास्कामिनि जान्छौ भथ्या भनि पनि बिंति गरी दिनु भना अह्राइगया रूदै ज्ञानेश्वर फर्की आइ राजासंग विंति गर्दा मोह भै दोश्रा लस्कर स्मेन ली गएमा यतबाट गया मात्रै भंन्या । भेटाउन कसैल पाएनन् र फकिकागज बमोजिम् बुभदा सव वृतान्त बुझ राजा प्रतापमल्लक वहुतै पछिना मान्या । बाबा लक्ष्मीनृसिंहमल्ल हाय भीममल्ल हाय हाय भनी कान्छा छोरा भनी कांछा छोराका साकल वौलाहा जस्ता भया । त्राहापछि भीममल्ल मन्त्रिका नामन यटषाटोलमा ययाक्रमले शिवस्थापना गरि देवालय वनाइ गुठराषि नित्यार्चन गराया । यिनै राजा प्रतापमल्लले संवत् ७७७ माघ सुदि १५ रोज १ का दिन विश्वरूपका मूर्त्ति ढालि सुन्का जलपसारी लायकुल वहिमा राषिदिया । यहि साल वावा नृसिह मल्लले आफ्ना अंतकाल वेलामा मंत्री हरूका षेलले वावु छोराको चित्त टुट्य को थियो र कस्तैभया पनि यो तुलजा जगाउन्या मूल मत्र हाम्रा कुलमा अघि देषि संतति चलि आयाको कुरा छोरा लाइ दि जानुपर्छ भनी छोरालाइ वोलाउन पठाउदा पुत्र प्रताप मल्लले आइ यक दुर्बुद्धिमंत्रि संग वावाले मलाई वोलाउनु भयाको किन हो भन्दा मंत्रीले भन्या म दिनभरी वहि थिया वोलाउन भयाको होइन तेस छोराकन मार्नपाया हुदो हा भनि भंनु हुन्थ्यो भनि छोडी विमुष भया । त्राहापछि त्यो मंत्रि वावा चाडि संग गएमा छोरा आयेन की भनि सोधदा छोरालाई अनेक तरह संग बुझाई विंति गर्दा पनि त्यस वावुसंग ७ जन्म मा पनि मिल्न नपरोस् भनि भंनु भयो भनि विंति गर्दा लक्ष्मिनृसिह मल्लले वडुतै मन्माफकका गऱ्या यहापछि कलश १ स्थापना गरी कलशमा मंत्रपढि मंत्र स्थापि इनारमा षसालि दिंदा अग्निज्वाला प्र-

CC-0. In Public Domain. Digitization by eGangotri



काशभै उर्द्धमार्गगरी गै मंत्र लोप भयो । प्रतापमल्लले मनमा विचार गऱ्या यिनै काजि नरदेव मर्यासि-काषेत्रले ठुलो कुरो उम्काया । अहंकारिभैं विवेक नगर्दा बाबाकन वेमर्य्यादा सँग राखदा आफ्ना कुलदेखि वलि आयाको मंत्र लोप गराया भनी वहुतै पछितो मान्या ज्ञाहापछि त्यस मंत्रीका वंश नासगरी सबै सहर सहरका आगम षोलि हेर्दा पनि मंत्र मिलेन यस्ता तरहमंग मंत्रका लागी धेरै आगम षोल्दामा दुइ चार ठाउ हेर्न सकनन् पाटन मुलछेमा जाइ ताडपत्र खङ्ग षोल्दा वहुतै त्रास हुन गयो र भागी फर्कि आया यी राजाले तुलजा जगाउन्या मंत्र पायनन् ता पनि वडो सामर्थवान् थिया । यी राजा वडा ज्ञानि तापि वडोश्रुतिधर विरान पनि थिया । तिह्रौत देषि २ रानि ल्याइ विवाह गऱ्या । अघि ठकुरी राजाका पालादेषि लोप भयाको लोकेश्वरको जात्रा फेरि रथारोहण गरी देश घुमाइ प्रतिवर्ष रथजात्रा गराया । फेरे देसि पर्देशि पण्डितहरू जंमागरी विद्या सिकि षोडश जातका अक्षर अध्ययन गरि नेपालमा ठुला ठुला देवताहरूका स्तोत्र वनाई शिलापत्र लेषि स्थापना गऱ्या पशुपतिनाथ अगाडि देवताहरूका स्थान-नमा अद्यापि छदैछन् । फेरि नासल चोक नृसिह नृत्यनाथ तामस गरी सर्वदृष्टि हुन्या लक्षण क्रमले वसाई नासलचोक भनि प्रख्यात गऱ्या । फेरि काष्ठमण्डप संधि एक प्राचीन लिंगाकार भित्र देवालयका नृत्य-नाथका ध्यान निकसि सुंदर मूर्त्ति वनाइकन आफुले वनायाको कविता श्लोक शिलापत्रमा लेषि कवीन्द्र पुर नाम राषि ठुलो सतल वनाइ मडुनासलदेव कहलाइ वसाया ।

फेरि पंचलिङ्गेश्वर भैरव कन अघि लम्बायमान भया लिंग छोपि साना गराय महादेव कन हिं-सागर्छेर् भनि देशि पर्देशि हरूले ठट्टा गऱ्या भनि जलहरि छोपि दिया फेरि भडार षालमा जथा जुक्त गरि वनाइ भुजंग जलशयन नारायण वनाइ राषन सो इच्छाले आदिरूपि नीलकण्ठ जलशयन नारायण स्थानमा जाई वक्साउदा दाश्रामूर्ति उठाइ ल्याइ तलाउ वीचमा वसाया ।

॥ ॥ फेरि यिनै नारायण कन उत्तम शक्ति वर्द्धमान निमित्त वुढानीलकण्ठका जल ल्याइ तलाउमा भर्ने इच्छाले आदि जलशयन नारायण कन धेरै वधिगरा वक्साइ कुलोषनि जल ल्याउदा रानीवन सन्धि पुग्दा कुलो चलेन र महाकष्टपाया । राजाले पनि धेरैकष्टगरी वर्षादन सम्म तहि वसि यहि जलसंग मात्र दवारमा जाउला जल लैजान नसक्या यो राज्यभोग छाडि जोगीरूप धारी देशान्तर जाउला भनी प्रति-ज्ञा गरा इन्द्रजात्राहरूलाई आफु वश्याकै ठाउ भिक्काइ नाच कीर्तन गराया । धेरै मानिसकन माटो वो-काइ पुरी चपगीं लगाई चापातनाजोल् भनि प्रख्यात गरी पानि ल्याया । नवरात्री कर्मकादिन जलसँग आफु आइ पोषरीमा पवित्र जल भरी जलशयननारायण कन स्वभाव गराई प्रतिज्ञा पुऱ्याया । यिनै दिनका रात्रि विषे राजाकन स्वप्ना भयो त्यो स्व नामा आजदेषि तम्रासंतान पर्यन्त राजाहरू ज्ञाहा न आउनु ज्ञाहा आया देषि मरण होला म ताहि आया भनि जलशयन नारायण बाट आज्ञा प्रसंन गर्दा भया । विष्णु पृथ्वीपति इन दिनदेषि राजाहरू वुढानीलकंठ जानुमा रोकिगयो । फेरी केहि दिन पछि जलशयम रानयण

CC-0. In Public Domain. Digitization by eGangotri



ल्यायाका स्थासंधि बाटोका पोषरीमा ठुलो एक भयंकर मूर्ति शिलाको घोप्टोपरि रह्याको छ भनि राजाले सुन्या र आफै जाइ धेरै कारिगर लैजाई हेर्छन् त वडो ध्यान संयुक्त भीमभैरव देषि राजा वहुत षुसिभै सवैलाइ सुनाया। हे प्रजाहरू यी भीमभैरव द्वापरयुगमानेपाल सव तलाउभै रह्यामा डुङ्गामावसी जलविहार गर्न्या आदिरूप प्रभूको ध्यानहो भनि उठाइ दर्वारसंधि दिगुतलेका देवालयका अग्रभागमा उत्तारमुख गरि यथाक्रमले विधि पुऱ्याइ जगाइ स्थापना गऱ्या। इस्थूलकाया भैंरव वड़ो ध्यानले संयुक्त प्रयक्ष भयाका हुन् फेरी विशाल नगरका प्रवीन साकुह्या भनेका स्थानमा कालीनाग मथन गरी रह्याका ध्यानले संयुक्त भयाको नारायण माटाले छोपि रह्याको गरूडसहित कान्तिपुर लैजाइ सुन्दर चोकमा स्थापना गरि वसाया।

गरुडले इराजाकन धेरै दुःख दिया र नारायण धाराका नारायण संधिमा यथाक्रमले वसाया। यि राजाका पुत्रहरू दुइरानीका दुइ दुइ पुत्रगरी चारपुत्र भया पुत्रहरूकानाम नृपेन्द्रमल्ल पार्थिवेन्द्रमल्ल महिपतेन्द्रमल्ल चक्रवर्तेन्द्रमल्ल यि पुत्रहरू सहितभै आनन्द गरी रहँदा समय दक्षिणदेशदेषि एक ज्ञानानन्द नाम षोढ़ान्यासि स्वामि आइ पशुपतिनाथमा वस्याकाछन् भनि सुन्यार आफैजाइ स्वामिसित वसि परोक्षा गर्दा पशुपतिनाथका पूजक जोग्य ठहराई पशुपतिनाथका मन्दिर भित्र प्रवेश गराइ दिया। ईस्वामिले राजाकन शास्त्रकोभेद वताउदा राजा खुसिभै पंचायण मंत्रसंख्या क्रमले काञ्चन छत्र वनाइ तदुपरि आफुले वनायाको कविता भुजंग लेषि ल्याइ कन स्वामिलाइ देषाया र स्वामिलेपनि अर्को ताण्डब मंत्र सहित तन्त्र महाकालोक्त आगमार्थ नृत्यलिला प्रसन्नार्थ छत्र माथि लेषि पशुपतिनाथकन अघि नभयाको छत्र रचित गरी चढ़ाया। अघिका पूजाहारिले रूद्राक्षका झया चदुवा वनाइ चढ़ाउदै गर्थ्या फेरि यि स्वामिले पशुपतिनाथ षुसी निमित्त नीलकण्ठका स्नान मेला पाइ पशुपतिनाथकन नीलकण्ठ गमन भावना राषि श्रावणशुक्ल चतुर्दशिका दिनमा राजा वक्साइ पंचगव्यले वेदवाक्य प्रमाण गरीं देवालय सर्वत्र साधना गरी सूनले बाधि अलंकार प्रक्षालन गरी सवै भण्डाऱ्या कन प्रवेश गराइ नेम क्रिया पुऱ्याइ श्रीपवित्रारोहन नामले गरी सूत रसंख्या प्रमाण धार्नि ७ सेर १ गरि पशुपति नाथकन शास्त्रोक्त प्रमाण गरि चढ़ाया। चतुर्थदिनसम्म कर्मगरी राजाकन पबित्र प्रसाद चढाउनु भनी रीत चलाका। फेरियि स्वामि बडाहुन भनि यिन कन नित्य स्वकर्म गर्ना निमित्त देवपत्तनमा भूतलक्रिया स्थिरासनजपसिद्धि निमित्त घर वनाइ मध्यभागमा उचो आसन वनाई दिया ईस्वामिले तेहि स्थानसंधि सो मंत्र मूल मूर्ति उर्द्धाम्नायनका आवाहन गरी अर्को घर वनाई यथाक्रमन वनाई दिव्यार्चन गरी जाइ पशुपतिनाथका पूजागर्दैथ्या। यः स्वामिसित राजाले सम्मत गरि आफ्ना पुत्रहरूकन राजकुलमा उत्पत्ति हुनाले स्वेच्छापूरणार्थ वर्ष १ राजागरि आफुले गादि छाडि भोग गराया नृपेन्द्रमल्लले गादिमा चढदा पशुपतिनाथ नन्दिमूर्तिकन सुनका कवच वनाइ यथाक्रम नन्दि वसाया।

CC-0. In Public Domain. Digitization by eGangotri



तिनपुत्रले तिन ३ बर्ष भोग गऱ्या पछि चौथा पुत्र कान्छा गादिमा बस्दा अहोरात्र राजाभै शून्य पदवीमागया। यो राजाका नामले छाप मोहर वनाउदा स्वामिले त्रिकोण बालास्त्र पाश अंकुश शर चाप राषि लेषि दियाका हुनाले राजा मरण भयापछि यो मोहर प्रसूतीकालमा कष्टहुदा त्यो छाप प्रक्षालन गरी पिलाइ दिया क्षण मात्रमा प्रसूति हुन्या भै गया। यी राजाका अतिसुलक्षण कान्छा पुत्र अभाग हुनाले बडो कलना गरी इनका नामले धेरै रुपैया खर्च गरी चारै दिशामा गमन गोचर जहां सम्मको हो ताहाँ सम्म पठाइ धेरै तीर्थका जल ल्याइ मगाई नागनलाउ नाम राषि मध्ये भागमा स्वेष्ट देवता राषि रानीपोषरी वनाया। यो पोषरीमा नीलकण्ठका जल भरि सबै तीर्थका जल राषि यंत्राकारले वनाइ नाग शंख फणि राषि संवत् ७९० कार्त्तिक शुक्ल १५ का दिन प्रतिष्ठागरी पुत्रकन उद्धार गराया।

भुवनलक्ष्मी रानीले संपूर्ण गरी पछि रानीपोषरी भनि प्रख्यात गऱ्या। फेरी यि राजाले जामन नाम गऱ्याको कान्तिपुरवासि गुवाहाल सार्मथि १ को हथियो तनसिन भेटगरी बौद्धमतका क्रिया प्रवर निमित्त देशमध्ये गरी यथाक्रमले इटंबाहाल केशोचन्द्र महाजनले राजासित मतो गरी बनायाको हो। फेरी सिंभुका चैत्याकार एकै प्रासाद शोभा छैन भनि स्वेच्छाले पार्श्वस्थ युग्म देवालय वनाउँला भन्दा सिंभुका इच्छा भयेन र राजा कोपी भै छमास सम्म शून्यालय गरि राषि सिंभुकन बल सँगमनाइ पार्श्वविषे देवालय कवीन्द्रपुर प्रतापपुर नामगरी गमना गम वनाई मध्यभागमा बडो वज्र कुलिश वनाई स्थापना गरि बौद्धहरूकन जगाया यस्ता वीर राजा हुन्।

फेरि यि राजाले यौवनावस्था पूरणार्थ स्त्रीभोग लक्षयोनि क्रियापुण्याउन इच्छाले स्त्रीहरूकन बुझाइ मनोमान संग क्रिडा गर्दा तिन हजार ३००० सम्म पुग्दा एक बालास्त्रीसंग भोग गर्दा स्त्री मरण भै गईनुर राजाकन ठुलो पाप भयो भनी पशुपतिनाथ जाई माम तिन ३ लमि कोटिलिंग स्थापना गरी विचमा बाटुला देवालय वनाइ कोटघाहुति यज्ञगरी अघिका विग्ऱ्याको गजुर वनाइ पशुपतिनाथकन चढाया। सबै द्रव्यको तुलादान गरी श्रीपशुपति नाथका दक्षिण दर्वाजामा शिलाको तुला षम्व ४ खडा गरी सब परीवारका मूर्त्ति वनाइ सालिक स्थापना गरी चतुर्थिकर्म गर्दा ग्रामका उत्तर पट्टि धेरै गोचर संकल्प गरी भूदानषेत कहाया। फेरी इन राजाले पशुपतिनाथ प्रारंभ कांतिपुर पर्यंत लिंगाकारले देवालय वनाई शिव स्थापना गरी देव पाद एकका प्रमाण राषि वनाइ स्थापना गऱ्या। फेरि यकै पताकाले श्रीपशुपतिनाथका गजुर देपि वाँधि लै जाइ मोहन चोकका देवता सम्म ल्याँइ बाँधिकन पशुपतिनाथकन पताका चढ़ाया। यति धर्म कीर्ति गरी पाप छुटाया। फेरी इन राजाका पालामा चोवारका नामले वाग्मती बढाइ पशुपतिनाथमा आर्यातीर्थको जल थुनि पशुपतिनाथका निर्माल्य जान्या जलद्वार बाट भित्र जाइ अनेक द्रव्यहरू सबै त्यागगरी कवचमा जडी राष्याको शुद्ध एकमुषि रूद्राक्ष चोरि लै जान तयार गर्दा श्रीवासुकी नागराजाले चाल पाया र अगाध जलमा फाल हालि नाग समाती मारी रूद्राक्ष ल्याइ जल

CC-0. In Public Domain. Digitization by eGangotri



हरिमा राषि गया । यो रुद्राक्ष कस्तो भन्या परापूर्व मोहर्नसि महाजनले नाथका कवच वनाउदा एक संन्यासि रूप जोगी आइ श्रीपशुपतिनाथका दक्षिण मुखमा चढ़ाउ भनि दि गयाको हो। एहि रूद्राक्ष नागले चोरि लै जादा सवैजना जाई हेरि रहंदा जलवगी गया पछि राजराजेश्वरी संधिमा ठुलो नाग एक मरि रह्याको देष्या र राजा छेउ षवर पुऱ्याउदा राजा प्रतापमल्ल गुरु सहित भै आइ हेऱ्या । यहाँ पछि लम्बकर्ण भट्टने शास्त्रोक्त प्रमाण संग नागका गमन सर्वदा बंध गरी वासुकि कन जगाई अघिका देवालयमा जीर्णोद्धार गरी गजुर वनाइ चढ़ाइ दिया फेरि एक वाजा रात्रि ४ प्रहरमा वजाउनु भनि धंपाटि नाम गुठ राषि नित्य भजन गराया । यसै दिनदेषि नागको भय वासुकिका कृपाले निवारण भै गयो ॥ ॥ श्री गुह्येश्वरीका स्थान अघि शंकरदेवराजाका पर्यायमा नृसिंह नाम गऱ्याका महापुरुष कन स्वप्नमा दर्शन दी मलाई प्रकाश गर भनि आज्ञा प्रसन्न हुदा कुण्ड वनाइ स्थान सुन्दर गरी वनाई राख्याको स्थान नाशि विग्रन जादा राजा प्रतापमल्लले गुरु लम्बकर्ण भट्ट संग सम्मत गरी संवत् ७७४ वैशाख शुक्ल ११ रोज ५ कादिन श्रीगुह्येश्वरी कुण्डमा वडो यत्न संग फलामका दलिन लगाइ चारैतीर पर्षाल वनाई ढुगाले छापि इश्वरीका जल ज्वाला ढाकी अष्टदल पत्र यंत्राकार भैरव सहित गरी कुण्ड सुन्दर गरी वनाइ फटिकका कलशाकार वनाई नित्य नैमित्तिक पूजा गराया ।

आवर्ण देवता सव यथाक्रमले स्थापना गरी षम्वामा सिंह सालिक राषि दिया । संवत् ७७५ मा श्रीतुलजा भवानीका देवालय तला तलाको छाना सुवर्णको वनाया । चारै ढोका पट्टि सुवर्ण सिंह वनाइ चारैतिर आफना मूर्ति र परिवारका मूर्ति वनाई षम्वा षडा गरी शालिक राष्या । एक षम्वामा सुवर्णाकार सिंह वनाई राष्या फेरि सव देवता कन आवाहन गरी कोट्याहुति यज्ञ तिन फेरा सम्म गऱ्या। याहाँ पछि यिन राजाले जामन नाम गऱ्याका गुवाहाल साथगरी जापा इनार नाम कूप बौद्धमार्गका शास्त्र प्रमाण यथा विधिले वनाया । यो इनार वर्षा शून्य हुदा मात्र चलाउनु अघि पछि कैले पनि नहेर्नु भनी सिद्ध कूप वनायाको हो । श्रीगुह्येश्वरीका स्थानमा तेली खड्ग झोला गरी राषि दिया । फेरी लम्वकर्ण भट्ट प्रतापमल्ल जामन नाम गुवाहाल् यी तिन जना सहितभै अनेक पीठमा जाइ नानातरहको तमासा गरी सुख विहार गरी रह्याया थिया । एक दिन फीर्न जादा रातका समय अवेर भयो र डाकिनीहरू धेरै पीठ विषे सेवागर्न गयाका रह्याछन् र लम्बकर्ण भट्टले अजित घण्टाकर्ण चतुर्दशीहो भन्या र राजाले सवै डाकिनीहरूकन फजित गरुला भनी पंचसूत्रले सहर घुमाई वाधि दिगबंधन देश अगम डाकिनी मंत्र नाश कर्म गरी राषि तिनैजना फर्कि दर्बारमा आया भोलि पल्टविहान हेर्न जांछन् त डाकीनीहरूसवैदेश भित्र आउनु नसकी चारै दिशामा वसि मुख मात्र ढाकिरह्याका थिया । राजाले मुष उघारी हेर्दा आफना सुहृद काजिका स्त्री र अरू अनेक जातका छोटा वडाका स्त्रीहरू धेरै डाकिनी मंत्र सेवन गर्न्याहरू देषि असंख्य कर्म हो भनि चाडै पंचसूत्रझिकि दिया र डाकिनीहरू सवै उठी सहर भित्र पसि आफना घर गया । फेरी एक दिन फिर्न जादा ललितपत्तनमा एक घर भित्र धेरै बौद्धमार्गिहरू जम्माभै चचा गाई रहदा राजाले त्याहा

CC-0. In Public Domain. Digitization by eGangotri



तमासा गरुँ हैं भनि घरमा मत्र गर्दां घर भित्रकाधाडाहरू सबै रोया । फेरी क्षणमात्रमा अति अघोर शब्द गरीहाँस्या फेरि कराल शब्द गरी रोया । यस्ता तरह संग दुइघडि सम्म तमासा गरी कान्तिपुर फर्किआया फेरि ललित पत्तनमा कोट्याहुति यज्ञ गर्दा यी राजाले सर्पको स्वरूप धारी हेर्न जादा सिद्धिनृसिंह मल्ल राजाका प्रोहित विश्वनाथ उपाध्या यज्ञमा होता भयाकाले यो सर्प्प विघ्न गर्न आउन्या हो भनि मंत्रका वलले आसन गरी पूर्णाहुति गर्न तयार गरी रहदा जानन नाम गुवाहालले थाहापाई गरूड भैं जाईरह्याका राजाकन ल्याई बचाया । फेरि नेपालमा गणेशहरू तीन वडा प्रत्यक्षका हुन् भनि जगाया कान्तिपुरका लगा भर्को सिद्धिदाता चावहिलका श्वेतविनायक ललितपत्तनका लगा भर्को, चोंवहारका चन्द्रविनायक भक्तपुरका लगा भर्को सूर्य्यविनायक यति तिन सहरका मूल गणेश हुन् भनि जगाया ।

फेरि इन राजाले श्रीभीमसेनका दुई मूर्त्ति कन बुझाई यथाक्रमले वाटामा पादुका पिछे हुंसवलि टोल पिछे छागवलि दोवाटा पिछे महिषवलि दी कन दर्वार मोहन चोक सम्म ल्याइ द्रौपदीका मूर्त्ति वनाइ जीवन्यास गरीकन कलशमा व्यासमुनि आवाहन गरी ठुलो यज्ञ गरी भीमसेन कन द्रौपदी व्यासमुनिले कन्यादान दिलायाको भावगरी अघिका दुइ भीमसेनका मध्यभागमा यथाक्रमले विराजमान गराई राषि अघि गमन गरि लै जादा भै वलि पूजा गरि स्वस्थानमा लै जाई विराजमान गराया । यिन दिन देषि द्रौपदी मध्यभागमा यथाक्रमले विराजमान गराउदा युग्म भीमसेनका उपद्रव शांत भै गयो ।

अघि ठकुरी राजाका पालामा दोलषा भीमेश्वर मनुष्य रूप भैं आइ उन्का घरमा रहदा भीमसेन भनी ठहराई वहुतै प्रार्थना गरि बुझाइ मूर्त्तिमान वनाई भीमसेन कन प्रवेश गराई एकतामस् मूर्त्ति एक शान्तमूर्त्ति गरि विराजमान गराई स्थापना गर्‍याको हो । अघि गंगा रानीका पाला देषि सति जान्या स्त्रिहरूकन सिंदूर सुपारी दिन्या रीत चलायाको थियो । यिन राजाले अतरस् थान् १ रूपैया १ भेटि दिन्या मर्ज्यादा कान्तिपुरका लगाभरमा चलाई दिया ।

फेरि यिन राजाले श्रीपशुपतिनाथका देवालय भित्र अघिको तामाको बसाहा पुरानु भयो भनि चाँदिका ढलवट् गरि वसाहा वनाइ जीवन्यास गरि स्थापना गरि दिया । केहि दिन पछि वसाहाले देवपत्तनका लगामा रात्रिविषे प्रजाहरूका वालो षाइ नाश गर्‍या र यो वसाहाको उपद्रव हो भनि ठहराई भंडार माथि राषि दिया फेरी तामाको वसाहा राषि दिया ।

अघि परापूर्वमा वीरविक्रमादित्य राजाको पालामा श्रीउग्रतारा नीलसरस्वती प्रसन्नभै राजालाई आज्ञागरी मेरा एक नाटक प्रष्यात गर भनि आज्ञा हुंदा मैले कस्ता तरह संग गर्न्या हो भनि विंति गर्दा यस नाटक को पद्धति हरसिद्धि प्रष्यात भयाको ऐश्वर्य्य आयुर्दा कारि यहि विधान मैले भन्याका पुण्य प्रमाण मेरा गुरु महेश्वर ठाकुर वुद्धिसेन मंत्री वसि सम्मत गरी लंकाविधान यस प्रबंध बानेश्वरका पूर्व-स्थापित गरि कन यो नाटक वनाउनु पर्दछ भनि ईश्वरी बाट आज्ञा प्रसन्न हुदा वीरविक्रममादित्य राजाले

CC-0. In Public Domain. Digitization by eGangotri



हरिसिद्धि पुराण प्रमाण त्रिशक्ति देवी मुख्य गरि सूत्रवीरले नागेन्द्र लाइ वधगराई पुराण प्रमाण माथि आफ्नु यश प्रख्यान निमित्त तिन तला छत्र शिरमा राषि आफना नामले मकुंडो बनाई चौदिगका राजा कन जित्याको भावगरी चार राजा र सिद्ध मंत्रिका मुष वनाई आदि नृत्यविधान वनाया ।

विक्रम संवत् फिराड सक्यापछि ३ वर्ष उप्रान्त बानेश्वरका स्थान छोडी ठैव देश विशाल नगरका अंनमा यिनै इश्वरीं प्रवेश भयी फुनचोक ग्रामसंधि विक्रम संवत् ७४५ पर्यन्त वास हुन्या थाहापाई विश्वशर्मा भै नृत्य ली रह्याको थियो । यो नाटक को प्रभाव सुष ऐश्वर्य्य पृथ्वी वृद्धि राज्याभिधमान राज्यलक्ष्मी वासहुन्या यस्तो थाहापाई पछि विश्वशर्मा नाम ब्राह्मणले इश्वरीकन प्रसन्न गरी चौवन्नषट् प्रमाण गरी नृत्यलीला गराउनु पर्न्या रीत चलाइ प्रष्यात गऱ्या ।

श्रीज्योतिस्वरूप पशुपतेश्वर भीमेश्वर ज्ञानेश्वर यी तीन महादेव बाट हरिसिद्धि नाटक दृष्टिगर्न इच्छा गऱ्याका भाव गरी भेटि चढाई नाटक पर्य्याय चलाया । विक्रम संवत् १००३ बर्षसम्म यो पर्य्याय चलि रह्याको थियो । त्यहाँ उप्रान्त लोप भै रहदा शेषांतरमा ललितपत्तनका ज्यापुहरू फुलचोक वनमा काठ लिन जादा काठ ली फर्कि आउदा अघिका स्थानमा एक चौर थियो । सोहि चौरमा दाउर को भारी बिसाई च्यूरा षाई वसि रहदा इश्वरी प्रसन्न भै उनि हरूका शरीरमा प्राप्त भया र ज्यापूहरू आफु आफै दाउराका कच्याट् हातले ली युद्ध भाव गरी नाची रह्या । यस्ता तरहको आश्चर्य्य अद्‌भुत समाचार सुनी तीन सहरका राजाहरू मिलि ज्ञानि पंडित तान्त्रीक जमागरी विचार गराउदा ललित पत्तनका गर्भदत्त ब्राह्मण तांत्रिक कन बोलाइ यो अदभुत प्रेत पिशाच प्राप्त भैं भयाकोहोइन साक्षात् हरिसिद्ध भवानी प्रष्यात भएकी हुन् भनो ठहराइ मानिता गर्दा ईश्वरी बाट आज्ञागऱ्या । मलाइ गुप्तगरि नराष मलाइ भीमेश्वरको स्थान जानको इच्छा भयो भनी आज्ञा हुदा यो कुरो माफ गराई ईश्वरीकन प्रार्थना गरी थाम्या । याहाँ पछि ईश्वरीबाट मेरा नृत्य लीला विधानको पुस्तक ली मलाईं विधि पुऱ्याइ प्रख्यात गर्नु भनीं आज्ञा हुदा सोहि पुस्तक पाइ हरिसिद्धि नाम गरी अघिका चलन प्रमाण वाह्रवर्षमा उत्तम पूजा गरी मूल श्रीकलश विराजमान गराई २९ गण देव देवीका मुख मकुट बनाई प्रकट गरी यज्ञ यागादि पूजा विधि पूर्वक पुऱ्याई नृत्यलीला गराया । यति सक्या उप्रान्त भीमेश्वरका स्थानमा जानपर्न्याप्रवंध चौवन्न षट् नृत्य लीला गराउनु पर्न्या पर्याय वनाइ राष्याको थियो । यहि नाचकन कान्तिपुरका सूर्यवंशी अमरमल्ल राजाले जगाया थ्या ।

यहि नाच कन राजा प्रतापमल्लले ललितपत्तनका राजा संग संमत गरी हरिसिद्धि देविका नृत्य विधान ललितपत्तका गावाहालका ब्राह्मणलाई भारा दी नाचमा चाहिदो कर्म गर्न अधिकार गरि यथास्थित गरी देवीका नाच कन जगाया । यि राजाले वहुतै धर्मकीर्ति यश वढ़ाई अनेक तरहका सुखभोग गरी रहयाका थिया । पछि वाह्रवर्षका हरिसिद्ध नाचका मेला आई दर्बारमा नृत्यलिला भै रह्याका

CC-0. In Public Domain. Digitization by eGangotri



वेलामा राति विषये पोसाक वदली तमासा हेर्नाको इच्छागरी एक्लै जादा हिटि त्रोकका डर्वालमा श्रीहरिसिद्धि त्रिमूर्ति अतिसुन्दरी मनुष्यरूपधारि विराजमान गरी रह्याका देवीकन राजाले देष्या र सुन्दरी स्त्री हुन् भनी ठानी जाई हस्त क्रिया गर्न तयार हुदा तेस वेलामा देवी कोप भै राजाकन आज्ञा गऱ्या । हे राजा तिमि अति छिनारी कर्म गर्दा रह्याछौ विवेक विचार केहि रहेन छ अव तम्रा राज्य-भोग यतिकै मात्र हो देवी कोप भै अन्तर्ध्यान भै गया । त्यसवेला यी राजा अचेष्टा भैं पृथ्वीमा लोट्या र कोहि वाटामा जान्याहरूले देषि उठाई दर्वार भित्र लैगया । पछि २ घडि सम्म वाचो सम्वत् ७९४ चैत्र शुक्ल ११ पर द्वादशि सोमवारका दिन २४ घडि रात जादा वडा प्रतापि शास्त्रमा प्रविण कवि भयाका धेरै धर्म कीर्ति यज्ञ प्रष्यात भयाका एस्ता राजा प्रतापमल्ल परलोक भया । यिनका संसर्ग गरी रानी प्रभृति स्त्री ९ जना सति गया ।

अस्यपुत्र नृपेन्द्रमल्ल वर्ष १३ संवत् ७९४ आषाढ़ सुदि षष्टि सोमवारका दिन ललितपत्तनका श्रीनिवासमल्ल भक्तपुरका जितामित्रमल्ल कांतिपुर आई प्रतापमल्लका ज्येष्ठ पुत्र नृपेन्द्रमल्लकन राज्या-भिषेक दिया ।

यी राजाले मेरा पिताकन विसर्जन गऱ्या भनी हरिसिद्धिका नाचनव मेरा संतान भर कान्तिपुरमा न ल्याउनु भनी मनाहि गरी कान्तिपुरको साटो देवपत्तनमा नचाउन्या रीत चलाया । फेरी यी राजाका पालामा सिंख्वाल प्रधान भन्याका काजि थिया तसले राजा वक्साइ पशुपतिनाथका चारै दर्वाजामा सु-नका षम्बा तोरण चढ़ाया । फेरि महास्नान पंचविंशति प्रस्थले गुटिराषि कार्त्तिक शुक्ल पूर्णिमाका दिन प्रति वर्ष चलाया । फेरी यी राजाका पालामा अघि पशुपतिनाथका पूजक स्वामि आफना स्वइच्छाले नेपाल छाडि विदा भै गया । फेरी यी पछि कोहि एक विमलानन्द नाम षोढ़ान्यासि स्वामि आई टंकेश्वर मा आसन गरी वस्याका छन् भंन्या षवर राजाले सुनि भेट गर्न गया शास्त्रार्थ गरी पशुपतिनाथका पू-जक ठहराई पशुपतिनाथकन अर्पण कारि गरि दिया । देवपत्तनका लगाम लिदा असिनाको भय हुंथ्यो यी स्वामि सित सम्मत गरी असिना निवारण निमित्त यथाक्रमले पशुपतिनाथका पश्चिम दिशामा श्री दक्षिणामूर्त्ति ऋषि आवाहन गरी स्थापना गराया । आगम मूर्तिभनि चलाई गुठि राषि असिना निवारण गराया । फेरी यी राजाले देवपत्तनमा तिनाषाल भन्याका थानमा ईट झिगटि धेरै पारी पोलि यथाक्रमले वोकि लै जादा वेलामा राजाले आफै पनी वोकि लै जान लागेका देखी सवै जात प्रजाहरू आइ धर्म निमित्त अहोरात्रमा वसार्हिदिया । पशुपतिनाथका देवालयमा गंगारानिका पालादेषि वनाई राष्याका विग्याको भुवनेश्वरी देवालय रानी सहित भै यथाक्रमले वनाई वसाया ।

फेरि यि राजाका पालामा तिह्नौतिया ब्राह्मण धर्माइ झाले चांगुनारायण मा भोज षुवाउनु जादा गोत्र हत्या गऱ्यो र तिनको सर्वस्व सर्कार दाषिल भयो र राजाले ब्रह्मस्व षानु छैन भनी धन जमा गर्दा

CC-0. In Public Domain. Digitization by eGangotri



तीनलाष ३००००० भयो र येहि धन षर्च गरि ठुला शिलाका भैरवका अग्रभागमा ठुलो लिंगाकार ढुंगा को देवालय वनाइ अष्टधातु भाग संयुक्त गरी भुवनलक्ष्मी रानीका नामले भुवनेश्वर नाम शिवमूर्त्ति स्थापना गरी धेरै षेत गुठि राखी नित्यार्चन गराया । फेरि यहि धनले सिभुका लिग जीर्ण भयो भनि नया सालवृक्ष ल्याइ लिङ्ग षड़ा गरी शिलाका भगवानका पांचै मूर्त्ति देवालय देषि पश्चिम दिशामा सारी सुन का पाचै मूर्ति वनाइ स्थापना गरि दिया । फेरि यिनै धनले पशुपति नाथका पुजा हारि स्वामि सित मतोगरी शिवार्चन चण्डिका शास्त्र प्रमाण गरि पशुपतिनाथमा वर्षबंधन अस्पर्श अगमागमन बस्तु अर्जित पापक्षय निमित्त कैलास कुसुमारोहण नाम गरी प्रतिवर्ष चलाया । यस्तै धेरै गुठि राषि दिया यति । गर्दा पनि धन धेरै वाकि रहंदा वज्रयोगिनी चांगुनारायणका देवालय अघिका पुरानु भयो भनी जीर्ण उद्धार गरी दिया । फेरी जयबागेश्वरीका देवालय २ पत्र यंत्राकार गरी वनाया । यति गरी बाकी धन शेष सवै भोका प्यासा अभ्यागत हरूकन भोजन गराई धन समाप्त गर्‍या। यी राजा का पालामा अकस्मात एक दीन का रात्रिमा जयवागेश्वरीमा चोर पसि सबै गहना चोरि ढोकामा राषि वाहीर आइ पाटिमावस्न गयो। ताहाँ बाट चोर उठन न सकि रह्यो र सवै चिताइ दारहरूले हाहाकार गरी षोज गरी रहेका वेलामा यो राजा जाई हेर्न जादा त्यो चोर कक्की उठन बोलन नसकी रह्याको देखी । देविका गहना यथा स्थितै थियो चोर मारि गहना देविकन लाइ दिया ।

यी राजाका भाई पार्थिवेन्द्र मल्ल पितृपक्षका अमावास्याका दिन मरण भया र ब्राह्मण द्वारा कान्तिपुरमा दशमि कर्म चलाया । फेरि यी राजाका पालामा सवाजयसिं रायले काशिमा अश्वमेघ यज्ञ गर्दा सवै मुलुक संग कर ली कन रहेको वेलामा यी राजाले खवर सुन्या र हामिले पनि त्यो अश्वमेध यज्ञका पुण्यमा भाग लिन्या हो भनी लडायी नगरी यज्ञमा चाहिन्या वस्तु नेपालका चिजवीज सौगात दी पठाई सवा जयसिंराय राजाकन षुसि गराया ।

फेरि यी राजाका पालामा श्रीगुह्येश्वरीका भक्त कान्तिपुर तछेंबाहालका समन्तभद्र नाम गर्‍याको कोहि एक गुवाहाल थियो । नेपालमा आफनु गुण सिद्धि केहि प्रष्यात नगरी रहेका थिया यिनको र टुप्पा लामा को लगि पर्न जादा टुप्पा आइ लाग्दा गुवाहाल परेवा भै भाग्दा चील भै टूप्पाले भगार्दा गुवाहाल षिषापाकु भित्र लुक्यो । यहा पछि टुप्पा लामाले ठुलो स्वरूप धारि तेस पाकु माथि वसि उफ्रि २ मिचन लाग्यो र उसै बषतमा समन्तभद्रले श्रीगुह्येश्वरीकन आराधना गरी मलाई रक्षागर भनि पुकार्दा गुह्येश्वरी प्रसन्न भै दर्शन दिंदा समन्तभद्रले साहाय पाइ मंत्र प्रयोग गरी टुप्पा लामा लाइ मार्‍या अद्यापि गुह्येश्वरी प्रकट भयाको ठाउमा केहि आकार वनाई स्थापना गर्‍याका छन्। यो कुरो गुप्तै थियो ।

यहाँ पछि गरीव भै लासामा गयाको थियो । वहाँ रहदा वस्दा एकदिन कोठिवाल महाजन हरूले यस गुवाहालकन रूपैया दि सुलिनका घर पठाया उस सुलिनका मोल्यानिले चाडै नदि विलम्ब गर्दा झ–

CC-0. In Public Domain. Digitization by eGangotri



गडा भयो र वांडा रिसाइ फर्क्या पछिवाट भोस्यानीले आफना घ्यांपामा जाड् हेर्दा सव रक्त भै रह्याको देषि वहुतै मनमा फिक्का गरी तेस गुवाहाल कनषोजन आयी। तेस गुवाल लाई पाई घरलगी वहुतै प्रार्थना गरी रक्त भएको जाड सव जस्ताको तस्तो गराइदिदा एक घ्यांपाभरि जाड वोको गुवहालको घरसम्म पुऱ्याउन आयी। उस्तो करामत यस गुवहालको देखि मानिषहरूले मानिता गरी पोसाक वदलिदिया। यस्तै समय लासामा यै गुवहालको घरपट्टिको छोरा लक्षणी थियो। गुवहाको खवर लिन टुप्पा भन्याको लामाले मनसुबा गरी मन्त्र प्रयोग गरी वेरामी गर्दा यस गुवहालले थाह पाई आराम गरिदिदा यसै कुरामा मार्न खोज्न्या दुवै जनाको तकरार भई गुदेलमाथि रिसाई आई लासाका मुख्य लामाले यस समय ठूलो तुषार वृष्टि हुन्या योग छ। यस्तो तरहको धर्म गऱ्या मात्र प्रजाको रक्षा होला भनी शहरमा डुकुडुकी फिराया। यही कुरो वत्तिश कोठी का महाजनहरूलें सुनी त्यस गुवाल सँग यसमा कोही युक्ति उपकार गर्नाको तिम्रो सामर्थ्य छ कि भनी सोद्धा यस कुराको भय निवारणको जुक्ति म गरौंला भन्दा कुरा शहरमा फैलिन गै लासाका लामासँग खवर पुग्यो र लामाले वोलाई वात चित गर्दा म गरौंला भनि प्रतिज्ञा गऱ्यो। जुन दिन तुषार वृष्टि होला भन्याको थियो यस दिन यस गुवाहालले पहाडमाथि जाई मन्त्र प्रयोग गर्दा सो मन्त्रका प्रभावले सव तुषारवृष्टि सोहीपहाडमाथि पर्न गयो। एक दुई दिन संम तुषार वृष्टि भया उप्रान्त त्यस पहाडवाट लासा आयो सव दुनियाले तमासा हेर्न गयाका थिया। तहाँ पछि यस गुवहाललाई वहुतै मान्नीता गरी लामाले प्रीति गरी आफना साथ राख्या। यस्तै समय एक दिन चिया खादा यस गुवहालले चिया नखाई कचोरा लिई चिया सबै छरिदियो र लामाले मैंले दिएको चिया क्यान नखाई छऱ्यौ भन्दा त्यस गुवहालले भन्यो अरुथोक केही कारणले होइन कान्तिपुरको मेरा घरमा अग्नि प्रवेश भयोर आगो निभायाको हो भन्दा लामाले उसै घडी चिठो लेखी फलाना दिन यस वखतमा यस गुवहालको घरमा अग्नि प्रवेश भयाको होकि भनी वुझन मानिस पठाया त्यस पछि यसै लामाले त्यस गुवहालसँग तमो सामर्थ्य ठूलो छ कि मेरो सामर्थ्य ठूलो छ यसको परीक्षा गरौं भनी दुवैले पक्षीको स्वरूप धारी उड्या गुवहालका वरावर लामा आकाशिन सकेन। फेरि फट्याङ्ग्राको स्वरूप धारी खेतमा जाई गहुँका वालाको टुप्पामा अडिदा गुवहाल वस्याको गहुँ कोवोट ठाडै रह्यो लामा वस्याको गहुंको वाला निहुऱ्यो। पछि फेरि हामी दुवै जना अरूकै गहुको वोटमा प्रवेश गरे फलाना वोटमाछ भनी ठहराउन भनी लामा अलप भयो र गुवहालले यो गहुंको वालाको यसै ठाउँमा तम्रो जीउ रह्याको छ भनी ठहराया। त्यस पछि गुवहाल लुकदा वल्ल वल्ल गहुको वोटमात्र ठहराउन सक्यो यसै ठाउमा छ भनी ठहराउन सकेन। त्यहां पछी दुवैले आफनु स्वरूप धारी तिमी धन्य म भंदा पनि वडो पुरुषार्थी रह्याछौ भनी लामाले गुवहाललाई आफना घरमा सङ्गै ल्याई राख्या। थोरै दिन रह्या उप्रान्य गुवहालले नेपाल आउनु निमित्त विदा मागदा लामाले विदा दिएन। यस गुव-

CC-0. In Public Domain. Digitization by eGangotri



हाललाई नेपाल जान दिन्याछैन भनी पहरा चौकी राखी छाड्या । यस गुवहालको भने एक मूर्ति लामाले वसायाको ठाउँ वसी दोश्रा मूर्ति शहरमा पनि थियो । लामाले भन्या घटमा यस गुवहाललाई तारि नदिनु भनि राख्याको हुनाले केहींदिन अरू रहे पछि यस गुवहालले नेपाल आउनुको मन सूवागरी अनेक तरहसँग विदा मागदा पनि विदा नदिंदा एक दिन त्यसै आउनुको इच्छा ले घाटमा आउँदा घाटबालाले लामाको चिह्न नभै तारि दिन्या छैन, तिमि जान्या भया आफै जाउँ भन्दा त्यस वाडाले वचन पाई एक रुमाल नदीमाथि विछाई उममाथि वसी नदीमा हेलि आयो । घाटवाला हरुले पछि लागि लामाले भन्याको यिनै मानिस रह्याछन् भनी आउँदा भेट्टाउन सकेनन् । यो कुरा लामाले थ हा पाई नेपालमा चाडै आई समस्त गुवहाल नपुग्दै घरपुगि २।४ भारी आलमाल बोकी जपमाला पुस्तक हरू चिह्न देखाई तमा बाबा मऱ्यो भनी गति चिना संस्कार गरायो, यहाँ पछि गुवहाल आई चिता संस्कार गऱ्याको सकाचार सुनी लामाले छली मलाई अनर्थ गऱ्यो घर पस्त भएन भनी भोट फर्की वहाल वनाई वाहलैमा शरीर त्याग गरी गुमभै रह्या ।

फेरी यी राजाका पालामा ललनाभा भन्याका ब्राह्मणले गुह्येश्वरीकाकवच यन्त्राकार वनाउँदा राजा बक्साई राजा समेत भै ईश्वरीकन चढाया । वर्ष प्रति वाला चतुर्दशीका दिन अद्यापि सो कवच देवीकन पहिराउ छन् । यी राजा वहुतै ज्ञानी देवी माथि अति भक्ति मान् थिया । यस्तायी कान्तिपुरका राजा नृपेन्द्रमल्ल नेपाली संवत् ८०७ आषाढ़ शुक्ल तृतीया शनिश्चर बारका दिन परलोक भया । रानी आदि २४ स्त्री सती गया ।

अस्य पुत्र भूपालेन्द्र मल्ल भोगवर्ष १४ यिन राजाका पालामा विमलानन्द नाम षोडा न्यासी स्वामी श्री पशुपतिनाथका पूजाहारी थिया । यही समय राघवानन्द नाम षोढ़ान्यासी स्वामी दक्षिण देशबाट आई श्रीपशुपति नाथको दर्शन गर्न आउँदा अघिका स्वामी विमलानन्दले राजा बक्साई राघवानन्दकन पूजाहारी गरी आफु बिदाभै काशी जाई उद्धार भै गया । यिं राघवानन्द स्वामीले राजा बक्साई अघि नभयाको दमनारोहण भनि नेपाल रक्षाको निमित्त पशुपति नाथमा कर्म चलाया ।

फेरि यी स्वामीले यन्त्रमतले मठ बनाई पाताल गङ्गा साधना गरी आफुले नित्य स्नान गरी लोक जन सबैले धन्य कहाइ पशुपतिनाथका नित्य सेवा गर्दै थिया । फेरि यी स्वामीले अघिका पवित्रारोहण पनि जगाइ दिया । स्वामी बस्याका घरमा पवित्र बनाई वर्ष प्रति चढ़ाउदै थिया। पछि यी स्वामीले आफुले वनायाको मठ भित्र बनाउने रीत गरी चलाया । पवित्रारोहण दमनारोहणको खर्च स्वामी खायल द्रव्यबाट चलाउनु भनी चलाया ।

फेरि यी स्वामीले श्रीखराउ चन्दनमा यन्त्र लेखी बडो गुप्त गरी नित्य जाई पशुपतिनाथका ईशानमा राखी नित्य आवर्ण विधिले पूजागरी राजा प्रजा सबैले धन्य कहाई कर्म चलाई रह्याका थिया ।

CC-0. In Public Domain. Digitization by eGangotri



यस्तै समयमा कोही एक कान्तिपुरको चिलिको नेवार नामले नित्य देश उत्तर भागमा लुकी इन्द्रायणी पीठमा रात्री सेवा गर्न जाँदा एक दिन पीठ विषे नेपालेश्वरी वछला देवी आइ बसदा वछला देवीका गणले सन्मान गऱ्याको देखी आई स्वामी सङ्ग सबै कथा कहँदा स्वामीले नेवारको मनसुवा जानी राजा वक्साई प्रेत चतुर्दशीका दिन युगादिदेखि नाना पूजागरी राख्याको नेपालेश्वरी वछलापीठकन खुशी गराई आमावास्याका दिन प्रधानहरूका यात्रा प्रति पदाको दिन स्वामी आफै आई पशुपति नाथकनरात्रि भर जगाई ईश्वर कुतुहल लीला गराई धार्नी ७ सेर १ सिंदूर छरी प्रतिवर्ष थरयात्रा गराया । फेरि यी स्वामीले राजा वुझाई नेवार चिलि नाम प्रधाम ले धेरै द्रव्य षर्च गऱ्यो भनी देवपरामप्रधान गराइदिया ।

अघ बाबा नृपेन्द्र मल्लका पालामा भाइ महीपतीन्द्रमल्ललाई मन्त्रींका खेलले वन्धनमा राख्याका थिया संवत् ८०६ सालमा महीपतीन्द्र मल्ल भागी ललित पत्तनमा गया । नृपेन्द्र मल्ल राजाले तिमी सङ्ग सलुक गरी मिल्दछु । मेरा भाईकन सौं पीपठ उँभनुदा ललितपत्ताका राजाले लौ भन्ने उत्तर पठाईं शरण आउन्याकन मरण गर्न्या छैंन भनी महीपतीन्द्रमल्लकन आफ्ना राजकुलका चिस्थां चोकमा राख्या आफु भोलिपल्ट सवेरै कान्तिपुर आया । ललित पत्तनका राजा श्रीनिबास मल्लले आफ्ना छोरा योगनरेन्द्र मल्ललाई महीपतीन्द्र मल्ल साथ ली आउनु भनी पठाउंदा योगनरेन्द्रमल्लले ईश्वरदास प्रभृति परमानहरूलाई चौकी राखी आफु टेकु दोभानमागै सत्य वाचा गऱ्या । यसदिनका रात्रीमा पोस्तिक किसि भन्याका प्रधान प्रभृति मानिस पठाई भाईकन लिन पठाउँदा पोस्तिक किसि नाम प्रमाणले ईश्वर दास काजीलाई नृपेन्द्र मल्ल राजाका आज्ञाले महीपतीन्द्र मल्लकन लिन आया भनी भन्दा ईश्वरदास काजीले योगनरेन्द्र मल्लका चिह्न नआउञ्ज्याल सौंपिदिन्या छैन सेवा आशीर्वाद दिन्छु भंछौं भन्या आउ भन्दा पोस्तिक किसि वहुतै रिसाई कान्तिपुर फर्क्या । योगनरेन्द्र मल्ल कान्तिपुर बाट फर्कंदा भेट भयोर पोस्तिक किसि आदि प्रधानहरूले घोडाको वाग समाई कान्तिपुर फर्कनु होस भनी जिद्दी गरी भन्या । तैं पनि योगनरेन्द्रमल्लले वचन नसुनी ललितपत्तान फर्क्या । भोलिपल्ट चौकीरह्याका परमानहरू आफ्ना घरगयाको वेलामा फेरीकान्तिपुरका राजाका मानिष खसमगरहरू आई महीपतीन्द्र मल्ल वस्याको घरलाई घेरी जवर्जस्ती गरी घरभित्र पसी समात्न जाँदा महीमतीन्द्र मल्लले त्वाल वाट अङ्गुली वाहिर निकासी सारै रोई मनाई मार्नलाग्या ढोका खोली कोठा भित्र आउन लाग्या हेप्रजाहो मेरो जीव रक्षा गर भनी विन्ती गर्दा शरण आया कालाई यहाँ सम्म भया पछि अवक्या हेरिरहन्छौं लौं समात लौमार भनी जम्माभै ती घेर्न्याहरूकन समाई कुटी मान्या कतिका हात भाच्या कतिका गोडा भाँच्या, कतिलाई लातले मान्या कतिलाई कुलोमा गाड्या कतिलाई कपाल फोऱ्या कति भागि गया । तिनीहरू सवैका हतियार लुटी लिया लवेदा सुरूहालपटुका पगरि समेत उतारि लिया ।

CC-0. In Public Domain. Digitization by eGangotri



काशीराम आले कालुठकैया मुखियाहरूकन कुटी सक्या पछि राजकुलमा थुनिराख्या । फेरी कान्तिपुरका मानिसहरूले अवताराजाहरू टेकु दोभानमा वसी सलुक गऱ्या । अव पाटन जान खुलस्ता भयो भनी ठानी आउन्याहरूलाई थुनि राख्या । यही खवर कान्तिपुरका राजाले सुन्दा अव जाउ पाटनका हरूलाई पनि समाई ल्याउ भनी अह्राउदा कान्तिपुरवाट भागि गयाका मदन नाम ब्राह्मणकन समाई जुंवा दाह्री लुछिल्याया । फेरि यस्तातरहको कलह विचैवाट उठी सलुक नभै रहँदा यस्तै समयमा श्रीनिवास परलोक भया ।

यहाँ पछि पाटनका परमानहरू चार जना संवत् ८०७ नष्ट आषाड शुक्ल पूर्णिमाका दिन महिपतेन्द्र मल्ल लाई कान्तिपुर का राजालाइ सौंपिसलुक गरी रस्ता खुला गरु भनि जादा यहि खवर थाहा पाई महिपतेन्द्र मल्ल भाग्या र कान्तिपुरका परमान हरुले थाहा पाइ ललित पत्तनका प्रजाहरूकन कान्तिपुरमा थुनि राख्या । याहापछि संवत् ८०७ आषाड शुक्ल तृतिया शनिश्चरवारका दिन कान्तिपुरका राजा नृपेन्द्र मल्ल परलोक भया । राजा भूपालेन्द्र मल्ल उमेर कच्चा हुनाले मन्त्रिहरूको मन नपर्दा अरु प्रमानहरू संग विरोधभै कान्तिपुरवाट देव पत्तनमा आई श्री पशुपति नाथकन नित्य दर्शन गरी पुराण सुनि गोदान अन्न वस्त्रादि दान गरी रहन्या चिकुदिनाम प्रमाण कन राजा नृपेन्द्र मल्ल परलोक भयाको चार दिन पछि देव पत्तान देखी कुटि कुटि लुछि कान्तिपुर ल्याउदा घोत्रिषोंला पुग्दा चेष्टा हरायाको थियो । श्रेष्ठ महाजन खुसल पोढ्या सव जातले कुट्या लातले खाद्या यस्तै तरह सँग समाई ल्याउदा एक जनाले कपालमा लाठाले वजार्दा रगतका धारा वह्यो । वेसि घर भयाका कसैले रगत वह्याको थामि देउ सात्त हजार मोहर लेउ यो रगतको मोल ७ हजार मोहर भयो भन्दा झन सारो त्यस्का मुखमा वाटामा रहयाको विष्टा मुत्र लि मुखमा जवर्जस्ति गरी खादि खादि राखी दिया । यहाँ पछि चिकुटि बंशिधर दुवैलाई गुप्त प्रकट धरमा माऱ्या। चिकुटिका परिवारलाई जहाँ जहाँ पायो त्याहा त्यहा समाई कुटी माऱ्या भागि जान सकन्या मात्र वाँच्या । पाटनमा भागिजान्या टौदक वाहेक वालकहरू स्त्रीहरू मात्र वाँच्या । यहाँ पछि लक्ष्मी नारायण जोशी मूल काजी भया । यहाँ पछि अघि पाटनका थुनिराख्याका काजीहरूकन छाडी पठाया यहाँ पछि केही सामर्थ्य नभयका महीपतीन्द्र मल्ल डराई लुकिरह्याका राजपुत्रकन भाद्रपद शुक्ल ११ वुध वारका दिन राघवानन्द स्वामीका घरमा लुकि रह्याका ठाउं वाट डोरिले वाँधी ताना तान गर्दा राघवानन्द स्वामीले माफ गर माफ़गर भनी वुझाई विंति गर्न आउँदा स्वामीकन भऱ्याङ्वाट खसाली मही पतीन्द्र मल्लकन अन्यायसिन जीवहरण गऱ्या । उप्रान्त शिरकाटी ल्याई लक्ष्मी नारायण काजीले हेऱ्या । यहाँ पछि राघवानन्द स्वामी यस्ता अन्यायी राज्यमा वस्नु छैन भनी ललितपत्तनमा आया ।

यहाँ पछि राज पुत्र माऱ्याको प्रायश्चित गर्न निमित्त गरूड नारायण पशुपति नाथ शिखर ना-

CC-0. In Public Domain. Digitization by eGangotri



रायणमा जाई पूजा मान्य गऱ्या । सबकाजीमाथिको मुख्य काजोभै राज काज गऱ्याको थियो । त्यस्तै समयमा संवत् ८०८ श्रावण महिनामा राजायोगनरेन्द्र मल्ल काजी ईश्वरदास कान्तिपुर जाई भूपालेन्द्र मल्ल राजासंग भेट गऱ्या । यो खबर भक्तपुरका राजा जितामित्र मल्लले पाई कान्तिपुर आया र त्यसवेला लक्ष्मीनारायण काजीले जितामित्र राजालाई हजुरले काजी भागिरामलाई खोसि देउ गोर्खामा बस्न जान्यालाई झिकाई काजी गर त्यहाँ पछि तिनै शहर मिलि रहौंला भनी भन्दा भक्तपुरका राजाले तिमि ले भन्या माफिक काजीलाई खोसन्यातछैन भनी रिसाई फर्कि गया । यहाँ पछि पनि कान्तिपुरका काजीहरूले त्यस भागिरामलाइ काजी नगर यति गऱ्या मिल्दछु भनी पठाउदै गर्दथ्या । यहाँ पछि भक्तपुरका राजा ले निष्कारणमा गोर्खा जाइ रहन्या डाक्या काजीको बाबुलाइ मारिदिया ।

यहाँ पछि संवत् ८०८ भदौ महिनामा कान्तिपुरका काजीरूलललितपुरमा जाई दुवै सहर मिली भक्तपुरमाथि चढ़ाई गरी फर्की इन्द्रजात्रा गरी सक्रो फेर भक्तपुरमाथि लडाई गरी प्रजाकन दुख दिंदा प्रजाहरू दिकभे भोलिपल्ट यसै भागिराम काजीको निमित्त दुख पायौं । अब यस भागिरामलाइ मार्न्याहो भनी घर घेरा दिँदा भागिराम भागि गया । प्रजाहरूले घर लुटी धन दौलत अन्न वस्त्र लुटिलिया वस्तु लिन नपाउन्या हरूले घर भत्काइ झ्याल दलिन काठहरू चोकमा चिनि राख्या का ढुङ्गा समेत लुटी लगी घरमा आगो लाई दिया । यहाँ पछि प्रजाहरू राजकुलमा जाइ हेमहाराज अब यस्तो होईन कान्तिपुर जान्या हो कतिले पाटन जान्यावो भंदा पर्ख एक दुइ दिन सम्म नहतपताउ भन्दा प्रजाहरूले अरु पनि हजुर यसै भंनुहुन्छ हिड कान्तिपुर भनी पाखुरामा समाई राजालाई राजकुलवाट निकाशी कान्तिपुर लैंजादा अब प्रजाहरूले कसो गर्न लाग्या राजालाई वढ़िया गर्न लायाकि घटिया गर्नलाग्या भनी रानीहरू ठूलो स्वर गरी रोया । प्रजाले राजालाई कान्तिपुरका मुख्य काजी लक्ष्मी नारायण कहाँ लग्या । काजी कस्ता थिया दर्बारमै रहाइ राजाले लाउन्या पोशाक गहना पहिरी राजाका पलङ्ग बछ्यानमा बस्तथ्या । लडाइमा पनि जादैनथ्या । रात दिन रानी सँग मात्रै बसिरहन्थ्या । यसकाजीले भक्तपुरका राजा आया भंने खबर थाहा पाइ ललितपत्तनका राजा कन बलाउन पठाउंदा योगनरेन्द्र मल्ल कान्तिपुर आया तिनै राजा बसी वात चित सलुक गरी पाटन का र भक्तपुरका राजा फर्कि गया । पाटनका लगाको जगा भन्या छाडी दिएन । यहाँ पछि प्रजाहरूले भगायाको काजी कल्ल्यरीमा बस्न गयाका भागिराम लाई योगनरेन्द्रले वोलाए पछि जितामित्र राजा आई भक्तपुर लगि फेरि काजी गऱ्या । अघि प्रजाहरूले लुट्याका आलमाल झिकी सुम्पि-दिया । त्यहाँ पछि पाटन यकलाभया । लडाईमा काजी परशुराम भागि आउँदा नेलठोंक राखदा नेलैमा मऱ्या । यहा पछि प्रजाहरू जमा भै जाई लडाई गरी नौ कोत जितिलि नौकोतघरमा रहयाका १३९ जना कन छाढ़ी पठाया । पछि योगनरेन्द्र मल्लराजाले मिहीनत गरी मेरा मुलुक झीकिदिगों । यस्तो मिहीनेत सधैं मेरा खातिर गर्नुपर्दछ भन्दा प्रजाहरूले विन्ति

CC-0. In Public Domain. Digitization by eGangotri



गऱ्या । हेमहाराज श्यावास गर्नमा भन्या गर्धनले शिर उठाउन सकुन्ज्याल् गरौंला ।तर एक थोक हाम्री बिन्ति क्याभन्नुहोला त आफ्ना सुख दुःख को कुरा बिन्ति गर्न नितित्त प्रजाकन संहार गर्न्या धर्म भयाका एक असल काजी वक्स्या जाला भनी बिन्ति राख्या र राजा योगनरेन्द्रमल्ल यस कुरामा बहुतै प्रसन्न भई प्रजाकन बोध दिई देवताका पूजा गरी सब कन भोज खुआया ।-यहाँ पछि संवत् ८१० भदौ महीनामा कान्तिपुरमा थिया । योगनरेन्द्रमल्लले लडाई गऱ्या मूल काजी लक्ष्मीनारायण जोशी आफ्ना घरबाट दरवार जाऔं भनी आउँदा उसका घरमा खस मुखिया हरू जाई केही सल्लाह गर्नु छ भनी एकातिर लगि शस्त्र प्रहार गर्दा दुवै हात कपालमाँ राखि दरवारातर्फ भागि जाँदा बाहिर बस्याका खसहरूले लघारी धेरै ठाउँ घात गरि मार्दा यो खवर रानीले सुनी राजकुलबाट बाहिर निस्की आउँदा बुझाई भित्र लग्या तहाँपछि रानी ले लक्ष्मीनारायणको रगत चाँदीका भाँडा मा उठाई मूर्ति मुर्दालाई पर राखि लगि संस्कार गराया । यहाँ पछि भूपालेन्द्र मल्ल राजाले भंडिलमानसिंहलाई मुख्य काजी गरि दिया ।

श्रीपशुपति नाथकन राघवानन्द स्वामीले विधिपूर्वक नित्य पूजा गरि रह्याका थिया । पछिअन्त कालका वखतमा मजस्तै स्वामी आवस भन्या अभिलाषा छ भन्या मलाई आर्यघाटका वागमती वारि समाधि लिन देउ होइन भन्या जहाँ तिमीहरूको इच्छा वही समाधि लिन देउ भंदा राजाका समीपमा रह्याका दुर्जनहरूले यस्ता तरहको विचार ठहराई भन्दा स्वामिहरूलाई पशुपतिनाथको पूजक गरि राखनु कठीन कुरो छ । तसर्थ वागमती पारि लगी समाधिराखन्याहो भंदा उसै माफिक राज राजेश्वरी सन्धिसमाधि लगीराखदा राघवानन्द स्वामी आफुले भन्या माफिक नपुगी दुर्जनका वुद्धि सुनी आर्याघाटमा समाधि लिन नदिदा, उसै जग्गामा समाधि लिई शून्यमागया ।

यहाँ उप्रान्त श्रीपशुपतिको पूजक योग्य पुरुषार्थी स्वामीहरू आएनन् । यहाँ पछि बछले श्वरीका यात्रा जगायाको वर्ष ४ पछि रारीकन स्वप्न भयो र राजा रानी दुवै जाई श्रीपशुपतिनाथकन पूजा गरी श्वेतविनायकका कवच मूर्ति वनाई धेरै गुठि राखी वाँडाहरू कन गुठियार गरी कार्तिक शुक्ल पूर्णिमा र प्रतिपदाका दिन प्रतिवर्ष रथ यात्रा गराया । यही जात्रा गराउन जादा रजिकहरू मिली बिन्ति गर्दा राजाले रजिक कूप वनाई दिया ।

फेरि यि राजाका पालामा प्रेत चतुर्दशीका दिन रात्रीमा एक रानी परलोक हुँदा कान्तिपुरका धेरै देवताहरूको जात्रा आधामात्र भयो । अमावास्याका दिन हुन्या जात्रा सब मनाहि गरी दिया । देवताका मूर्तिछोपि स्वस्थानमा लैगया । श्रीवछलेश्वरीको जात्रामात्रै क्रमैसित संपूर्ण गराया । मनाहि गर्न सकेनन् । यहाँ पछि राजा भूपालेन्द्र मल्ल तिनै सहरको सलुवभै एकै भैरहँदा तीर्थ वर्त गर्नाका इच्छाले राजधानी शहर कान्तिपुर बाट प्रस्थान गरो हरिद्वारका मेला भर्न गया । तीर्थ वर्त गर्दैजांदा

CC-0. In Public Domain. Digitization by eGangotri



अयोध्यादेखि चारदिनका रास्तामा ज्ञानी ईश्वरका भक्तिमा चित्तलाग्याका राजा भूपालेन्द्र मल्ल संवत् ८२१ कार्तिक कृष्ण त्रयोदशी बुधवारकादिन परलोक भयार साथ जान्या मानिसहरूले इनका शरीर बाकी आठ कोश जमिन सम्म ल्याई गंगा जीमा पुन्याई अग्नि संस्कार गराया। यहाँ पछि राजा संग जान्या प्रमानहरू फर्कि आई राजा परलोक भयाका खबर कहन नसकी डराई आफना आफना घरमा लुकिरह्या। खबर जाहेर भया पछि माघ शुक्ल पञ्चमीका दिन राजा भूपालेन्द्र मल्लका जातक पत्र पलङ्गमा राखी अग्नि संस्कार गऱ्या। यिनका संसर्ग गर्ने रानी प्रभृति आठ जना सती गया। ॥

अस्य पुत्र महीन्द्र मल्ल यिनका अधिको नाम भास्कर मल्ल भोग वर्ष २१ यी राजा चौध वर्षका उमेर हुंदा बाबा भूपालेन्द्र मल्ल परलोक भयाका हुन्। यी राजा अति चंचल स्वभाका थिया धेरै पक्षी-हरू पाल्न्या अनेक स्थानमा जाइ फिर्न्या सिकार खेल्न्या मा अति रत थिया। एक दिन तिनै सहरका राजा एकभै मिलि रह्याका समयमा भक्तपुरका राजा कान्तिपुरका राजा भास्कर मल्ल सिंधुलिको बाटो गरी चारकोशझाडी तिर हात्ती षेदामा जाँदा भास्कर मल्लले १३ हात्ती समाई नेपालमा ल्याइ पुऱ्याया। भक्तपुरका राजाले मात्र एक हात्ती पनि ल्याउन सकेनन्। यसैमा भास्कर मल्ल अति सुरा प्रतापी ठहर्न जाँदा पण्डित हरू राज द्वारमा आई राजाको वर्णन गरी राजा गजपति महीन्द्रमल्ल भनी नाम राखा प्रख्यान गराया। यि राजा ब्राह्मण पण्डित हरू देखि खुशी भै ब्राह्मणहरू कन धेरै बिर्ता बक्सिस गऱ्या। सदा सर्वदा ब्राह्मण कन सन्मान गर्थ्या। वारम्वार शिकार खेल्ना निमित्त तराई तर्फ जान्थ्या। एक समय आफ्ना लगा तगी तर्स्यानिका थर वट वासी धेरै थारू हरू आइ अनेक तरहका चीज वस्तु सौगात चढाइ करजोरी जीवनवृत्ति को आधार माग्दा राजा खुशी भै धेरै जग्गा बक्सिस गरी भुजा नाम जात प्रख्यात गरी फर्कि आया अद्यापि यस नामको जात रह्याका छदै छन्। फेरि यि राजाले नेपाल कान्तिपुर राज धानी शहरको जगा भरीका ब्राह्मण हरूकन धेरै बिर्ता संकल्प गरी दिया। यस्ता दानी औ बडा शूरा राजा हुन। यी राजाका २ विवाहिता रानी थिया स्व इच्छाले राखेका दुबै मैंज्यू-हरू थिया। ४ स्त्री हरू सित रस क्रीडा विहार गर्नको निमित्त किम् डोका स्थान-नमा सुन्दर घर धर्म साला बनाई सदा सर्वदा रस रङ्ग गर्दथ्या। फेरी यिराजाले हात्ती खेदाको निमित्त सिंधुलमा दुई महिना सम्म वास गऱ्या। मुसलमान् हरू आई राजासित वार्तालाप गरी तिनी हरू लाई राजाले चाकर गर्दा नोकर भै रह्याका थिया। यस्तै समय मूल काजी झंगल ठकुर ले मुसलमान् संग को प्रीति राजाले गर्न लाग्या भनी हात्ती खेदा नपाईठथामिराख्या राजाले हात्ती खेदा जान्या छैन गंगाजी संग पुगी स्नान गरी फर्की चाडै आउला मान्दा तैपनि काजीले नमान्दा मुसलमान हरूसंग मिलो काजीले थाह नपाउन्या गरी जानलाग्दा काजी झगल ठकुरले शाहापाई उमराव हरू संग सल्लाह गरी जुक्ती गरी राजाकन पठाएनन्। यहाँ पछि मुसलमान तुरूक सवार जाना २० राजाले साथ गरी

CC-0. In Public Domain. Digitization by eGangotri



नेपालमा ल्याई कान्तिपुर सहरमा मुसलमान हरु जंवा ड़ेढशय सम्म लाई खान खर्च दी अपना चाकरी गर ई राख्या । यस्तै तरह संग रहँदा मुसलमान् हरूले राजालाई रिझायार झंगल ठकुर मुख्य काजी कन खोशी मुसलमान् लाई काजी गऱ्या । यहाँ पछि झंगल ठाकुर प्रभृति उमराव हरुले अव राजाले घटियाको सङ्गह गरी हिन्दुको धर्म नेपाल पोल्न लाग्या । यस वषतमा हामीहरुले सक्या सम्म को जुक्ति गरी इनीहरुलाई ननिकाले हामी सब हिन्दु मुसलमानका करामा हुन लाग्यौं भनी सल्लाह गरी कान्तिपुर का प्रजाहरु खशहरु ललित पत्तनका परमानहरु सव एक कठाभै मिली मुससमानहरुलाई शस्त्र प्रहार गरी मार्दा राजामुसलमानहरु एक पट्टिभै राजकुलमावसीं वंदुकले हानी तरवारले काटी धनुष प्रहार गरी नेवार षस ड़ेढ़ शयलाई जषमा गऱ्या यस्ता तरह सँग युद्ध हुंदा सव मुसलमान् हरूकन कटाकाट गरिकन माऱ्या । चार पाँच जनामात्र भागिगया । समात्न सकेनन् । कान्तिपुर शहरका विचमा यस्ता तरहको ठूलो तकरार उठी लडाई गरी मुसलमान् हरूलाई संहार गऱ्या । यसै दिन भक्तपुरका राजाले देवदो कोटमा चढ़ाई गर्न आया र यीनीहरु सँग पनि लडाई गरी ७०,८० जनाहरु कन खतं गरी हराई पठाया । पछि फेरि झंगल ठकुर मूल काजी भया अघिका माफिक राजा संग मिल्या ।

८३७ ज्येष्ठ कृष्ण अमावास्या का दिन ललितपत्तन का राजा सिद्धि नृसिंह परलोक भै राजा शून्य हुँदा ४ काजी कान्तिपुर जाई राजा शून्य भयो अव हजुर कन राजा मान्न आयौं भनी विंति गर्दा लौ भनी आज्ञा दि पठाया । ४, ५ दिनपछि पनि केही उत्तारा नमिल्दा पाटन्या प्रजाहरू सव मिली आई २४ प्रमानहरू सित हामी सब मिली कान्तिपुरमा शरण जाउँ भनी विन्ति गर्दा ती २४ प्रमानहरू सबै जम्मा भै कान्तिपुर जाई राजाकन बुझाई सिंदूर जात्रा गरी ललित पत्तन लैजाई संवत् ८३७ आषाढ़ शुक्ल १५ कोदिन महेन्द्र मल्ल कन मणि मंडप सिंहासनमा राखी राज्याभिषेक दिया । महेन्द्र मल्ल राजा ले कान्तिपुर ललितपुर दुवै सहरका राजा भै रहदा समय संवत् ८३९ नष्ट आश्विन सुदि २ का दिन धाना छे घरको विरेश्वर उपाध्या र निह्मका मेलु बावु दुई जनाले कान्तिपुर बाट एक रानी ल्याई पाटनमा राख्या । यसै दिन भक्तपुरका राजा भूपालेन्द्र मल्लले शस्त्र सहित सैन्य ली पाटन आया महिन्द्र मल्लले खवर पाई सैन्य सहित पाटन आई भक्तपुरका सैन्यलाई समाई वस्त्र छोडाई हतियार लुटि लिय ।। भूपतीन्द्र मल्ल राजालाई र राजकुमार रणजित मल्ल कन जान नदी राखी २ हात्ती र १६००० रू-पैया लीछाडि पठाया । त्राहाँ पछि विरेश्वर उपाध्याय लाई समाई थुन्या मेलु वावुकाजी भागि गया । त्राहाँ पछि पाटनको भारालि अनन्त सिह काजी ले मुख्य काजी भया । कान्तिपुरको भारा झगल ठकुर काजी ले लिया । यी राजा का पालामा राजाको २९ वर्षको उमेरमा १२० वर्षमा आउन्या महामारी आई नेपालमा प्रवेश भै संवत् ८३६ साल चैत्र महिना देखि कान्तिपुरमा प्राप्त हुन गयो । पैले सहर ग्राम हरूका घर घरमा मूसाहरू मऱ्या त्यस पछि हात्ती घोडा भेडा वाख्रा हाँस कुखुरा गाई

CC-0. In Public Domain. Digitization by eGangotri



भैसी बनमा जीव जन्तु मृग बँदेल आदि वनचर मऱ्या । पृथ्वीमा सर्वत्र पशुपक्षी जीव जन्तु आदि प्राणी नाश भयो । पछि महामारी अति प्रज्वलित भैरहदा काखिमा काँधमा कर्ण संधिमा फोका उठी कपाल दुखने व्यथा लागी नेपालका सहर ग्रामहरूमा असंख्य मानिस मऱ्या । चैत्र महिना देखि कान्तिपुर मा मऱ्या । असारमा ललितपुरमा मऱ्या । भक्तपुरमा मऱ्या यस्तै तरह सँग रोग फैलियो । ढोका बाहिर का पस हरूमा भन्या यस रोगले ज्यादा मरेनन् । रोग हुन्या मानिस हरू भन्दा क्षणमात्र रोग लागी तत्कालैमा मर्दा शहर ग्रामहरूमा मर्यादा व्यवहार विचार संचार सव वन्ध हाहाकार भै गयो । यस्तै तरह सँग रोग भै रहँदा कान्तिपुर का मानिसको इच्छा तो मानिस हरूत रोग हुन्या वित्तिकै वेग सित जाई मार्तातीर्थ पुगी मरण भया । कोही पचली घाटमा मरण भया । कोही वागमती मा मरण भया । कोही विष्णुमतीमा मरण भया कोही बाटामा मऱ्या यस्ता तरह सँग मर्दा मर्न्यालाई काचो क्षादि त्राहिन्या कुरो पनि दिन सकेनन् । दिनमा १०० । १२० मानिस मर्दा धेरैका सन्तान शून्यभै अपुनाली लाग्यो । यस्तै समय अघि श्रीपशुपति नाथका दक्षिण मुख बाट दन्त प्रकाश भयो । मछीन्द्र नाथको जात्रामा पनि ३१ आग्ला भाँचियो । मीन नाथका रथमा अग्नि प्रवेश भै जल्यो । कीर्तिपुर व्याघ्र भैरवका नेत्र देखि मनिको मुख पतन भयो । नव ग्रह गण पनि धोप्टि रह्या । नेपाल मण्डलका सबै स्थानका ठूला ठूला देवता का स्थानमा उपद्रव भयो । यही भयले प्रजाहरू त्राहि त्राहि भै सहर छाडी धेरै मानिस भागि गया । यस्तै समय कान्तिपुर का मुख्य काजी झंगल ठकुरले राजा महेन्द्र सिंह मल्ल दुई रानी लाई दुई मइजू टहलुवा चार जना मात्र साथ गरी किंडो स्थान का घरमा सव सरजाम तयार गरी राखी अरु वाहिरी मानिस कोही आउन जान नदिई वन्ध गरी लुकाई राख्या । यस्ताँ तरह सँग राखि छाड्या का छ महिना पछि पनि सहर ग्राम हरूमा मानिस वरावर मर्दै थिया । यस्तै समय एक जोगी आई झंगल ठकुर काजी कन यस्ता वचन सुनाया । अहो ग्रमार । काजी तेरो शान्ति स्वस्ति पूजा पाठले महा-मारी निवारण हुन्या छैन देशी परदेसी सव जनालाई इच्छा भोजन गराउ तव महामारी देवी सन्तुष्ट भै रोग निवारण होला । पशुपति नाथ पनि प्रसन्न होलान् । यति भनी योगी स्वान मा गया । त्याहाँ पछि काजीले योगीका आज्ञा नुसार योगी सन्यासो फकीर सहर वासी सबै जातका गरीव गुरुवा सवलाई वोलाई धेरै धन खर्च गरी हनुमान ढोकामा इच्छा भोजन गराया । दिन ४ संम ठूलो अन्न दान गर्दा मरण भय वहुतै निवारण भै गयो । यस्तो समय एक दिन कोही ज्यापू किंडो संघिमाको खेतमा जाँदा राजाले भयालमा छिद्र वनाई ज्यापू लाई डाकी सहरको समाचार कस्तो छ भनी सोद्धा हेमराज ! चारदिन भयो वहुतै रोग निवारण भयाकोछ भनि ज्यापूले विन्ति गर्दा यति समाचार सुन्नेवित्तिकै त्यही भयाल खोली फाल हाल्न तयार हुँदा रानी हरूले भरसक गरी थामदा पनि थामन सकेनन् । राजाले वन्धभै रहन वहुतै गाह्रो मानी भयालैबाट फाल हाली वेगसित दौडी आई सहरमा

CC-0. In Public Domain. Digitization by eGangotri



जाई दर्वारमा प्रवेश गऱ्या । त्याहाँ पछि रानी र भयज्यूहरू पनि दर्वारमा आया । यसै दिन वा रात्री मा रानी र भैंज्युहरू सँग राजा वसि रहँदा यी राजा माथि महामारीको दृष्टि लाग्यो । रोग प्राप्त भै शुद्ध सूर्य वंशी राजा महेन्द्र मल्ल नेपाली संवत् ८४२ साल भाद्र कृष्ण ११ का दिन परलोक भया । यः राजाका पालामा ७ वर्ष सम्म महामारी आई रोग समन नभै रोगका पीडाले श्रेष्ठभाज्युहरू धेरै मरण भया । किशानीहरू कन बोलाई अफ्न आफ्ना ईष्ठ देवता जगाई सनाथ गुठी नाम राखी गुठी जनहरू जम्मा भै मरण कालमा भेला हुनु निमित्त गुठ तुल्याया । अघि भाज्युहरूको सनाथ गुठी थिएन । असक हुनाले किशानीहरूले मुर्दा छुन्या उन्का रीत भै गयाको हो । इनै वर्षमा दर्वारका कुमारी शून्य मा जांदा चावाहाल देवपत्तनका कुमारीलैं जाई आसनमा राखी पूजा मान्य गराया । दुई महिना सम्म राखी कुमारी कन सम्मान गरी अर्की कुमारी साथी राखी फर्काई दिया । त्यहाँ उप्रान्त कान्तिपुर राजधानी शहरमा सूर्य वंशी शून्य भ गया भनी लोक जन सबैले हाहाकार गर्दा रानी र चारै जनाले प्रजाहरू कन बोलाई कोही एक सूर्य वंशीका छोरी पट्टिका सन्तान जगज्जय नाम गऱ्या का ठाकुर कन राज्याभिषेक दिया । त्याहाँ चारै रानीहरू सह गामिनी भै यथाक्रमले राज राज्येश्वरी संन्ध्याका श्मशान मा प्रवेश गरी अग्नि प्रज्वलित भै आधा शरीर जलि सकेको वेलामशान विषे ज्येठो रानी खडा भै करजोरी यस्तो वचन वोलिन् । हें लोक पंच हो हामी हरू कन भढो कष्ट प्राप्त भयो संन्तान शून्य यि राजाले सजीव छदा धेरै पक्षीहरू पाली फेरी असग ढोका वाहिर सत्तल वनाई धारा वसाई मूर्ति वनाई वसाइ यथा क्रमले प्रतिष्ठा गरी धेरैं ब्राह्मणकन भोजन गराया यस्तातरहले मुख्य काजी भंगल ठकुरल राजा महीन्द्र मल्ल र रानीहरूको नामले धेरे धर्म कीर्ति गरिदिया । महामारी आइ कान्तिपुरमा शुद्ध सूर्य वंशी राजाकन लोप गरी सक्या उप्रान्त यसरोग नेपालमा निवृत्त भै गयो । जगज्जय मल्ल राजा भोग १४ यि राजा कन सूर्य वंशी राजा शून्यमा गया पछि सतीले छोरीपट्टिका सन्तानकन ल्याई राज्याभिषेक गरिदियाका हुन् । यि राजा लाई श्रीगुह्येश्वरीं प्रसन्न भै एक कोही मैथिल ब्राह्मणकन स्वप्नविषे दर्शनदा आजका चौथो दिनमा राज्याभिषेक पाउला भनी जगज्जय ठाकुरकन भनिदिनु भनी यस्ता तरहको वचन स्वप्नविषे दर्शन दिई आज्ञा प्रसन्न हुदा सो मैथिली ब्राह्मणले जगज्जय कन भेटी ईश्वरीका अनुग्रहका वाणी स्वप्नप्रमाण मन्त्र उल्का वचन सुनायाका थिया । अकस्मात् दैव योगले महीन्द्रसिंह मल्ल परलोक भैं राजा शून्य हुँदा यिनै जगज्जय मल्लकन सतीले वोलाई प्रजाहरू सँग सम्मत गरी राज्याभिषेक दियाको हो । यिन राजाले राज्याभिषेक पाय उप्रान्त अघि श्रीगुह्येश्वरी प्रसन्नभै मलाई स्वप्नविषे आज्ञा भयाको भनी मैथिल ब्राह्मणलाई समझी इनले भन्या वमोजिम पुग्यो भनी वहुतै खुशीभै मैथिल ब्राह्मणकन मेराईष्ट देवता गुरूहुन् भनी वहुतै सन्मान गरी कान्तिपुरमा वास गर्न दिई नुवाकोटमाथेरै विर्ता संकल्प गरीदिया यहाँ पछि श्रीगुह्येश्वरीका यात्रा अघि नचल्याकोमा कवच मूर्ति वनाई अ-

CC-0. In Public Domain. Digitization by eGangotri



खण्ड दीप ज्वाला लिङ्ग ढाल्नु इत्यादि नाना विधिले मन्त्र पूजा गराई जगाई प्रति वर्ष जात्रा गराया। वत्तिश कोठी महाजन हरू राषी धेरै षेत गुठी राषीं कर्माचार्य हरू कन गुठीयार राखी दिया । यी राजा नहुँदै इनका दुई पुत्र जन्म भयाका थिया । राजेन्द्र प्रकाश र जय प्रकाश पायापछि मोहन चोकमा जन्म्या का ३ पुत्र राज्य प्रकाश नरेन्द्र प्रकाश चन्द्र प्रकाश यी राज कुमार हरूर कुमुदिनी नाम रानी सहित भै सुख विहार गरीरह्या का थिया । राजा भया को ९ वर्ष पछि वडा लक्षणले युक्त भयाका ज्येष्ठ पुत्र राजेन्द्र प्रकाश दैव जोगले परलोक भया र राजाले बहुतै शोक गर्‍या । यिनै ज्येष्ठ पुत्रका लक्षणले म राजा भयाको हुँ भनी वहुतै फिक्री मान्या । अव मेरा अन्तमा जय प्रकाश राजा होला । यस्का पालामा देव धर्म राज्य केही रहन्या छैन प्रजाहरूले पनि वहुतै दुख पाउलान् । भनीं शोकले महिना ३ सम्म दर्वार बाट वाहिर ननिस्कि रहदा त्यससमय चार थरि षस सिपाहीहरू आई राजा कन वुझाया । हेमहाराज १ पुत्रका निमित्त यस्ता तरह संग शोक गर्न्या होइन । राज काज नगर्दा र रह्या कसो होला । हजुरका ४ पुत्र छन् भनी विन्ति गर्दा राजाले आफ्ना मनको सन्देह तिनीहरू लाई वताया र ती षसहरूले जयप्रकाशको स्वभाव अति क्रूर छ इनले देव धर्म राज्य नाशन्या छन् भनी हुकुम भयो । यसो भन्नु भयाह्रामीले राज्यप्रकाश कन राजा गरौंला । मोहन चोकमा जन्म भयाका हुनाले राज्य गर्न जोग्य का पनि छन्। भनी राजा रानी कन चित्त वुझाई षस थरिहरू फर्कि गया । इन दिनदेखि यही मतलव राजा षसहरूको भयाको थाह पाई जयप्रकाशले षस थरि हरू कन मनमा वहुतै दगा राख्या । त्याहाँ उप्रान्त केही काल गया पछि कान्छा पुत्र चन्द्र प्रकाश दैव जोगले परलोक भया र इनका नामले सहर पूर्व भाग टुकुचा पारी भीम जुजुका पोखरी भनी यथाक्रमले वनाई प्रतिष्ठा गर्‍या । फेरि यिन राज कुमार का नामले कोही पशुजन कन सुवर्ण रूप गहना पहिराईदिया । जात्रा पठाउँदा नेपाटोलको उदासले राजाले पठाएको हो भनी थाह पाई साह्रै हास्य गर्‍यो । पछि बाट राजाले पठायाका मानिसकन मैले साह्रै अपहेला गर्‍या भनी वहुतै डराई भोलिपल्ट राजाकन १ थाल भरि सुन चढाउन लैजाँदा तैंले अपहेला गर्‍याको माफ छ भनी ल्याएको सुन पनि फर्काइ दिया । यि राजा वहुतै निर्लोभी थिया। संवत् ८४९ आषाढ शुक्ल ११ का दिन झंगलठकुर काजी ललित पत्तन जाई कान्तिपुरका राजा जगज्जयमल्ल सँग ल्याई दुबै राजा मिलाई भक्तपुरमाथि चढाई गर्‍या धेरैको घरहरूमा आगो लगाई प्रजाकन दुख दिई भक्तपुरका राजा सित धेरे धन लिई राजा कान्तिपुर फर्कि आया । संवत् ८५० माघ शुक्ल द्वितीया । पूर्वफाल्गुनी नक्षत्र सोमवारका दिन ललित पत्तनका राजा विष्णु मल्ल कन आफ्ना त्रिकन्या कन्या दान गरिदिया । यी राजाका पालामा जयवागेश्वरीका देवालय भित्र चोर पसी गहना सवै चोरि लैजाँदा चोर को तलास मा लागी रह्याका थिया चोर फेला पार्न सक्याका थिएनन् । चोरि लग्याको ३ महिना पछि ५ वर्षकी कन्या कुमारी आर्य पुत्रीका शरीरमा देवी प्रादुर्भाव गरी मेरा गहना चोरन्या चोर हाडीगाउँमा

CC-0. In Public Domain. Digitization by eGangotri



ढोकाभित्र पाटिमा वसी थाम वजाइरहयाको छ भनी आज्ञा प्रसन्नहुदा कन्याकुमारीका वचन प्रतीतमा-नी सवै जना गइ हेर्न जाँदा थाम वजाइ रहयाको देखी यही हो भनी ठहराई समाइ ल्याइ राजा वक्सा-ई शासना गर्दा सवै गहना मिल्यो ती सव अलंकार देवी कन चढ़ाइदिया। फेरी यी राजाले दर्वार अगाडी धारा कृष्णको देवालय महाविष्णुको देवालय वनाइ मूर्ति स्थापना गरी गुठ राखी यथा क्रमले पूजा मान्या गराया। त्याहाँ पछि यी राजाले मैंथिल ब्राह्मणहरू गुह्येश्वरीका ठूला सेवक हुन् । मेरामाथि इश्वरींको अनुग्रहवाणी स्वप्नाविषे आयाको इनै मैंथिल ब्राह्मणहरूवाट हो सोही वचन प्रमाण चार दिन पछि राजा हुन पाउँला भन्या अभिलाषा मनैंमा नभयाको मलाइ राज पदवी प्राप्तभयां। यिनीहरूवाट मलाइ ठूलो गुँण भयाकोछ भनी वहुतै प्रीति गरी मिलिरहँदा नेवार थरि हरूले नसहँ निरापराधमा सवै तिरौंतिया ब्राह्मणहरूको घर लुटी धन सम्पत्ति सर्वस्वहरण गरी खाइ दिया। त्यसै वर्षमा वर्षा शून्य भै दुनियामा सवै हाहाकार भैं गयो। यो संकष्ट देखी राजा अति शान्त हुनाले मनमा विचार गरी मेरा पालामा प्रजाहरूले व्रह्मस्व हरण गर्‍या भनि राजाले प्रजाहरूको उद्धारका निमित्त श्रीपशु पतिनाथमा महावलि भोग नाम गरी गुठ राखी पूतिवर्ष धर्म कर्म गरी इश्वरकन मान्या।

फेरि केहीदिन पछि यी राजा वहुतै शान्त स्वभावका हुनाले गोर्खाका राजा पृथ्वीनारायणशाह आई नुवाकोट दखल गरी वहीं वास गरी गोर्खाका राजा कहाई हुकुम चलाइरह्याकाथिया। याहाँ पछि यिन राजाले मनमा यस्ता तरहका विचार गर्‍याकि मेरा पालामा ब्रह्मस्व हरण गनि भयो राज्य पनि घर्स्यो लक्षणले युक्त भयाको ज्येष्ठ पुत्र पनि खस्यो माहिलो पुत्र जयप्रकाशको स्वभाव अति खरावछ यसले हिन्दूधर्म केही राखन्या छैन कुलको धर्म स्थिति राखन्या छैन प्रजाले पनि दुःख पाउनन् यसर्थ अव मैले जिउनु व्यर्थ छ। वाँची मैंन यश नाम प्रख्यात गर्न कदाचित् सक्न्या छैन यस्तो हेरिरहनुचाहिँन वरू चाडै मर्नु पाय व्रढ़ीयाहुँदोहा भन्न विचार गरी चाडै मरण होस भन्या निमित्त उपाय गर्न लाग्दा १ कोही इटुंवहाल को दुष्ट वाँडाले भेद वताई हेमहाराज हजुर लाई केवल चाडै मरूँ भन्या इच्छा भया मंजे श्वरीका मूर्ति वनाई जात्रा गर्नु हवस तव शीघ्रैं मर्नु होला। भनी पुस्तक देखाई विधान क्रम देखाउदा राजाले यही मतलव मनमा गुप्त राखी मंजेश्वरीका मूर्ति वनाई श्रीपंचमीका दिन कान्तिपुरमा ल्याई जात्रा गराया। यही जात्रा गर्‍या उप्रान्त तिन महिना पछि जगज्जय नाम गर्‍याका शान्त स्वभाव भया-प्रजाहरूवाट घटिया भन्न नसक्ने संकोच राखन्या राजा नेपाली संवत् ८५५ फालुन वदिपञ्चमीका दिन परलोक भया।

अस्य पुत्र जयप्रकाश मल्ल भोग गर्ष ३३ यीनी नेपाली सवत ८५५ फालुन वदि ६ का दिन राज्याभिषेक पाया। यीन राजाले आफु राजा भया पछि यस्तो काम गर्‍या। विवाह गरी ल्याय की मिरयानी दया लक्ष्मी लगन मैज्यू वाँडाकी छोरी चटख्या मैज्यू वाहिर राख्याकी धन्य स्वभावकीछोरी

CC-0. In Public Domain. Digitization by eGangotri



यति स्त्रीहरूसित विहार गर्दथ्या । यीन राजाले आफु राजा भयापछि आफुलाई नसहन्या जात षस हरू जैसी भड़ेल हरू लाई इनीहरूमिली मेराभाइ राज्य प्रकास मोहन चोकमा जन्म्याको हो भनी उसलाई राजा गर्न खोजन्या छुल्याहा हुन भनी कसैको विश्वास नमानी टाढा गरिराख्या । भाइ लाई पनि यी छुल्याहा सित मिली मेरा गादीमा वसुंला भन्या पछि शुद्धन हुंदैन भाई राज्य प्रकाश मल्ल कन वहुतै डर देखाई धपाई पठाया । राज्यप्रकाश दाज्यूदेखी वहुतै डराई भागदा वाग्मती वाढी आयाको थियोवहुतै कष्ट पाई वाग्मतीतरी ललितपत्तनका राजा विष्णुमल्ल आफ्ना पिता ज्यूका चरणमा शरण गया । राजा विष्णुमल्लले पनि वहुतै अनुग्रह गरी मेरा सन्तान छैन मेरा शेष पछि तिमि लाई राजा गराउँला आफु संगै दरवारमा राखी खान पिना दी आनन्द गरी राखि छोड्या । याहाँ पछि तिनै सहरका राजा रण जित मल्ल ललित पत्तनका राजा विष्णु मल्ल लाई र दुवै सहरका सव काजी प्रमानहरू कन निमन्त्रणा गन्या भोजन गराई सकी वैठकमा तिनै राजा वसी आनन्दसित वात चित गर्न लागीरह्याका थिया । जय प्रकाश मल्लले क्या चाँजो गऱ्याका थिया भन्या वैठक भित्र ढुकुटीमा धेरै दौलत सुना चादि अरूधेरै किसिमका चिजहरू वाहिर वाट वेस गरी देखिन्या गरी ढ़ोकामा मसिनु कपडाको पर्दा लगाई भित्र वत्तीहरू वाली वाहीरवाट सव भित्र देखिन्या गरी राख्या काथिया रणजित मल्ल विष्णु मल्ल औ काजी प्रमाणहरूका दृष्टि ढुकुटभित्र पर्दा धेरे दौलत चिज वस्तु देखि राजा त हामीहरू भंदा वहुतै धनाढ्य रह्याछन् भनि ठान्या । यति देखिसक्या उप्रान्त विदा भई मनमनमहाँ हामी भन्दा वहुतै तालिवर रह्याछन् भनी फिक्रि गरी आफ्ना आफ्ना २ सहरमा गया । त्याहाँ पछि ललित पत्तनका राजा विष्णु मल्ल कन विखुप भैरह्याको देखि काजी प्रमाण हरूले हेमराजका कारण क्याहो हजुर सुर्ता गर्नु हुन्छभनीविन्ति गर्दा राजाले भन्या हे मन्त्रीहरू मलाई अरूथोक्को सुर्ता केहीहोइन जयप्रकाशमल्लले दौलत देखाई पठाया अवहामीहरूले उसका वदला क्या देखाउं भन्या उनका दौलत भंदा हामीहरूको वहुतै कमो छ अव कसो गर्न्या हो भनी सल्लाह गर्दा काजीप्रमाण हरूले विन्ति गऱ्या । हेमहाराज सुर्ता नगर्नुहोला हामीहरूले अव आफनाप्रजाहरूकन देखाउंला राजाको मुख्यधन भन्नुत प्रजाहरू हुन् भनी विन्ति गर्दा राजा खुशी भै लौ हाम्रा राज्य भरिका प्रजाहरूलाई सफेद पोसाक पहिरी हाजिर हुन आउनु भनी उर्दी दी झिकाउ भनी आज्ञा दिदा काजी प्रमाण हरूले राजाको हुकुम माफिक दिनको ठेकान गरी तिन सहर मध्य पाटनको राज्य ठूलो हूँनाले प्रजाहरूकन झिकाई जंवा गरी राखी कान्तिपुर भक्तपुरका राजा काजी प्रमाणहरूसवकन निमन्त्रणा गरी भोजन गराइ सक्या पछि चौकोटका पञ्च भयालमा तिनै राजा वस्या पछि प्रजा हरूकन वालाई दर्शन दिया हतियार लियाका सफेद पोशाक पैह्याका प्रजाहरू सवले दर्शन गरी दर्वारका सामने प्राप्त गरी वस्या र विष्णु मल्ल राजाले राजा रणजित मल्ल राजा जयप्रकाश मल्ल संग वडा गरू मेरो दौलत भन्नुत इनै प्रजाहरू हुन् भन्या । त्यहाँ पछि

CC-0. In Public Domain. Digitization by eGangotri



भक्तपुर कान्तिपुरका राजाले पाठनका राजाको प्रजाहरू धेरै देखि इ सवैफौज जंभै लडन आया भन्या हामीले राज्य थाम्न सकिने रहेनछ भनी ठान्या । जयप्रकाश मल्लले वेनाँहक अर्थ्या लो भैं आफ्नो अन्त दिया छु मके धनी रहे छुर भन्या लिया । त्यहाँ पछि विदा भैं आफ्ना आफ्ना सहरागमा गया ! पछि भक्तपुरका राजा रणजित मल्लले वदुतै फिक्का मन गरी भक्तपुर गै प्रमाणहरू सित सल्लाह गऱ्या । अव हामीले कसो गर्न्या हो । जयप्रकाश मल्लले दौलत देखाया विष्णु मल्लले प्रजा देखाया अव हामीले उसको वदला क्या देखाउँ धन देखाउँ भन्या प्रजा देखाउं भन्या पनि उनी हरूको बराबर हाम्रो छैन भंदा काजी प्रमाणहरूले हेमहाराज केही सन्देह नमान्नु होला हामी हरूले पनि धेरै संग्रह गरी राख्या का चिजविज शास्त्र औषधीहरू केहि धन हरू षेखाउँला भन्ने बिन्ति पूर्बक सल्लाह गरी ठहराई जय प्रकाश मल्ल विष्णु मल्ल प्रभृति काजी प्रमाणहरूखाई निमन्त्रणा गरी भोजन गराइसक्या पछि थेरै डोरिमा उन्याका साचो को झुप्पाहरू भण्डारेले बैठकमा राखिदियो । त्यहाँपछि रणजितमल्लले विष्णु मल्ल जय प्रकाशमल्ल संग भन्या आफ्नो आफ्नो मुख्य चिज भयाको मलाई देखायौ; दौलत दुनियाँ मेरो दुवै छैन जो भयाको हेर्छौ भन्या देखाउछु भनि दुवै राजाकन उठाई धेरै कोठाहरू खोली पुराना पुराना धेरै जातका औषधी तेल आदि अरू औषधी कागतहरू भयो वैद पुराण तन्त्र बैद्यशास्त्र आदि धेरै ग्रन्थ हरू र केही जेवर का चिज बस्तु वस्त्र धनहरू देखाया । त्यहाँ पछि दुवै जना विदाभै भक्तपुरका राजा वहुतै सकल पदार्थ का संग्रही रहेंछन् । इनी सँग वखत अनुसारका कामलाई चाहिन्या चिज नभ-याको केही रहेन छ । त्यस्तो संग्रह हामीहरूलाई छैन भनी हारमानी आफ्ना आफ्ना सहरमा आयाथ्या ।

ताहाँ उप्रान्त थरी मुखियाहरू र एक दुई हामीहरूले हामीहरूलाई राजा ले नजिक राखेनन् खोज खवर केही गर्दैनन्, इनबाट हामीहरूलाई भलो होला भन्या आशा छैन भनी मिली जय-प्रकाश मल्लका कान्छा भाई नरेन्द्र प्रकाश मल्ल कन वुझाइ हात ली दरवार वाट वाहिर ल्याई देवपतनमा राखीं टुकुचा पारका देवपत्तन साँखु चाँगु गोकर्ण नन्दी ग्राम मति याँच ग्रामका राजा गराया । ताहाँपछि थरि मुखिया काजीहरूले हे महाराज हजुर हरू पाँच भाई एकै हो दुई माई परलोक भया एक भाई ललित पत्तनमा गई आनन्दसित वसिरह्याका छन् हजुर पनि राज पुत्र योग्यको हुनु हुन्छ । दाज्यु भाई भन्या कोत जोरि नहो भनी राज्य प्रकाशलाई पनि वहकाई प्रजाहरूका खेत लुटी विग्रह गरीरहँदा ४ महिना पछि राजा जय प्रकाश मल्ल वहुतै रिसाई दल साहित गरी आफै युद्ध जाई भाई सित लडाई गरी देवपत्तन देखि लग्यारी भक्तपुर सम्म भगाई पठाया । भाई नरेन्द्र प्रकाश दाज्यु देखि वहुतै ड्राई रणजित मल्ल राजाका शरण गया । रणजित मल्लले अघि वाज्याहरूका पालामा कान्तिपुरवाट भागि आउन्या राज कुमार सदाशिव मल्ल राख्याको चोकमा राखी खाना पिना दी राख्या नरेन्द्रप्रकाशमल्हका वहुतै लाचार भैराख्याका थिया । केही वर्ष पछि शून्य मा गया । राजा जयप्रकाश

CC-0. In Public Domain. Digitization by eGangotri



मल्लले ती मुखिया काजोहरू देखि दगागरी आफुदेखि टाढ़ा गरी राषि छोड्या। ती थरि काजी मुखियाहरू पनि मिली गुप्तसंग षेल कमाउन लागिरह्या कै थिया। कान्तिपुरकाराज्य भक्तपुरका राजाले दषल गर्दा समय वावाका पालादेखि का मुख्य काजी मंगल ठकुरलाई षोसी मास्की पलकको सुपु मास्की कन भक्तपुरका राजाले लियाको मेरो राज्य दषल गरीदेउ भनी २१४ महिना वादा दि मुख्य काजी गऱ्या। राज्य हात लिनाको उद्योग गरी रहदा समय चाडै फिकि दिन नसकी मेरा राज्य अरुले लियाको हेरी मात्र रहन्या आफ्नु राज्य अरुले लियाको आफ्नु गर्न नसकन्या भनी राजा जयप्रकाश मल्ल अप्रसन्नभै भंडार खालमा केही सल्लाह गर्नु पर्छ भनो डाकि लगी मारो कसैले थाह नपाउन्या गरी इनारमा खसाली माटाले पुरिदिया। याहाँपछि कान्तिपुरका काजप्रमाणहरू कन जंमागरी राजा जयप्रकाशले भन्या मेरा द्रोही शत्रु नाश गरी सक्यों अव तिमी हरुले मेरा भरसक गरी सेवा गर सेवा गऱ्या अनुसार वक्सौंला भनो मुष्य काजी न भै राज काज होइ सक्तैन लौ काजी हौ भनी एक दुई जना लाइ भंदा कसैले पनि राजाको उग्रस्वभाव देखि काजि हुन कवुल गरेनन्। पछिवाट उपाघ्या भाजुलाई काजी गऱ्या। याहाँ पछि द । सवजमा गरी आफु समेत जाई भक्तपुरमाथि चढ़ाई गरी आदि राज्य हात लिन गया, हात लाउन नसकीं फर्कि आया। याहाँ पछि वाहुन काजी कन षोसी टौढिक लाईमुख्य काजी गरीदिया संवत् ८६९ कान्तिपुरका राजा एकला भइरहदा भक्तपुरका रणजित मल्ल राजाले कान्तिपुरका राजाको राज्य भै रह्याका पल्लो चोक आदि ७।८ ग्रामहरू जितिली याहाँ पछि विष्णुमल्ल राजासित मिली भक्तपुरका रणजित मल्ल माथि चढ़ाई गरी आफ्नु राज्य मध्य केहि हात लाई दाप्चा फूल वारीका कोटघरमा आफ्नो लगाई फर्कि आया। ललितपुरका राजा विष्णु मल्ल परलोक भया पछि भाई राज्यप्रकाश मल्ल राजा भया। २ भाई दुइ शहरका राजा भैं सुखसम्भोग गरी रह्याका थिया। राजा आफ्ना वावा जगज्जयमल्ल कापाला देखि गोर्षाका पृथ्वीनारायण शाहाले पश्चिमको राज्य दखल गरी राख्या को र पूर्व पट्टिको राज्य भँवरकोट दुवुचौरकोट आदि ग्रामहरू भक्तपुरका राजाले दखलगरी राख्या को हुनाले राजा जयप्रकाशले त्यस वेला फिराई लिनानिमित्त धेरै फेरा चढ़ाई गऱ्या। तैपनि आफ्ना मुलुक सव आफ्नो भयाको थिएन र काशीरामथापा प्रभृति थरी मुखियाहरू काजी हरुलाई आफ्ना मुलुक हात लाउनु भनी भारादि राष्याकोथियो। यिनी हरुले राजा जयप्रकाश मल्ल सँग ज्यादा प्रीति नहुनाले हामीहरुले कस्तै मिहेनत गऱ्यापनि राजाले हामीहरु माथि को दगा छोडन्याछैनन् कारण अघि हामीहरुले नरेन्द्र प्रकाश मल्ल कान्छा भाईलाई पाँचग्रामको राजा गराउँदाको रिस इनले छोड्याको छैन भनी राजाको अन्तकरणको मतलब थाहा पाई मुलुक लिनामा वेस गरी चित्त नलाई केही उद्योग गऱ्या भई मात्र गरी रह्याका थिया। याहाँ पछि राजा जयप्रकाश मल्लले आफ्ना मुलुक धेरै वर्ष संम पनि हातलाइ नादँदा अवि मेरा वावाका पालामा पनि इनीहरुले मलाई राजा नगराई भाईलाईराजा

CC-0. In Public Domain. Digitization by eGangotri



गर्न भरसक गर्न्याथ्था इनीहरूले कदापी मेरो सव मुलुक हात लाई दिन्या छैनन् भनी ठानी मनमा दगा राखी संवत् ८६६ श्रावण शुक्ल पूर्णिमाका दिन रिसाई गै नन्दिग्राममा वास गरी चावहिल गणेश समीप गौरी घाटमानै मन्त्री स्नान गर्न लागिरहेका काशीराम थापा हरि कार्कीका छोरा र वलिवस्न्यात बूढाथोकी विष्ट प्रभृति पर्वतीय उमरावहरूलाई जवर्जस्ती सँग पक्री प्रजाहरुले सुन्न्या गरी के भन्ने भन्या इनीहरू लाई मेरा अघिको राज्य पश्चिम नुवाकोट आदि ग्रामहरू र पूर्व भँवरकोट दुवुचौरकोट आदि राज्य हात लाई देउ भनी अनेक तरह सँग भन्याथ्या भन्या भन्या माफिक सवै थोक पुर्याइ पनि दियाँ तै प न इनीहरूले लौ भनी दिलासा मात्र दी केही उद्योग नगरी यति दिन संम विताया। झन्न सारो आफना हात का राज्य साँखु चाँगु पनि भक्तपुरका राजाले लिन आया। यसो भया पछि मविग्रने भयाँ तिमिहरूले भन्या माफिक मैले गरि सकयाँ अव तिमी हरूलाई क्षमागरी छाडन्या छैन भनी वहुतै रिसाई यस्ता कुरा गरी उमरावहरूले आफ्ना शिरको पगरि उतारी जमिनमा राखी वहुतै प्रार्थना गरी हेमहाराज हामीहरूले केही उद्योग नगरी रह्याका होइनौं १०;१२ दिन पाव वक्सनु हवस शत्रुले लीराखेको सव मुलुक निश्चय हात लाइ दिउँला षावा टर्‍या उप्रान्त पनि मुलुक हात लागेन भन्या हामीहरूलाई जसो इच्छा छ उसै माफिक गर्नु होला भनी कटहर आदि फल फूल धेरै चढाई अनेक तरह सँग विन्ति गर्दा पनि राजा जयप्रकाशमल्ल वहुतै रिसाई तिमीहरूले मलाई ५,६ फेरि आशा भरोशामात्र दी हाल्यौ अव म कदापि तिमीहरूका वचनको प्रतीत मान्या छैन कान्तिपुर शहरमा जाऔ हिड भनी हुकुम हुन्या विक्तिकै ती उमरावहरू उठी वडो वेग सँग भाग्या। मधिस्या सिपाहीहरूलाई हुकुम दीं समात्न लगाई उमरावहरू ८ जनालाई मार्न लाया। सिष्वाग काजीकन पनि मार्‍याँ टौढिक आदि काजीहरू भागि गया। राजा जयप्रकाशले आफ्ना वडावीर उमरावहरूलाई मार्‍या भन्ने यही खवर गोर्खाका राजा पृथ्वीनारायणसाहले नुवाकोटमा सुनी वहुतै हर्ष मानी लढाई गर्‍या। याहाँ उप्रान्त ती मारिएका उमरावहरू का परिवार सन्तान परशुराम थापा प्रभृति उमरावहरू मिलि आफ्ना दाज्यू काशिराम थापा आदि उमरावहरू लाई मार्‍याको रिसले सम्मत गरी गोर्षाका राजा पृथ्वीनारायण शाह लाई भक्तपुरमा वोलाइ ल्याई साँषुचाँगु दषल गराया। साँषु चाँगुमा कसैलाइ जान आउन न दि राखदा आफ्ना सैन्य सिपाहि जम्मा गरी जयप्रकाशमल्ल शुद्ध जाइ लडाई गर्दा ठानामा रह्याका गोर्खाली सैन्य हटाउन नसकी फर्कि आया।

यहाँ पछि कान्तिपुरका प्रजाहरूले राजा संग अव कसो गर्न्या हो भदि विन्ति गर्दा ठाना वसि रहन्या लाइ उठाउन सकन्या सुरासुरा काजीहरू अघि लगाइ जानु पर्‍यो भनि आज्ञा गर्‍या। ताहा पछि राजाले केहि नवोली रहदा कान्तिपुर्‍या प्रजाहरू ललितपत्तनका राजा राज्यप्रकाशमल्ल छेउ जाइ गुहारि माग्या र राज्यप्रकाशमल्लले पनि प्रजाहरूको विन्ति सुनि मदत गर्नालाई आफ्ना सव सैन्यहरू लाई जाउ भनि

CC-0. In Public Domain. Digitization by eGangotri



खटाई ढाक्या प्रमाणहरू उमराव हरूसमेत लाई लड़ाई गर्न पठाया।

त्यस्का २।४ दिन पछि जयप्रकाशमल्लका ५ वर्षका वालष छोरो लाई देवपत्तनमा लगि राषि उमरावहरू मान्याका दिन भागी आउन्या टौढिक प्रमान आदि काजिहरू लाई डाकी प्रजाहरू र काजि एक भै मिलि जयप्रकाश मल्लका पुत्र लाई राज्याभिषेक दिन लाग्दा जयप्रकाशमल्लले थाहा पाई तलेज्यूका देवालय भित्र जाइ लुकि रह्या

याहाँ पछि जयप्रकाशमल्लका पुत्र कन जोतिप्रकाश मल्ल नाम गरी राजा प्रजा प्रमानहरू मिलि साषु चाँगु माथि चढाइ गरी १००।२०० मानिस मारी पृथ्वीनारायण साहका सैन्यलाई हटाइ पठाया त्यो समय आश्वि मैह्नाथियो। जयप्रकाशमल्लले दशैंको कर्म स्थापना आदि गरी सक्याका थिया। नवमि-का दिन इन्द्रचोक घरमा उपाध्या वासीं भाजु पूजा गर्न आउदाजयप्रकाशले थोरै मानिस जम्मागरी उपाध्य भाजुका घर घेरि घर लुट्न आउदा उपाध्या भाजु भागि ललित पत्तन गया र नवमी पूजा वेलामा गर्न नपाउदा उपाध्या भाजुको भाईलाइ बोलाई, दर्वार लगि आधारातका समय नवमीपूजा चाँहि चाडै गराइ जयप्रकाश मल्ल भागि जाइ पहिले पाटनका काजि कालिदासका घर र ताहाँपछि आफ्ना भाइ राज्यप्रकाश मल्ल भयाका ठाउगै ताहाँपछि पाटनमा भागि आउन्या उपाध्या भाजुलाई कान्तिपुरमा पठाइ दशमि कर्म गराया। संवत् ८८६ कार्तिक बदि १ रोज शुक्रवारका दिन जयप्र-काश मल्ललाई सतिगल् घरमा वास दि ललिपत्तनका काजिहरू तह्नौलमझुङ्का उमराउहरूले जयप्रकाश मल्ललाई फेरी तिमिलाई कान्तिपुरका राजा गराउला भनि बोध दि राख्याका थिया। याहाँ पछि जयप्रकाशमल्ल लाई दुर्दशा प्रभावले दुःख पाउनु थियो र जयप्रकाशको चित्त चंचलभैं थीर बुद्धि नहुदा १ मैह्ना सम्म सतिगल घरवास गरी सक्या उप्रांत भक्तपुरका राजा रणजित मल्ल सित शरण जाउं भन्ने चित्तमा आयो र काठछे सम्म गया पछि प्रमाणहरू उमरावहरु जाइ बुझाइ भक्तपुर जान दियेनन्। फेरि १ मैह्नासम्म काठछेमा वासगऱ्या। फेरि जान लाग्दा ललितपत्तनका काजि उमराउ हरु जाइ बोध दी थाम्या। त्यस पछि ४।८ दिन वहि वासगरी पुलचोक ग्राममा जाइ एकमैह्ना सम्म वासगऱ्या। फेरी देवपत्तान जानाको इच्छा भयो र देवपत्तनमा जाइ १ रात-वस्या। भोलि पलट रात्रिविषे कान्तिपुरका प्रजाहरु देवपत्तान जादा जयप्रकाश मल्ल भागी फेरी पुल-चोक गै गया। ताहाँ पछि मातातीर्थमा जाईं वासगऱ्या। यहि साल संवत् ८८७ वैशाख शुक्ल अष्टमीका दिन महापाल्मा मछिन्द्रनाथका रथ अड्कि रहदा मानीसका स्वरुप कोई एक आई देवता छोइ दर्शन गरी गयो। उसलाई कसैल चिह्नपनि सकेनन् त्यस्ले देवता लाई छोएको हुनाले शान्ति गऱ्या। पशुपति नाथमा पनि महास्नान राज्यप्रकाशमल्लले गराया। ज्येष्ठ शुक्ल दशमि आदित्यवारका दिन जावलाषेलमा मछिन्द्रनाथ जात्रागरी लैजादा आग्लो भाचियो र आग्लो फेर्न लाग्दा रथ ढल्यो।

CC-0. In Public Domain. Digitization by eGangotri



देवतालाई झिकि पाटिमा राखी ४।५ दिन भित्रमा रथ सिध्याई आदित्यवारका दिन रथमा देवताकन राख्या । सोमवारका दिन जात्रा गर्दा फेरो आग्लो भाचियो । फेरी आग्लो फेरी जात्रा गर्दा आग्लो फेरी पनि भाचियो रथ पनी ढ्लन लाग्यो यसरी आठदिनका विचमा २ फेरी रथ ढ्ल्यो यस्तो भयाको कसैले सुन्याको पनि थियेन भोलि पल्ट ठूला ठूला काठ ल्याइ टेवा लगाई रथ खड़ागरी शांति पूजा गरी वहुतै मुस्कील संग जात्रा संपूर्ण गऱ्या ।

याहाँ पछि आषाढ शुक्ल त्रयोदशि बृहस्पति वारका दिन मातातीर्थ बाट उठि जयप्रकाशमल्ल ठिमिमा जाइ वास गऱ्या २।४ दिन पछि भक्तपुरमा जाइ २।३ मैह्ना वास गऱ्या । ताहा पछि भक्तपुरका राजाले साँपु चाँगु लिन कन उद्योग गरी जयप्रकाशमल्ललाई नजर वंदिराषन आट्या र त्यो मतलव जयप्रकाश मल्लले थाहापाई अव याहाँ वसि मेरो भलो हुन्या छैन भनि मनमा विचार गरी देवपत्तनमा श्रीगुह्येश्वरीका स्थानमा आई १।२ मैह्ना वासगऱ्या ।

ताहाँ पछि रात्रि विवे पंच लिंग भैरवको दर्शन गर्नाको इच्छा भै जादा कान्तिपुरका प्रजाले देषि वहुतै करुणा गरो अभय वाचा वाधि प्रमानहरु सँग भनि लगी दर्वारका एकचोकमा वास गराया । पछिवाट कान्तिपुऱ्याकाजीहरूले जयप्रकाश लाई दर्वारमा तिमिले वस्नु हुँदैन वाहिर शहरका १ चोकमा वास गर भनि ३।४ फेरा भंदा प्रजा हरूले उसो काहा हुंछ भनि भन्नु सकेनन् र याहाँ वसो मलाई भलो हुन्या छैन भनी गोदावरी संधिमा वस्नु गया । यस्तै समय जयप्रकाश मल्लकी रानी दयावतोले कान्ति-पुऱ्याकाजीहरूका वुद्धिमा लागी ललितपत्तनका काजीहरू हात ली जयप्रकाश मल्ल लाई गोदावरी संधि बाट भगाउदा जयप्रकाश मल्ल गोकर्णेश्वरमा गया । ताहाँ पछि केहि दिन वसि भयमान्याहरूले हामी-हरूकन अपजश होला भनी ताहाँ पनि वस्न दियेनन् र काहि वास न पाई वहुतै दुःख पाई श्रीगुह्येश्वरीका चरणमा शरण गरी वस्न गया ।

ताहाँ पछि राजाले विचार गरो अवन जेसुकै भयापनि यहा बाट उठि दोश्रो ठाउमा जान्या छैन भनि केवल ईश्वरीका चरणमा शरण ली वस्ने आधार गरि नित्य सेवा जप स्तोत्र गरी रह्याका थिया । यस्तै समय गोर्षाका राजा संग कान्तिपुरका काजिहरूले हाम्रो जगा छाडी देउ भंदा जयप्रकाश मल्लकन कान्तिपुरमा आइ राजा भया भन्या हामिले लियाका सव राज्य तिमिहरूका हात सपुर्त गरौला भनी गोर्षाका राजाले भन्या तह्नौका राजासँग पनि ललितपत्तनका काजिहरूले त्यस्तै कुरा गरेमा पनी जयप्रकाशमल्ल लाई कान्तिपुरमा वास भै गयो भन्या लामो डाडा तिमिहरूलाई सौंपौंला भन्ने जवाफ दिया यस्ता तरहले कान्तिपुरका काजिहरू र ललितपत्तनका काजिहरूले हाम्रो जगा छाडि देउ भनि भन्दा गोर्षाका र तह्नौ लमजुङका काजिहरूले यस्ता तरहका जवाफ दियाका थिया । जयप्रकाशमल्ल राजा केहि दिन सम्म श्रीगुह्येश्वरीका चरणका शरण गरी रहँदा राजाको सेवा देषि ईश्वरी प्रसन्न भै एक कोहि

CC-0. In Public Domain. Digitization by eGangotri



जोगिस्वरूपका हातबाट खड्ग दान दिलाया । आपना गादीमा पुत्र जोतिप्रकाशमल्ललाई राखी दयावती रानी र टौढि प्रभृति काजिहरुले पुत्रकन राजा गरायाको र ४ वर्ष पुगि पाचौं वर्ष लाग्दा ईश्वरी बाट खड्ग दान पाउदा अबत मेरा दुःख हरण शत्रुका मरण हुन्या लक्षण आयो भनि जयप्रकाशले धैर्यमन गरी रह्याका थिया । यी राजाजयप्रकाश मल्ल आपना राज तषत् बाट पतित भै दुःख पाउदा उनका साथ न छाडी रह्याका वंशिधर मास्की अर्जित्सि मास्की घ्यौमचा आदि २०२५ जना मानिस मंत्रीहरू साथमा थिया गुह्येश्वरीका स्थानमा वास गऱ्या पछि जागेश्वर वैद्य पनि राजाका चरणमा आई आफ्ना घरमा भयाको सरजाम ल्याउदै भोजन गर्दथ्या । यी राजाका महतारी कुमुदिनी रानिबाट पनि छोराले वहुतै दुःख पायो भनि गुप्तसंग गहनाहरू वेचि रुपैया वारं वार दी पठाउने गरेकी थिईन् । यस्तै समय संवत् ८७० शुक्ल १० का दिन कान्तिपुरका काजि हरूले अव यो जयप्रकाशमल्ल लाई देवपत्तनमा राषनु छैन भनिनिकालनु पर्छ सैन्य सिपाहि नी जादा त्यो खवर जयप्रकाशमल्लले सुनी आफुसंग रह्याका मानिसहरू पठाई देवपत्तनका र ताँह संधिका मानिसहरू र कसाहि पोढ्याहरू जमा गरी इश्वरीका भित्री षण्डमा जाइ प्रदक्षिणा गरी रहेका वेलामा वडो वेगसंग १ माछा उम्री आयो सो माछा जयप्रकाशले विचैमा टिपि उसै घडि ग्रास गऱ्या । यति प्रत्यक्ष पाइ ईश्वरीबाट ठूलो अनुग्रह भयो भनि खुसि भैं साष्टाङ्ग दण्डवत् प्रणाम गरी जयप्रकाशमल्ल वाहिर निस्की संधै आपना साथ रह्याको खुडा लं सानिनाम घोडा माथि सवारभै जोगि स्वरूपले दियाको खड्ग हातमा ली प्रस्थान गरी आउदा गौरीघाट् संधिमा कान्तिपुरको काजी प्रजाहरू संग भिडियी उस वषतमा जयप्रकाशमल्लले ठूलो शब्द गरी हेप्रजाहरू तिमिहरू निर्दोषि हौ तिमिहरू एकातिर सर मेरा द्रोहिहरू सँग म लड्छु भनि शस्त्र प्रहार गरि पैले ४।५ जना कन मारि हटाइ ल्यायी कसैलाइ गौरीघाट् संधिमा माऱ्या । कतिलाई कसाहि गाउं संधिमा माऱ्या । कसैलाई हाडिगाउँ संधिमा माऱ्या र कान्तिपुऱ्याकाजिहरू सैन्य सिपाहिहरू सहित जता जता पाथा उता भागि गया । जयप्रकाशमल्ल सरासर जाई सोकनवुढोका बाट भित्र पसि कान्तिपुर सहर भित्र प्रवेश गरीं सिंहढोका बाट तलेज्यूमा जाइ देवालय प्रदक्षिणा गरी ढोकामा साष्टाङ्ग दण्डवत् प्रणाम गरी दक्षिणा चढाई आफ्ना पुत्र जोतिप्रकाशमल्ल कन काखमा राखि भयालमा वसि प्रजाहरूलाइ वोलाई हेप्रजाहरू कान्तिपुरका राजा जोतिप्रकाशमल्ल यै हो म देखि केहि संदेह मान्नु पर्दैन एकमाना षाई वालष पुत्र को रक्षागरि राजकाज गरी रहुँला हाम्रा मुलुक अघिदेष शत्रुका हातमा पऱ्याको फर्काई लिन उद्योग गर्दा तिमि हरूले भरसक गरि मेहनत गरि दिया भनि प्रजाहरूलाईमधुर वाणिले वोध गरी सुनाई सव प्रजाकन षुसि गराई हात लिया । प्रजाहरूले पनि हेमहाराज अघि हामिहरू बाट भयाको सव अपराध क्षमागरि प्रसन्न हुनु होला चरणको सेवा हामिबाट सवयाभर गरुंला अव उप्रान्त शत्रुका हात पऱ्याको राज्य भिकदा खेलखंड गर्ऱ्या र नगर्ऱ्या माथिविवेक गऱ्या जाला सास्ती

CC-0. In Public Domain. Digitization by eGangotri



प्रसादको धर्न हजुर हुनु हुंछ भनि प्रजाहरूले विन्तिगऱ्या । याहापछि ती भिष्त्राल तुइष्वाल आदि दुष्टकाजि हरूलाई समाइ मारि जमलोक पठाया । धंजुकोठामोच्यार हुल नायक हरू सानजना लाइ पनि माऱ्या । मुख्य काजि टौढिक र जयप्रकाश मल्ल कान्तिपुर प्रवेश गऱ्या भंन्या खवर सुन्ने वित्तिकै मनोरथसि लाइ मेरा परम शत्रु कन तैंले वुइगलमा लुकायि छस् भनी सर्वस्व हरण गरीं लिया । दयावति रानी लाईं विगार्न्या गरुडसिंह भडेलले षवर जाहेर हुनि वित्तिकै गोर्षाका राजासंग शरण जाइ जीव वचायो यहि शत्रु साधन गर्न नपाउदा राजा वहुत दिक्क थिया । यिनै रानि संग विराउ भयाका उपाध्या भाजु भक्तपुर भागि रहन्या लाइ भन्या मान्या । यस्ता तरहसंग राजा जयप्रकाशमल्लले छुल्या शत्रु हरु संहार गऱ्या । कोहि काजिहरू र जयप्रकाशमल्ल देंष डराई विष षाई मऱ्या । दयावती नाम रानी लाइ बडो दुष्टिनी ठराई आफ्ना स्वामी मलाइ त्याग गरी दुष्ट काजि गरुड़सि भड़ेल संग रत भै सत्य छाडि परपुरुष तुल्याउन्या भनि बंधनैमा माऱ्या ।

ताहाँ पछि ललितपत्तनका राजा भाडेराज्यप्रकाश मल्ल का स्त्रीहरु १६ थियार स्त्रीहरुका विरोधले नेत्ररोग दीर्घ भै अनेक तरहसँग औषधि गर्दा पनि आराम नभै रहदा जोतिष देखाउदा गणेशको दोष भनि ठहराउदा र चोभारका गणेश को देवालय वनाई गजुर चढाइ प्रतिष्ठा गर्दा भक्तपुर कान्तिपुरका राजा मंत्रिहरुलाई निमंत्रणा गऱ्याका थिया । भक्तपुरका राजा रणजितमल्ल गणेश दर्शन निमित्त आया कान्तिपुरका राजा जयप्रकाश मल्ल भन्या २१ फेरा सम्म अनेक विंति गरी वोलाउन पठाउदा पनि आयेनन् झन् सारो पाटनका लगाभित्रको कोत हरुमा आगोलाइ दिया । श्रीगणेश दर्शन छाडि यस्ता तरहको बुद्धिगऱ्याको खवर सुनि कालिदास धनवंत मंत्रिले गोर्षाका राजा पृथ्वीनारायण शाह कन पत्र लेषि नुवाकोट् दषल गरी लेउ भनि पठाउदा गोर्षाका राजाले अवसर पाइ दखल् गरि लिया । राज्यप्रकाश मल्ल राजाले चोभार गणेश स्थानमा ४ दिन वास गरि विधिपूर्वक प्रतिष्ठा कर्म गरी शहर फर्क्याँ ।

याह पछि जयप्रकाश मल्लले नगर्कोटि हरु झिकाई सिपाहि वनाइ नेपालमा राजाका करार गऱ्या । दर्माहि दिना निमित्त पशुपतिनाथका भण्डार खोलि पनि लिया । यछे महालक्ष्मीका अगाडी को षम्वा ढालि सुनका सिंह रातमा उठाइ कान्तिपुरमा ल्याया । यस्तै अनेक उपद्रव गऱ्या । संवत् ८७३ चैत्र मैह्लामा राज्यप्रकाश मल्लका पुत्र परलोक हुदा भया । पछी वैशाख शुक्ल तृतीयाका दिन गोर्षाका राजा पृथ्विनारायण शाह नेपाल खाल्टामा प्रवेश गरि ललितपत्तान राज्य फर्पिङ् चितलाङ्ग आदि ग्रामहरु दषल गरि लिदा ।

याहा पछि भिष्वाल धनकाजिले सैन्य सिपाहि जमा गरी लड़ायी गरी आफ्नु मुलुक आफ्ना गऱ्या । संवत् ८७४ मा कान्तिपुरका काजि चिकुटि मास्कीले पनी नाला दुममा चढाई गरी मुलुक जिति फर्कि

CC-0. In Public Domain. Digitization by eGangotri



आया संवत्८ ६ आश्विन कृष्ण परेवाका दिन गोर्षाका राजा पृथ्वीनारायणशाहले कान्तिपुरका राज्य धर्मथली दषल गरी लिया संवत् ८८६ आश्विन सुदी सप्तमीका दिन जयप्रकाशमल्लले धालछेका काजी कालिदास लाइ नगर्कोटी सिपाहि पठाई चोकको पाटिमा वसी रह्याका वेलामा शिरमा पर्शु प्रहार गरी मान्या। यहि खवर पृथ्वीनारायण साहले सुनि खुशी भयाको वढाइ गन्या।

तांहा पछि गोर्षाका राजा पृथ्वीनारायणशाहले नेपाल खाल्टा भित्र प्रवेश गरी ललितपत्तनका राज्यहरुमा धेरै ग्राम दषल गरी लिया। फेरी येहि समय गोर्खाका राजाले थान्कोट बलम्बु सतुंगल दहचोक दषल गरी किर्तिपुर दखल गर्न निमित्त भ्रमसिषेलमा ठाना वस्न आउदा राज्यप्रकाशमल्लका सेना र जयप्रकाशमल्ल राजा धेरै सैन्य जमा गरी लडायी गर्न जाइ पन्या। ठुलो लडायी भयो यो लडाञी हुदामा जयवागेश्वरीदेवीआफ्ना देवालयबाट भ्रर्भराकार गरी केहि स्वरुप हिंडाइ ज़ाई लडाञी हुदा देवीका प्रभावले घनधं र अना धुंदको भारी लडाञी भयो। यो लडाञीमा देबपत्तनका सिपाहिले प्रथम प्रहार गन्या। यसै लडाञीमा सुरप्रतापस हाका नेत्रमा तीर लागी एकछिनैमा गयो। कालु पाड़ेकाजी पनि यसै लडायीमा पन्या अरु गोर्खाका काजि भैयाहरु समेत धेरै सेनाहरु सम्हार गन्या घडि १२ सम्म वडो युद्ध हुदा दुइतिरका लस्कर मध्ये देशदेखि ल्याई दर्माहदी राष्यका सिपाहि हरु र अरु प्रजाहरु सेनाहरु गरी वाह्र सयेजना मानीस सम्हार भयो यस्ता तरसँग लडायीहुदा गोर्खाका राजा पृथ्वीनारायण शाहका असल सुरा सुरा काजी उमराव सिपाहि धेरै मारिदिया। पृथ्वीनारायणशाहले आफ्नु जींवको संसय गरा दहचोक डाडा चढी भागीजादा एक कसा ह र तुवारले वोकि रातारात गरी नुवाकोट्मा पुयायी दिया

याहाँ पछि कशाई पुतुवार लाई मेरा माथि इनिहरुले बहुतै गुण गन्या भनि खुसिभै मेहर्वांनि गरी राष्या। पुतुवार लाइ नजिक गरि राख्या। याहाँ उप्रान्त जयपकाशमल्लले गोर्षाली सवै शून्य भयो भनि वडो हर्ष गरा वढाइ गरी कान्तिपुर फर्कि आया विचार नगरी फर्कनाले जयप्रकाशमल्ल राजा चुक्या। यिन दिन देष गोर्खाका राजा पृथ्वीनारायण शाहले आफ्ना असल सुरा सुरा काजि उमराव सिपाहि हरू धेरै लडाईमा मर्दा आफ्नु बल घटन गएकोले चढाई गर्न नसकी रहेता पनी नेपाल लिनाको इच्छा नछोडि फेरी लडायी गर्न निमित्त सैन्य सिपाहि वटुल्या जमागरी ६।१० वर्ष सम्म यहि उद्योगमा लागी रह्याका थिया। त्यस वीचमा गोर्षाका राजाको भय दूर हुन गै जयप्रकाशमल्ल वहुतै आनंद सित रहदा कोहि समय वष्णुमतिमा कङ्केश्वरी र लुटिदेवीका समीप केटाकेटी ठूला साना जमा भै एकै शहरका मानिस दुइ पक्षभै ढुंगाले हानि जुभ्फेषेलाउथे योरीत अघि कान्तिपुर शहर वसाउदा संपूर्ण गर्न्या राजा गुणकामदेव को पालादेखी श्रीकुमार देवता राजा माथि प्रसन्न भै स्वप्नमा दर्शन दी वर्षपृति एकपक्ष अघिदेषी सि.ठेष ३ सम्म ढुगाको जुभ्फेखेलाई परचक्रको भय देशोपद्रव निवारण होला भनि षेलाइ राख्याकोमा यि

CC-0. In Public Domain. Digitization by eGangotri



राजा जयप्रकाशमल्लले मनाही गरी दियाका थिया । रात्रिमा वडो भयंकर शब्द वीवर भयाको राजा प्रजा सवैले सुन्या र यो कुरो मनाही गरी वढ़िया रहेनछ भनि फेरि सिठि खेलाया । याहाँ उप्रान्त संवत् ८८० भाद्रवदि चतुर्दशिका दिन ललितपत्तनका राजा विश्वजितमल्ल लाई चाकुवाहालका काजिका छोराले छल गरी परलोक गराउदा जयप्रकाशमल्लकन ललितपत्तन लैजाई राज्याभिशेक दिया । यिन राजाले दुवै सहरको भोग गरी रहदा अघि कान्तिपुरमा वाहिर राख्याकि यौटि स्त्री पाटनका धंचा जोसि संग गया कि थियिर जयप्रकाशमल्लले शत्रु संहार गर्न निमित्त धंचा जोसिलाई टकसारको काम दिउँला भनि वोलाउदा धंचा जोसिले मलाइ मार्नाको जुक्ति गऱ्या कोहो भनी ठानि वहुतै डराई भिष्वाल धनकाजिका शरणमा गयो र भिंष्वाल धनकाजिले जयप्रकाशमल्ल लाई टेकु दोभान् नीर डुल्ने वखत पारी उतै बाट कान्तिपुर धपाइ पठाया । भक्तपुरका राजा रणजितमल्ललाइ नै ल्याइ संवत् ८८२ ज्येष्ठ मैह्लामा राजा मऱ्या । रणजितमल्लले पनी राजकाज गऱ्याको निकोनमानि तिनी लाई पनी भक्तपुर धपाइ पठाया ।

याहाँ पछि फेरि ललितपत्तनका काजिहरू कान्तिपुर आइ जयप्रकाशमल्ल लाई वहुतै तरह सँग मानि फेरि ललितपत्तन ल्याई राजा गऱ्या ६ मैह्ला सम्म राजा गरी सक्या उप्रान्त ललितपत्तनका काजिहरूसँग चित्त न मिलि वाहिर मिलि राख्याझैं गरो रहि मनमा दगाधरी कान्तिपुर आया इन्द्रचोक घरका देवानन्द उपाध्या भाजुकन ललितपत्तन पठाइ थालाछि काजि धनवंत भिष्वाधन आदि यी प्रधान–हरू लाई जयप्रकाश मल्लका आज्ञाले सात पुर्खाको धर्म दी सत्यवाचा बंदेज गरी राजाले वोलाया भनि अनेक तरह सँग सत्यवाचा गरी कान्तिपुर ल्याका । कान्तिपुर आया पछि जयप्रकाश मल्लले सत्य छोडी सवै काजिहरूलाई वंधनमा राख्या । भिष्वाल धनकाजिले जयप्रकाशमल्लको वंधनमा म रहन्या छैन । पृथ्विनारायण शाहनक सलाम गर्न्या छैन भनि प्रतिज्ञा गऱ्याको थियो र बंधनमा पार्दा आफ्नु कम्बर बाट शस्त्र झिकि मुटुमा रोपि प्राण त्याग गऱ्या यो कुरा पाटनका प्रजाहरूले थाहा पाई हुल उठि रा–त्रिका विचमा अटकनारायणका स्थान सम्म पुगेका थिए । जयप्रकाशमल्लले खवर पाइ २ जना लाइ मारी ५ जना लाइ समाई हटाइ पठाया । त्यस पछि ती ललितपत्तनका ५ काजिहरूकन स्त्रीको पोशाक पैह्लाइ आवरूली फाजन गरि छाडि पठाया । त्यही वेला ललितपत्तनका प्रजाहरू लाइ गोर्खाका राजा पृथ्वीनारायण शाहका हजुरमा जाई हाम्रा ललितपत्तनमा राजा शून्य भयो । हजूर लाई राजा मान्न आयौ भनि विन्तिगर्दा राजाले आफ्ना भाई दलमर्दन शाह साटो पठाइ दिया । केहि दिन राज्य भोग गरी सक्या उप्रान्त पछि बाट नुन कपास बंद गरी दिदा दलमर्दनशाह लाई नै राजा गरी पृथ्वीना–रायण शाह संग जुद्ध गऱ्या । तै पनि नुन कपास पठाइ न दिदा दलमर्द शाह लाईतर त बाट गिराई गोर्खातिर धपाई पठाया । याहाँ पछि पाटन शहर वासी ठाकुर तेजनरसिंह मल्ललाई राजा थाप्या । यसै

CC-0. In Public Domain. Digitization by eGangotri



समय एका एक मोहन चोकमा शीतला प्रवेश भै राज पुत्र कीर्तिप्रकाशमल्ल परलोक भया। आफ्ना कुलका रीत अनुसार पलङ्गमा राखी श्मसानमा लगीयथाक्रमले जलाया। याहाँ भंछ तिरौंतिया ब्राह्मण-हरू हजुरमा नजिक रह्याको काजी हरूले हेर्न नसकद। तिरौंतिया हरू भागी नुवाकोट जाई पृथ्वीनाराय-णशाहसँग मिल्न गया। भक्तपुरका राजा रणजितमल्लले अव जयप्रकाशमल्ल निसन्तान भैगयो भनी विस्क्याट जात्रा हेर्न जान्या कान्तिपुर वासीहरुलाई यिनिहरूको ठरसा ठूलोहो भनी नसही छेकिराख्या। यस कुराको जयप्रकाशमल्लले मनमा दगा राखीरह्याका थिया र शतवीज छर्न आउन्या मन मती-पारका प्रजाहरू सवै छेकी देवपत्तनका कोटमा वन्ध गरी ३ मैह्ना सम्म छेकी धेरै रूपैया लिई धपाइपठाया। फेरी यिन राजाले लड़ाई गर्न निमित्त मधेसिया सिपाहीहरू पाली फौज वढ़ाइ राख्याको थियो। ती सिपाहीहरूलाई खाना खर्च तलव दिनु पर्दा ललितपत्तनका राजा विष्णुमल्लले चाँदिका जलहरी वनाई श्रीपशुपतिनाथकन चढ़ाइ राख्याको थियो भनि भंदा पशुपतिनाथका दक्षिण दर वाजा सम्मुखको धर्म शिलाउठाई त्यसठाउँको सुनको जलप लायाको धातुको भाँडा वर्त्तनहरू झिकी ल्याई सिपाहीहरू लाई तलव दिया। जयवागीश्वरीका भंडार भित्रको धन पनि लिई खर्च गर्‍या। ठाउँ ठाउँ का देवालयको गजुरहरू पनि झिक्या। यस्ता तरहसँग देवताका स्थान स्थानमा रह्याका माल लिई खर्चा खर्च तुल्याया। मेरा फत्ये भैगयो भन्या देवता हरूलाई दोवर द्रव्य चढ़ाउंला भनीलियाकोहो। यहाँ पछि तिनै धन खर्च गरी धेरै पार्थिव पूजा गर्‍या। फेरी वैरीको षातिर नगरी तुतजादेवीको देवालयको जग पुरानो भयो भनी जगा वनाई दिया। प्रतिष्ठा गर्दा धेरै वाजा नाच वनाई दरवारमा भीमसेन आदिधेरै देवताकन निमन्त्रणा गरी देवताहरू लाई पूजा मान्य गरी यथा क्रमले वडो जात्रा गराया। फेरी सिभुका लिङ्गविग्र्यो र नयाँ लिङ्ग वनाई खडा गरी वौद्धमार्गी बाट यथा क्रम गराई लिङ्ग फेरी दिया। एक दिन पंच लिङ्ग भैरवका स्थानमा एक ज्यापूका शरीरमा देवता प्राप्तभै पंच लिङ्ग भैरवका शिला मूर्तिमाथि पलेटीमारी साह्रै कांपन लागिरह्याको थियो। उस वखतमा ताँहाँ रहन्या मानिसहरूले निमि कोहौ भन भनी सोद्धा जयप्रकाशमल्ललाई डायि ल्याउ तव कहन्याकुरो कहुला भन्दा यदि खवर दर्वारमा पुग्याया पछि राज्य नष्ट हुन पर्‍यो थियो र राजा लाई अहङ्कार हुन गै मलाई राजा पनि नभन्या भोजखाई मदले मातियाको ज्यापु रहेछ। त्यसलाई छोढ्न्या छैन भनि वहुतै रिसाई दर्वारका नासल चोक ल्यायी क्याहो,भनी सोद्धा केही भनाउन न सकदा केहि न भनी काप्न लागी रह्याको ज्यापुलाई टुपि समाई सास्ति गर्न लाग्या। यति गरी हातिका खम्वामा वाधि राखदा विचमा त्यो ज्यापु मरि गयो भोलिपल्ट त्यस्को सर्वस्व हरण गर्‍या। ताहाँपछि अर्कोज्यापु माथि देवता चढ्यो र त्यो खवर सुनि राजा शुद्धा जाई सोधदा राजातिर मुख न देखाई जता राजा छन् उता कंढो पारी रिसाई जसमाथि हामिले प्रवेश गरी ,रह्याको उस्लाइ हेला गरोस भने अव तेरा

CC-0. In Public Domain. Digitization by eGangotri



राज्यको आसन गऱ्यास भनी भन्या र राजाले अनेक तरहसंग बुझाउदा पनि बुझाउन नसकी दर्वार आया । यसै दिनका रात्रीमा कौमारीदेवी बाट स्वप्न दर्शन दी हे जयप्रकाशमल्ल तलाइ वरदान दिना निमित्त तेसका शरीरमा प्रवेश गरी रह्याकी थिया । तैले मलाई अपहेला गरि केहि विवेक न गरी मैले प्रवेश गरी रह्याको मानिस लाई तैले मारि दिइस अब यो राज्यको माया नगर शत्रुको जय होला भनि रीशाई यस्ता तरहको कुरा आज्ञा भएको स्वप्न देख्या जयप्रकाशले मनमा वहुतै संताप मानी विस्मात गरि तुल्याइ पूजा मान्या गऱ्या । फेरी इनलाइ जात्रा वनाई देवीकन सन्तुष्ठ गराउन्ना भनि वास्तु चक्र प्रमाणले घर वनाइ दिया यंत्राकार सुन्दर रथ वनाई गण वटुक सहित गराइ कौमारी देवीको जात्रा इन्द्रजात्रामा त्रिकार रथारोहण गर्न्या रीतगरी जात्रा वनाया । जयप्रकाश मल्लले सिंधुलिपा लचोकबाट लस्कर पठाइ भादगाउ संग लडायी गर्न नालदुम् बाट आई जितपुरकोट् घेर्दा भादगाउँ बाट पनिफौज चलाई पृथ्वीनारायणशाहा राजा समेत भै लडायी हुदा श्रीजयप्रकाशमल्ल तिरका लस्करले जिति लगारी पठाउदा राजा पृथ्वीनारायणशाह यकलै भागीं आउदा भादगाउंको यौटा ज्यापुले खेतमा जादा देखदा वोकि ल्याइ दरवार सम्म पुऱ्याइ दिदा त्यो ज्यापुमा पछि खोजि सिरपाउ वक्सी झारा वेठ वेगर उघाउनुनी पोता माफ गरीवीर्ता पनि वक्सनु भयो । फेरि भादगाउ बाट गोर्खा फर्कि जानु भयो । ताहाँ वाट पछि नुवाकोटमा वस्नु हुदा नेपालका थवाल वोसिवाला झिकाइ दर्वार वनाइ ताहि राजगर्नु भयाको थियो त्यही वेला नुवाकोट भैरवी आदि देवताका स्थानमा पूजा पाठ पुरश्चरणादि गरि प्रस्थान गरी ठाना हालि आउदा धुलिखेल वनेपा खडगपुर चौकोट पनौति वाट आइ साँगा समेत सात गाउ जिति लिया । पश्चिम पट्टि दहचोक भिमढुंगा वाट आइ थानकोट पाँगा नयाँगाम जिति कीर्तिपुर माथि चढ़ाई गऱ्या। कीर्तिपुरमा ललितपत्तनका काजि दौधि श्रेष्ठ काजिहरू जाई कोटमा वस्याका थिया । तिनींहरू सित लडाई गरी कीर्तिपुरलाई घेरा दीं ढोका वाहिर वाट मद्दत आउन र निस्कन नदिराखदा संवत् ८८६ नष्ट चैत्र शुक्लका रात्रिकोटमा रहन्याहरू मध्ये कोही गोर्खा तर्फ मिल्नजाई गोर्खाली कन कीर्ति-पुरमा प्रवेश गाराउँदा ती गोर्खालीहरू देश भित्र गै प्रजाहरू सामने देखा पऱ्याका धेरैं लाई मान्या १२ वर्ष देखी उभोका मानिस हरू सवैको अघि शूर प्रताप शाहकन तीरले हानी एकाक्षी गरीरह्याको रिसले नाक काटिदिया । उस हुलमा लुकीरहन्या र भागि जान्याहरूको मात्र नाक वाँच्यो । याहाँ पछि संवत् ८८७ पौष कृष्ण ११ सोम वारका रात्री प्रजाहरू जंमाभै चिराक वाली गोर्खालीहरूकन शहरमा प्रवेशगराया याहाँ उप्रान्त घेरा दिँदा दिँदा पशुपतिनाथका कृपाले र वाम पनामा भक्तपुरका कौमारी-का हात बाट प्रसाद पायाको प्रभावले भाग्य सहाय भै देवपत्तनमा प्रवेश गर्दा वडो जयशब्द भयो । यिनै राजा पृथ्वीनारायण शाहको ठूलो कीर्ति यही हो । पृथ्वीनारायणशाहका प्रताप ठूलो हुनाले सवत् ८८७ साल आषाढ शुक्ल प्रतिपदाको दिन अहो रात्र भरमा २१ फेरा सम्म भूमी कम्प भयो । याँहा पछि

CC-0. In Public Domain. Digitization by eGangotri



भदौ महिनामा इन्द्रजात्रा थियो कान्तिपुर शहरका राजा जयप्रकाशमल्लले कौमारी देवीको जात्रा गरी-रहँदा गोर्खाका राजा पृथ्वीनारायणशाहले दर्वार कान्तिपुर जाई प्रवेश गऱ्या पछि जयप्रकाशमल्ल २।४ घडिसम्म युद्ध गऱ्या गोर्खालीहरूकन हटाउन नसक्दा पछिबाट देवालयका जगहरूमा बारूद बिछाई कान्तिपुर शहर छाडी पाटनका राजा तेजनरसिंहमल्ल छेउ गया। याहाँ पछि गोर्खालीहरू बारूदल पोली मऱ्या। यसमा तुलाराम पाँडे बारुदले पोलीमऱ्या। विक्रम संवत् १८२५ शाके सवत् १६६० नेपाली सवत् ८८८ साल भाद्र सुदि १४ पूर्वाफाल्गुनी नक्षत्र गंडयोग आदित्य वारका दिन १७ घडी रात जादा बडाप्रतापी गोर्खाका राजा पृथ्वीनारायणशाह कान्तिपुर शहरमा प्रवेश गऱ्या।

इति

CC-0. In Public Domain. Digitization by eGangotri

13388

CC-0. In Public Domain. Digitization by eGangotri

## नेपाल राष्ट्रियपुस्तकालयका अन्यप्रकाशनहरू

| | पुस्तककोनाम | सजिल्द | अजिल्द |
|---|---|---|---|
| [१] | जगन्मोहनम् भा, १ | रू. १०। | रू. ६। |
| [२] | संवित्प्रकाश काव्यम् | | रू २। |
| (३) | भाषावंशावली: भा १ | | रू २।५० |
| (४) | जगन्मोहनम् भा. २ | रू. १०। | रू ६। |
| (५) | बौद्धदर्शन शास्त्रको सूचो भा. १ | | रू २। |
| (६) | ज्योतिष शास्त्रको सूची भा. २ | | रू. २। |
| (७) | प्रशस्तिरत्नावलि | | रू १। |
| (८) | ईशतत्वम् | | रू. १।५० |
| (९) | ज्यौतिषशास्त्रको सूची भा. ३ | | रू. २। |

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

# नेपालको इतिहासका विवादास्पद विषयहरू

इतिहास शिक्षण समिति
नेपाली इतिहास, संस्कृति र पुरातत्व शिक्षण समिति
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

# नेपालको इतिहासको विवादास्पद विषयहरू

(२०३६ भाद्र महीनामा कीर्तिपुर क्याम्पस, इतिहास शिक्षण समिति तथा नेपाली इतिहास, संस्कृति र पुरातत्व शिक्षण समितिको संयुक्त आयोजनामा भएको इतिहास गोष्ठीको प्रतिवेदन)


सल्लाहकार

डा० हितनारायण झा

प्राध्यापक एवं अध्यक्ष

ने. इ. स. पुरातत्व शिक्षण समिति

डा० माधवराज पाण्डे

प्राध्यापक एवं अध्यक्ष

इतिहास शिक्षण समिति

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

सम्पादक

त्रिरत्न मानन्धर

सह-प्राध्यापक

इतिहास शिक्षण समिति

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक :

इतिहास शिक्षण समिति
ने. इ. सं. र पुरातत्व शिक्षण समिति
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

प्रथमवार
२०३७

चन्दा – रू० ६।२५

सर्वाधिकार प्रकाशकमा
सुरक्षित

मुद्रक :
प्रभात प्रिन्टिङ प्रेस
झोछें, काठमाडौं

CC-0. In Public Domain. Digitization by eGangotri

# विषय-सूची


भूमिका १

१. लिच्छविसम्वत्को तथ्यता – ५

टिप्पणी – १५

२. जयस्थिति मल्लको वंश – ४३

टिप्पणी – ५४

३. The 1923 Treaty of Friendship
Between Great Britain And Nepal :
A Critical Appraisal – ६०

टिप्पणी – ६७

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

# भूमिका

इतिहासको क्षेत्रमा काम गर्ने शिक्षक, विद्यार्थी, अनुसन्धानकर्ता सबैलाई ज्ञात भएकै कुरा हो कि नेपालको इतिहासमा त्यस्ता कैयन विवादास्पद विषयहरू छन् जस्को हालसम्म पनि पूर्ण रूपले समाधान हुन सकेको छैन । प्राचीन कालदेखि आधुनिक कालसम्मको नेपालको इतिहासका कैयन विषयहरूमा विद्वानहरू बीच मतभेद रही आएको छ । इतिहासका शिक्षक एवं अन्य विद्वानहरूले आ-आफ्ना धारणाहरू लेख वा पुस्तकको माध्यमबाट जनसाधारणसम्म पुऱ्याएका छन् तापनि एउटै विषयमा विभिन्न मत भएका व्यक्तिहरू सम्मिलित भएका गोष्ठीहरू प्राय कमै मात्रामा हुन्थ्यो र त्यस्तो गोष्ठीको अभावमा प्रचलित विभिन्न धारणाहरूको विश्लेषण भै कुनै ठोस निष्कर्षमा पुग्न सकिने सम्भावना ज्यादै कम भएको महसुस गरिएको छ ।

इतिहासको क्षेत्रमा काम गर्ने विभिन्न विद्वानहरूलाई एकै ठाँउमा भेला गराई नेपालको इतिहाससम्वन्धी विषयहरूमा विचारहरूको आदानप्रदान गराउन तत्कालीन त्रिभुवन विश्व-विद्यालय कलेज, इतिहास विभागले २०२३ सालदेखि नै प्रत्यक वर्ष गोष्ठीहरूको आयोजना गर्दै आएको हो । तर विभिन्न कठीनाइहरूको कारणले वीचमा यो सिलसिला केही वर्ष टुट्न गएको थियो ।

नेपालको इतिहास सही रूपबाट लेख्नको लागि त्यस्ता गोष्ठीहरूको ठूलो महत्व भएको महसुस गरी कीर्तिपुर क्याम्पसको इतिहास शिक्षण समिति तथा नेपाली इतिहास, संस्कृति र पुरातत्व शिक्षण समितिको संयुक्त आयोजनामा २०३६ साल भाद्र महीनामा नेपालको इतिहासको काममा संलग्न विभिन्न क्षेत्रका विद्वानहरू सम्मिलित भएको उपत्यका-व्यापी एउटा गोष्ठीको आयोजना कीर्तिपुरमा गरिएको थियो र प्रस्तुत पुस्तिका सोही गोष्ठीको प्रतिवेदनको रूपमा प्रकाशित गरिएको छ ।

दुइ वटा वैठकको रूपमा संचालन भएको उक्त एक दिने गोष्ठीमा कीर्तिपुर क्याम्पस इतिहास शिक्षण समिति तथा नेपाली इतिहास, संस्कृति र पुरातत्व शिक्षण समितिका शिक्षक एवं विद्यार्थीहरू, काठमाडौं उपत्यका भित्रका क्याम्पसहरूका इतिहास तथा संस्कृतिका शिक्षकहरू, श्री ५ को सरकार, पुरातत्व विभागका अधिकारीहरू, इतिहास संशोधन मण्डलका सदस्यहरू, इतिहाससम्वन्धी काममा संलग्न नेपाल तथा एसियाली अनुसन्धान केन्द्रका अधिकारीहरू एवं नेपालको इतिहासमा योगदान दिइ आउनुभएका अन्य विद्वानहरूले भाग लिनुभएको थियो। उक्त गोष्ठीमा छलफलका लागि हामीले प्राचीन, मध्यकालीन र आधुनिक नेपालको इतिहासबाट तीन विवादास्पद विषयहरू–लिच्छवि संवत, जयस्थिति मल्लको वंश र सन् १९२३ को संधि निर्धारण गरेका थियौं ।

उक्त गोष्ठीको पहिलो वैठक डा. हितनारायण झाको सभापतित्वमा भयो । उक्त बैठकमा

CC-0. In Public Domain. Digitization by eGangotri

श्री शंकरमान राजवंशीले "लिच्छवि संवत्को तथ्यता" शिर्षकको आफ्नो अग्रलेख प्रस्तुत गर्नु भयो। उक्त अग्रलेखमा श्री राजवंशीले ज्योतिष गणनालाई मुख्य आधार बनाई विभिन्न तर्क एवं घटनाहरूको आधारमा अंशुवर्माको समयदेखि प्रचलनमा आएको उत्तर लिच्छवि संवत् वि. सं. ६०९ (शक संवत ४७४) देखि सुरू भएको हो भन्ने आफ्नो विचार व्यक्त गर्नु भयो। उक्त अग्रलेखमा टिप्पणी गर्नु हुँदै श्री दिनेशराज पन्तले उक्त संवत वि. सं. ६०९ देखि सुरू भएको मान्दा इतिहासका धेरै कुराहरू नमिल्ने र सुमतितन्त्रले उक्त संवत्बारे स्पष्ट रूपमा उल्लेख गरेको आधारमा सो संवत वि. स. ६३३ (शक संवत ४९८) देखि सुरू भएको कुरा प्रमाणित भएको छ भन्ने आफ्ना आधार एव तर्कहरू प्रस्तुत गर्नुभयो। सोही अग्रलेखमा टिप्पणी गर्नु हुँदै श्री ज्ञानमणि नेपालले पनि उक्त उत्तर लिच्छवि संवत वि. सं. ६३३ देखि सुरू भएको हो भन्ने तर्क एवं प्रमाणहरू पेश गर्नुभयो। श्री भुवनलाल प्रधानले उक्त संवत्बारे आफूले विभिन्न लेखहरूमा विचार व्यक्त गरिसकेको (वहाँको भनाइ अनुसार उत्तर लिच्छवि संवत् शक संवत् ५०१ देखि सुरू भएको हो-सं) कुरा उल्लेख गर्नु हुँदै श्री राजवंशीले प्रस्तुत गर्नुभएका केही कुराहरूको खण्डन गर्नुभयो। अर्को टिप्पणीकार श्री माणिकलाल श्रेष्ठले अंशुवर्माको समयदेखि प्रचलनमा आएको उत्तर लिच्छवि संवत् स्वयं अंशुवर्मलि चलाएको संवत् नभै पहिले नै व्यवहारमा आइसकेको संवत्लाई प्रयोग मात्र गरेका हुन सक्छ भन्ने आफ्नो विचार व्यक्त गर्नुभयो। बैठकको अन्तमा सभापति डा. हितनारायण झाले लिच्छवि संवत्बारे विभिन्न व्यक्तिहरू बीच भिन्नाभिन्नै धारणा रहेता पनि आजको यस बैठकमा भएको "बौद्धिक" छलफलले उक्त विषय समाधानको लागि केही योगदान अवश्य दिनेछ भन्ने विचार व्यक्तगर्नु हुंदै बैठकलाई विसर्जन गर्नुभयो।

चियापानपछि सुरू भएको दोश्रो बैठकको सभापतित्व डा. माधवराजपाण्डेले गर्नुभएको थियो। उक्त बैठकमा श्री धनवज्र वज्राचार्यले "जयस्थिति मल्लको वंश" शिर्षकको आफ्नो अग्रलेख प्रस्तुत गर्नु भयो। ऊक्त अग्रलेखमा वहाँले डोलाजी प्रथाअनुसार मधेसबाट दुलाहाका रूपमा भित्र्याइएका जयस्थिति मल्लको वंशको परिचय तत्कालिक श्रोतमा जानाजान नदिएको र पछिका वंशावली आदि श्रोत भरपर्दो नभएकोले जयस्थिति मल्लको वंश टुंगो लाग्ने लक्षण देखा पर्दैन भन्ने आफ्नो विचार व्यक्त गर्नुभयो। उक्त अग्रलेखमा टिप्पणी गर्नु हुँदै श्री नयनाथ पौडेलले इतिहाससम्बन्धी अनुसन्धानमा कंयन वर्षपछि पनि सामग्रीहरू फेला पर्दै जाने भएकोले जयस्थिति मल्लको वंश टुंगो लाग्ने लक्षण देखा पर्दैन भनी अहिले नै निर्णय गर्नु उचित देखिदैन भन्नुभयो। यसै अग्रलेखमा टिप्पणी गर्नु हुँदै श्री भुवनलाल प्रधानले विभिन्न वंशावली एव अरू तर्कहरूको आधारमा जयस्थिति मल्ल अगाडि कुनै समयमा, कुनै कारणले तिरहुततिर गएका भक्तपुर राजघरानका कुनै मल्लका सन्तान जयभद्र मल्लको चार पुस्तापछिका अशोक मल्लका छोरा हुन सक्नु असंभव होइन भन्ने राय व्यक्त गर्नुभयो। अर्को टिप्पणीकार श्री सूर्यमणि अधिकारीले विभिन्न घटना एवं प्रमाणको आधारमा जयस्थिति मल्ल सिंजाको खस मल्ल वंशका हुन् भन्ने कुरा देखिन आएको छ भन्ने आफ्ना तर्कहरू प्रस्तुत गर्नुभयो।

सोही बैठकमा श्री हेमन्त राणाले आफ्नो अग्रलेख "The 1923 Treaty of Friendship Between Great Britain and Nepal: A Critical Appraisal" प्रस्तुत गर्नु भयो। उक्त अग्रलेखमा वहाँले नेपालको सार्वभौमिकसत्तालाई स्पष्ट रुपमा मान्यता दिएको सन् १९२३ को

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल-बृटेन सन्धिको नेपालको इतिहासमा महत्वपूर्ण स्थान छ भन्ने कुराको विवेचना गर्नु भयो । त्यस अग्रलेखमा टिप्पणी गर्नु हुँदै श्री माणिकलाल श्रेष्ठले सन् १९२३ को सन्धिको ठूलो महत्व रहेको कुरा स्वीकार्नु भयो तर भन्नुभयो कि सन् १९११ मा चीनले एकपक्षीय घोषणा द्वारा सन् १७९२ मा भएको नेपाल-चीन सन्धिलाई रद्द गरेकोले उक्त एकपक्षीय घोषणाको पनि नेपालको इतिहासमा महत्वपूर्ण स्थान छ । सभापतिको आसनबाट बोल्नु हुँदै डा. माधवराज पाण्डेले जयस्थिति मल्लको वंश र सन् १९२३ को संन्धिबारे विद्वानहरू बीच धेरै समानता आएको र बाँकी रहेका भिन्नता पनि छलफलको माध्यमबाट समाधान हुने विश्वास व्यक्त गर्नु भयो । नेपालको इतिहास सही ढंगबाट लेख्न यस्ता गोष्ठीहरू ज्यादै महत्वपूर्ण हुन्छन् भन्ने कुराको चर्चा गर्नु हुदै वहाँले गोष्ठीमा भाग लिन आउनुभएका सबै महानुभावहरूलाई हार्दिक धन्यवाद दिनुभयो र सभा विसर्जन गर्नुभयो ।

उक्त एक दिने गोष्ठीमा प्रस्तुत गरिएका अग्रलेखहरू र त्यसमा गरिएका टिप्पणीहरूलाई समावेस गरी एउटा प्रतिवेदन प्रकाशित गर्ने हाम्रो विचार रहेको कुरा उक्त गोष्ठीमा नै हामीले उल्लेख गरेका थियौं । तर विभिन्न कारणवस यस प्रतिवेदनको प्रकाशनको काम धेरै ढीलो हुनगयो । ढीलो भए पनि यस प्रतिवेदन इतिहास-प्रेमीहरूसमक्ष पुऱ्याउन पाएकोमा हामी ज्यादै हर्षित छौं ।

अन्तमा उक्त गोष्ठी सम्पन्न गराउनमा सहयोग गर्नु हुने साथीहरू श्री मुकुन्दराज अर्याल, श्री पुष्कर राजभण्डारी, श्री विजयकुमार मानन्धर, श्री कमलराज सिंह राठौर लगायत गोष्ठीमा भाग लिनु हुने समस्त महानुभावहरूलाइ हामी धेरै धन्यवाद दिन्छौं । यस प्रतिवेदन प्रकाशन कार्यको लागि आर्थिक सहयोग दिनु भएकोमा सहायक डीन डा. वीरेन्द्रकुमार मल्लिकलाई पनि हामी हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

# लिच्छवि संवत्‌को तथ्यता

–शङ्करमान राजवंशी

संवत् भन्ने चीज इतिहासको मूल जरो हो। त्यो कुन वखतमा कसरी चल्यो भनी त्यसको ठीक काल निर्धारण हुनु इतिहासको जरोको बलियो जग हो। काल निर्धारण नभएको इतिहास पौराणिक कथा सरह हुन्छ भन्ने कुरा इतिहास विशेषज्ञहरूमा अवगतै छ।

नेपालमा उहिले ठोस रूपमा इतिहास लेख्ने कुनै परम्परा थिएन। स्थितिमल्लको पालामा गएर गोपालवंशावली लेखियो। त्यसपछि मल्लकालमा फेरि लेखिएका इतिहासको पुस्तक पाइएको थाहा भएको छैन वि सं. १८४९ मा अंग्रेज राजदूत कर्कपेट्रिक नेपालमा आउँदा उनले आफूले देखे सुनेका अनुभवबाट नेपालको इतिहास लेखेर वि. सं. १८६८ मा प्रकाश गरे। वि. सं. १९३३ मा राइटले नेपालको वंशावली तयार गरी प्रकाश गरे। त्यसपछि नेपाली जनताले इतिहासको महत्त्व बुझ्न थाले र कतिपय नेपालका इतिहासकारहरूले त्यसैको आधारमा इतिहास लेखे पनि। वि. सं. १९३७ मा भारतका पं. भगवानलाल इन्द्रजीले नेपालका लिच्छविकालका र मल्लकालका केही शिलालेख प्रकाश गरिदिए। अनि नेपालीले शिलालेखको पनि महत्त्व बुझ्न थाले। त्यसपछि नेपालीहरूबाट पनि नेपालमा शिलालेखको अनुसन्धान हुन थाल्यो। यो तथ्य मेटेर मेटिंदैन।

नेपालको प्राचीनकालको प्रामाणिक इतिहास भन्नु लिच्छविकालको छ। कारण लिच्छविकालका इतिहासका आधार स्वरूप लिच्छवि अभिलेख नेपालमा यंत्र तत्र छरिएका पाइएका छन्। ती लिच्छविकालका अभिलेखहरूमा उल्लिखित संवत् दुई थरी भेट्टिएका छन्। एक थरी संवत् प्रथम मानदेवको अभिलेखदेखि पाइएको पूर्वलिच्छविकालको संवत् छ। त्यो संवत् प्रथम शिवदेवको पालासम्म चलेको देखिएको छ। त्यसपछि अंशुवर्माको पालादेखि पाइएका अभिलेखमा उल्लिखित उत्तरलिच्छविकालको संवत् अर्को थरी संवत् छ। ती दुई थरी संवत् के संवत् हुन् भन्नेबारे उसै वखतदेखि विदेशी विद्वान् तथा नेपाली विद्वानहरूले ठम्याउन प्रयत्न गरेथे। कारण ती सवत्‌को नाम शिलालेखमा उल्लिखित थिएन। त्यसो हुंदा इतिहासको अनुमानकै भरबाट विभिन्न विद्वान्‌हरूको विभिन्न मतमतान्तर चले। जस्तै पूर्वलिच्छविकालको संवत् बारेमा –

| | |
|---|---|
| भगवानलाल इन्द्रजीको मतमा | विक्रम संवत् |
| जोन फेथफुल फ्लिटको मतमा | वि. सं. ३७६ देखिचलेको गुप्तसंवत् |
| सिल्माँ लेभीको मतमा | वि. सं. १६८ देखिचलेको लिच्छविसंवत् |

CC-0. In Public Domain. Digitization by eGangotri

| | |
|---|---|
| के. जी. शंङ्करको मतमा | वि. सं. ९१ देखि चलेको संवत् |
| इतिहास शिरोमणि बाबुराम | |
| आचार्यको मतमा | वि. सं. १३५ देखि चलेको शकसंवत् |

उत्तर लिच्छविकालको सवत् वारेमा–

| | |
|---|---|
| भगवानलाल इन्द्रजीको मतमा | वि. सं. ६६३ देखि चलेको हर्षसंवत् |
| सिल्भाँ लेभीको मतमा | वि. सं. ६५२ देखि चलेको भोटे संवत् |
| के. जी. शंङ्करको मतमा | वि. सं. ५९५ देखि चलेको यशो धर्म संवत् |
| वालचन्द्र शर्माको मतमा | वि. सं. ६२८ देखि चलेको ठकुरी संवत् |
| रमेशचन्द्र मजूमदारको मतमा | पाँचशय वर्ष घटाइएको संक्षिप्तशक संवत् अर्थात् वि .सं. ६३५ देखि चलेको संवत् |
| हितनारायण झाको मतमा | वि. सं ६३१ देखिचलेको अंशुवर्मा संवत् |
| हेमराज शर्माको मतमा | वि. सं. ६३३ देखि चलेका मानदेव संवत् |

नेपालको वीरपुस्तकालयमा रहेको सुमतितन्त्रनामक ज्योतिष पुस्तकमा शक ४९८ अर्थात् वि. सं. ६३३ देखि मानदेव नामक संवत् उठेको चर्चा छ । पूर्वलिच्छविकालको शिवदेवको पालाको लेलेको संवत् ५२६ को अभिलेख प्राप्त भएको र त्यसपछि उत्तरलिच्छविकालको अंशुवर्माको पालाको वङमतोको संवत् २९ को अभिलेख प्राप्त भएको हुनाले ४९८+२९=५२७ शक हुन आउने यस तुलनालाई लिएर सुमतितन्त्रलाई प्रमाणमानी पूर्वलिच्छवि कालको संवत्लाई वि. सं. १३५ देखि चलेको शकसंवत् र उत्तरलिच्छविकालको संवत्लाई वि. सं. ६३३ देखि चलेको मानदेवसंवत् भनी मानेर आइरहेको थियो । तर कुनै ठोस गणनाबाट निर्णयगरी मानिआएको थिएन । अहिलेको अनुसन्धानले त्यो गलत सिद्ध हुन आएको छ ।

कसरी भने चाँगुमा रहेको निरपेक्षको संवत् ४२७ को अभिलेखमा राजा प्रथम मानदेवलाई जीवित रुपमा वर्णन गरेको छ । जस्तै

संवत् ४२७ कार्तिके शुक्ल दिवा १३
दातर्य्यतीव विदुषि प्रथितप्रभावे
श्री मानदेवनृपतौ जगतीम्भुनक्ति
तस्यैव शुद्धयशसश्चरणप्रसादात्
पित्रोः कृता कृतिरियन्निरपेक्षनाम्ना

[संवत् ४२७ कार्तिकशुक्ल त्रयोदशीका दिन दानी ज्यादा विद्वान् प्रभाव फैलिएका राजा श्री मानदेवले पृथ्वीको रक्षा गरिरहनु भएको बेलामा सफा कीर्ति भएका उहाँ (मानदेव) को पाउको निगाहले निरपेक्ष भन्नेले बाबु आमाको यो सालिक बनाए ।]

[इतिहास संशोधनको प्रमाणप्रमेय भाग १ को १०८ पृष्ठ]

यहाँ राजा मानदेवले पृथ्वीको रक्षा गरिरहनु भएको वेलामा भन्ने अर्थको तुलनानुसार मानदेव राजा संवत् ४२७ कार्तिकमा जीवित छन् भन्ने स्पष्ट छ । त्यही संवत् ४२७ आषाढमा

CC-0. In Public Domain. Digitization by eGangotri

स्थापना भएको पशुपति सूर्यघाटमा रहेको विजयवतीको अभिलेखमा मानदेवलाई यसरी वर्णन गरिएको छ । जस्तै –

सततसरलकान्तस्वाङ्गशोभासमृद्ध :
अनुपहतयशोघो विक्रम श्री प्रभाव :
सुनयविदनुरक्तस्फीतस (इ) वृतलोक :
नृपतिरिह हतारिर्मानदेवो बभूव
... ... ... ... ... ... ... ... ... ...
सवत् ४२७ आषाढशुल्क दिन १

[सधैं (बुढेसकालमा पनि) सोझो (नकुप्रिएको) जीउ हुँदा अङ्गढङ्ग मिलेका यश वृद्धि पराक्रम ऐश्वर्य यी सबै थोक भएका शत्रुहरूलाई नष्ट पारेका राजा मानदेव हुनुहुन्थ्यो । उहाँका दुनियाँहरू उहाँमा रत्तिएका सुखी र सच्चरित्र छन् ।। २ ।। ... ... ... ... ... संवत् ४२७ आषाढशुक्ल प्रतिपदा ।]

[इतिहास संशोधनको प्रमाणप्रमेय भाग १ को २६६ पृष्ठ]

यहाँ शत्रुहरूलाई नष्ट पारेका राजा मानदेव हुनुहुन्थ्यो भन्ने अर्थ हुनु र संवत् ४२८ मार्गको थानकोट आदिनारायणस्थानको वसन्तदेवको अभिलेख प्राप्त हुनु यी दुई थोकको तुलनाबाट राजा मानदेव सवत् ४२७ आषाढभन्दा अघि मरिसकेका रहेछन् भन्ने थाहा हुन्छ । यसरी उही संवत्को कार्तिकमा राजा मानदेव जीवित देखिएको र उही सवत्को आषाढमा चाहिं राजा मानदेव मरिसकेको देखिनाले सो सवत् कार्तिकादि रहेछ भन्ने थाहा भएको छ । नत्र कार्तिकमा जीवित आषाढमामृत यस्तो उल्टो कसरी हुन सक्ला ।

उत्तर लिच्छविकालमा उल्लिखित संवत् पनि कार्तिकादि थियो भन्ने कुरा अनन्तलिङ्गेश्वरमा रहेको नरेन्द्रदेवको अभिलेखबाट ज्ञात भएको छ । त्यस अभिलेखमा वार्षिक पूजाको चर्चा गरिएका छ । त्यस चर्चामा कार्तिकबाट शुरू गरी ज्येष्ठमा टुंग्याएको छ । जस्तै –

१०–११ पंक्तिमा "कार्तिक शुक्लैकादश्याम्मार्गसंस्कारार्थन्तण्डुलमानिका ४"
२३–२४ पंक्तिमा "माघशुक्लद्वादश्याम् ब्रङ्गसीमा भ्यन्तरस्थानां... ... ... ... ..."
२४–२५ पंक्तिमा "यथाग्र्यं फाल्गुनमासेन क्षेत्रम् ... ... ... ... ... ... ... ... ..."
२५–२६ पंक्तिमा "ज्येष्ठशुक्लैकादश्यां वराहयात्रायां सीमाभ्यन्तर ... ... अर्चनानिमित्तं"

(अभिलेखसंग्रह भाग १)

यसबाट पूर्वलिच्छविकाल तथा उत्तर लिच्छविकालका संवत् शकसंवत् होइनन् भन्ने सिद्ध भएको छ ।[1] यदि शकसंवत् हुँदा हुन् त चैत्रादि संवत् हुनुपर्थ्यो । किन भने शकसंवत् चैत्रबाट फिर्दछ । यो कुरो ज्योतिष ग्रन्थले बताएको छ । जस्तै –

मधोः सितादेर्दिनमासवर्ष युगादिकानां युगपत् प्रवृत्तिः ।। १५ ।।

(सिद्धान्तशिरोमणि कालमानाध्याय)

[चैत्रशुल्क प्रतिपदादेखि दिन महीना वर्ष युगहरूको एकै चोटि शुरू भयो]

विक्रमादित्यराज्यस्य पञ्चत्रिंशोत्तरं शतम् ।

CC-0. In Public Domain. Digitization by eGangotri

पातयित्वा भवेच्छाकं चैत्राद्यात्तिथयः स्मृता : ।। १ ।।
(खण्डखाद्य)

[विक्रमसंवत्‌मा १३५ घटायो भने शकसंवत् हुन्छ। चैत्रार्ध अर्थात चैत्रशुक्ल पक्षको आरम्भ (प्रतिपदा) बाट तिथि शुरू हुन्छ]

यसबाट शकसंवत् चैत्रमा फिर्दछ भन्ने कुरा स्पष्ट छ। त्यसकारण पात्रोमा पनि चैत्रशुक्ल प्रतिपदाको दिन वत्सरारम्भ लेखेको हुन्छ।

जब पूर्वलिच्छविकाल तथा उत्तर लिच्छविकालका सवत् शकसवत् नभएपछि सुमतितन्त्रमा उल्लिखित शक ४९८ बाट उठेको मानदेवसवत्‌को चर्चा गलत छ भन्ने स्वतः सिद्ध हुन्छ। किनभने उत्तर लिच्छविकालको संवत्‌लाई शक ४९८ बाट उठेको मानदेवसंवत् मान्नासाथ पूर्वलिच्छविकालको शिवदेवको पालाको लेलेको सवत् ५२६ लाई शकसवत् नमानी सुख पाउँदैन तर त्यसलाई कातिकादि संवत्‌ले खण्डन गर्छ।

त्यसो भए लिच्छविकालको संवत् के संवत् हो त भन्ने प्रश्न आउनु स्वाभाविक छ। त्यस विषयमा विचार गर्दा जुन सुकै सवत् चल्दा महापुरुषको नामबाट राजनीति परिवर्तनबाट प्रभावकारी महत्वपूर्ण घटनाबाट चलेको हामी पाउँछौं। जस्तै संवत्‌मध्येमा सबभन्दा पुरानो संवत् कलिगत संवत् छ। महाभारतको युद्धपछि चलेको त्यस कलिगत संवत्‌लाई युधिष्ठिरको नामबाट चलाएको हुनाले युधिष्ठिर संवत् पनि भन्दछन्। बुद्ध धर्मका प्रवर्तक महात्मा बुद्धको निर्वाण भएपछि उनको नामबाट चलेको संवतलाई बुद्धनिर्वाणसंवत् भन्दछन्। त्यस्तै लिच्छविकालका भौमगुप्तसंग राजनीतिक्रान्ति गरो अंशुवर्माले चलाएको संवत् हुनाले उत्तरलिच्छविकालको संवत् अंशुवर्मासंवत् भन्ने ठहरिन आएको छ। [2]

अब पूर्वलिच्छविकालको संवत् बारेमा सबभन्दा पुरानो चाँगुस्थित मानदेवको स्तम्भाभिलेखमा उल्लिखित संवत् प्राप्त छ। यो संवत् के संवत् हो र कसको पालामा कसले चलाएको भन्ने पत्ता लगाउन पुस्तावारीकाल अर्थात् पिडिको हिसाव-विचार गर्नु आवश्यक छ। राजाहरूको क्रमानुसार एक पिडीमा लगभग २५ वर्ष बित्तछ। यो कुरा कालक्रमको इतिहासले बताउँछ। जस्तै श्री ५ पृथ्वीनारायणशाहको जन्म वि. सं. १७७९ मा भएको थियो। श्री ५ महेन्द्रवीरविक्रम शाहदेवको स्वर्गारोहण वि. सं. २०२८ मा भएको थियो। श्री ५ पृथ्वीनारायणशाहदेखि लिएर श्री ५ महेन्द्रवीरविक्रम शाहदेवसम्म जम्मा १० पुस्ता गएको छ। तब २०२८-१७७९ = २४९ वर्षमा १० पुस्ता भएकोले एक पुस्ताको पिडिमा लगभग २५ वर्ष पर्न आउँछ। उक्त चाँगुस्थित मानदेवको स्तम्भाभिलेखमा संवत् ३८६ अङ्कित छ। त्यसलाई २५ वर्षले भाग लाउँदा मानदेवभन्दा माथि सोह्रौं पिडिमा चलेको संवत् रहेछ भन्ने देखिन आएको छ। तब मानदेवभन्दा माथि १६ पुस्तामा को राजा थिए भन्ने विचार गर्न पशुपतिस्थित द्वितीय जयदेवको अभिलेख हेर्नु आवश्यक छ। जस्तै--

ख्यातः श्री जयदेवनामनृपतिः प्रादुर्बभूवापरः
एकादशक्षितिपतीनपरञ्चभूयं
हित्वान्तरे विजयिनो जयदेवनाम्नः ।
श्रीमान् बभूव वृषदेव इति प्रतीतो

CC-0. In Public Domain. Digitization by eGangotri

राजोत्तमः सुगतशासनपक्षपाती ।।
अभूत्ततः शङ्करदेवनामा
श्री धर्मदेवोप्युदपादितस्मात् ।।
(लिच्छविकालका अभिलेख ५४८-४९ पृ)

[जयदेव भन्ने प्रख्यात अर्को राजा हुनुभयो विजयी जयदेवदेखि बीचमा १२ राजालाई छोडेर बौद्धधर्मका पक्षपाती वृषदेव भन्ने श्रेष्ठ राजा हुनुभयो । उहाँ वृषदेवबाट शङ्करदेव हुनुभयो । उहाँ शङ्करदेवबाट धर्मदेव पैदा हुनुभयो ।]

यहाँ जयदेवपछि बीचमा १२ राजालाई छोडेर वृषदेव भए भन्नाले जयदेवदेखि वृषदेवसम्म १४ राजा भएको कुरो स्पष्ट छ वृषदेवपछि शङ्करदेव भए । त्यसपछि धर्मदेव भए । तव प्रथम जयदेव-देखि धर्मदेवसम्म १६ राजा हुन आउँछन् । त्यसकारण मानदेवभन्दा माथि सोह्रौं पिडोका राजा प्रथम जयदेव हुन आउने भए ।

नेपालमा लिच्छविराज्यको आरम्भको विषयमा वंशावलीमा "अथ सूर्यवंश प्रभावान्नेपाले किरातरातान्निर्जित्य लिच्छविवंश प्रवर्तते" भनी उल्लेख गरेको छ । वंशावलीमा यसरी उल्लेख गरेको र द्वितीय जयदेवको अभिलेखमा प्रथम जयदेवलाई विजयी भनेको हुनाले किरातलाई जितेर लिच्छवि-राज्य स्थापना गरेको घटनालाई लिई प्रथम जयदेवको पालामा चलेको उक्त मानदेवको स्तम्भाभिलेखमा उल्लिखित संवत् लिच्छविसंवत् रहेछ भन्ने ठहर्न आएको छ ।

पूर्वलिच्छविकालको संवत् लिच्छविसंवत् र उत्तर लिच्छविकालको संवत् अंशुवर्मा संवत् भन्ने ठहरिन आएपछि त्यसको कालनिर्धारण गणनाबाट भएको छ । त्यस गणनानुसार अंशुवर्मा संवत् शक ४७४ बाट उठेको भन्ने र लिच्छवि संवत् शकपूर्व २२ मा चलेको भन्ने सिद्ध भएको छ । यसको गणना लिच्छविसंवत्को निष्कर्ष नामक पुस्तकमा स्पष्ट गरी देखाइएको छ ।[3]

अब सो गणनाबाट उक्त कालनिर्धारण कसरी गरियो भन्ने कुरा प्रस्तुत गरिन्छ । वेदाङ्गकालमा माघादिवर्षको प्रचलन थियो । तिनताक वेदाङ्ग ज्योतिषबाट पञ्चाङ्गगणना हुन्थ्यो । वेदाङ्ग-ज्योतिष अनुसार माघदेखि शुरू गरी ३० महीनामा आउने आषाढमा र त्यसपछि ३० महीनाबाद आउने पौषमा गरी ६० महीना अर्थात् ५ वर्षमा २ अधिमास मान्ने चलन थियो ।

लिच्छविकालमा पनि आषाढ र पौषमा मात्र अधिमास पाइने हुनाले वेदाङ्गज्योतिष अनुसार पञ्चाङ्ग गणना हुन्थ्यो कि भन्ने मानिसलाई भ्रम हुनु स्वाभाविक छ । तर वेदाङ्गज्योतिष माघादि वर्ष भएको छ लिच्छविकालमा चाहिं कार्तिकादि वर्ष भएको छ । अर्को कुरो भक्तपुर इनायचोको संवत् ३१ को अभिलेखमा पौषमा अधिमास भएको र पाटन सुनधाराको सवत् ६४ को अभिलेखमा पनि पौषमै अधिमास भएको स्पष्ट छ । यसरी ४ वर्ष भित्रै पौषमै २ अधिमास परेको देखिनाले लिच्छविकालमा वेदाङ्गज्योतिष अनुसार पञ्चाङ्गगणना हुदैनथ्यो भन्ने स्पष्ट थाहा हुन्छ । कारण किरातकालको अन्तदेखि लिएर नेपाल संवत् आरम्भ नभएसम्मको काललाई लिच्छविकाल मानिएको छ ।

पञ्चाङ्ग गणनाको लागि मूल आधार चाँगुनारायणको पादपीठमा रहेको संवत् ३१ को अशु-

CC-0. In Public Domain. Digitization by eGangotri

वर्माको अभिलेख र भक्तपुर इनायचोको संवत् ३१ को अंशुवर्माको अभिलेख प्राप्त भएका छन्। चांगुस्थित अभिलेखमा तिथि वार नक्षत्र समेतको मितिको उल्लेख भएको र भक्तपुर इनायचोको अभिलेखमा अधिमासको उल्लेख हुनाले तो २ उपकरण मानो देश पत्ता लगाउन अक्षांश र देशान्तर पाइएजस्ता भएका छन्।

यी दुई उपकरणबाट गणनाको अनुसन्धान गर्दा मानो आएका विभिन्न मतमतान्तरका संवत् अनुमानित संवत् हुनाले गणना मिल्दैनथ्यो। सुमतितन्त्रमा उल्लिखित शक ४९८ बाट उठेको संवत्को ध्वनि पनि कल्पित थियो कारण सुमतितन्त्र लिच्छविकालमा बनेको ग्रन्थ थिएन। त्यो कुरो ग्रन्थनिर्माणको संस्कृतरचनाबाट थाहा हुन्छ। लिच्छविकालको संस्कृतरचना प्रौढ हुन्छ। त्यो कुरा लिच्छविअभिलेखमा उल्लिखित सस्कृतरचना हेरे स्पष्ट छ। तर सुमतितन्त्रको संस्कृतरचना कोरा छ। जस्तै –

युधिष्ठिरो महाराजो दुर्योधनस्तयोः पिवा
उभौ राजौ सहस्रे द्वे वर्षन्तु सम्प्रवर्तति ……
……इत्यादि

यस किसिमको संस्कृतरचना रुद्रमल्लको पालामा वि. सं. १३७३ को अभिलेखमा भएको देखिन्छ। जस्तै –

श्रियो डस्तु संम्वत् ४३७ फाल्गुनवधि २ राजाधिराज
श्री श्री श्री जयानन्ददेवस्य धर्मविज्ञं भवति। रगुवंशा
वतार श्री श्री जयरुद्रमल्लस्य लव्धवरिषं राज्यं भवति।।
(इतिहाससशोधनको प्रमाणप्रमेय पहिलो भाग १५५ पृष्ठ)

सुमतितन्त्रको टिप्पणीकारले शक ४९८ पछि मानदेव संवत् चल्यो भनी किटानगरी लेखेको कुरा पनि तल्लो मल्लकालमा थपेको भन्ने लिपिले देखाउंछ। त्यसकारण त्यो पनि शकसंवत्संग मिलान गरो लेखिएको कल्पित भन्ने सिद्ध हुन्छ।[4] चैत्रादि शकसंवत्संग मिलान गरी लेखिएको कल्पित मानदेव संवत् हुनाले गणना मिल्दैनथ्यो। किन भने ४९८+३१=५२९ शकमा सैद्धान्तिक गणनानुसार अधिमास पर्दैनथ्यो। तर अभिलेखमा भने अधिमास परेको छ। सिद्धान्तज्योतिषानुसार शक ५३० ज्येष्ठमा मात्र अधिमास पर्छ सिद्धान्तज्योतिषको गणनामा नष्ट भएको अधिमासमात्र जोड्ने नियम छ। नष्ट नभएको अधिमास जोड्ने नियम छैन। अभिलेखमा अधिमास छ भन्दैमा नष्ट नभएको ,शक ५३० को अधिमासलाई जोडी गणना गर्नु गणित विरुद्ध तथा अवैज्ञानिक हुन्छ। त्यसैले अवैज्ञानिक तवरको गणनाबाट मानदेव संवत् एउटालाई कायमगरेमा अंशुवर्माभन्दा अघिको सवत्लाई शकसंवत् मान्नुपर्ने हुन्छ। तर शकसंवत् चैत्रमा फिर्ने र लिच्छविकालको संवत् कातिकमा फिर्ने हुनाले यो मिल्दैनथ्यो। अर्को कुरो शकसंवत् मानेमा पूर्वलिच्छविकालमा परेका अधिमासका वर्ष पनि मिल्दैन।[5]

प्राचीनकालमा पञ्चाङ्गगणनामा ब्रम्हसिद्धान्तको परम्परा बलियो थियो। त्यसैले पितामहब्रम्हसिद्धान्त, विष्णुधर्मोत्तर पुराणान्तर्गत ब्रम्हसिद्धान्त, शाकल्योक्त ब्रम्हसिद्धान्त, ब्रम्हगुप्तको ब्रम्हसिद्धान्त आदि ग्रन्थ बने। ब्रम्हसिद्धान्तको आधारबाट राजमृगाङ्क, सिद्धान्तशिरोमणि ग्रन्थ बने। जुन ग्रन्थमा

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तरोतर संस्कार गर्दै गणनालाई सूक्ष्मतामा ल्याए । नेपालमा ब्रम्हसिद्धान्तको परम्परा अभयमल्लको पालासम्म चलेको कुरा वि. सं. १३०३ मा अभयमल्लको पालामा लेखिएको बीरपुस्तकालय हाल राष्ट्रिय अभिलेखालयको लगत नं. ३६० को पद्मनाभसंग्रह भन्ने पुस्तकबाट ज्ञात हुन्छ । सो पुस्तकमा दिइएको पुष्पिका प्रस्तुत गरिन्छ । जस्तै –

प्रारम्भमा –

नमस्कृत्य महादेवं गुरुं संसारतारणम् ।
तिथ्यादीनां विवेकार्थं मुनिवाक्यं समुच्चितम् ।।
पक्षवृद्धौ तिथिद्वंधे ह्रासवृद्धिषु संशय : ।
सुधियामप्यनुष्ठानमतो मया विविच्यते ।।
त्रिंशद्भिर्दिनैः सावनो मास : ।
उक्तञ्च ब्रम्हसिद्धान्ते
चान्द्रशुक्लादि दर्शान्त : सावन : त्रिंशता दिनै : ।
एकराशोरविर्यावत् कालं मासस्य भास्कर : ।।

समाप्तिमा –

इति श्री वाराणस्यां योगीश्वरसंग्रह पद्मनाभसंग्रहौ समाप्तौ ।। श्रीरस्तु नयपाल देशीयाभिलिख्यमान संम्बत ३६६ वैशाखशुक्ल ३ रवौ रम्ये दिनोत्तमे ।। पुस्तिका स्वस्ति कारिता ।। राजश्री अभयमल्लस्य राज्ये ।। भार श्री अपुकस्य । (हरप्रसादसूची दोस्रो भाग १९ पृष्ठ) [ससारबाट उतार्ने महादेवलाई गुरुलाई नमस्कार गरेर तिथ्यादिको विवेकको लागि मुनिवाक्यलाई लिइयो । तर पक्षवृद्धि अर्थात् अधिमासमा, तिथिको टुटबढमा शंका भई विद्वानहरूको अनुसन्धेय विषय भयो । यसकारण मैले विवेचना गरिन्छ । ३० दिनले सावनमास हुन्छ । ब्रह्मसिद्धान्तमा पनि बताइएको छ । चान्द्रमहीना शुक्लादिदेखि औंसीसम्म हुन्छ । सावन महीनाचाहिं ३० दिनको हुन्छ । एक राशिमा सूर्य जति काल रहन्छ त्यो सौरमहीना हुन्छ । काशीमा योगीश्वर संग्रह र पद्मनाम सग्रह समाप्त भयो । कल्याण होस् नेपाल संबत् ३६६ वैशाखशुक्ल तृतीया आदित्यवार राम्रो असल दिनमा । पुस्तक तयार गरियो । राजा श्री अभयमल्लको राज्यमा ।। भार श्री अमुक ।]

यहां ब्रम्हसिद्धान्तको उल्लेख भएबाट त्यसको परम्परा प्रावल्य भएको कुरालाई ईङ्गित गर्दछ ।[6] त्यसैले सूर्यसिद्धान्त, आर्यसिद्धान्त, ब्रम्हसिद्धान्तबाट गणनाको अनुसन्धान गर्दा लिच्छविकालको गणना ब्रम्हसिद्धान्तबाट मिल्न गयो । त्यस अनुसार चांगुस्थित अंशुवर्माको संवत् ३१ को अभिलेखको मिति शक ४७४ बाट उठेको भन्ने कालनिर्धारण हुन आएको हो[7] ४७४+३१= ५०५ शकमा सिद्धान्त ज्योतिषानुसार भाद्रमा अधिमास र तष्ट भइसकेको पनि छ ।

बुङमतीको अंशुवर्माको संवत् २९ ज्येष्ठको अभिलेख प्राप्त छ । शकसंवत् चैत्रमा फिर्ने हुनाले ज्येष्ठमा शक ४७५ हुन्छ । तब बुङमतीको अभिलेखको कालनिर्धारण २९+४७५=५०४ शक हुन्छ । लेलेको प्रथम शिवदेवको पालाको संवत् ५२६ को अभिलेख प्राप्त छ । बुङमतीको अभिलेखको काल

CC-0. In Public Domain. Digitization by eGangotri

निर्धारण समय शक ५०४ र लेलेको शिवदेवको अभिलेखको संवत् ५२६ को अन्तर २२ वर्ष पर्न आउँछ। अंशुवर्माभन्दा माथिका अधिमास उल्लिखित अभिलेखहरूको संवत्मा त्यो २२ वर्ष घटाउँदा लक्ष्मण छत्रेनेले शक १ देखि गणना गरी दिइएका अधिमासका तालिकासंग मिलन आएका छन्।[4]

अधिमासको तालिकासंग मिलेपछि चाँगुस्थित मानदेवको स्तम्भाभिलेखको संवत् ३८६ मा २२ वर्ष घटाउँदा त्यसको काल निर्धारण शक ३६४ को हुन आयो। उक्त स्तम्भलेखमा पनि मितिको उल्लेख छ। उक्त उल्लिखित मिति "ज्येष्ठमासे शुक्लपक्षे प्रतिप्रदि रोहिणी नक्षत्रयुक्ते चन्द्रमसि मुहूर्ते प्रशस्ते मितिति" भनी दिइएको छ। त्यस मितिको पनि गणना गरी हेर्दा सोमवार आएकोले चन्द्रमसिको अर्थ सोमवार भन्ने खुल्न गएको छ।

गणनाको निष्कर्ष आउनुभन्दा पहिले रोहिणी नक्षत्रयुक्ते चन्द्रमसिको अर्थ रोहिणी नक्षत्रमा चन्द्रमा गएको बेलामा भनी गरिएको थियो। चन्द्रमा जुन नक्षत्रमा जान्छन् त्यही नक्षत्र पञ्चाङ्गमा लेखिने हुनाले रोहिणी नक्षत्र भन्ने वित्तिकै चन्द्रमा रोहिणी नक्षत्रमा छन् भन्ने स्वतः थाहा हुने कुरालाई रोहिणी नक्षत्रमा चन्द्रमा गएको बेलामा भनी अत्युक्ति अर्थ गर्नु युक्तिसंगत थिएन। रोहिणी नक्षत्र र चन्द्रमाको संयोग भएको शोभा अलंकारको तुलना गरेको भन्नलाई पनि त्यस दिन त्यस वेला चन्द्रमा नै उदय भइतकेको हुँदैन कारण उक्त अभिलेख ज्येष्ठ शुक्ल प्रतिपदाको दिउँसो स्थापना भएको हुनाले रोहिणी नक्षत्रयुक्ते चन्द्रमसिजस्तै प्रयोग भएको उदाहरण अन्त पनि पाइन्छ। जस्तै–

ख्याते नेपालशाके गज भुजभुजगैः संमिते माघकृष्णे
ज्येष्ठा नक्षत्रयुक्ते शशिसुतदिवसे कुम्भगेचण्डभानौ
कृत्वा दोलेशशर्म्मोः पुनरपि मुदितो भूपतीन्द्रो नवम्याम्
(अभिलेखसंग्रह भाग १ पृष्ठ १३)

यस श्लोकमा उल्लिखित मिति ने. सं. ८२८ माघकृष्णानवमी ज्येष्ठा नक्षत्र बुधवार हो। गणना गर्दा माघकृष्ण नवमी ज्येष्ठा नक्षत्र बुधवार आउँछ। यहाँ जसरी गणना गर्दा बुधवार आएकोले ज्येष्ठा नक्षत्र युक्ते शशिसुतदिवसेको अर्थ गर्दा ज्येष्ठा नक्षत्रमा बुधग्रह गएको बेलामा नभनी ज्येष्ठा नक्षत्र बुधवार भन्ने हुन्छ। त्यस्तै चाँगुको अभिलेखमा उल्लिखित रोहिणीनक्षत्रयुक्ते चन्द्रमसिको अर्थ रोहिणी नक्षत्र सोमवार भन्नु युक्तिसंगत भएको छ, कारण गणनाबाट सोमवार आएको हुनाले वारको ज्ञान पनि याज्ञवल्क्यस्मृतिकालमा भइसकेको कुरा याज्ञवल्क्यस्मृतिबाट थाह पाइएको छ। जस्तै–

सूर्यः सोमो महीपुत्रः सोमपुत्रो बृहस्पतिः।
शुक्रः शनैश्चरो राहु केतुश्चेते ग्रहः स्मृता ॥२९५॥
(याज्ञवल्क्यस्मृति आचाराध्याय)

यसबाट याज्ञवल्क्यस्मृतिकालमा वारको ज्ञान भइसकेको कुरा स्पष्ट झल्कन्छ किनभने यहाँ सूर्यादि ७ वारको ग्रह क्रमशः उल्लेख भएको छ। इत्यादि प्रमाणबाट पूर्वलिच्छविकालको संवत् चाहिँ शकपूर्व २२ मा चलेको भन्ने काल निर्धारण हुन आएको हो।

अब यसलाई इतिहासतर्कबाट पनि विचार गर्दा बुद्धको समयमा पाटलिपुत्र आजकलको मुजफरपुर जिल्लाको वसाढ भन्ने ठाउँमा लिच्छविको शक्तिशाली गणराज्य थियो भन्ने कुरा बौद्धग्रन्थ-

CC-0. In Public Domain. Digitization by eGangotri

बाट थाह भएको छ । तिनै लिच्छविको एक शाखा नेपालमा पसेर त्यस लिच्छविले किरातलाई जिती आफ्नो स्वतन्त्र राज्य खडा गरेको भन्ने कुरा इतिहासकारहरूको एक मत छ ।

शक राजा कनिष्कको पालामा इस्वी ७८ ताक भारतमा कुशाण साम्राज्य संस्थापन भएको थियो । त्यसैवेलादेखि शकसंवत्को प्रचलन भएको थियो । गुप्तसाम्राज्यको संस्थापन हुंदा गुप्तसंवत्को प्रचलन भएको थियो । यो कुरा इतिहासले देखाएको छ ।

लिच्छविसंग गुप्तहरूको नातासंबन्ध परेको कुरा भारतका सम्राट् समुद्रगुप्तको प्रयागको स्तम्भलेखबाट ज्ञात भएको छ । उक्त स्तम्भलेखमा समुद्रगुप्तले आफूलाई लिच्छविराजकुमारी कुमार-देवीका छोरा हुँ भनी गर्वसाथ उल्लेख गरेका छन् । त्यस सम्बन्धलाई विचार गरी चाँगुनारायणस्थानमा स्तम्भलेख राख्ने मानदेवले भारतीय संवत् अपनाएका हुन् कि भन्नलाई पनि गुप्तसाम्राज्यमा चलेको गुप्तसंवत् अपनाउनेले शकसंवत् कसरी अपनाउलान् ? पहिले प्रथम मानदेव जस्ता आत्मगौरव भएका राजाको इज्जतलाई सुहाउने कुरो पनि होइन [9] । यदि मानदेवभन्दा अघिदेखि चलेर आएको संवत् भन्ने हो भने प्रथम जयदेवदेखि चलेको संवत् भन्ने कुरा उपपत्तिले शिद्ध हुन्छ ।

त्यसैले गणित र इतिहासतत्वबाट विचार गर्दा पनि प्रथम जयदेवको पालादेखि चलेको संवत्लाई लिच्छविसंवत् नभनी नहुने स्पष्ट तर्कसंगत भएको छ । नेपालमा चलेको आजसम्म कसैले थाहा नपाएको नेपालको आफ्नो प्राचीन संवत् मध्येमा अनुसन्धानद्वारा पत्तालागेको सबभन्दा पुरानो पूर्वलिच्छविकालको संवत् "लिच्छविसंवत्" भन्ने स्पष्ट भएको छ । यसरी लिच्छविसंवत्को निष्कर्षको तथ्यता छर्लङ्ग भएको छ ।

## टिप्पणी

१) 'नेपालको प्राचीन वर्षारम्भ,' गोरखापत्र वि. सं. २०३५, चैत्र ११ गते

(२ 'अंशुवर्माको राजनीति क्रान्ति र अभ्युदय', प्राचीन नेपाल, ४३-४५ अंक

३) उतर लिच्छविकालको संवतलाई वि. सं. ६३३ बाट उठेको मानदेव सम्वत् मान्दा हुन आउने समस्या र उक्त लिच्छविसम्वत्को निष्कर्षानुसार हुन आउने समाधानको लागि हेर्नुहोस्-'तुलनात्मक निष्कर्ष', सन्दर्भ, ३ अंक; सुमतितन्त्रमाउल्लेखित मानदेव संवत् कति प्रकारले अप्रमाणिक छ भन्ने कुराको लागि हेर्नुहोस्-'सुमतितन्त्र-एक अध्ययन, सन्दर्भ, २ अंक

४) विस्तृत विवरणको लागि हेर्नुहोस-'सुमतितन्त्र-एक गंभीर विचार', सन्दर्भ, ३ अंक

५) लेखकको पुस्तक लिच्छवि संवत्को निष्कर्ष, दिलिपमान राजवंशी, काठमाडौं, वि. सं. २०३०, पृ. २५.

६) सन्दर्भ, ४ अंक

७) सन्दर्भ, २,३ र ४ अंक

८) लिच्छवि संवत्को निष्कर्ष, पृ. २६

९) 'भारतको संवत्को दांजोमा नेपालको संवत्' गोरखापत्र, वि. सं. २०३६, वैशाक २६ गते

CC-0. In Public Domain. Digitization by eGangotri

## लिच्छविसंवत्‌को निष्कर्षबारे निस्केका प्रमुख लेखहरू

१ "नेपालमा लिच्छविसंवत र लिच्छवि वंशको प्रादुर्भाव" — नेपाली, अंक ६०
२ "नेपालमा सर्वप्रथम बारको उल्लेख कहिले भयो ?" — वि. सं. २०३१ चैत्र २३ गतेको गोरखापत्र
३ "लिच्छविसंवत् नेपाल संवत्‌को वीचका लिच्छविवंशको विवेचना" — प्रज्ञा वर्ष ४ अंक २
४ "भौमगुप्तको पतनपछिको नयां संवत्" — प्राचीन नेपाल अंक २९
५ 'नेपालमा लिच्छविको उदयकाल" — वि सं. २०३२ ज्येष्ठ १७ गतेको गोरखापत्र
६ "इतिहासका लागि प्राचीन गणनाको महत्व" — प्रज्ञा वर्ष ५ अंक २
७ "लिच्छविसंवत्‌को निष्कर्षमा तारीखगणना" — वि सं. २०३३ श्रावणको मधुपर्क
८ "सैद्धान्तिक एक निष्कर्ष" — प्राचीन नेपाल अंक ४०
९ "अनुसन्धानको एक निष्कर्ष" — प्राचीन नेपाल अंक ४१-४२
१० "भृकुटी एक चर्चा" — वि. स. २०३५ कार्तिक ४ गतेको गोरखापत्र
११ "अंशुवर्माको राजनीति क्रान्ति र अभ्युदय" — प्राचीन नेपाल अंक ४३-४५
१२ "लिच्छविसंवत्‌को निष्कर्षमा अनुसन्धानको बाटो" — प्राचीन नेपाल अंक ४३-४५
१३ "लिच्छविकालका संवत्‌को सन्दर्भमा" — सन्द्रर्भ अंक १
१४ "लिच्छवि संवत्‌को निष्कर्षबारेको इतिवृत्त" — सन्द्रर्भ अंक २
१५ "लिच्छविसंवत्‌को सन्दर्भमा भएका तथ्यातथ्य विमर्ष" — सन्द्रर्भ अंक २
१६ "सुमतितन्त्र एक अध्ययन तुलनात्मक निष्कर्ष" — सन्द्रर्भ अंक २
१७ "सुमतितन्त्र एक गंभीर विचार" — सन्द्रर्भ अंक ३
१८ "नेपालको प्राचीन वर्षारम्भ" — वि. सं. २०३५ चैत्र ११ गतेको गोरखापत्र

CC-0. In Public Domain. Digitization by eGangotri

# टिप्पणी

–दिनेशराज पन्त

(१)

"हेमराज शर्माको मतमा – वि. सं. ६३३ देखि चलेको मानदेव सम्वत्

नेपालको वीरपुस्तकालयमा रहेको सुमतितन्त्र नामक ज्योतिष पुस्तकमा शक ४९८ अर्थात् वि. सं. ६३३ देखि मानदेव नामक संवत् उठेको चर्चा छ। पूर्वलिच्छविकालको शिवदेवको पालाको लेलेको सम्वत् ५२६ को अभिलेख प्राप्त भएको र त्यसपछि उत्तरलिच्छविकालको अंशुवर्माको पालाको बुङ्मतीको सम्वत् २९ को अभिलेख प्राप्त भएको हुनाले ४९८+२९=५२७ शक हुन आउने यस तुलनालाइ लिएर समुतितन्त्रलाइ प्रमाणमानी पूर्वलिच्छविकालको संवत् लाइ वि. सं. १३५ देखि चलेको शकसंवत् र उत्तरलिच्छविकालको सम्वत्लाइ वि. सं. ६३३ देखि चलेको मानदेव सम्वत् भनी मानेर आइरहेको थियो।"

यहाँ शिवदेवको पालाको लेलेको संवत् ५२६ को अभिलेख र अंशुवर्माको पालाको बुङमतीको संवत् २९ को अभिलेख पाइएकोले तथा सुमतितन्त्रमा शाके ४९८ मा मानदेवसंवत् चल्यो भन्ने देखिएकोले ४९८ मा २९ जोडी ५२७ शक हुन आउने तुलनालाई लिएर शाकेसंवत् र मानदेवसंवत् चलेको कुरा मानेर आएको हो भनी शङ्करमानजीले लेख्नुभएको छ।

हेमराज शर्माले वि. सं. ६३३ देखि मानदेवसंवत् चल्यो भनी आफूले निर्णय गरी वि. सं. १९९२ मा काशीप्रसाद जायसवाललाई सूचना दिएका हुन् [वि. सं. १९९४ मा पटनाबाट एम्. एन्. बर्मन् यान्ड् कम्पनीद्वारा प्रकाशित काशीप्रसाद जायसवालको क्रोनलजि यान्ड् हिस्टरि अफ् नेपाल् फ्रम् ६०० बी. सी. टु ८८० ए डी. (वि. पू. ५४३ देखि वि. सं. ९३७ सम्मको नेपालको कालनिर्णय र इतिहास) का ३३–४० पृ.]। त्यस बेला शिवदेवको लेलेको संवत् ५२६ को अभिलेख पाइएको थिएन, त्यो अभिलेख त वि. सं. २०१८ मा अभिलेख-सङ्ग्रह १ भागमा प्रकाशित भएको हो (वि. सं. २०१८ मा संशोधन–मण्डलद्वारा प्रकाशित रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलको अभिलेख-सङ्ग्रह १ भागका २९–३१ पृ)। त्यसै गरी हेमराज शर्माले निर्णय गर्दा संवत् २९ को अभिलेख पनि थिएन। बुग्मतीको यो अभिलेखको संवत् पहिले ३४ पढिएको थियो। वि. सं. २०२२ मा पूर्णिमा ७ अङ्कमा यो अभिलेखको संवत् २९ हो भनी निर्णय गरी प्रकाश गरिएको हो। वि. सं. २०२२ मा प्रकाशित पूर्णिमा ७ अङ्कमा छापिएको पिताजी नयराज पन्तको लिच्छविकालका

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेखमा देखापरेका ५५ सम्मका संवत्का अङ्कको निर्णय भन्ने निबन्ध, सो अङ्कका ४–५ पृ.)।

हेमराज शर्माले निर्णय गर्ने वेलामा त खोपासीको शिवदेव र अंशुवर्माको संवत् ५२० को अभिलेख, वि. सं. २०३० मा त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययन संस्थानद्वारा प्रकाशित धनवज्र वज्राचार्यको लिच्छविकालका अभिलेखका २७४–२७५ पृ.) र हाँडिगाउंको अंशुवर्माको संवत् ३० को अभिलेख (लिच्छविकालका अभिलेखका ३०१–३०२ पृ.) पाइएका थिए।

"यस अवस्थामा ती दुइटा अभिलेखको आधारमा मानदेवसंवत्को कुरा मिलाएर स्वीकार गरिएको हो भन्ने कुरा अशुद्ध देखिन्छ।

शङ्करमानजीले वि. सं. २०३० मा यस विषयमा यस्तो लेख्नुभएको थियो–

त्यसो भए शकराज्याब्द ४७४ भन्नुपर्नेमा ४९८ किन भनेको त भन्नुहोला। तर त्यो हाम्रो संवत् नभएको हुनाले हाम्रो संवत्संग जोड्नु पर्ने आवश्यक छैन। किन भने अरू देशको संवत् हुनाले शकराज्याब्द ४९८ भन्नुमा के आपत्ति भयो।

(वि. सं. २०३० मा काठमाडौंबाट दिलीपमान राजवंशीद्वारा प्रकाशित शङ्करमान राजवंशीको लिच्छविसंवत्को निष्कर्षको ३० पृ.)

यहां शङ्करमानजीले शकसंवत् बाहिरको संवत् भएकोले सुमतितन्त्रमा ४९८ वर्षसम्म शकसंवत् चल्यो भन्ने वाक्यको कुनै अर्थ छैन भनी लेख्नुभएको छ। अहिले आएर ४९८ मा २९ जोडी ५२७ ल्याइएको हो भन्ने जाल गर्न शङ्करमानजी पुग्नुभएको देखिन्छ।

(२)

"यसरी उही संवत्को कार्तिकमा राजा मानदेव जीवित देखिएको र उही सम्वत्को आषाढमा चाहिं राजा मानदेव मरिसकेको देखिनाले सो सम्वत् कार्तिकादि रहेछ भन्ने थाहा भएको छ।...

उत्तर लिच्छविकालमा उल्लिखित सम्वत् पनि कार्तिकादि थियो भन्ने कुरा अनन्तलिगेश्वरमा रहेको नरेन्द्रदेवको अभिलेखबाट ज्ञात भएको छ।...

यसबाट पूर्वलिच्छविकाल तथा उत्तर लिच्छविकालका सम्वत् शकसंवत् होइनन् भन्ने सिद्ध भएको छ। यदि शकसंवत् हुंदा हुन् त चैत्रादि संवत् हुनु पर्थ्यो। किन भने शकसंवत् चैत्रबाट फेर्दछ। यो कुरो ज्योतिष ग्रन्थले बताएको छ।...."

यहां शकसंवत् चैत्रादि हुने र लिच्छविसंवत् कार्तिकादि हुनाले लिच्छविकालमा चलेको संवत् शकसंवत् हुन सक्तैन भनी शङ्करमानजीले लेख्नुभएको छ।

वराहमिहिरको पञ्चसिद्धान्तिकामा यस्तो लेखिएको छ –

सप्ताश्विवेद ४२७ सङ्ख्यं शककालमपास्य चैत्रशुक्लादौ।
अर्द्धास्तमिते भानौ यवनपुरे भौमदिवसाद्ये ॥८॥

CC-0. In Public Domain. Digitization by eGangotri

(पञ्चसिद्धान्तिका १ अध्याय)

[शकसंवत्‌बाट ४२७ घटाउनू, वर्षगण आउँछ। यो वर्षगणको प्रारम्भ चैत्रशुक्ल प्रतिपद्‌को प्रारम्भ मङ्गलवारको प्रारम्भ तथा यवनपुरको सूर्यास्तकालमा हुन्छ।]

द्व्यूनं शकेन्द्रकालं पञ्चभि५रुद्धृत्य शेषवर्षाणाम्।
द्युगणं माघसिताद्यं कुर्याद् द्युगणं तदहन्युदयात् ।।२।।

(पञ्चसिद्धान्तिका १२ अध्याय)

[शकसंवत्‌बाट २ घटाउनू, वर्षगण आउँछ। वर्षगणलाई ५ ले तष्ट गर्नू (५ ले भाग लिई शेष मात्र लिनू)। शेषवर्षबाट अहर्गण ल्याउनू। यो अहर्गण शेषवर्षको आदिको माघशुक्ल प्रतिपद्‌को सूर्योदयदेखि अभीष्ट दिनको सूर्योदयसम्मको दिनसमूहरूपको हुन्छ।]

यताबाट वराहमिहिरको समयमा शकसवत्‌को प्रारम्भ चैत्रशुक्ल प्रतिपद् तथा माघशुक्ल प्रतिपद् दुवैबाट हुन्थ्यो भन्ने देखिन्छ।

भक्तपुर सिद्धपोखरीनजीकै सल्लाघारीसँगै रहेको पोखरीको पाटीको भित्तामा रहेको जगज्ज्योतिर्मल्लको वि. सं. १६८७ को शिलालेखमा यस्तो लेखिएको छ –

शाके १५५२।। नेपाल सम्वत् ७५० थ्वगुलि वर्षस...श्रीमन्महाराजाधिराज श्रीश्रीजयजगज्ज्योतिर्म्मल्लदेव प्रभु ठाकुरसन पौषकृष्ण एकादशी बुधानुराधयोगस आरम्भ याङान वैशाखकृष्ण द्वादशी रेवतीनक्षत्र प्रीतियोग बृहस्पतिवार कोन्हु संपूरणांन सिधयकं थ्व पुष्करिणी प्रतिष्ठा याङ जुरों,

[शकसंवत् १५५२ नेपाली संवत् ७५० (वि. सं. १६८७) यस वर्ष श्रीमहाराजाधिराज श्रीश्रीजय जगज्ज्योतिर्मल्लदेव प्रभु ठाकुरले पौषकृष्ण (पूर्णान्तमानले माघकृष्ण) एकादशी बुधवार अनुराधानक्षत्रको योग भएको दिनमा आरम्भ गरीकन वैशाखकृष्ण (पूर्णान्तमानले ज्येष्ठकृष्ण) द्वादशी रेवतीनक्षत्र प्रीतियोग बृहस्पतिवारका दिन जम्मै सिध्याएर यो पोखरीको प्रतिष्ठा गरियो।]

(वि. सं. २०१७ मा भोलानाथ पौडेल र धनवज्र वज्राचार्यद्वारा विरचित तथा प्रकाशित इतिहास-संशोधन ५१ क्रमागत सङ्ख्याका १-२ पृ)

यस दिनको गणनाको विषयमा इतिहास–संशोधन ५१ क्रमागत सङ्ख्यामा यस्तो लेखिएको छ –

नेपाली संवत्‌को वत्सरारम्भ कार्तिकशुक्ल प्रतिपदादेखि हुन्छ। शकसंवत् विक्रमसंवत् कलिगत-वर्षको वत्सरारम्भ चैत्रशुक्ल प्रतिपदादेखि हुन्छ। यस पद्धतिअनुसार कार्तिकशुक्ल प्रतिपदादेखि फाल्गुन-कृष्ण (पूर्णान्तमानले चैत्रकृष्ण) अमावास्यासम्म नेपाली संवत्‌मा ८०१ जोडे शकसंवत् ९३६ जोडे विक्रमसंवत् ३९८० जोडे कलिगतवर्ष हुन्छ। चैत्रशुक्ल प्रतिपदादेखि आश्विनकृष्ण (पूर्णान्तमानले कार्तिककृष्ण) अमावास्यासम्म नेपाली संवत्‌मा ८०२ जोडे शकसंवत् ९३७ जोडे विक्रमसंवत् ३९८१

CC-0. In Public Domain. Digitization by eGangotri

जोडे कलिगतवर्ष हुन्छ। तर जगज्ज्योतिर्मल्लको यस शिलालेखमा भनें नें. सं. ७५० पौषकृष्ण (पूर्णान्त-मानले माघकृष्ण) र वैशाखकृष्ण (पूर्णान्तमानले ज्येष्ठकृष्ण) मा पनि शकसंवत् १५५२ नै दिइएको छ। अहिले चलेको पद्धतिअनुसार यहांको शकसंवत् पनि चैत्रशुक्ल प्रतिपदादेखि सुरु हुने भएको भए ने. सं. ७५० पौषमा शकसंवत् १५५१ र वैशाखमा मात्र १५५२ हुनुपर्थ्यो। त्यसो नभई पौष र वैशाख दुवै महीनामा शकसंवत् १५५२ नै देखिएकाले यहांको शकसंवत् चैत्रशुक्ल प्रतिपदादेखि सुरु भएको देखिएन। प्रत्युत कार्तिकशुक्ल प्रतिपदादेखि सुरु भएको देखिन आयो। यसको निर्णयका लागि यहाँ उल्लिखित तिथिमितिको गणना गरी आएको पञ्चाङ्ग यहाँ दिइएको छ –

ने. सं. ७५० तदनुसार श. सं. १५५१ वि. सं. १६८६ पौषकृष्ण (पूर्णान्त मानले माघकृष्ण ÷)

| वार | तिथि | घ. प. | नक्षत्र | घ. प. |
|---|---|---|---|---|
| बुध | एकादशी | १५।३६ | अनुराधा | ३१।४० |

शकसंवत् १५५२ वि. सं. १६८७ पौषकृष्ण (पूर्णान्त मानले माघ कृष्ण) +

| वार | तिथि | घ. प. | नक्षत्र | घ. प. |
|---|---|---|---|---|
| मङ्गल | एकादशी | १५।४५ | ज्येष्ठा | ५।५० |

यसबाट नेपाली संवत्को जस्तै कार्तिकशुक्ल प्रतिपदादेखि शकसंवत्को प्रारम्भ मानी गणना गर्दा तिथिमिति मिल्न आएको र चैत्रशुक्ल प्रतिपदादेखि शकसंवत्को प्रारम्भ मानी गणना गर्दा तिथि-मिति नमिलेको स्पष्ट देखियो।

वैशाखकृष्णमा चाहिं चैत्रादि भए पनि कार्तिकादि भए पनि एउटै हुने हुंदा यहाँ दिइएको ने. सं ७५० शकसंवत् १५५२ को गणना गर्दा मिल्न आउंछ।

ने. सं. ७५० शकसंवत् १५५२ वि. सं. १६८७ वैशाखकृष्ण (पूर्णान्त मानले ज्येष्ठकृष्ण) +

| वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|
| बृहस्पति | द्वादशी | ८।१६ | रेवती | ३५।४७ | प्रीति | १६।४३ |

÷ यो गणना हामी (देवीप्रसाद भोलानाथ शङ्करमान) ले गरेका हौं।
+ यो गणना हामी (देवीप्रसाद भोलानाथ शङ्करमान) ले गरेका हौं।

(इतिहास-संशोधन ५१ क्रमागत सङ्ख्याका ३-४ पृ.)

जगज्ज्योतिर्मल्लको उपर्युक्त शिलालेखसँगै यसै पोखरीविषयको जितामित्र मल्लको शिलालेख पनि रहेको छ। सो शिलालेखमा यस्तो लेखिएको छ–

···श्रीमन्महाराजाधिराज श्रीश्रीसुमति जयजितामित्रमल्लदेव प्रभु थाकु-रसन··· नेपालसंवत् ७९८ श्रीशाके १६०० कलिगत ४७७९ विक्रम १७३५ माघ-मासे शुक्लपक्षे पञ्चम्यां तिथौ रेवतीनक्षत्रे वृ (सि)द्धियोगे बृहस्पतिवासरे थ्व कुन्हु यज्ञ याङाव प्रतिष्ठा याङा दिन ॥ ॥···

CC-0. In Public Domain. Digitization by eGangotri

[ श्रीमहाराजाधिराज सुमति (बुद्धि सप्रेका) श्रीश्रीजयजितामित्र मल्ल प्रभु ठाकुरले नेपाली संवत् ७९८ शकसंवत् १६०० कलिगतवर्ष ४७७९ विक्रमसवत् १७३५ माघशुक्ल श्रीपञ्चमी रेवतीनक्षत्र सिद्धियोग बृहस्पतिवारका दिन यज्ञ गरीकन प्रतिष्ठा गरिएको हो । ]

(इतिहास-संशोधन ५१ क्रमागत सङ्ख्याका ५-७ पृ.)

यस दिनको गणनाको विषयमा इतिहास संसोधन ५१ क्रमागत सङ्ख्यामा यस्तो लेखिएको छ- माथिको जगज्ज्योतिर्मल्लको शिलालेखमा जस्तै यहाँ पनि शक विक्रम कलिगतवर्षहरू कार्तिक-शुक्ल प्रतिपदादेखि सुरु गरिएका देखिन्छन् । किनभने ने. सं. ७९८ माघमा यहाँ शक सं. १६०० वि. सं. १७३५ कलिगतवर्ष ४७७९ दिइएका छन् । आजभोलिको चलनअनुसार चैत्रशुक्ल प्रतिपदादेखि यी संवत्हरू सुरु गरिएका भए ने. सं. ७९८ माघमा शक सं. १५९९ वि. सं. १७३४ कलिगतवर्ष ४७७८ मात्र हुनुपर्थ्यो । यस कारण यस शिलालेखमा उल्लिखित शक विक्रम कलिगतवर्षहरू पनि ने. सं. जस्तै कार्तिकशुक्ल प्रतिपदादेखि सुरु गरिएका रहेछन् भन्ने स्पष्ट छ । गणना गरेर हेर्दा पनि यही कुरा सिद्ध हुन आउँछ ।

ने. सं. ७९८ तदनुसार शक सं. १५९९ वि. सं. १७३४ कलिगतवर्ष ४७७८ माघशुक्ल ÷

| वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|
| बृहस्पति | पञ्चमी | २४।३० | उ. भा. | १३।२२ | सिद्धि | ३०।५२ |

शकसंवत् १६०० विक्रमसवत् १७३५ कलिगतवर्ष ४७७९ माघशुक्ल ÷

| वार | तिथि | घ प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|
| मङ्गल | पञ्चमी | १।१ | उ. भा. | ३५ ५६ | शिव | ४०।२ |

यहाँ नेपाली संवत् जस्तै गरी कार्तिकशुक्ल प्रतिपदादेखि शक, विक्रम, कलिगतवर्षहरूको प्रारम्भ मानी गणना गर्दा तिथिमिति मिलन आयो र चैत्रशुक्ल प्रतिपदादेखि शक, विक्रम, कलिगतवर्ष-हरूको प्रारम्भ मानी गणना गर्दा तिथिमिति मिलन आएन ।

यसरी माथिका जगज्ज्योतिर्मल्लका र जितामित्रमल्लका दुवै शिलालेखमा शकसंवत् विक्रमसंवत् कलिगतवर्षहरूको पनि नेपालीसंवत्को जस्तै कार्तिकशुक्ल प्रतिपदादेखि सुरु गरिएको देखियो ।

÷ यो गणना हामी (देवीप्रसाद भोलानाथ शङ्करमान) ले गरेका हौं ।

(इतिहास-सशोधन ५१ क्रमागत सङ्ख्याका ८-९ पृ)

यताबाट भक्तपुरका राजा जगज्ज्योतिर्मल्ल र जितामित्र मल्लको पालामा कार्तिकशुक्ल प्रतिपदादेखि शकसंवत्को प्रारम्भ भएको देखियो ।

यसरी शकसंवत् चैत्रादि, माघादि, कार्तिकादि तीन थरी चलेको देखिन आएको छ । यस कारण शकसंवत् चैत्रादि मात्र हुन्छ , लिच्छविकालको संवत् कार्तिकादि भएकोले शकसंवत् लिच्छविकालमा चलेको संवत् हुन सक्तैन भन्ने शङ्करमानजीको भनाइ निर्मूल देखिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri



"अब पूर्वलिच्छविकालको संवत् बारेमा सबभन्दा पुरानो चांगुस्थित मानदेवको स्तम्भाभिलेखमा उल्लिखित संवत् प्राप्त छ। यो संवत् के संवत् हो र कसको पालामा कसले चलाएको भन्ने पत्ता लगाउन प्रस्तावारीकाल अर्थात् पिडीको हिसाव बिचार गर्नु आवश्यक छ। राजाहरूको क्रमानुसार एक पिडीमा लगभग २५ वर्ष बित्तछ। यो कुरा कालक्रमको इतिहासले बताउंछ। जस्तै श्री ५ पृथ्वी नारायण शाहको जन्म वि. सं. १७७९ मा भएको थियो। श्री ५ महेन्द्रवीरविक्रम शाहदेवको स्वर्गारोहण वि. सं. २०२८ मा भएको थियो। श्री ५ पृथ्वीनारायण शाहदेखि लिएर श्री ५ महेन्द्र वीरविक्रम शाहदेव सम्म जम्मा १० पुस्ता गएको छ। तव २०२८-१७७९=२४९ वर्षमा १० पुस्ता भएकोले एक पुस्ताको पिडीमा लगभग २५ वर्ष पर्न आउंछ। उक्त चांगुस्थित मानदेवको स्तम्भाभिलेखमा सम्वत् ३८६ अंकित छ। त्यसलाइ २५ वर्षले भाग लाउंदा मानदेव भन्दा माथि सोह्रौं पिडिमा चलेको संवत् रहेछ भन्ने देखिन आएको छ। तव मानदेवभन्दा माथि १६ पुस्तामाको राजा थिए भन्ने विचार गर्न पशुपतिस्थित द्वितीय जयदेवको अभिलेख हेर्नु आवश्यक छ।...

यहाँ जयदेव पछी बीचमा १२ राजालाइ छोडेर बृषदेव भए भन्नाले जयदेव देखि बृषदेव सम्म १४ राजा भएको कुरो स्पष्ट छ। बृषदेवपछि शंकरदेव भए। त्यस पछि धर्मदेव भए। तव प्रथम जयदेवदेखि धर्मदेव सम्म १६ राजा हुन आउंछन्। त्यस कारण मानदेव भन्दा माथि सोह्रौं पिडिका राजा प्रथम जयदेव हुन आउने भए।

नेपालमा लिच्छविराज्यको आरम्भको विषयमा वंशावलीमा 'अथ सूर्यवंश प्रभावान्नेपाले किरातराजान्निर्जित्य लिच्छविवंश प्रवर्त्तते' भनी उल्लेख गरेको छ। वंशावलीमा यसरी उल्लेख गरेको र द्वितीय जयदेवको अभिलेखमा प्रथम जयदेवलाइ बिजयी भनेको हुनाले किरातलाइ जितेर लिच्छवि राज्य स्थापना गरेको घटनालाइ लिइ प्रथम जयदेवको पालामा चलेको उक्त मानदेवको स्तम्भाभिलेखमा उल्लिखित सम्वत् लिच्छवि सम्वत् रहेछ भन्ने ठहर्न आएको छ।"

यहाँ मानदेवको चाँगुको अभिलेखमा संवत् ३८६ लेखिएको र एक पुस्ताले सालाखाला २५ वर्ष राज्य गर्ने कुरा श्री ५ पृथ्वीनारायणदेखि श्री ५ महेन्द्रसम्मको समयको तुलना गर्दा देखिन आएकोले तथा जयदेवदेखि मानदेवसम्म १६ पुस्ता भएको हुनाले यो संवत् प्रथम जयदेवले चलाएको देखिन्छ, द्वितीय जयदेवको पशुपतिको अभिलेखमा प्रथम जयदेवलाई विजयी भनी लेखिएको छ, यताबाट प्रथम जयदेवले लिच्छविसंवत् चलाएको कुरा सिद्ध हुन्छ भनी शङ्करमानजीले लेख्नुभएको छ।

३८६ को हिसाब त्यसलाई जुनसुकै संवत् माने पनि मिल्न आउने कुरा हो। यसबाट लिच्छविसंवत्को प्रामाणिकता सिद्ध हुने कुरा आउँदैन। प्रथम जयदेवलाई विजयी भनेर लेख्ने द्वितीय जयदेवले संवत् चलाउनेको रूपमा उनको किन वर्णन गरेनन्?, विजय गर्दैमा संवत् चलाउनुपर्छ भन्ने कुरा पनि अप्रामाणिक हो। किनभने श्री ५ पृथ्वीनारायण शाहले विजय त गरेका थिए, संवत् भने चलाएका थिएनन्।

CC-0. In Public Domain. Digitization by eGangotri



"जब पूर्वलिच्छविकाल तथा उत्तरलिच्छविकालका सम्वत् शकसंवत् नभएपछि सुमतितन्त्रमा उल्लिखित शक ४९८ बाट उठेको मानदेवसम्वत्को चर्चा गलत छ भन्ने स्वतः सिद्ध हुन्छ ।...

पूर्व लिच्छविकालको संवत् लिच्छविसंवत् र उत्तर लिच्छविकालको संवत् अंशुवर्मा सम्वत् भन्ने ठहरीन आएपछि त्यसको कालनिर्धारण गणनाबाट भएको छ । त्यस गणनानुसार अंशुवर्मासम्वत् शक ४७४ बाट उठेको भन्ने र लिच्छविसंवत् शकपूर्व २२ मा चलेको भन्ने सिद्ध भएको छ ।"

यहाँ लिच्छविकालमा चलेका संवत् सुमतितन्त्रमा उल्लेख भएका शकसंवत् र शाके ४९८ (वि. सं. ६३३) देखि उठेको मानदेवसंवत् होइनन्, लिच्छविकालमा शकपूर्व २२ (वि. सं. ११३) देखि चलेको लिच्छविसंवत् र शक ४७४ (वि. सं. ६०९ )देखि चलेको अंशुवर्मसंवत् हुन् भनी शङ्करमानजीले लेख्नुभएको छ ।

वि. सं. ११३ देखि तथा वि. सं. ६०९ देखि नेपालमा नयाँ संवत् चल्यो भन्ने कल्पनाको कुनै आधार छैन । किनभने कहीं पनि यी संवत्को चर्चा आएको छैन । यस कारण यी संवत्को आधार अप्रामाणिक भएकोले यसको आधारमा निकालिएको निष्कर्ष गलत छ भन्ने स्पष्ट छ ।

प्रमाण नभए तापनि वि. सं. ११३ तथा वि. स ६०९ देखि संवत् चलेका थिए भनी स्वीकार गरे तापनि इतिहासको दृष्टिबाट त्यो तर्क निर्मूल छ तथा सुमतितन्त्रअनुसारको संवत्बाट इतिहासको सङ्गति हुन्छ भन्ने कुरा उदाहरण दिई देखाइन्छ ।

ताडपत्रमा लेखिएको सुमतितन्त्रनामक पुस्तक नेपाल राष्ट्रिय अभिलेखालय (वीर पुस्तकालय चौथो ५७ सङ्ख्या) मा छ । सो ग्रन्थमा संवत्हरूको बारेमा यस्तो लेखिएको छ –

जातो दुर्योधनो राजा कलि – – प्रवर्त्तते ।
युधिष्ठिरो महाराजो दुर्योधनस्तयोः पि वा ।
उभौ राजौ सहस्रे द्वे वर्षन्तु सम्प्रवर्त्तति ।
नन्दराज्य शताष्टञ्च श्चन्द्रगुप्तस्ततोपरे
राज्यङ्करोति तेनापि द्वात्रिंशच्चाधिकं शतम् ।
राजा शूद्रकदेवश्च वर्ष सप्ताब्धि चाश्विनौ
शकराजा ततो पश्चाद्वसुरन्ध्रकृतन्तथा ।
इत्येते – षितम्मह्यं ज्ञेया राजा क्रमेण तु ।
··· कृतअम्बराग्नि – – – ीमानदेवाब्द प्रयुज्यमाना
एतानि पिण्ड···

(सुमतितन्त्र २ ख पत्र)

CC-0. In Public Domain. Digitization by eGangotri

युधिष्ठिर दुर्ज्जोधन उभो राज्याब्द २००० नन्दराज्याब्द ८०० चन्द्रगुप्तराज्याब्द १३२ सुद्रकदेवराज्याब्द २४७ शकराज्याब्द ४९८ मानन्देवस्य राज्याब्द ३०४

(सुमतितन्त्र। यहाँ पत्रसङ्ख्या देखिँदैन)

[दुर्योधन राजा भएपछि कलियुग लाग्नेछ। राजा युधिष्ठिर र दुर्योधनको संवत् २००० वर्षसम्म चल्नेछ। त्यसपछि ८०० वर्षसम्म राजा नन्दको संवत् चल्नेछ। त्यसपछि १३२ वर्षसम्म राजा चन्द्रगुप्तको संवत् चल्नेछ। त्यसपछि २४७ वर्षसम्म राजा शूद्रकदेवको सवत् चल्नेछ। त्यसपछि ४९८ वर्षसम्म शक राजाको संवत् चल्नेछ। राजाहरूका यी संवत् बताइए। त्यसपछि ३०४ वर्षसम्म राजा मानदेवको संवत् चल्नेछ।]

(वि. सं. २०३४ मा प्रकाशित पूर्णिमा ३६ अङ्कमा छापिएको दिनेशराज पन्तको मानदेवसंवत् भन्ने निबन्ध, सो अङ्कका २६९–२७२ पृ.)

यस वर्णनबाट २०००+८००+१३२+२४७=३१७९ कलिगतवर्ष बितेपछि शकसंवत् र ४९८ शकवर्ष बितेपछि मानदेवसंवत् चलेको देखिन्छ। कलिगतवर्ष ३०४४ बितेपछि विक्रमसंवत्को प्रारम्भ हुन्छ। यस कारण ३१७९–३०४४=१३५ वि. सं. बितेपछि शकसंवत् र १३५+४९८=६३३ वि. सं. बितेपछि मानदेवसंवत्को प्रारम्भ भएको देखिन्छ।

भोटका स–सक्य–पान–चेन (वि. सं. १२३९-१३०८) को वर्णनअनुसार वि. सं. ६३३ देखि नेपालमा नयाँ संवत् चलेको थियो भन्ने देखिन्छ [वि. स. २०१८ मा प्रकाशित इस्ट् यान्ड् वेस्ट् (पूर्व र पश्चिम) को १२ भागको ४ अङ्कका २२७–२३२ पृष्ठमा छापिएको लूच्यानो पेतेकको द्व क्रोनलजि अफ् द्वि अर्लि इन्स्क्रिप्शन्ज् अफ् नेपाल् (नेपालका प्राचीन अभिलेखहरूको कालनिर्णय) भन्ने निबन्ध]

अच्युतानन्द राजोपाध्यायको सङ्ग्रहमा रहेको वि. सं. १७१२ मा सारिएको हरिवंशमा विक्रमसंवत्को सङ्ख्या १७१२ तथा मानदेवसंवत्को सङ्ख्या १०७९ दिइएको छ। (वि सं २०३५ मा प्रकाशित पूर्णिमा ३९ अङ्कमा छापिएको पिताजी नयराज पन्त र महेशराज पन्तको वि. सं. ६३३ देखि नेपालमा नयाँ संवत् चलेको थियो भन्ने कुराका प्रमाण नेपालमा र भोटमा गरी जम्मा ४ वटा पाइएका छन् भन्ने निबन्ध, सो अङ्कका ९७-९८ पृ.)। १७१२–१०७९=६३३। यताबाट वि. सं. ६३३ देखि मानदेवसंवत् चल्यो भन्ने परम्परा वि. सं. १७१२ सम्म पनि रहेको देखिन्छ।

माथिका यी प्रमाणका आधारमा वि. सं. १३५ देखि चलेको शकसंवत् र वि. सं. ६३३ देखि चलेको मानदेवसंवत् लिच्छविकालमा चलेका थिए भन्ने स्पष्ट हुन्छ।

शिवदेव र अंशुवर्माको संयुक्त शासनको अन्तिम अभिलेख लेलेको हो। त्यसमा संवत् ५२६ आश्विनशुक्ल लेखिएको छ (लिच्छविकालका अभिलेखको २८३पृ.)। अंशुवर्मा एकलैले शासन गरेको पहिलो अभिलेख बुगमतीको हो। त्यसमा संवत् २९ ज्येष्ठशुक्ल दशमी लेखिएको छ (लिच्छविकालका

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेखको २९१ पृ.)। यसरी दुवैथरी संवत्का अभिलेखमा अंशुवर्माको उपस्थिति छ। अंशुवर्मा दुवैथरी संवत्मा देखिएकाले लिच्छविसंवत्को निर्णयका विषयमा अंशुवर्माको ठूलो महत्त्व छ भन्ने स्पष्ट छ।

वि. सं. ११३ देखि लिच्छविसंवत् चलेको र वि. सं. ६०९ देखि अंशुवर्मसंवत् चलेको भन्ने कुरा माथि उद्धृत शङ्करमानजीको लेखबाट देखिन्छ।

शिवदेव र अंशुवर्माको संयुक्त शासनको अन्तिम अभिलेख संवत् ५२६ आश्विनशुक्लको हो भनी भरखरै माथि लेखियो। ५२६+११३=६३९। यताबाट वि. सं. ६३९ आश्विनसम्म शिवदेव र अंशुवर्माको संयुक्त शासन देखिन्छ।

अंशुवर्मा एकलैको पहिलो अभिलेख संवत् २९ ज्येष्ठशुक्ल दशमीको पाइएको छ भनी भरखरै माथि लेखियो। अंशुवर्माहरूले प्रयोग गरेको संवत् कार्तिकादि हो भन्ने कुरा प्रमाणबाट सिद्ध भएकोले (पूर्णिमा ३९ अङ्कमा छापिएको पिताजी नयराज पन्त, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, दिनेशराज पन्तको अंशुवर्माहरुले व्यवहार गरेको संवत् वि. सं. ६३३ देखि ठठेको हो भनी सकाट्टी अभिलेखका सबै मिति ट्वाक्क मिल्छन् भन्ने निबन्ध, सो अङ्कका १०१–१०२ पृ.) ज्येष्ठमा १ बढाउनुपर्ने हुनाले ३०+६०९=६३९। यताबाट वि. सं. ६३९ ज्येष्ठमा अंशुवर्माले एकलै शासन गरिरहेको देखिन्छ।

यसरी वि. सं. ६३९ ज्येष्ठमा एकलै शासकको रूपमा देखिइसकेका अंशुवर्मा फेरि वि. सं. ६३९ आश्विनमा संयुक्त शासकको रूपमा देखिनु तात्कालिक घटनाक्रमको दृष्टिले मिल्ने कुरा नभएकोले शङ्करमानजीको कल्पना निःसार देखिन्छ।

सुमतितन्त्रको माथि उद्धृत वाक्यअनुसार पहिलो संवत् वि. सं. १३५ देखि चलेको शकसंवत् र दोस्रो सवत् वि. सं. ६३३ देखि चलेको मानदेवसंवत् हो भन्ने बुझिन्छ।

अब सुमतितन्त्रअनुसार अंशुवर्माको समयको सङ्गति हुन्छ वा हुँदैन भनी विचार गरिन्छ।

५२६+१३५=६६१। यताबाट वि. स. ६६१ आश्विनसम्म शिवदेव र अंशुवर्माको संयुक्त शासन देखिन्छ।

३०+६३३=६६३। यताबाट वि. सं. ६६३ ज्येष्ठमा अंशुवर्माले एकलै शासन गरेको देखिन्छ।

यसरी सुमतितन्त्रअनुसार अंशुवर्माको समयको सङ्गति भयो।

यस कारण सुमतितन्त्रमा उल्लेख भएका संवत् लिच्छविकालमा चलेका थिएनन् भन्ने शङ्करमानजीको भनाइ अप्रामाणिक देखिन्छ।

## (५)

"वेदाङ्गकालमा माघादिवर्षको प्रचलन थियो। तिनताक वेदाङ्ग ज्योतिषबाट पंचाङ्गगणना हुन्थ्यो। वेदाङ्ग ज्योतिष अनुसार माघ देखि शुरू गरि ३० महीनामा आउने आषाढमा र त्यसपछि ३० महीनावाद आउने पौषमा गरी ६० महीना अर्थात ५ वर्षमा २ अधिमास

CC-0. In Public Domain. Digitization by eGangotri

मान्नें चलन थियो।

लिच्छविकालमा पनि आषाढ र पौषमा मात्र अधिमास पाइनें हुनाले वेदाङ्ग ज्योतिष अनुसार पंचाङ्ग गणना हुन्थ्यो कित भन्ने मानिसलाइ भ्रम हुनु स्वाभाविक छ। अर्को कुरो भक्तपुर इनायचोको सम्वत् ३१ को अभिलेखमा पौषमा अधिमास भएको र पाटन सुनधाराको संवत् ३४ को अभिलेखमा पनि पौषमै अधिमास भएको स्पष्ट छ। यसरी ४ वर्ष भित्रै पौषमै २ अधिमास परेको देखिनाले लिच्छविकालमा वेदांगज्योतिष अनुसार पंचाङ्गगणना हुँदैनथ्यो भन्ने स्पष्ट थाहा हुन्छ।"

यहाँ संवत् ३१ र संवत् ३४ को अभिलेखमा पौषमा अधिमासको उल्लेख भएकोले र वेदाङ्गज्यौतिषअनुसार ५ वर्षभित्रमा आषाढ र पौषमा अधिमास पर्ने हुनाले वेदाङ्ग-ज्यौतिषअनुसार लिच्छविकालमा गणना हुन्थ्यो भन्नु अशुद्ध हो भनी शङ्करमानजीले लेख्नुभएको छ।

वि. स. २०३० मा शङ्करमानजीको पुस्तकमा तलको वाक्य लेखिएको थियो –

सायद ब्रह्मसिद्धान्तको गणित वेदाङ्ग ज्योतिषको आधारबाट बनेको हुन सक्छ।

(लिच्छविसंवत्को निष्कर्षको ३७ पृ.)

वेदाङ्गज्यौतिषअनुसार १ सौरवर्षमा ३६६ सावनदिन हुने र ब्रह्मसिद्धान्तअनुसार १ सौरवर्षमा ३६५ दिन १५ घडी ३० पला २२ विपला ३० प्रतिविपला सावनदिन हुने हुनाले (वि. सं. २०३३ मा प्रकाशित पूर्णिमा ३४ अङ्कमा छापिएको पिताजी नयराज पन्तको वेदाङ्ग-ज्यौतिष र लिच्छवि-कालगणना भन्ने निबन्ध, सो अङ्कको ८४ पृ) वेदाङ्गज्यौतिषको आधारमा ब्रह्मसिद्धान्त बनेको हो भनी लेखिएको अशुद्ध हो।

वेदाङ्गज्यौतिषमा वारको चर्चा छैन।। वि. सं. ६३३ तिर नेपालमा सिद्धान्तज्यौतिषको प्रचार भएपछि अभिलेखमा वार देखिन थाल्यो। यस कारण वेदाङ्गज्यौतिषबाट अंशुवर्माको समयको कुरा मिल्दैन भन्नु अशुद्ध हो।

लिच्छविकालको पहिलो संवत्मा वारको उल्लेख देखिएको छैन। यस कारण त्यस वेलाको कुरा गणनाबाट मिलाउन सक्ने आधार भेटिएको छैन।

वेदाङ्गज्यौतिषको अर्थपट्टि विद्वान्हरूको ध्यान जान लागेको डेढ सय वर्षभन्दा बढी समय बितिसके पनि (पूर्णिमा ३४ अङ्कका १०२–१११ पृष्ठमा छापिएको महेशराज पन्तको वेदाङ्गज्यौतिषका व्याख्याताहरूको दृष्टिमा वेदाङ्गज्यौतिष भन्ने निबन्ध) त्यसका सबै श्लोकको अर्थ अहिलेसम्म कसैले पनि चित्तबुझ्दो गरी लगाउन सकेका छैनन्। यस कारण वेदाङ्गज्यौतिषको पञ्चाङ्गगणनापद्धति राम्रोसँग जान्न सकिएको छैन।

वर्तमान चलनअनुसार पौषमा अधिमास पर्ने नसक्ने र लिच्छविकालका अभिलेखमा चाहिँ आषाढ र पौषमा मात्र अधिमास देखिएकाले तथा वेदाङ्गज्यौतिषअनुसार आषाढ र पौषमा मात्र अधिमास पर्ने हुनाले लिच्छविकालनिर्णयको लागि वेदाङ्गज्यौतिषको आवश्यकता सम्झिएको हो। लिच्छविकालको पहिलो संवत्मा दिइएका तिथिहरूको गणनाको लागि वेदाङ्गज्यौतिषको साङ्गोपाङ्ग अध्ययन हुनु अत्यावश्यक छ।

CC-0. In Public Domain. Digitization by eGangotri



"सुमतितन्त्रमा उल्लिखित शक ४९८ बाट उठेको संवत्को ध्वनि पनि कल्पित थियो । कारण समुतितन्त्र लिच्छविकालमा बनेको ग्रन्थ थिएन । त्यो कुरो ग्रन्थी निर्माणको संस्कृतरचनाबाट थाहा हुन्छ । लिच्छविकालको सस्कृत रचना प्रौढ हुन्छ । त्यो कुरा लिच्छवि अभिलेखमा उल्लिखित संस्कृतरचना हेरे स्पष्ट छ। तर सुमतितन्त्रको संस्कृत रचनाकोरा छ । जस्तै –

युधिष्ठिरो महाराजो दुयोधनस्तयोः पिवा उभो राजो सहस्रे छे वर्षन्तु सम्प्रवर्त्तति ... ...

... ... इत्यादि

यस किसिमको संस्कृत रचना रूद्रमल्लको पालामा वि. सं. १३७३ को अभिलेखमा भएको देखिन्छ । जस्तै –

श्रियोउस्त सम्वत् ४३७ पालानवधि २ राजाधिराज श्रीश्रीश्री जयानन्ददेवस्य धर्मविजं भवति । रगुवंशा वतार श्रीश्री जय रूद्रमल्लस्य लब्धवरिषं राज्यं भवति ॥

(इति हांस संशोधनको प्रमाण प्रमेय पहिलो भाग १५५ पृष्ठ)"

यहाँ सुमतितन्त्रको वाक्य वि. सं. १३७३ को आनन्ददेव र रुद्र मल्लको पालाको अभिलेखसँग मिल्ने भएकोले सुमतितन्त्र लिच्छविकालको पुस्तक हुन सक्तैन भनी शङ्करमानजीले लेख्नुभएको छ ।

लिच्छविसंवत्को निष्कर्षको ३१ पृष्ठमा

वास्तवमा सो संवत् नेपालको संवत् हो र त्यसलाई नेपालसंवत् भन्ने नै ऐतिहासिक उपकरणहरूले बताउँछ । तिनमा सबभन्दा पुरानो ताडपत्रमा लेखिएको सुमतितन्त्र नामको ज्यौतिष पुस्तकमा नेपाली संवत्को विषयमा पत्राङ्क १ को पहिलो पृष्ठमा अहर्गणप्रकरणमा यस्तो लेखेको छ –

"ॐ नमः सूर्याय । नेपालसम्वत्सर कर्मभूमौ स्थाप्य नयनाश्रनागा ८०२ संयोज्यं शककालम्भवति ।"

भनो लेखिएको छ ।

यहाँ शङ्करमानजीले नेपालसंवत्को सबभन्दा पुरानो उल्लेख सुमतितन्त्रमा छ भनेर लेख्नुभएको छ ।

आकाशग्रहहस्तसङ्गिनि शते नेपालसम्वत्सरे
पौषमासे

[ वि. सं. २०३५ मा प्रकाशित सन्दर्भ २ अङ्कमा छापिएको जगदीशचन्द्र रेग्मीको नेपाल् इरा (नेपालसंवत्) भन्ने निबन्ध, सो अङ्कको २१६ पृ. ]

यहाँ नेपालसंवत् २९० पौष (वि सं. १२२६) मा नेपालसंवत्को स्पष्ट उल्लेख देखिएको छ । लिच्छविसंवत्को निष्कर्ष प्रकाशित हुनुभन्दा १५ वर्षअगाडि वि. सं. २०१५ मा प्रकाशित लूच्यानो पेतेकको मेडिईभल् हिस्टरि अफ् नेपाल् (नेपालको मध्यकालको इतिहास) को ६७ पृष्ठमा यसको उल्लेख भएकोले शङ्करमानजीको मतअनुसार सुमतितन्त्र वि. सं. १२२६ भन्दा पुरानो देखिन गयो ।

CC-0. In Public Domain. Digitization by eGangotri

मानदेवसंवत्लाई अप्रामाणिक सिद्ध गर्न ने. सं. ४३७ तिर सुमतितन्त्रको रचना भयो भन्ने व्यक्तिले नेपालसंवत्को विषयमा लेख्दा ने. सं. २६० भन्दा अघि नै यसको रचना भयो भन्नु आफ्नो कुरा आफैंले काटेको उदाहरण हो।

सुमतितन्त्रको रचनाकाल सुमतितन्त्रको भाषाको आधारमा निर्धारण गरिएको होइन, गणितको आधारमा गरिएको हो।

सुमतितन्त्रमा यस्तो लेखिएको छ –

इष्टमध्याह्निकादित्यं ज्या कुर्यापक्रमैर्वधं ।
व्यासार्द्धेन विभक्तञ्च तद्द्विनापक्रमम्भवेत् ।
तन्तु चापञ्च कर्त्तव्यं खखवेदशरे त्वयम् ।
शोध्य शेषेण ज्या कुर्यात् । तद्दिनज्यार्द्धमेव च ।

अस्याङ्क

गुण १३९८ भाग ३४३८ फल इष्टापक्रमम्भवति । तद्दिष्टापक्रमचापेन शोध्यः शोधका ५४०० शेष ज्या कुर्यात्तदिनज्यार्द्धम्भवति ॥

(ताडपत्र ६१ क पत्र)

[इष्टदिनको मध्याह्नकालमा स्पष्टसूर्य ल्याउनू। स्पष्टसूर्यको ज्यालाई परमक्रान्तिज्याले गुनी त्रिज्याले भाग लिनू, लब्धि क्रान्तिज्या हुन्छ।

क्रान्तिज्याको चाप क्रान्तिकला हुन्छ। क्रान्तिकलालाई ५४०० कलाबाट घटाउनू, शेष द्युज्याचापकला हुन्छ। द्युज्याचापकलाको ज्या द्युज्या हुन्छ। ]

(पूर्णिमा ३९ अङ्कका १३५–१४८ पृष्ठमा छापिएको पिताजी नयराज पन्त, देवीप्रसाद भण्डारी, दिनेशराज पन्तको सुमतितन्त्रको रचनाकाल भन्ने निबन्ध, सो अङ्कका १४७,१४८ पृ.)

यताबाट सुमतितन्त्रअनुसार

$$\text{क्रान्तिज्या} = \frac{\text{सूर्यभुजज्या} \times \text{परमक्रान्तिज्या}}{\text{त्रिज्या}}$$

देखिन्छ।

क्रान्तिज्या ल्याउने विषयमा भास्करले यस्तो लेखेका छन् –

युक्तायनांशादपमः प्रसाध्यः
कालौ च खेटात् खलु भुक्तभोग्यौ ।

CC-0. In Public Domain. Digitization by eGangotri

जिनांशमौर्व्या १३९७ गुणिताऽर्कदोर्ज्या
त्रिज्यो३४३८द्धृता क्रान्तिगुणोऽस्य वर्गम् ॥४७॥
त्रिज्याकृतेः ११८१९८४४ प्रोह्य पदं द्युजीवा
क्रान्तिर्भवेत् क्रान्तिगुणस्य चापम् ।

(सिद्धान्तशिरोमणि स्पष्टाधिकार)

[ग्रह तथा लग्नको क्रान्ति ल्याउँदा वा भुक्त भोग्यकाल ल्याउँदा अयनांश जोडिएका ग्रह तथा लग्नबाट ल्याउनुपर्छ । क्रान्ति ल्याउँदा स्पष्टसूर्यमा अयनांश जोड्नू, सायनस्पष्टसूर्य हुन्छन् । सायनस्पष्टसूर्यको भुजज्यालाई २४ अंशको ज्या १३९७ ले गुनी त्रिज्या ३४३८ ले भाग लिनू, लब्धि क्रान्तिज्या हुन्छ । क्रान्तिज्याको वर्गलाई त्रिज्याको वर्ग ११८१९८४४ बाट घटाई शेषको मूल लिनू, सो मूल द्युज्या हुन्छ । क्रान्तिज्याको चाप बनाउनू, क्रान्ति हुन्छ । ]

(पूर्णिमा ३९ अङ्कको १४० पृ.)

यताबाट सिद्धान्तशिरोमणिअनुसार

$$\text{क्रान्तिज्या} = \frac{\text{सायनसूर्यभुजज्या} \times \text{परमक्रान्तिज्या}}{\text{त्रिज्या}}$$

हुने देखिन्छ ।

यताबाट सुमतितन्त्रकारको समयमा सायन, निरयणको भेद थिएन अर्थात् त्यस वेला अयनांशको ज्ञान थिएन भन्ने स्पष्ट छ ।

अयनांशको ज्ञान कहिलेदेखि भयो भनी खोज्दै जाँदा वि. सं. ९६१ मा वटेश्वरले अयनांशको सङ्केतसम्म गरेका र वि. सं. ९८९ मा मुञ्जालले चाहिँ अयनांशको स्पष्ट चर्चा गरेका रहेछन् भन्ने देखियो (पूर्णिमा ३९ अङ्कका १४५-१४६ पृ.)। यसैको आधारमा अयनांशको ज्ञान हुनुभन्दा अगाडि लिच्छविकालमा सुमतितन्त्रको रचना भएको हो भनी निर्णय गरिएको हो ।

भाषाको कुरा गर्ने हो भने पनि लिच्छविकालका अभिलेखमा पनि अशुद्धि नपाइने होइनन् । यसको टडकारो प्रमाणको रूपमा नालाको तलको अभिलेखलाई देखाउन सकिन्छ –

ॐ संवत् ११८ ज्येष्ठशुक्लदशम्याम् राजाधिराजश्रीशिवदेवस्य राज्यम् उपरिमनालङ्ग्रामस्योपभो(गा)र्थम् तत्रैव ग्रामाधिवासी हूँध्रुवशीलस्य, तद्भ्राता हूं अग्णङ्गशीलसहितेन पुण्याधिकारप्रणाली कृता ।

(लिच्छविकालका अभिलेखको ५१२ पृ.)

श्री ३ चन्द्रशमशेरको समयका गोपाल पाँडे आफ्नो गणितसम्बन्धी प्रौढ ज्ञानले गर्दा प्रसिद्ध थिए । तर उनको संस्कृतको ज्ञान त्यति बलियो थिएन र उनी अशुद्ध रूपको

CC-0. In Public Domain. Digitization by eGangotri

प्रयोग गर्थे (वि. सं. २०२२ मा प्रकाशित पूर्णिमा ८ अङ्कमा छापिएको पिताजी नयराज पन्तको पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति भन्ने निबन्ध, सो अङ्कको ५८ पृ. ) ।

चन्द्रशमशेरको समयका कुलचन्द्र गौतम आफ्नो संस्कृतभाषाको प्रौढ ज्ञानले गर्दा प्रसिद्ध थिए । उनको संस्कृतज्ञानको प्रसिद्धि भारतमा पनि थियो [वि. सं. २०२९ मा प्रकाशित पूर्णिमा २८ अङ्कमा छापिएको पिताजी नयराज पन्तको विद्वत्पूजा (२ सङ्ख्या) भन्ने निबन्ध, सो अङ्कका २१४-२१५ पृ.] ।

यस कारण श्री ३ चन्द्रको समयमा कुलचन्द्र गौतम जस्ता संस्कृतभाषाका पण्डित देखिएकाले गोपाल पाँडे जस्ता अशुद्ध संस्कृत लेख्ने व्यक्ति चन्द्रशमशेरको समयमा हुन सक्तैनन् भन्ने जस्तो तर्क भाषाको अशुद्धिले सुमतितन्त्र लिच्छविकालमा बनेको ग्रन्थ होइन भन्ने हो ।

यस कारण लिच्छविकालमा बनेका सबै संस्कृत लेख शुद्ध हुन्छन् नै भन्ने प्रमाण नभएको र सुमतितन्त्रको कालनिर्णय भाषाको आधारमा नभई गणितको आधारमा भएकोले। शङ्करमानजीको तर्क निर्मूल छ ।

## (७)

"सुमतितन्त्रको टिप्पणीकारले शक ४९८ पछि मानदेवसंवत् चल्यो भनी किटान गरी लेखेको कुरा पनि तल्लो मल्लकालमा थपेको भन्ने लिपिले देखाउँछ । त्यसकारण त्यो पनि शकसंवत्संग मिलान गरी लेखिएको कल्पित भन्ने सिद्ध हुन्छ । चैत्रादि शकसंवत्सग मिलान गरी लेखिएको कल्पित मानदेवसंवत् हुनाले गणना मिल्दैनथ्यो । किन भने ४९८+३१=५२९ शकमा सैद्धान्तिक गणनानुसार अधिमास पर्दैनथ्यो । तर अभिलेखमा भने अधिमास परेको छ । सिद्धान्तज्योतिषानुसार शक ५३० मा ज्येष्ठमा मात्र अधिमास पर्छ । सिद्धान्तज्योतिषको गणनामा तष्ट भएको अधिमास मात्र जोड्ने नियम छ। तष्ट नभएको अधिमास जोडने नियम छैन । अभिलेखमा अधिमासछ भन्दैमा तष्ट नभएको शके ५३० को अधिमासलाई जोडी गणना गर्नु गणित विरुद्ध तथा अवैज्ञानिक हुन्छ ।"

यहाँ सुमतितन्त्रका टिप्पणीकारले शाके ४९८ पछि मानदेवसंवत् चल्यो भनी लेखेको कुरा तल्लो मल्लकालमा थपिएको र चैत्रादि शकसंवत्सँग मिलाई लेखिएको हुनाले त्यो कल्पित देखिन्छ, शाके ५२९ मा सिद्धान्तको गणनाअनुसार अधिमास पर्दैनथ्यो, शाके ५३० ज्येष्ठमा मात्र अधिमास पर्छ, परेको अधिमास मात्र जोड्ने नियम भएकोले नपरिसकेको अधिमास अभिलेखमा छ भन्दैमा नपरेको अधिमास जोडी मिलाएको गणना अशुद्ध हो भनी शङ्करमानजीले लेख्नुभएको छ ।

लिच्छविकालमा चलेका संवत् कातिकादि र शकसंवत् चैत्रादि भएकोले लिच्छविकालमा चलेको संवत् शकसंवत् हुन सक्तैन तथा शकसंवत्मा मिलाइएर चलाइएको मानदेवसंवत् पनि लिच्छविकालमा चलेको संवत् हुन सक्तैन भन्ने शङ्करमानजीको तर्क हेत्वाभासले दूषित छ भन्ने कुरा

CC-0. In Public Domain. Digitization by eGangotri

शकसंवत् कार्तिकादि, माघादि, चैत्रादि तीनै थरी प्रयोग भएको उदाहरण पाइएकोले स्पष्ट भएको छ। यो कुरा माथि २ सङ्ख्यामा लेखिइसकेको छ।

संवत् ३१ लाई वि. स ६३३ बाट उठेको मानदेवसंवत् मान्दा ६३३+३१=६६४ वि. सं. (शक ५२६) हुन्छ। यसबाट गणना गर्दा शुक्रवार आयो र मिलेन।

(लिच्छविसंवत्को निष्कर्षको ७ पृ.)

यहाँ मानदेवसंवत् मानी गणना गर्दा चाँगुको अंशुवर्माको अभिलेखको संवत् ३१ को गणना मिल्दैन भनी शङ्करमानजीले लेख्नुभएको थियो।

वि. सं. २०३४ मा प्रकाशित मर्यादा १३ अङ्कका ८–४१ पृष्ठमा छापिएको पिताजी नयराज पन्त, देवीप्रसाद भण्डारी, दिनेशराज पन्तको सुमतितन्त्रबाट नेपालको इतिहासमा पर्न सक्ने प्रकाश भन्ने निबन्ध, वि. सं. २०३४ मा प्रकाशित पूर्णिमा ३६ अङ्कका २७३–२७५ पृष्ठमा छापिएको दिनेशराज पन्तको चाँगुको अंशुवर्माको अभिलेखको तिथिमितिको गणना भन्ने निबन्ध, पूर्णिमा ३९ अङ्कका १००–११८ पृष्ठमा छापिएको पिताजी नयराज पन्त, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, दिनेशराज पन्तको अंशुवर्माहरुले व्यवहार गरेको संवत वि. सं. ६३३ देखि उठेको हो भनी सकादी अभिलेखका सबै मिति ट्वाक्क मिल्छन् भन्ने निबन्धमा चाँगुको अंशुवर्माको अभिलेखमा उल्लिखित मितिको शाके ५२६ (वि. सं. ६६४) मा गणना मिलेको कुरा प्रमाणसहित देखाइएको छ।

अंशुवर्माहरूले प्रयोग गरेको संवत् कार्तिकादि भएकोले संवत् ३१ शकसंवत् ५२६ कार्तिकदेखि शकसंवत् ५३० आश्विनसम्म रहन्छ।

वेङ्कटेश केतकरको सौरार्यब्राह्मपक्षीय-तिथिगणितमा छापिएको अधिमासक्षयमाससारणीमा शकसंवत् ५३० को ज्येष्ठमा अधिमास छ। यस कारण यो अधिमास मानदेवसंवत् ३१ को ज्येष्ठमा परेको देखिन्छ।

वीरपुस्तकालय पहिलो १६३४ सङ्ख्याको धर्मनिर्णयतिथिसारसङ्ग्रहनामक पुस्तकमा अधिमासको विषयमा यस्तो लेखिएको छ –

चैत्रादिभाद्रपदान्तानि यदा सङ्क्रमं त्रुटचते।
आषाढमासवृद्धिः स्यान्नारदस्य वचो यथा ।।
अश्विन्यादिफाल्गुणान्तानि यदा सङ्क्रम त्रुटचते।
पौषमासा निवर्द्धन्ते मासवृद्धि विधीयते।
ननु इति कथमयनमेव मासवृद्धिः ।।
कर्क्कटे सिंहकन्यायां तुलाकीटधनुर्द्धरे।
भानो सङ्क्रमणे नष्टे द्विराषाढो विधीयते ।।

CC-0. In Public Domain. Digitization by eGangotri

मृगकुम्भधरे मीने क्रियगोनृयुगे तथा ।
अर्क्कसङ्क्रमणा नष्टे द्विपौषं कुरुते बुधः ।।
अधिमासा यदा नष्टा रयणे द्वे सुचिन्तयेत् ।
द्विराषादो द्विपौषश्च भारद्वाजस्य वचनं यथा ।।

यताबाट
नारदको मतअनुसार
चैत्र, वैशाख, ज्येष्ठ, आषाढ, श्रावण, भाद्रमा अधिमास परे सो अधिमास आषाढमा मानिने
आश्विन, कार्तिक, मार्ग, पौष, माघ, फाल्गुनमा अधिमास परे सो अधिमास पौषमा मानिने
भारद्वाजको मतअनुसार
श्रावण, भाद्र, आश्विन, कार्तिक, मार्ग, पौषमा अधिमास परे सो अधिमास आषाढमा मानिने
माघ, फाल्गुन, चैत्र, वैशाख, ज्येष्ठ, आषाढमा अधिमास परे सो अधिमास पौषमा मानिने
देखिन्छ ।

(पूर्णिमा ३९ अङ्कमा छापिएको पिताजो नयराज पन्तको ऋषिवचनलाई पनि काट्न सक्ने सामर्थ्य शङ्करमान राजवंशीको वचनमा छ भन्ने नसकारिसम्म उनको लिच्छविसंवत्को निष्कर्ष प्रामाणिक ठहर्न सक्तैन भन्ने निबन्ध, सो अङ्कका १२९-१३० पृ.)

धर्मनिर्णयतिथिसारसङ्ग्रहमा उद्धृत भारद्वाजको यस वचनअनुसार ज्येष्ठमा परेको अधिमास पौषमा पर्ने हुनाले मानदेवसंवत् ३१ को पौषमा अधिमास मानिने हुन आउँछ । सो कुरा सत्तपुर इनाचोको अभिलेखको संवत् ३१ द्वितीयपौषशुक्लाष्टम्याम् यस वाक्यबाट पनि सिद्ध हुन्छ । यस कारण माघशुक्ल त्रयोदशीको गणना गर्दा सो अधिमासको पनि गणना गर्नु सर्वथा योग्य हुन्छ ।

यस विषयमा भास्कराचार्यको वचन यस्तो छ–

स्पष्टोऽधिमासः पतितोऽप्यलब्धो
यदा यदा वाऽपतितोऽपि लब्धः ।
सैकैर्निरेकैः क्रमशोऽधिमासै–
स्तदा दिनौघः सुधिया प्रसाध्यः ॥ ३ ॥

(सिद्धान्तशिरोमणि मध्यमाधिकार अधिमासादिनिर्णय)

[स्पष्ट अधिमास परिसकेको भए तापनि गणनामा नआउने पनि हुन्छ । कहिलेकहीं स्पष्ट अधिमास नपरिसकेको भए तापनि गणनामा आउने हुन्छ । त्यस वेला अधिमासमा क्रमशः १ जोडेर वा १ घटाएर अहर्गणको साधना गर्नुपर्छ । ]

यताबाट सिद्धान्तअनुसार सो गणना मिलेन भन्ने शङ्करमानजीलाई सिद्धान्तको ज्ञान नभएको स्पष्ट देखिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri



"प्राचीनकालमा पंचांगणनामा वृह्मसिद्धान्तको परम्परा वलियो थियो । त्यसैले पितामह-वृह्मसिद्धान्त, विष्णुधर्मोत्तर पुराणान्तर्गत वृह्मसिद्धान्त, शाकल्योक्त वृह्मसिद्धान्त, वृह्मगुप्तको वृह्मसिद्धान्त आदि ग्रन्थ बने । वृह्मसिद्धान्तकै आधारबाट राजमृगांक, सिद्धान्तशिरोमणि ग्रन्थ बने । जुन ग्रन्थमा उत्तरोत्तर संस्कार गर्दै गगणनालाई सूक्ष्मतामा ल्याए ।"

यहाँ प्राचीनकालदेखि ब्रह्मसिद्धान्तको परम्परा प्रसिद्ध थियो, त्यही परम्परामा पितामह-ब्रह्मसिद्धान्त, विष्णुधर्मोत्तरपुराणान्तर्गत ब्रह्मसिद्धान्त शाकल्योक्त ब्रह्मसिद्धान्त, ब्रह्मगुप्तको ब्रह्मसिद्धान्त आदि ग्रन्थ बने, ब्रह्मसिद्धान्तको आधारमा राजमृगाङ्क, सिद्धान्तशिरोमणि बने भनी शङ्करमानजीले लेख्नुभएको छ ।

भास्कराचार्यको सिद्धान्त प्रचार भएपछि नेपालमा सूर्यसिद्धान्तानुसारबाट पञ्चाङ्ग गणना गर्ने ...

(लिच्छविसंवत्को निष्कर्षको ३८ पृ.)

यहाँ वि. सं. २०३० मा शङ्करमानजीले भास्कराचार्यको सिद्धान्तशिरोमणिको प्रचार भएपछि नेपालमा सूर्यसिद्धान्तानुसारको पञ्चाङ्गगणना चल्यो भनी लेख्नुभएको थियो । पूर्णिमा ३६ अङ्कका २०९–२६७ पृष्ठमा देवीप्रसाद भण्डारीको सिद्धान्तशिरोमणिअनुसार मेषसङ्क्रान्तिकाल ल्याउने रीति भन्ने निबन्ध र सोही अङ्कको २६८ पृष्ठमा देवीप्रसाद भण्डारीको लिच्छविसंवत्को निष्कर्षमा दिइएको वि. सं. ६४१ को मेषसङ्क्रान्ति अशुद्ध छ भन्ने निबन्ध छापिएपछि शङ्करमानजीको लेखमा सिद्धान्तशिरोमणि ब्रह्मसिद्धान्तको आधारमा बनेको हो भनी लेखिएको हो ।

पितामहसिद्धान्त वेदाङ्गज्यौतिषको पञ्चवर्षात्मक युगको गणनाअनुसारको हुनाले त्यो ब्रह्म-सिद्धान्तको परम्परामा हुने कुरा होइन । ब्रह्मगुप्तले पञ्चवर्षात्मक युगपद्धतिमा दोष देखाएका छन् (वि. सं. २०३३ मा प्रकाशित पूर्णिमा ३५ अङ्कका १७८–२०३ पृष्ठमा छापिएको पिताजी नयराज पन्तको लिच्छविसंवत्को निष्कर्षको परीक्षा भन्ने निबन्ध, सो अङ्कका १७९, १८५ पृ.) ।

शङ्कर बालकृष्ण दीक्षितले शाकल्योक्त ब्रह्मसिद्धान्त आधुनिक सूर्यसिद्धान्तअनुसारको हो भनी लेखेका छन्, शाकल्योक्त ब्रह्मसिद्धान्त र विष्णुपुराणान्तर्गत ब्रह्मसिद्धान्त ब्रह्मगुप्तको ब्राह्मस्फुटसिद्धान्तभन्दा अर्वाचीन हुन् भन्ने विचार शङ्कर बालकृष्ण दीक्षितको छ (वि. सं. १९५३ मा पूनाबाट छापिएको भारतीय ज्योतिःशास्त्रको शिवनाथ झारखण्डीले गरेको हिन्दी अनुवाद वि. सं. २०१४ मा लखनऊबाट प्रकाशन ब्यूरो सूचनाविभाग उत्तरप्रदेशद्वारा भारतीय ज्योतिष नामले छापिएको छ, भारतीय ज्योतिषका २१२–२१४ पृ.) ।

यस कारण पितामहब्रह्मसिद्धान्त, विष्णुधर्मोत्तरपुराणान्तर्गत ब्रह्मसिद्धान्त, शाकल्योक्त ब्रह्मसिद्धान्त, ब्रह्मगुप्तको ब्रह्मसिद्धान्तलाई एउटै क्रममा शङ्करमानजीले राख्नुभएको अशुद्ध हो ।

CC-0. In Public Domain. Digitization by eGangotri



"नेपालमा बृह्‌मसिद्धान्तको परम्परा अभयमल्लको पालासम्म चलेको कुरा वि. सं. १३०३ मा अभयमल्लको पालामा लेखिएको वीरपुस्तकालय हाल राष्ट्रिय अभिलेखालयको लगत नं. ३६० को पद्यनामसंग्रह भन्ने पुस्तकबाट ज्ञात हुन्छ । सो पूसतकमा दिइएको पुष्पिका प्रस्तुत गरिन्छ जस्त–

प्रारम्भमा–

नमस्कृत्य महादेवं गुरूं संसारतारणम् ।
तिथ्यादीनां विवेकार्थं मुनिवाक्यं समुच्चितम् ।
पक्षवृद्धौ तिथिहेर्धं ह्रासवृद्धिषु संशयः ।
सुधियामप्यनुष्ठानमतो मया विविच्यने ।।
त्रिंशच्छिनैः सावनो मासः ।
उक्तञ्च बृह्‌मसिद्धान्ते ।।
चान्द्रशुल्कादि दर्शान्तः सावतः त्रिशता दिनैः ।
एकराशौ रविर्यावत् काल मासस्य भाष्करः ।।

समाप्तिमा–

इति श्री वाराणस्यां योगोश्वर संग्रेह पद्यनामसंग्रहो समाप्तों ।।

श्रीरस्तु नयपाल देशीयाभिलिख्यमान सम्वत् ३६६ वैशाख शुल्क ३ रवौ रम्ये दिनौतमे ।। पुस्तिका स्वस्ति कारिता ।। राजश्री अभयमल्लस्य राज्ये ।। भार श्री अमुकस्य ।

(हर प्रसाद सूची दोस्रो भाग १९ पृष्ठ)...

यहाँ बृह्‌मसिद्धान्तको उल्लेख भएवाट त्यसको परम्परा प्रावल्य भएको कुरालाई इङ्गित गर्दछ ।"

यहाँ वि. सं. १३०३ मा अभय मल्लको पालामा सारिएको पुस्तकमा ब्रह्‌मसिद्धान्तको उल्लेख भएकोले नेपालमा प्राचीन कालदेखि वि. सं. १३०३ सम्म ब्रह्‌मसिद्धान्तको परम्परा चलेको स्पष्ट हुन्छ भनो शङ्करमानजीले लेख्नुभएको छ ।

बङ्गाली लिपिमा लेखिएको यो पुस्तक [वि. सं. १९७२ मा कलकत्ताबाट प्रकाशित हरप्रसाद शास्त्रीको अ क्याटअलग् अफ पाम्-लीफ् यान्ड् सिक्लेटइड पेपर् म्यान्युस्क्रिप्ट्स् बिलङ्इङ् टु द डर्बार् लाइब्रेरिं, नेपाल् (नेपाल राजकीय पुस्तकालयमा रहेका ताडपत्रमा लेखिएका पुस्तक र कागतमा लेखिएका छनौट पुस्तकहरूको सूची) को २ भागको १९ पृ.] ब्रह्‌मसिद्धान्तको होइन, यसमा ब्रह्‌मसिद्धान्तको वाक्यको उद्धरण मात्र दिइएको हो, कुनै एउटा पुस्तकमा कुनै पुस्तकको उद्धरण आउँदैमा त्यसको परम्परा चलेको थियो भन्ने कुराको प्रमाण हुँदैन ।

शङ्करमानजीले आफ्नो मनगढन्त गणनाद्वारा नेपालमा बृह्‌मसिद्धान्त मानदेवको पालादेखि नै चलेको थियो भनी लेख्नुभएको छ । उहाँको मतअनुसार मानदेवको चाँगुको अभिलेखको

CC-0. In Public Domain. Digitization by eGangotri

समय वि. सं. ४९९ हो (लिच्छविसंवत्को निष्कर्षका २७–२८ पृ.)।

शङ्करमानजीले वेङ्कटेश केतकरको सौरार्यब्राह्मपक्षीयतिथिगणितको आधारमा ब्रह्मसिद्धान्तको गणना गर्नुभएको हो ( लिच्छविसंवत्को निष्कर्षको १२ पृ., वि. सं. २०३३ मा प्रकाशित प्रज्ञा १६ पूर्णाङ्कका ९२–९७ पृष्ठमा छापिएको शङ्करमान राजवंशीको इतिहासको लागि प्राचीन गणनाको महत्त्व भन्ने निबन्ध) ।

केतकरको पुस्तकको ब्रह्मसिद्धान्तअनुसारको सारणी वि. सं. ६८५ मा ब्रह्मगुप्तले बनाएको ब्राह्मस्फुटसिद्धान्त र त्यसमा वि. सं. १०९९ मा भोजले राजमृगाङ्कमा गरेको संशोधन-समेतको आधारमा बनाइएको हो (पूर्णिमा ३५ अङ्कको १८६ पृ.) । यस कारण वि. सं. १०९९ मा बनाइएको पुस्तकको आधारमा बनेको सारणीको आधारमा गणना गरी वि. सं. ४९९ देखि नै ब्रह्मसिद्धान्त चलेको थियो भन्नु अशुद्ध हो ।

वास्तवमा नेपालमा ब्रह्मसिद्धान्त चलेको प्रमाण पाइएको छैन ।

सुमतितन्त्र, खण्डखाद्यक तथा भास्वतीका मूल ग्रन्थ एउटै हो (पूर्णिमा ३४ अङ्कमा छापिएको पिताजी नयराज पन्तको महाभारतमा परेको अधिमासको वर्णनले वेदाङ्गज्योतिषको गणनापद्धतिमा केही प्रकाश पार्छ भन्ने निबन्ध, सो अङ्कका ११४–११६ पृ., वि. सं. २०१५ मा प्रकाशित पूर्णिमा ४१ अङ्कका १–१९ पृष्ठमा छापिएको पिताजी नयराज पन्त, देवीप्रसाद भण्डारी, दिनेशराज पन्तको सुमतितन्त्रको आधारग्रन्थ भन्ने निबन्ध ) । खण्डखाद्यक तथा भास्वतीका धेरै ग्रन्थ वीरपुस्तकालय तथा राष्ट्रिय पुस्तकालयमा छन् [ वि. सं. २०१७ मा वीरपुस्तकालयबाट सम्पादित तथा प्रकाशित नेपालराजकीयवीरपुस्तकालयस्थहस्तलिखितपुस्तकानाम् बृहत्सूचीपत्रम् ( नेपाल राजकीय वीरपुस्तकालयमा रहेका हस्तलिखित पुस्तकहरूको ठूलो सूचीपत्र ) को १ भागका ३५–३६ पृ., १४१–१४३ पृ., वि. सं. २०२१ मा नेपाल राष्ट्रिय पुस्तकालयबाट प्रकाशित, देवीप्रसाद लंसालद्वारा सम्पादित नेपालराष्ट्रियपुस्तकालयस्थहस्तलिखितपुस्तकानाम् सूचीपत्रम् (नेपाल राष्ट्रिय पुस्तकालयमा रहेका हस्तलिखित पुस्तकहरूको सूचीपत्र) को २ भागका ४९–५० पृ., ३ भागका १००–१०६ पृ. ]। मल्लकालको ठ्यासफुमा सुमतिसिद्धान्त, भास्वती र खण्डखाद्यकको आधारमा ग्रहण गनेको उल्लेख पाइन्छ ( वि. सं. २०२४ मा प्रकाशित पूर्णिमा १३ अङ्कमा छापिएको गौतमवज्र वज्राचार्यको ठ्यासफुको ऐतिहासिक व्याख्या भन्ने निबन्ध, सो अङ्कको २२ पृ.) ।

वीरपुस्तकालय तथा राष्ट्रिय पुस्तकालयका ती सूचीपत्रमा ब्रह्मसिद्धान्तका पुस्तक देखिंदैनन् ।

माथिका कुराका आधारमा नेपालमा प्राचीन कालदेखि ब्रह्मसिद्धान्तअनुसारको गणना चलेको थियो भन्ने शङ्करमानजीको भनाइ अशुद्ध हो भन्ने स्पष्ट देखिन्छ ।

(१०)

"चांगुस्थित अंशुवर्माको संवत् ३१ को अभिलेखको मिति शक ४७४ बाट उठको

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने कालनिधारण हुन आएको हो। ४७४+३१=५०५ शकमा सिद्धान्त ज्योतिषानुसार माद्रमा अधिमासतष्ट भइसकेको पनि छ।"

यहाँ शाके ५०५ माद्रमा अधिमास परेकोले अंशुवर्माको चाँगुको अभिलेख शाके ५०५ को हो भनी शङ्कूरमानजीले लेखनुभएको छ।

नारद तथा भारद्वाजका माथि ७ सङ्ख्यामा उद्धृत वचनअनुसार माद्रमा परेको अधिमास आषाढमा मानिने हुन्छ। तर भक्तपुर इनाचोको अभिलेखमा पौषमा अधिमासको उल्लेख भएकोले शङ्कूरमानजीले भूटो बोलनुभएको छ भन्ने स्पष्ट छ।

(११)

"अधिमासको तालिकासंग मिलेपछि चांगुस्थित मानदेवको स्तम्भा भिलेखको सम्वत् ३८६ मा २२ वर्ष घटाउंदा त्यसको कालनिर्धारण शक ३६४ को हुन पायो। उक्त स्तम्भलेख मा पनि मितिको उल्लेख छ। उक्त उल्लिखित मिति "ज्येष्ठमा से शुल्कपक्षे प्रतिपदि रोहिणी नक्षत्र युक्ते चन्द्र मसि मुहुते प्रशस्ते भिजिति" भनी दिइएको छ। त्यस मितिको पनि गणना गरी हेर्दा सोमवार आएकोले चन्द्र मासिको अर्थ सोमवार भन्ने खुल्न गएको छ।

गणनाको निष्कर्ष आउनु भन्दा पहिले रोहिणी नक्षत्र युक्तचन्द्रमसिको अर्थ रोहिणी नक्षत्रमा चन्द्रम गएको वेलामा भनी गरिएको थियो। चन्द्रमा जुन नक्षत्रमा जान्छन् त्यही नक्षत्र पञ्चाङ्गमा लेखिने हुनाले रोहिणी नक्षत्र भन्ने वित्तिकै चन्द्रमा रोहिणी नक्षत्रमा छन् भन्ने स्वतः थाहा हुने कुरालाई रोहिणी नक्षत्रमा चन्द्रमा गएको वेलामा भनी अत्युक्ति अर्थ गर्नु युक्तिसंगत थिएन। रोहिणी नक्षत्र र चन्द्रमाको संयोग भएको शोभा अलंकारको तुलना गरेको भन्नलाई पनि त्यस दिन त्यस वेला चन्द्रमा नै उदय भईसकेको हुंदैन कारण उक्त अभिलेख ज्येष्ठ शुल्क प्रतिपदाको दिउंसो स्थापना भएको हुनाले रोहिणी नक्षत्रयुक्त चन्द्रमसि जस्तै प्रयोग भएको उदाहरण अन्त पनि पाइन्छ। जस्तै–

ख्याते नेपालशाके गजभुजभुजगैः संमितोमाघ कृष्णे
ज्येष्ठा नक्षत्रयुक्त शशिसुतदिवसे कुम्भगे चण्डमानौ
कृत्वा दोलेशशम्भोः पुनरपि मुदितो भूपतीन्द्रो नवम्याम्

(अभिलेखसंग्रह भाग १ पृष्ट १३)

यस श्लोकमा उल्लिखित मिति ने. सं. ८२८ माघकृष्णानवमी ज्येष्टा नक्षत्र बुधवार हो। गणना गर्दा माघकृष्ण नवमी ज्येष्ठा नक्षत्र बुधवार आउंछ। यहां जसरी गणना गर्दा वुद्धवार आएकाले ज्येष्टानक्षत्र युक्ते शशिसुतदिवसे को अर्थ गर्दा ज्येष्ठानक्षत्रमा वुधग्रद गएको वेलामा नभनी ज्येष्ठानक्षत्र वुद्धवार भन्ने हुन्छ। त्यस्तै चांगुको अभिलेखमा उल्लिखित रोहिणी

CC-0. In Public Domain. Digitization by eGangotri

नक्षेत्रयुक्त चन्द्रमसि को अर्थ रोहिणी नक्षत्र सोमवार भन्नु युक्तिसंगत भएको छ, कारण गणनाबाट सोमवार आएको हुनाले ।"

यहाँ चाँगुको मानदेवको अभिलेखमा ज्येष्ठमासे शुक्लपक्षे प्रतिपदि रोहिणीनक्षत्रयुक्ते चन्द्रमसि मुहूर्ते प्रशस्तेऽभिजिति लेखिएको कुराको अर्थ गर्न गणना गर्दा सोमवार आएकोले रोहिणीनक्षत्रयुक्ते चन्द्रमसि को अर्थ रोहिणी नक्षत्रमा चन्द्रमा गएको वेलामा भन्ने होइन, रोहिणी नक्षत्रमा सोमवारमा भन्ने अर्थ आउँछ, रोहिणी नक्षत्र र चन्द्रमाको संयोग भएको भन्नलाई पनि त्यस दिन चन्द्रमाको उदय भइसकेको हुँदैन, किनभने अभिलेखमा अभिजित् मुहूर्त छ, त्यस कारण दिउँसो राखेको ठहर्छ, रोहिणीनक्षत्रयुक्ते चन्द्रमसि जस्तै प्रयोग भएको उदाहरण ज्येष्ठानक्षत्रयुक्ते शशिसुतदिवसे हो, यसको अर्थ ज्येष्ठा नक्षत्र बुधवारमा भए जस्तै रोहिणीनक्षत्रयुक्ते चन्द्रमसि को अर्थ पनि रोहिणी नक्षत्र सोमवारमा हुन्छ भनी शङ्करमानजीले लेख्नुभएको छ ।

मानदेवको चाँगुको अभिलेखमा रहेको रोहिणीनक्षत्रयुक्ते चन्द्रमसि पदको अर्थ अभिलेखका व्याख्याता भगवान्लाल आदि सबैले रोहिणी नक्षत्रमा चन्द्रमा गएको वेलामा भन्ने गरेका छन् (पूर्णिमा ३५ अङ्कको १८९ पृ.) ।

रोहिणीनक्षत्रयुक्ते चन्द्रमसि जस्तो वाक्य ज्येष्ठानक्षत्रयुक्ते शशिसुतदिवसे होइन, रोहिणीनक्षत्रयुक्ते चन्द्रदिवसे भनी लेखिएको भए रोहिणीनक्षत्र सोमवारमा भन्ने अर्थ मिल्नें थियो, यस कारण उदाहरणको रूपमा दिइएको वाक्यसँग रोहिणीनक्षत्रयुक्ते चन्द्रमसि को सङ्गति भएन ।

पारस्करगृह्यसूत्रमा यस्तो लेखिएको छ-

अथ पुंसवनम् ॥१॥ यदहः पुंसा नक्षत्रेण चन्द्रमा युज्येत तदहः... ॥३॥

(पारस्करगृह्यसूत्र १ काण्ड १४ कण्डिका)

यो वाक्य रोहिणीनक्षत्रयुक्ते चन्द्रमसि जस्तै हो ।

यसको अर्थ जुन दिन पुरुषनक्षत्र (तिष्य, पुनर्वसू आदि नक्षत्र) सँग चन्द्रमाको भेट हुन्छ, त्यस दिन पुंसवनकर्म गर्नू भनी भाष्यकारहरूले गरेका छन् (पूर्णिमा ३५ अङ्कको १९३ पृ.) । तर शङ्करमानजीको मतअनुसार यसको अर्थ पुरुषनक्षत्र परेको दिन सोमवार भन्ने गर्नुपर्छ ।

पुंभेऽर्केज्याऽरवारे विमिथुनत्रिषमाङ्गांशयोः पुंसवं स्यात्...॥४॥

(मुहूर्तमार्तण्ड संस्कारप्रकरण)

[पुरुषनक्षत्र (तिष्य, पुनर्वसू, हस्त, अभिजित्, अनुराधा, पूर्वभाद्रपद, अश्विनी) मा,

CC-0. In Public Domain. Digitization by eGangotri

आदित्यवार, मङ्गलवार, बृहस्पतिवारमा, मिथुनबाहेकका बिजोर लग्न तथा नवांश ( मेष, सिंह, तुला, धनु, कुम्भ) मा पुंसवनकर्म गर्नु बढिया हुन्छ।)

(पूर्णिमा ३५ अङ्कको १९४ पृ.)

यहाँ पुंसवनकर्म गर्न सोमवारको स्पष्ट निषेध गरिएकोले शङ्करमानजीको अर्थ अशुद्ध छ भन्ने स्पष्ट छ।

चन्द्रमाको दर्शन यस दिन नहुने भए तापनि रोहिणी नक्षत्रसँग चन्द्रमाको संयोग भएको वेलामा अभिजित् मुहूर्त परेको थियो भन्ने यसको अर्थ भएकोले रोहिणीनक्षत्रयुक्ते चन्द्रमसि को अर्थ रोहिणी नक्षत्रमा चन्द्रमा गएको वेलामा भन्ने अशुद्ध हुँदैन।

माथिका कुराबाट मानदेवको चाँगुको अभिलेखमा रहेको रोहिणीनक्षत्रयुक्ते चन्द्रमसि को अर्थ रोहिणी नक्षत्रमा चन्द्रमा गएको वेलामा हुन्छ भन्ने स्पष्ट छ।

यस कारण रोहिणीनक्षत्रयुक्ते चन्द्रमसि को रोहिणी नक्षत्रमा सोमवारमा भन्ने शङ्करमानजीले गर्नुभएको अर्थ अशुद्ध हो भन्ने स्पष्ट देखिन्छ।

◈

—भुवनलाल प्रधान

शङ्करमानजीको 'लिच्छवि संवत्को निष्कर्ष' ऐतिहासिक तवरले मिल्दैन भनेर मैले सं. २०३१ सालमैं नेपाली, अङ्क ६१, ऐं अङ्क ६४, गोरखापत्र २०३३-१-१९, ऐं २०३५-१०-२७ मा प्रकाशित गरिसकेको छु। यस विषयको टिप्पणी सर्वप्रथम मेरै थियो।

उपरोक्त मेरा लेखहरूमा व्याख्या भएअनुसार उपरोक्त 'निष्कर्ष'-मा निम्नलिखित कुराहरू गलत छन् :-

(१) अंशुवर्मा राजा भएको समय शक सं. ५०४ देखि ५१९ भन्ने।

(२) स्रङ चङ गम्पोको समय शक सं. ५०२-५६० भन्ने।

(३) अंशुवर्मा र हर्षवर्धन समकालीन हुन सक्तैनन् भन्ने।

(४) नरेन्द्रदेवको समय वि. सं. ६७६ देखि ७१२ सम्म भन्ने।

(५) त्यस बखत प्रचलित पुरानो संवत्लाइ शक संवत्भन्दा २२ वर्ष पुरानो भन्ने।

(६) अंशुवर्मा संवत् ३०१ को अभिलेखसंग सम्बन्धित मानदेवको राज्यकाल वि. सं. ६११ मा पर्दछ भन्ने।

(७) भृकुटीको जन्म ई. सन् ५७२ मा भएको भन्ने।

(८) ई. सन् ५९३ मा स्रङ चङ गम्पोले भृकुटी विवाह गरेको भन्ने। ई. सन् ६४१ मा उनको उमेर ७२ वर्ष पुगेको ठहर्न आउँछ भन्ने।

(९) स्रङ चङ गम्पोले विवाह गरेकी चीनी राजकुमारी 'सुइ वंश'-को हुनुपर्छ भन्ने। ◈

CC-0. In Public Domain. Digitization by eGangotri

—माणिकलाल श्रेष्ठ

लिच्छविकालका अभिलेखमा प्रयोग गरिएका सम्बतहरूबारेको हाल प्रचलित धारणा तथा मान्यतामा केही आधारयुक्त सन्देह शंकरमानज्यूको अग्रलेखले प्रस्तुत गरेको छ, तर प्रचलित मान्यताको विरुद्ध उहाँले जुन नयाँ "सिद्धान्त" प्रस्तुत गर्नुभयो, त्यो सिर्फ केही तर्क सहितको अनुमान मात्र भन्न मिल्दछ, स्वीकारयोग्य प्रमाण सहित नयाँ धारणा स्थापना गर्न सक्नुभएको छैन । प्रचलित मान्यतामा उहाँले जसरी सन्देह उठाउनुभयो, वहाँको hypothesis मा झन् बलियो सन्देह गर्ने ठाउँ छ। यस सम्बन्धमा मेरो दुइवटा प्रश्न छ।

१) उहाँले आफ्नो अग्रलेखमा लिच्छविकालको दोस्रो सम्बतलाई अंशुवर्मालि चलाएको अंशुवर्मा-सम्बत् भन्नुभयो। यो सम्बत् अंशुवर्मालि नै चलाएको सम्बत भए, नयाँ सम्बत १ देखि शुरू नभई २९ देखि कसरी शुरू हुन गयो ? पुरानो सम्बतको प्रयोगलाई छोडेर बरू प्रचलनमा आइसकेको अर्के सम्बत्लाई मात्र प्रयोग गरिएको होइन र ?

२) दोश्रो कुरा, अंशुवर्मालि लिच्छवि सम्बत्लाई हटाएर आफ्नो सम्बत चलाएको हो भने पछिका लिच्छवि राजाहरूले लिच्छवि सम्बतलाई फेरि पुनर्स्थापना वा पुनः प्रयोग किन गरेनन् होला ?

◈

—ज्ञानमणि नेपाल

शय वर्ष जति पहिले नेपालमा आएर पं. भगवान्लाल इन्द्रजीले केही शिलालेख लगी प्रकाशित गरेका थिए । तिनमा लिच्छवि अभिलेखमा २ थरी संवत्को व्यवहार भएको पाइयो। परन्तु दुवै थरी संवत्मा नाम नभएको हुनाले यी संवत् के हुन्, कहिलेदेखि चलेका हुन् भन्ने विषयमा विवाद चल्न सुरु भयो। यसमा पहिले अभिलेख प्रकाश गर्ने भगवान्लालले मानदेवका शिलालेखदेखि पाइएको पहिलो संवत्लाई विक्रमसंवत् अंशुवर्माका शिलालेखदेखि पाइएको दोस्रो संवत्लाई उत्तर भारतका राजा हर्षवर्द्धनले वि. सं. ६६३ देखि चलाएको हर्षसंवत् हो भन्ने सिद्ध गरे। यसपछि नेपालको इतिहासमा हात हाल्ने बिभिन्न विद्वानहरुले विभिन्न अडकल लगाई संवत्का सम्बन्धमा आफ्ना आफ्ना मत निकाल्न लागे । यिनमा फ्रान्सका विद्वान् सिल्भान् लेवीले पहिलो संवत्लाई लिच्छविले नेपालमा राज्य चलाएदेखि वि. सं. १६८ देखि चलेको लिच्छविसंवत् हो भन्ने र दोस्रो चाहिं भोटमा बि. सं. ६५२ देखि चलेको भोटसंवत् हो र अंशुवर्मालि सोही ग्रहण गरेका हुन् भन्ने सिद्ध गरे। यसमा उनले अभिलेखमा आएका अधिमासको गणना गराएर पनि आफ्नो मत पुष्ट पार्ने प्रयास गरे। तर पनि विभिन्न विद्वानहरुले स्थापना गरेका यी मत-मतान्तर यथार्थ प्रमाणका अभावमा मिल्दा-जुल्दा भएका थिएनन्।

यस्तैमा नेपालमा सुमतितन्त्र नामक ज्योतिषको पुस्तक पाइयो। यस पुस्तकमा नेपालमा

CC-0. In Public Domain. Digitization by eGangotri

चलेका संवत्‌हरुको सूची दिइएको छ। युधिष्ठिर संवत् वा कलिगतसंवत्‌देखि लिएर नेपालसंवत् सुरु हुनुभन्दा अघाडिका नेपालमा चलेका भनेर जम्मा छ वटा संवत्‌हरूको उल्लेख त्यसमा गरिएको छ । शूद्रकसंवत् २४७ देखि शकसंवत् चल्छ । शकसंवत् ४९८ देखि मानदेवसंवत् चल्छ। मानदेवसंवत् चाहिं ३०४ वर्ष चल्दछ, भनेर त्यसमा लेखिएको छ। शकसंवत् ४९८+३०४=८०२ देखि नेपालसंवत् सुरु हुने हुंदा सुमतितन्त्रमा लेखिएको संवत्‌सम्बन्धी वाक्य नेपालमा चलेका संवत् निर्णय गर्न ज्यादै उपयोगी भएको छ ।

यही प्रमाणका आधारमा नेपाली विद्वान् बाबुराम आचार्य, नयराज पन्तहरुले पहिलो संवत्‌लाई शकसंवत् र दोस्रो सवत्‌लाई शकसंवत् ४९८+१३५=६३३ देखि चलेको मानदेव-संवत् भनी लेख्नुभएको हो। अरु संवत्‌सम्बन्धी मतमा ऐतिहासिक घटना कालक्रम पनि नमिलेका यो सुमतितन्त्रका आधारमा स्थापित संवत्‌सम्बन्धी मतमा ऐतिहासिक घटना कालक्रम पनि यथावत् मिलेको कुरा देखाई सो सुमतितन्त्रको वाक्य र त्यसमा दिइएका संवत्‌हरूको विवरण पनि मैले नेपालको प्राचीन इतिहासमा नयाँ प्रकाश भन्ने पुस्तकमा प्रकाश गरेको छु ।

उपर्युक्त सुमतितन्त्रको संवत्‌सम्बन्धी वाक्य पाउंदा पाउँदै पनि केही विदेशी विद्वान्‌हरुले यसको समुचित अर्थ नगरी अन्यथा अर्थ निकालेर सवत्‌को विवादलाई झन् बढाइराखेका थिए। एकजना भारतीय विद्वान् दीनेशचन्द्र सरकारले भने लिपिका आधारमा मानदेवदेखि व्यवहृत भइआएको संवत्‌लाई शकसंवत् हो भन्ने निधो लाएका थिए।

सामान्यतः सुमतितन्त्रले संवत्‌का बारेमा राम्रो प्रमाण उपस्थित गरिदिइसकेको हो । यसैलाई आधार मानी पहिलोलाई शकसंवत् र दोस्रोलाई वि. सं. ६३३ देखि उठेको मानदेव-सवत् मान्दा इतिहासका घटना फटाफट मिल्दै आएका हुंदा अब यसमा शङ्का उठाएर विवाद चर्काइरहनु आवश्यक छैन। केवल गणितद्वारा यसमा घोट्फोट्गर्नु चाहिं आवश्यक थियो । त्यो चाहिं भएको पनि थिएन ।

यस्तै अवस्थामा चाँगुनारायण मन्दिरभित्र संवत् ३० को अंशुवर्माको सुवर्णपत्राभिलेख पाइयो। त्यसमा बारको समेत उल्लेख परेको हुनाले अब गणितद्वारा संवत् सम्बन्धमा घोट्फोट् गर्ने बाटो खुल्यो । यसै आधारबाट शङ्करमान राजवंशीले गणितद्वारा सो संवत्‌का तिथि वार नक्षत्र मिलाउने कोशिश गर्दा दुर्भाग्यवश उहाँका गणितले भेट खाएन छ र पहिलो संवत्‌मा २२ वर्ष घटाएर तथा दोस्रो संवत्‌मा २४ वर्ष घटाएर हिसाब गर्दा केही अंशमा गणित मिलेको जस्तो उहाँलाई भान पर्दा पहिलोलाई लेवीकै उपपत्ति लिएर वि. सं. ११३ देखि चलेको लिच्छविसंवत् र दोस्रोलाई अंशुवर्माका अभिलेखमा देखिएको हुँदा वि. सं. ६०९ देखि उठेको अंशुवर्मासंवत् भनी यसैको निष्कर्ष लिच्छविसवत्‌को निष्कर्ष भन्ने पुस्तिका लेख्नुभयो । सोही आधारमा यो पत्र यहाँ प्रस्तुत गरिएको हो। यो अत्यन्त विचारणीय प्रश्न छ।

यसमा पहिलो कुरा लिच्छविसंवत् भन्ने यही शताब्दीमा लेवीले कल्पना गरेको नाम हो। यस बाहेक लिच्छविसंवत्‌को उल्लेख नेपाल भारत भोट चीन कतै पाइएको होइन। कुनै

CC-0. In Public Domain. Digitization by eGangotri

प्राचीन अर्वाचीन साहित्य इतिहास ज्योतिषका कितापमा पनि यो नाम पाइएको होइन। यस अवस्थामा लिच्छविसंवत् सही हो भनेर कसरी पुकार्ने ?

दोस्रो मानदेवको चाँगुनारायणको स्तम्भाभिलेखमा रहेको 'संवत् ३८६ ज्येष्ठमासे शुक्लपक्षे प्रतिपदि रोहिणीनक्षत्रयुक्ते चन्द्रमसि' भन्ने वाक्यमा परेको 'चन्द्रमसि' को अर्थ सोमवारमा भन्ने निकालेर शङ्करमान राजवंशीले व्याकरण साहित्य धर्मशास्त्रको ज्योतिषको पनि विपरीत अर्थ गर्नु भएको छ। विपरीत गणितद्वारा त्यस दिन सोमवार आयो भनेर सो वाक्यको त्यस्तो अर्थ हुनै सक्तैन। यसको उपपत्तिसहित पूर्णिमा ३९ पूर्णाङ्कमा खण्डन भइसकेको पनि छ।

तेस्रो संवत् ३१ को अंशुवर्माको भक्तपुर इनायटोलको अभिलेखमा पौषमा अधिमास परेको छ। यो अधिमास गणितद्वारा मिलेन भनेर यो सालमा अधिमास परेकै अशुद्ध हो भन्ने कुरा लिच्छविसंवत्‌को निष्कर्षमा लेखिएको छ। परन्तु सोही सालको भट्‌वालको अंशुवर्माको शिलालेखमा पनि पौषमा अधिमास परेकै देखिन्छ। क्रेतकरको अधिमाससारणीमा पनि यो साल अधिमास परेको देखिनाले लिच्छविसंवत्‌को निष्कर्षको गणितले सही बाटो पैलाएको रहेन छ भन्ने कुरा स्पष्ट छ।

चौथो संवत् ३०१ को सहोत्तरतन्त्र (त्वश्रुत) को अन्तिम तिथिमिति दिएको श्लोकमा सिद्धयोगको उल्लेख आएको छ। शङ्करमान राजवंशीको गणितद्वारा सो दिन सिद्धयोग आउँदैन। यसबाट पनि सो गणित शुद्ध देखिँदैन।

पाचौं शकसंवत् चैत्रादि छ, मानदेवका अभिलेखदेखि व्यवहृत संवत् कार्तिकादि भएबाट यो शकसंवत् हुन सक्तैन भन्ने सबभन्दा बलियो तर्क पेश गरिएको छ। यो तर्क धेरै लेखमा प्रमाणका निम्ति उपस्थित गरेको पाइयो। परन्तु यो प्रमाण बलियो नभएर झन् फितलो देखिन्छ।

अहिले शकसंवत्‌को आरम्भ चैत्रमा हुन्छ। शकसंवत् चैत्रादि छ भन्ने कुरा पात्रो पल्टाउनेवित्तिकै जानिने कुरा हो। तर विक्रमको छैटौं शताब्दीका प्रसिद्ध ज्योतिषका विद्वान वराहमिहिरले शकसंवत् माघादि पनि छ भनेर लेखेकाले शकसंवत् चैत्रादि मात्र भएर चल्छ कार्तिकादि भएर चल्न नसक्ने भन्नेकुरा पनि कुनै उपपत्तियुक्त तर्क होइन। आजकाल प्रत्यक्ष विक्रम संवत् वैशाखादि छ, अर्थात् विक्रम संवत् वैशाख १ गते देखि आरम्भ हुन्छ। सोही संवत् दक्षिण भारततिर हाम्रो नेपालसंवत् सरह कार्तिकादि भएर अर्थात् गोरु तिहार (कार्तिक शुक्ल प्रतिपदा) देखि आरम्भ भएर चल्दछ। भारतीय पञ्चाङ्ग हेर्दा यो प्रत्यक्ष देखिँदै छ। यसकारण आजकाल विक्रम संवत् दुइतिर दुइ रुपले चलेजस्तै त्यसबेला नेपालमा शकसंवत् वसन्तको सट्टा शरद् ऋतुमा आरम्भ हुदोरहेछ। यसो भन्न कुनै आपत्ति छैन।

यी उपर्युक्त कारणले लिच्छविसवत्‌को निष्कर्षको गणित तानतुन गरेर मिलाएको रहेछ भन्न कर लागेको छ। पहिलो संवत्‌लाई शकसंवत् र दोस्रोलाई वि. सं. ६३३ देखि

CC-0. In Public Domain. Digitization by eGangotri

उठेको मानदेवसंवत् मानेरै गणित गर्दा विप्रतिपत्ति नउठी तिथिमितिका गणित ट्वाक्क ट्वाक्क मिलेको कुरा पूर्णिमामा स्पष्ट देखिएकै छ। अब यसमा कुनै नयाँ मत स्थापना गर्नु, त्यसको अनुसरण गरिरहनु सर्वथा समुचित देखिदैन। यसमा धेरै खण्डन-मण्डन पनि भइसकेको छ।

यस सम्बन्धमा छिमेकी राष्ट्रको इतिहासतिर पनि दृष्टि दिनु आवश्यक हुन आउँछ। यो लिच्छविसंवत्को निष्कर्ष मान्दा नेपालको इतिहासको गाँठोमात्र अल्झिने होइन, भारत चीन भोटको इतिहासका घटनामा पनि डोठ्याङ्ग पर्न जाने हुन्छ। नेपालमा अंशुवर्माको शासन चलेको वेला उत्तर भारतमा हर्षवर्द्धनको शासन चलेको थियो भन्ने कुरा सबै इतिहासकारले मानिआएको कुरा हो परन्तु निष्कर्षको संवतपद्धतिले यो कुरा मिल्न आउँदैन। भारतमा हर्ष-वर्द्धनको शासन वि. सं. ६६३ देखि सुरु हुन्छ अंशुवर्मा वि. सं. ६५४ अघि नै परलोक भइसकेका हुन्छन्। उता भोटका राजा स्रङ चन गम्पोका विषयमा पनि यस्तै नमिल्ने कुरा देखाई भुवनलाल प्रधानले लेख प्रकाश गर्नुभएको छ।

यहाँनेर अर्को मुख्य कुरा पनि विचारणीय छ। चीनका महान् यात्री ह्युवान चाङ्ग आफ्नो देशबाट आएर भारतवर्षका सबै प्रसिद्ध बौद्ध तीर्थको भ्रमण गरी गएका थिए। उनको सो यात्राकाल वि सं. ६८६ देखि ७०० सम्मको हो। यस यात्राकालमा उनी नेपालतराईको बुद्ध जन्मस्थल लुम्बिनी पनि आएका थिए। उनले आफ्नो यात्रावर्णनमा नेपालको पनि अलिकता वर्णन समावेश गरेका छन्। त्यसमा उनले नेपालमा अंशुवर्मा भन्ने राजा भरखर भएका थिए। भनी लेखेका छन्। अब यो मत मान्ने हो भने अंशुवर्मा भरखर भएका नभएर निकै अघि उछिट्टिएर जान्छन्। ह्युवान चाङ्गको यात्राकालमा ता नेपालमा लिच्छवि राजा नरेन्द्रदेवको एकच्छत्र शासन चलिरहेको हुन्छ। वि. सं. ६७६ भन्दा अघि देखिनै नरेन्द्रदेव सिंहासनमा बसिसकेका हुन्छन्।

नरेन्द्रदेव बाबुसँगै नेपालबाट धपिएर भोटमा शरण लिन पुगेका थिए। पछि भोटको सहायताबाट नेपालमा आई आफ्नो पैतृक अधिकार प्राप्त गर्न समर्थ भएका थिए। उनले गुप्तहरूलाई हटाएर कैलासकूट भवनको गद्दीमै बसी शासन चलाएका थिए। यस अवस्थामा चीनियाँ यात्री ह्युवान चाङ्गले अंशुवर्माको चाहिं उल्लेख गर्नु झन तिब्बतको सहायता लिई तिब्बतबाटै आएर विजयी बनेका शक्तिशाली राजा नरेन्द्रदेवको चाहिं नामोल्लेख नगर्नु मिल्ने कुरा होइन।

अर्कोकुरा ह्युवान चाङ्ग पश्चिमोत्तरबाट भारत पसेका थिए। कश्मीरमा २ वर्ष जति बसी उत्तर भारत हर्षको राज्यमा चाहिं उनले धेरै वर्ष बिताएका थिए। उनी वङ्गाल उडिसा हुँदै फेरि पश्चिम भारत गएर अन्तिम समयमा हर्षकै राज्यमा आएका थिए। उत्तर भारतमा र नेपालको तराईमा रहेको प्रसिद्ध बौद्ध तीर्थको उनले राम्रोसंग भ्रमण गरेका थिए। लुम्बिनी कुशीनारा वैशाली सारनाथ गया आदि बौद्ध तीर्थ गर्ने ह्युवान चाङ्गले नेपाल दूनमा नगएपनि त्यहाँको राजनीति अर्थनीति धर्मसम्बन्धी कुरा समाजको स्थिति पनि बुझेका थिए, तिनमा आफ्नो विचार पनि प्रकट गरेका छन्। नेपालमा उनैको वर्णनबाट त्यसवेला २००० बौद्धभिक्षु अनेकौं विहार भएको बुझिन्छ। वि. सं. ७०० मा स्वदेश फर्कंदा उनी तात्कालिक राजा हर्षवर्द्धनसंग विदा भएर गएका थिए।

CC-0. In Public Domain. Digitization by eGangotri

वि. सं. ७०० मै चीनी राजदूत वाङ्ग युन्चेको नेतृत्वमा एक दूत- मण्डल भारत आएको थियो । यो दूतमण्डलले नेपालकै बाटोबाट ओहोर-दोहोर गरेको थियो। वाङ्ग युन्चेले नेपालका राजा नरेन्द्रदेवको राम्रो वर्णन गरेका छन् । उनले नरेन्द्रदेवले बुद्धको मूर्ति अङ्कित भएको कम्मरपेटी बांधेको देखेका थिए । त्यसपछि पनि यिनले यही बाटोबाट आवतजावत गरेका थिए ।

वि. सं. ७०३ मा हर्षको निधन भयो । चीनबाट आएको प्रतिनिधिमण्डलको हर्षका सामन्त अरूणाश्वले धेरै अपमान गरे । यो अपमानको बदला लिन चीनको आग्रहमा नरेन्द्रदेवले सात हजार अश्वारोहीसैनिकको सहायता दिएका थिए ।

यस्तो अवस्थामा यदि वि. सं. ६७६ भन्दा अघिनै नरेन्द्रदेव नेपालको सिंहासनमा बसिसकेका भए चीनी यात्री ह्यु्वान चाङ्गले उनको उल्लेख नगर्नु सर्वथा मिल्दो-जुल्दो कुरा होइन । धेरैवर्ष पहिले मरेका अंशुवर्माको ताडिफ गर्ने ह्युवान चाङ्गले यसरी तिव्वत चीनसंग घनिष्ठ सम्बन्ध जोडिएका अर्थात् तिव्वतको मद्दतले पैतृक राज्य पाएका चीनको सहायता गर्न सक्ने समर्थवान् मित्र बनेका तात्कालिक प्रसिद्ध राजा नरेन्द्रदेवको ताडिफ गर्न कदापि चुक्ने थिएनन् । परन्तु ह्युवान चाङ्ग भारतबाट विदा हुंदाहुंदि नरेन्द्रदेवको उदय भइसकेको थिएन ।

फेरि अर्को कुरा वि. सं. ६७६ मै तिव्वतबाट नरेन्द्रदेवको आगमन उनलाई सहायता गर्ने दलको प्रवेश पनि भएको भए तया पहिलेनै वाङ्गयुन्चे यही बाटोबाट आएका भए ह्युवान चाङ्गमात्रै किन पश्चिम एशियाको त्यत्रो घुमाउरो बाटोबाट सफर गर्दथे । आउँदा देश दर्शनको अभिप्रायले त्यो बाटो हिडेका भएपनि फर्कदा नेपालबाट तिब्बत ल्हासा हुंदै सोझो बाटोबाट जानु पर्ने थियो । नेपाल पनि बौद्ध भिक्षुको अखाडा थियो । गौतमबुद्धको जन्मस्थल नेपाल तराई लुम्बिनी हुंदै काठमाडौंबाट पेचीन पुग्न करीव साढे बाह्रसय कोश पर्दथ्यो । (योगी नरहरिनाथद्वारा प्रकाशित गोरखालीहरूको सैनिक इतिहासमा काठमाडौंदेखि प्रसिद्ध शहरहरु कति कति कोश फरकमा छन् भन्ने कुरा टिपिएको छ । त्यसमा पेचीनबाट काठमाडौं १२५२ कोश र १७२ बास लेखिएको छ। मैले प्राप्त गरेको एउटा टिपोटमा काठमाडौंबाट पेचीन १२४३ कोश लेखिएको छ। चीन जाने नेपाली प्रतिनिधिमण्डलले लेखेर ल्याएको पत्रमा भने १२६५ कोश १७५ बास लेखिएको छ। यहांनेर यो कुरा स्मरणीय छ कि कुतीको बाटो ल्हासा शहर पुग्न २१२ कोश र केरुङ्गको बाटोबाट २२८ लेखेको पत्र पाइन्छ । बाटोको फरकले पनि केही कोशको घटबढ पर्छ) भने काबुल तासकन्द समरकन्द हुंदै चीन आउन कति बढी हिड्नुपर्दथ्यो सो सोझै अनुमान गर्न सकिन्छ । कल्पना जसो गरेपनि व्यवहारमा स्वाभाविक कुरा नै हुन्छन् ।

सामान्यतः तिव्वतबाट नेपाल पस्ने गोरेटा पहिलेदेखिनै थिए तापनि तिब्वतमा स्रङ्ग चङ्ग गम्पोको उदयभएपछि तिव्वतको नेपालसँग उता चीनसंग पनि राजनीति र धार्मिक आर्थिक सामाजिक स्थितिमा राम्रै सम्बन्ध सूत्र जोरियो । आदानप्रदान आवतजावत पनि बढ्दै आयो । नरेन्द्रदेवको उदयपछि चीनसंग पनि नेपालको सम्बन्ध पुग्यो । राजदूतको आवतजावत भयो ।

CC-0. In Public Domain. Digitization by eGangotri

नरेन्द्रदेवले राजदूतको अपमान गर्ने अरुणाश्वलाई दमन गर्न चीनको सहायता गरे, इतिहासमा नयाँ अध्याय सुरु भयो। यो सव कुरा वि. सं. ७०० पछि अर्थात् यता नरेन्द्रदेवको उदय उता ह्यु वान चाङ्को विवाह भएपछि भएका हुनाले चीनी यात्रीको नरेन्द्रदेवसंग चिनाजानी हुने प्रसङ्ग आउदैन। वि. सं. ७०० देखि उता नरेन्द्रदेवको समय कुनै हालतमा लान पनि मिल्दैन। लाँदा ऐतिहासिक घटनाक्रम पनि मिल्दैन। यसैले यो नयाँ संवत्सम्बन्धी निष्कर्ष सही देखिदैन।

अन्तमा एउटा सानो टिप्पणी एक संस्मरणको रुपमा पेश गर्न उचित ठान्दछु। इतिहासमा सानो त्रुटिले पनि घटनाक्रम कसरी उल्टोपाल्टो परेर चिन्ताको विषय बन्न आउँछ। लिच्छवि–अभिलेखलाई पहिले प्रकाशमा ल्याउने पं. भगवान्लाल इन्द्रजीले पशुपतिको जयदेवको प्रशस्तिमा परेको संवत्को प्रथम स्थानी अङ्क 'त्र' को मान ३ हो भन्ने पढेका थिए। पछि अरु शिलालेख प्रकाशमा आउँदै गए। तिनमा यो अक्षराङ्क पनि आउन लाग्यो। परन्तु भगवान्लालले जस्तै 'तृ' को मान ३ पढ्दा घटनाक्रममा गडवड पर्ने भयो। जस्तो–अंशुवर्मापछि जिष्णुगुप्त कैलासकूटको गद्दीमा बसे। उनीपछि उनकै छोरा जिष्णुगुप्त गद्दीमा वसे। विष्णुगुप्तका सवत् ६५ सम्मका अभिलेख पाइए। कैलासकूट भवनका अधिपति गुप्तलाई निकालेर लिच्छविराजा नरेन्द्रदेवले राज्यधिकार लिएका थिए। उनको पहिलो शिलालेखमा प्रथम स्थानी अङ्क 'तृ' र दशस्थानो अङ्क ६ देखियो। अव यसलाई ६३ पढ्ने हो भने विष्णुगुप्तभन्दा पहिले नरेन्द्रदेव पर्ने भए, यो सर्वथा असंभव थियो र ६३ पढ्न नमिल्ने भो। यसबाट 'तृ' को मान ३ होइन रहेछ भन्ने कुरा उठ्यो। यसै प्रसङ्गमा बाबुराम आचार्यले 'संस्कृत सन्देश' मा 'तृ इत्यस्य मान ३ उत ९' भन्ने लेख लेखी 'तृ' को मान ९ हो भन्ने सिद्ध गरे। यसै अनुसार तृ को मान ९ पढी नरेन्द्रदेवको पाटनदरवारको शिलालेख संवत् ६९ को भनी संस्कृतसन्देशमा बाबुराम आचार्य र नयराज पन्तद्वारा छापियो पनि। पछिबाट हामीले लिच्छविकालका अभिलेखमा पाइएका अक्षराङ्कको छ्यानब्यान गर्दा 'तृ' को मान ९ नभएर ७ हो भन्ने कुरा पढ्यौं। यो देख्ने बित्तिकै बाबुराम आचार्यलाई राम्रो घत लागिहाले। उनले तत्काल वाहिर प्रकटसंग यो कुरा स्वीकार नगरे पनि यिनले यो अङ्क ठीक पत्ता लाए, भन्ने कुराको महसुस चाहि गरिहाले। किनकि ९ पढ्दा नरेन्द्रदेव ६९+६३३=वि. सं. ७०२ मा मात्र राजा भएका देखिने। यता वि. सं. ७०० मै नेपाल आएका चीनी राजदूत वाङ्ग्युन्चेले नरेन्द्रदेवसंग भेट गरेको वर्णन पाइनें हुंदा यो कुराको डोठचाङ्ग परिरहेको थियो। यसवाट आचार्यको मन पाकिराखेको रहेछ 'तृ को मान ७ पढ्नेबित्तिकै यो शङ्का समाधान हुनआयो। इतिहासको घटनाक्रममा कुनै अडवड पनि परेन।

यति सानो त्रुटिवाट त इतिहासका घटनाक्रममा यस्तो अडचन उपस्थित हुन आउँछ भने संवतलाई काल्पनिक रुपमा ढालेर २२।२४ वर्षको फरक पारेर चलाउन खोज्दा इतिहासका घटना उल्टोपाल्टो पर्न जानु कुनै अस्वाभाविक होइन।

CC-0. In Public Domain. Digitization by eGangotri

# जयस्थितिमल्लको वंश

–धनबज्र बज्राचार्य

नेपालको मध्यकालको इतिहासमा जयस्थितिमल्लको महत्वपूर्ण स्थान रहेको छ । उनको उदयले नेपालको राजकाजमा नयाँ मोड आएथ्यो । स्थितिमल्ल सत्तामा आउनुभन्दा निकै अघिदेखि नेपाल–उपत्यकाको केन्द्रको शासनमा कमजोरी देखापरिरहेको थियो । यसो हुँदा ठाउँ ठाउँका सामन्त, क्वाठनायक आदि मारादारहरू आफ्नो आफ्नो अधिकार बढाउन दाउपेच गरिरहेका थिए; बराबर परस्परमा लडाईं–भिडाईं पनि चलिरहेका थिए । भित्र कमजोरी हुँदा बाहिरबाट पनि आक्रमण भइरहेका थिए । स्थितिमल्लले क्रमशः केन्द्रलाई त्यस अवस्थाबाट मुक्त पारे । उनले अनेक प्रयोग गरी चतुरतापूर्वक सामन्त मारादारहरूलाई कज्याए[1] । उनले रक्षाव्यवस्था मजबूत पारे[2] । यसरी उनले फेरि नेपालको केन्द्रीय शासनलाई केही बलियो पारे । विदेशसंगको सम्बन्धमा पनि केही प्रगति भयो; स्थितिमल्लको समयमा चीनबाट दूतमण्डल यहाँ आयो; यताबाट दूतमण्डल चीन गयो[3] । राजनैतिक स्थिरता कायम भएको हुनाले सामाजिक, आर्थिक सुधार गर्न पनि उनी समर्थ भए । यसरी नेपालका समाजसुधारक राजामा स्थितिमल्लको पनि उल्लेखनीय स्थान रहेको छ । उनको शासनकालमा जनतामा शान्ति सुव्यवस्था छायो[4] । राष्ट्रविकासको काममा प्रजाहरूलाई संलग्न गराउन उनले उल्लेखनीय प्रेरणा दिए । लिच्छविकालदेखि प्रचलित पाञ्चाली (पञ्चायत) व्यवस्थाले त्यस बेला फेरि केही गतिशीलता प्राप्त गर्‍यो[5] । स्थितिमल्लले विद्वान्हरूलाई पनि प्रश्रय दिए । यसो हुनाले विद्याको क्षेत्रमा पनि केही प्रगति भयो[6] । कलाको क्षेत्रमा पनि केही काम भयो[7] । उदार धार्मिक नीति लिएका हुनाले उनको कार्यकालमा विविध धार्मिक सम्प्रदायले केही फस्टाउने मौका पाए[8] ।

यसरी नेपालको मध्यकालको राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक इतिहासमा स्थितिमल्लको उदयले प्रशस्त प्रभाव पारेको हामी पाउँछौं । यसो हुँदा नेपालको मध्यकालको इतिहासमा स्थितिमल्लको महत्वपूर्ण स्थान रहेको छ भन्ने कुरामा दुई मत होला जस्तो मलाई लाग्दैन । अर्को कुरा, आफ्नो समयमै स्थितिमल्ल निकै लोकप्रिय पनि रहेथे । स्थितिमल्लको देहावसान हुँदा एक व्यक्तिले उनको संझनामा तत्काल रचेको उद्‌गारमय एक पद्यबाट उक्त कुरा स्पष्ट हुन्छ । त्यस पद्यमा स्थितिमल्लको देहावसान हुँदा "प्रजाहरूमा हाहाकार फैलियो; ठूलो शोक फैलियो" भनिएको छ[9] । यसबाट उनी आफ्नो समयमा निकै लोकप्रिय रहेथे भन्ने थाहा पाइन्छ । नवनेपालका निर्माता श्री ५ पृथ्वीनारायण शाहसम्मले स्थितिमल्ललाई

CC-0. In Public Domain. Digitization by eGangotri

संझेका थिए[10]। यसबाट स्थितिमल्ल पछिसम्म पनि केही प्रख्यात थिए भन्ने संकेत पाइन्छ।

तर अनौठो कुरा छ; नेपालको मध्यकालको इतिहासमा त्यति महत्वपूर्ण स्थान राख्ने व्यक्ति कुन वंशका हुन् भन्ने कुरा अहिलेसम्म निश्चित हुन सकेको छैन। उक्त समस्याको समाधान हुन सक्छ कि भन्ने आशाले हामीहरू यसरी भेला भएर विचार-विमर्श गर्न लागिरहेका छौं। यस कारण स्थितिमल्लको वंशबारे पाइने विभिन्न उल्लेख, तर्क वितर्कको केही झलक पहिले प्रस्तुत गर्नु आवश्यक संझन्छु।

हाम्रो यहाँ पाइएका वंशावलीहरूमा स्थितिमल्लको पालामा संगृहीत 'गोपाल-राजवंशावली' सबभन्दा पुरानो हो। त्यसमा गोपालवंशी राजाहरूदेखिको वर्णन संक्षिप्त रुपमा गरी स्थितिमल्लताकाका कुरा भने अलि बढी रूपमा लेखिएका छन्। सो वंशावली स्थितिमल्लको प्रेरणाले संगृहीत गरिएको हो भन्ने कुरा प्रसङ्गबाट स्पष्ट थाहा पाइन्छ[11]। त्यसमा स्थितिमल्लको राजल्लदेवीसंग भएको विवाहदेखि उनी कसरी सत्तामा आए; उनले के कस्ता कदम उठाए भन्ने वर्णन परेको छ। तर स्थितिमल्ल कुन वंशका हुन् भन्ने कुरा त्यहाँ खुलाएर लेखिएको छैन। रामावतार, अष्टमलोकपालावतार आदि भनी स्थिति-मल्लका तारीफ भने त्यसमा निकै गरिएको छ[12]। राजल्लदेवीसंग स्थितिमल्लले 'महालक्ष्मी' व्रत बसेको कुरासम्मलाई जोड दिई लेख्ने गोपालवंशावलीकारले स्थितिमल्लको वंशबारे स्पष्ट रूपमा केही बोलेका छैनन्; यो विचारणीय छ। गोपालवंशावलीकारलाई स्थितिमल्लको वंशबारे ज्ञान नहुने त कुरै थिएन। कति भने स्थितिमल्लको वंश कोट्याउनु उनको अभीष्ट थिएन भन्ने चाहिं यताबाट झल्किन्छ।

स्थितिमल्लका पालाका केही शिलालेखहरू पाइएका छन्। तिनमा पनि स्थिति-मल्लको वंशबारे कतै स्पष्ट रूपमा केही लेखिएको पाइँदैन। खालि 'क्षत्रिरत्नाकरेन्दु' 'रघुवंशज' आदि मात्र ती अभिलेखमा लेखिएको पाइन्छ। प्रमाणार्थ स्वयम्भू र देउपाटनको अभिलेखलाई देखाउन सकिन्छ[13]। त्यताबाट उनी सूर्यवंशी उत्तम क्षत्री (ठकुरी) थिए भन्ने मात्र झल्किन्छ; उनी कुन वंशका हुन् भन्ने कुरा खुल्दैन।

स्थितिमल्लका पालाका केही हस्तलिखित ग्रन्थहरू पनि पाइन्छन्। तिनमा स्थितिमल्लको गुणगान भने निकै गरिएको पाइन्छ; तर उनको वंशबारे भने स्पष्ट उल्लेख पाइँदैन। उदा-हरणार्थ स्थितिमल्लका जेठा छोरा धर्ममल्लको विवाहको अवसरमा वि. सं. १४३९ मा बनेको भैरवानन्द नाटकलाई देखाउन सकिन्छ। त्यसमा '.. रघुवंशचक्रचूडामणिना राजल्लदेवीरमणेन श्रीमता श्रीश्रीजयस्थितिमल्लदेवेन' भनेर स्थितिराजमल्लको परिचय दिइएको छ[14]। यसै गरी त्यस ताकाका अरू हस्तलिखित ग्रन्थमा पनि स्थितिमल्लको विशेष परिचय दिइएको पाइँदैन।

स्थितिमल्लका छोरा नातिहरूका पालामा शिलालेखहरूबाट पनि उनको वंशबारे प्रकाश पर्दैन। ज्योतिर्मल्लको पशुपतिको वि. सं. १४६९ को अभिलेखमा स्थितिमल्लको पनि वर्णन परेको छ। त्यहाँ स्थितिमल्ललाई पगरी लाएका वैधानिक राजा, सूर्यवंशी, राजल्लदेवीका पति भनेर मात्र लेखिएको छ[15]। यक्षमल्लले आफ्ना अभिलेखमा आफ्ना लामा लामा प्रशस्ति कुँदन

CC-0. In Public Domain. Digitization by eGangotri

लाएका छन् । तर आफूलाई 'सूर्यवंशी' भनेर मात्र लेख्न लाएका छन्; खुलाएर लेखाएका छैनन्[16] ।

यक्षमल्लपछिका मल्ल राजाहरुले भने आफ्नो वंशावलीबारे चर्चा गर्दा प्रायः गरी स्थितिमल्लको नाम नै लेख्न छोडेको हामी पाउँछौं । साथै अब जगज्ज्योतिर्मल्लदेखिका नेपालउपत्यकाका तीनै राज्यका मल्लराजाहरूले आफूलाई 'कर्णाटवंशी' भनी लेख्न लागेको पाइन्छ । आफ्नो वंशको वर्णन गर्दा सिम्रौनगढका हरसिंहदेवको सन्मानपूर्बक वर्णन गरी अनि त्यसवंशमा यक्षमल्ल भए भनी उनीहरुले लेख्न थालेथे । उनीहरुले प्राय स्थितिमल्लको नामोल्लेखसम्म पनि गर्न छोडेको पाइन्छ[17] । आफूलाई हरसिंहदेवका सन्तान तथा कर्णाटवंशी भनी जोड दिई लेख्नेमा कान्तिपुरका चलतापूर्जा राजा प्रतापमल्ल सबभन्दा अगाडि परेका छन् । उनका अनेक अभिलेखमध्ये केहीमा वंशावली पनि परेको छ । त्यहाँ प्रायः गरी सूर्यवंसमा कर्णाटवंशी हरसिंहदेव भए; त्यस वंशमा यक्षमल्ल भए आदि आशयको वर्णन परेको छ[18] । प्रतापमल्लभन्दा अगाडि ललितपुरका प्रसिद्ध राजा सिद्धिनरसिंहमल्लले पनि आफूलाई हरसिंहदेवका सन्तान भनी दावा गरेको पाइन्छ[19] । प्रतापमल्लपछि उनका छोरा पार्थिवेन्द्रमल्ल आदिले पनि उही कुरा आफ्नो वंशवर्णनको सिलसिलामा लेखाउन थालेको पाइन्छ[20] ।

हाम्रो यहाँ वैज्ञानिक ढङ्गले इतिहास लेखाउने चलन उहिले थिएन तापनि वंशावलीका रूपमा इतिहासका केही कुरा लेखाइराख्ने परम्परा पछिसम्म पनि प्रचलित रह्यो । चतुर शासकहरूले वंशावलीमा आफ्ना अभीष्ट कुरा घुसाएर आफ्ना कुराको प्रख्यापन पनि गर्दै रहे । संक्षिप्त रूपमा वंशावली लेखाउने परम्परा त अटूट रूपमै रह्यो भन्न सकिन्छ । विस्तृत रूपमा वंशावली लेखाउने प्रचलनचाहिं भीमसेन थापाको पालादेखि वीरशमशेरको पालासम्म बढी रहेको देखापरेको छ । हाल हाम्रो यहाँ चल्तीका भाषावंशावलीहरू प्रायः गरी वीरशमशेरको पालामा संकलित नै बढी पाइन्छन् । तिनमा स्थितिमल्ललाई अलि घुमाउरो रूपमा हरसिंहदेवको वंशसंग जोड्न पुगेको पाइन्छ । "हरसिंहदेवका वंशज श्यामसिंहदेवका सन्तानमा छोरा नहुँदा उनकी छोरीको विवाह जयभद्र नामक एक मल्लवंशीसंग गराइयो; अनि उनैलाई राज्य सुम्पियो; राजा जयभद्रको वंशमा अशोकमल्ल भए; अशोकमल्लका छोरा स्थितिमल्ल हुन्" भन्ने कुरा भाषावंशावलीमा परेको छ[21] ।

एकथरी संक्षिप्त वंशावलीमा भने स्थितिमल्ललाई सोझै हरसिंहदेवका वंशज भनी लेखिएको पनि पाइन्छ[22] । संक्षिप्त वंशावलीमा परेको वंशक्रम यस प्रकारको छ–

हरसिंहदेव
।
वल्लालसिंह
।
देवमल्ल
।
नागमल्ल
।

CC-0. In Public Domain. Digitization by eGangotri

अशोकमल्ल

।

स्थितिमल्ल

यूरोपीय विद्वान्हरूको दृष्टि नेपालबिषयक कुरामा पर्न थालेपछि उनीहरूले यहाँका राजाहरूका वंशावलीमा पनि ध्यान दिन थाले। उनीहरूले यहाँका वंशावलीलाई भाषान्तर गरी प्रकाशमा ल्याउने काम पनि गरे। तिनमा कर्कप्याट्रिक र राइटका वंशावली प्रसिद्ध छन्। तिनमा कर्कप्याट्रिकले चाहिं संक्षिप्त वंशावली स्थितिमल्लको वंशपरिचय दिएका छन्[23]; राइटले भने विस्तृत भाषावंशावलीअनुसार स्थितिमल्लको वंशको चर्चा गरेका छन्[24]। विचारार्थ तिनको संक्षिप्त उद्धरण यहाँ दिइन्छ।

कर्कप्याट्रिकको किताबमा-

हर्सिहदेव

।

वल्लालसिंह

।

श्रीदेवमल्ल

।

नाय(ग)मल्ल

।

अशोकमल्ल

।

स्थितिमल्ल

राइटको कितापमा-

हर्सिहदेवका वंशज श्यामसिंहका सन्तानमा छोरा नहुँदा छोरीको विवाह जयभद्र भन्ने मल्लवंशीसंग गरियो; अनि तिनलाई नै गद्दी सुम्पियो। अनि तिनको वंश यस प्रकार चल्यो-

जयभद्र

।

नागमल्ल

।

जयजगत्मल्ल

।

नागेन्द्रमल्ल

।

CC-0. In Public Domain. Digitization by eGangotri

उग्रमल्ल

।

अशोकमल्ल

।

जयस्थितिमल्ल

प्रायः गरी पछिका अरू वंशावलीमा नामावलीमा कहीं केही अन्तर भए पनि स्थितिमल्लको वंशपरिचय यसै गरी दिइएको पाइन्छ। यसैहुँदा हाम्रा केही इतिहासकारहरूले पनि स्थितिमल्लको वंशबारे लेख्दा प्रायः उपर्युक्त कुरालाई नै पछ्याएको पाइन्छ[25]।

२००९ सालदेखि हामीहरूले 'इतिहास-संशोधन' पुस्तिकाहरू निकाल्न थाल्यौं। नेपालको इतिहासमा फैलिरहेका भ्रमात्मक कुरा, असत्य कुराको निराकरण प्रामाणिक सामग्रीको आधारमा सानै रूपमा भए पनि गर्दै जाने उत्साहपूर्ण सदुद्देश्यले इतिहास-संशोधनको जन्म भएथ्यो। वि. सं. २०१० श्रीपञ्चमीमा प्रकाशित धनवज्रवज्राचार्य र ज्ञानमणि नेपालको 'इतिहास-संशोधन १ संख्यामा स्थितिमल्लको वंशबारे पनि एक निष्कर्ष दिन खोजिएको छ। सो इतिहास संशोधन पुस्तिकमा प्रि. श्रीभैरवबहादुर प्रधानज्यूको पुस्तकमा परेका केही अशुद्धिको संशोधन गरिएको छ। प्रधानज्यूले पछिका वंशावलीको अनुसरण गरी "जयस्थितिमल्ल आमापट्टिबाट कर्णाटकवंशज, बाबुपट्टिबाट मल्लवंशका राजा हुन्" भनी लेख्नुभएको थियो। पछिका भाषावंशावलीको भर पर्नुभन्दा प्रतापमल्लहरूका शिलालेखहरूको भर पर्नु बढिया हो भन्ने धारणाले हामीले त्यसको संशोधन यसरी गरेका थियौं–

"आफ्नो वंश वर्णनगर्दै प्रतापमल्लले लेखेका छन्–

तस्मात्कर्णाट चूडामणिरिव हरसिंहदेवोऽस्य वंशे

भूपः श्रीयक्षमल्लो नरपतिरतुलो रत्नमल्लोऽप्यमुष्मात् ।

……थ्वनलि हरसिंहदेव नेपाल बिज्याकह् मः थ्वया वंशस यक्षमल्ल……

यसबाट यक्षमल्ल कर्णाटवंशका हरसिंहदेवका वंशज हुन् भनी सिद्ध हुन्छ। यक्षमल्लका बाबु ज्योतिमल्ल, ज्योतिर्मल्लका बाबु स्थितिमल्ल हुन्। यो कुरा तलको शिलालेखबाट स्पष्ट हुन्छ–

श्रीसूर्यवंशप्रभवः प्रतापः श्रीपट्टवन्तः स्थितिमल्लदेवः ।

राजल्लदेव्याः पतिरिन्दुमूर्तिस्यात्मजः श्रीजयधर्ममल्लः ।।

भ्राता तु मध्यजवरो जयजोतिमल्ल……

श्रीजोतिमल्लहृदयनन्दनयक्षमल्लः ।

यसकारण कर्णाटवंशज यक्षमल्लका बाजे स्थितिमल्ल पनि कर्णाटवंशज हुनामा केही सन्देह रहँदैन[26]।"

यसरी वि. सं. २०१० मा 'इतिहास-संशोधन' निकाल्दासम्म स्थितिमल्ल कर्णाटवंशज हुनामा सन्देह छैन भनी हामीले लेखेका थियौं। तर यसपछि 'गोपालराजवंशावली' को अध्ययन मनन जति जति गर्दै गयौं; उति उति उपर्युक्त कुरामा खूद हामीलाई नै सन्देह लाग्न

CC-0. In Public Domain. Digitization by eGangotri

थाल्यो । वि. सं. २०१६ मा स्वर्गवासी फील्डमार्शल केसरशमशेर ज. ब. रा. ले नेपाल सांस्कृतिक परिषदतर्फबाट गोपालवंशावली प्रकाशित गर्ने इच्छा व्यक्त गर्नुभएको र त्यसको लागि हामीलाई उहांको पुस्तकालयमा रहेका ग्रन्थहरू पढ्ने सुबिधा मिलाइदिनुभएको हुँदा त्यसवेला हामीले गोपालवंशावलीको अध्ययन, मनन विशेषरूपमा गर्न थाल्यौं । त्यसवेला गोपालवंशावलीको निर्क भागको अर्थ लगाउन हामी सफल भयौं । यसकारण अब स्थितिमल्लको वंशबारेको हाम्रो पूर्वधारणामा अन्तर आउन थाल्यो । यसै हुँदा वि. सं. २०१६ मा इतिहास–संशोधनको प्रमाण प्रमेयमा स्थितिमल्लको वंशबारेको पूर्व मनाइमा केही संशोधन गरी हामीले काम चलाउको मध्यम मार्ग लियौं । बिचारार्थ इतिहाससंसोधनको प्रमाण प्रमेयको एक सम्बद्ध अंश यहाँ उद्धृत गरिन्छ

"जयस्थितिमल्लले आफूलाई 'सूर्यवंशी' मात्रै लेखेका छन् । उनका सामानकालिक लेखहरूमा पनि स्थितिमल्ललाई सूर्यवंशी मात्र लेखेको पाइन्छ । स्थितिमल्लका वंशजहरूले भने आफूलाई सूर्यवंशी कर्णाटबंशी हर्रासिहदेवका वंशज भनी लेखेको पाइन्छ । यसकारण स्थितिमल्ल कर्णाटवंशका होइनन् भन्ने अरू प्रमाण नपाइएसम्म स्थितिमल्लको वंश उनका वंशजहरूले मानेको कर्णाटवंश मान्नु नै उचित देखिन्छ[27] ."

यसपछि पनि गोपालवंशावलीको अझ बढी अर्थ खुल्दै भएको हुनाले उपर्युक्त काम चलाउको मध्यम मार्ग पनि अब काम नलाग्ने भएको छ । केही कालअगाडिसम्म स्थितिमल्ललाई अगाडि ल्याउने 'देवलदेवी' को बारेमा इतिहासकारहरूलाई निकै भ्रम रहेको थियो तर अब देवलदेवीको बारे निकै कुरा खुल्न आइसकेको छ । देवलदेवी हर्रासिहदेवकी रानी हुन् भन्ने कुरा अब प्रसङ्गबाट स्पष्टरूपमा देखिन आएको छ । वि. सं. १३८१ मा दिल्लीका बादशाह गयासुद्दीन तुगलकको सैन्यले सिम्रौनगढ ध्वस्त पार्दा हर्रासिहदेव सपरिवार नेपालको पहाडी भागमा पसेथे । केही काल यताउति लागेर पछि दोलखातिर जान लाग्दा तीनपाटन भन्ने ठाउँमा वि. सं. १३८२ माघमा हर्रासिहदेवको मृत्यु भयो । उनका जहान छोरा मन्त्री आदि कैद गरिए । तर उनीहरूले रूद्रमल्लसंग शरण मागेका हुनाले हर्रासिहदेवकी रानी देवलदेवी, छोरा जगत्सिह कुह्मरहरूले रूद्रमल्लको दरबार 'युथुनिमम्' मा प्रवेश पाए[28] । यसको लगत्तै पछि भने जस्तै रूद्रमल्लको मृत्यु भयो । चतुर देवलदेवीले रूदमल्लकी छोरी नायकदेवीको हेरचाहको अभिभारा बोकेकी हुनाले भक्तपुर–दरबारमा उनको धाक जम्न थाल्यो[29] ।

वि. सं. १३८६ मा नायकदेवीको विवाह काशीका हरिश्चन्द्रसंग भयो । यसबाट नेपालको राजकाजमा हात हाल्ने केही मौका हरिश्चन्द्रले पाए । तर केही भारादारहरूलाई यो कुरा मन परेन । उनीहरूले हरिश्चन्द्रको विरोध गर्न थाले । यसै प्रसङ्गमा उनी मारिए[30] ।

यसपछि टुहुरी नायकदेवी देवलदेवीकै देखरेखमा रहनलागिन् । एकै घरमा रहेका हुँदा कुमार जगत्सिह र नायकदेवीको नजीकको सम्पर्क रहन लाग्यो र यसले पछि विवाहको रूप लियो । यसरी नायकदेवीको जगत्सिहसंग दोस्रो विवाह भयो । परन्तु यस विवाहलाई गोपालवंशावलीकारले विधिपूर्वकको विवाहमा गनेका छैनन् । जगत्सिह कुह्मरले नायकदेवीलाई

CC-0. In Public Domain. Digitization by eGangotri

संगृहिणीभार्या (ल्याइते स्वास्नी) बनाए भनी वंशावलीकारले बोलेका छन्[31]। जे होस्, जगत्सिंह कुह्मर र नायकदेवीको यस विवाहसम्बन्धले गर्दा राजल्लदेवीको जन्म भयो। यसको दश दिनपछि आमा नायकदेवीको मृत्यु भयो; जगत्सिंह कुह्मर कैदमा परिसकेका थिए। यसो हुँदा राजल्लदेवीको रक्षाको भार बज्यै देवलदेवीमा आइपर्‍यो। तर देवलदेवी नमामर्द आइमाई थिइन्। उनले डटेर परिस्थितिको मुकाबिला गरिन्; राजल्लदेवीलाई हुर्काइन्[32]।

वि. सं. १४११ मा राजल्लदेवी आठ वर्षको भइन्। त्यस वेलाको धारणाअनुसार उनको विवाह गरिदिने अवस्था आइपुगेको संझिन लाग्यो र बज्यै देवलदेवीको प्रयत्नले वि. सं. १४११ आश्विनमा स्थितिमल्ल वरका रूपमा बाहिरबाट (दक्षिणतिरबाट) ल्याई भक्तपुर भित्र्याइए। यसको पांच महीनापछि राजल्लदेवीसंग स्थितिमल्लको विवाह भयो। यसै नाताले गर्दा स्थितिमल्लको उदय भयो। गोपालवंशावलीमा स्थितिमल्लको राजल्लदेवीसंग भएको उक्त विवाहको कुरा संस्कृत र नेवारीमा गरी यसरी लेखिएको छ–

"तद्नन्तरे श्रीदेवलदेवीना स्मानीयात ...... श्रीजयस्थितिराजमल्लदेव विजयी भवे, तस्य विवाहं कृतम् श्रीराजदेवीनां स्वामी भवान्"

(गो. वं. २८–२९ पत्रबाट)

"स ४७४ अश्विनि शुद्धि ९ श्रीजयस्थितिमलदेवस कोवनम्बिज्याङा खवपोन्दुम्बिया त्यंखो चोन डाला लिव विवाह जुव"।

(गो वं ५३ पत्रबाट)

[यसपछि श्रीदेवलदेवीद्वारा ल्याइएका ... ... श्रीजयस्थितिमल्लदेव विजयी हुनुभयो। उहांको श्रीराजल्लदेवीसंग विवाह भयो।

ने. सं. ४७४ (वि. सं. १४११) आश्विन शुक्ल नवमीको दिन श्रीजयस्थितिराजमल्लदेव विदेशबाट आउनुभई भक्तपुर पसी त्यंखोमा बस्नुभयो। पांच महीनापछि विवाह भयो[33]।]

त्यसताका 'डोलाजी–प्रथा' प्रचलित थियो। तदनुसार गद्दीका वा अंशका हकदार छोरा भएनन् छोरी मात्र भइन् भने त्यस्तो बेला छोरीको विवाहको लागि दुलाहाको खोजी गरी दुलहाको डोला भित्र्याइन्थ्यो अनि विवाह रचाइन्थ्यो। विवाह भएपछि दुलहीको नाताले दुलाहा पनि हकदार मानिन्थ्यो। गोपालवंशावलीमा यस कुराको उल्लेख ठाउँ ठाउँमा आएको छ। उदाहरणार्थ नायकदेवीको हरिश्चन्द्रसंग भएको विवाहका प्रसङ्गलाई देखाउन सकिन्छ। गोपालवंशावलीकारले उक्त विवाहको कुरा यसरी टिपेका छन्–

"स ४५० पौक्षवदि १३ युथनिमंस ठाकुर मदोनिमित्तिन कोवने गाहरणं हाकुह्मर ये नेह्म दुन्ताटो चनिगल ... हरिचन्द्रदेवस गोपालदेवस ब्याह कामादेविस"

(गो. वं. ४६ पत्रबाट)

CC-0. In Public Domain. Digitization by eGangotri

[नें. सं. ४५० (वि. सं. १३०६) पौष कृष्ण त्रयोदशीको दिन युथनिमं (दरबार। मा ठाकुर नभएको हुंदा दक्षिणतिर (मधेसतिर) पसी दुइजना राजकुमार भित्र्याइए ...(अनि नायकदेवीसंग) हरिश्चन्द्रको र कामादेवीसंन गोपालचन्द्रदेवको विवाह भयो[34]। ]

यही परम्पराअनुसार राजल्लदेवीको लागि मधेस (नेपालको तराईप्रदेश वा भारतबाट स्थितिमल्ल दुलाहाका रूपमा भित्र्याइएका हुन् भन्ने कुरा गोपालवंशावलीको उपर्युक्तवर्णनबाट स्पष्ट थाहा पाइन्छ। आफ्ना योग्यता कर्मठता आदि गुणले स्थितिमल्लले नेपाली जनताको मन जिते; उनी लोकप्रिय बने। नेपाली राष्ट्रिय परम्परालाई अक्षुण्ण राखी स्थितिमल्लले नेपालको इतिहासमा आफ्नो उल्लेखनीय स्थान बनाए । तैपनि उनी नेपालको मूलगद्दीका हकदार हुनामा उनको पैतृक वंशको कुनै सम्बन्ध थिएन; राजल्लदेवीका पतिका हैसियतले मात्र उनी गद्दीका हकदार बनेका थिए। अतः तात्कालिक अभिलेख आदिमा आफ्नो वंशको चर्चा गराउनु उनको लागि त्यति अभीष्ट थिएन; त्यति आकर्षक कुरो थिएन। बरू नेपालको गद्दीमा आफ्नो दावी देखाउन राजल्लदेवीसंगको विवाहसम्बन्ध निकै सहायक हुंदा 'राजल्लदेवीका पति' भन्ने कुराचाहिं जतातते प्रख्यापन गराइएको हामी पाउँछौं[35]।

यस प्रसङ्गमा एक अर्को कुरामा पनि दृष्टि दिनु चाखलाग्दो छ। स्थितिमल्लका जेठा छोरा धर्ममल्ल बाबुको शेषपछि स्वतः महाराजाधिराज बने। तर महाराजाधिराज कहलाइसकेपछि पनि उनको प्रशस्तिमा 'युवराज' भन्ने पद पनि जोडिनैरहेको पाइन्छ[36]। साधारणतः महाराजाधिराजका रूपमा बसिसकेपछि 'युवराज' पद पनि लिइनैरहनु अनावश्यक थियो। तर राजल्लदेवीका छोराका रूपमा अघिदेखि पाएको 'युवराज' पदलाई उनले 'महाराजाधिराज' बनिसकेपछि पनि त्यतिकै महत्त्वपूर्ण ठानेका रहेछन्; यसो हुंदा अभिलेखहरूमा समेत उक्त कुरा विचित्र रूपमा कुंदाउन पुगेको हामी पाउंछौं। यसबाट तात्कालिक अवस्थाको झलक हामी पाउँछौं।

माथिका कुराबाट अब स्थितिमल्ल कर्णाटवंशी हरसिंहदेवका वंशज होइनन् भन्ने कुरा स्पष्ट रूपमा देखिन आएको छ । उनी कर्णाटवंशज हरसिंहदेवका सन्तान भएका भए हरसिंहदेवकै नातिनी राजल्लदेवीसंग उनको विवाह अवश्य पनि गराइनु सम्भव थिएन । एउटा कुरा–स्थितिमल्लका वंशज प्रतापमल्लहरूले आफूलाई कर्णाटवंशी हरसिंहदेवका वंशज भनी दावी गर्नामा चाहिं केही अंशमा सत्यता रहेको थियो । राजल्लदेवी हरसिंहदेवकी नातिनी हुनाले ज्योतिर्मल्लहरूको चाहिं आमापट्टिबाट कर्णाटवंशसंग सम्बन्ध रहेको स्पष्ट छ। यसै हुंदा प्रतापमल्लहरूले आफ्नो वंशको वर्णन गर्दा हरसिंहदेवको सम्मानसाथ वर्णन गर्ने अनि स्थितिमल्लको नामै नलिई यक्षमल्लदेखिको मात्र वर्णन गर्ने गरेका रहेछन् । सो रहस्य पहिले थाहा नपाउँदा प्रतापमल्लहरूका शिलालेखहरूको आधारमा 'यक्षमल्ल कर्णाटवंशी हरसिंहदेवका सन्तान भएपछि उनका बाजे स्थितिमल्ल पनि कर्णाटवंशज हुनामा शङ्का छैन' भन्ने तर्क हामीले गरेथ्यौं । डोलाजीप्रथाको कुरा अब खुल्न आएकोले ज्योतिर्मल्लहरूको

CC-0. In Public Domain. Digitization by eGangotri

हर्षसिंहदेवको वंशसंग सम्बन्ध रहे तापनि स्थितिमल्लको चाहिं त्यस वंशसंग सम्बन्ध थिएन भन्ने स्पष्ट देखिन आएको छ ।

यति कुराबाट स्थितिमल्ल कुन वंशका हुन् भन्ने कुराको समाधान गर्नु सजिलो छैन भन्ने देखिएको छ । डोलाजी–प्रथाअनुसार मधेसबाट दुलाहाका रूपमा उनलाइ भित्र्याइएको हुनाले उनको वंशको परिचय तत्कालिक स्रोतमा जानाजान दिइएको छैन । पछिका वंशावली आदि स्रोत पनि भरपर्दा छैनन् । सामान्यतः हर्षसिंहदेव र स्थितिमल्लको समयमा २९ वर्षको सिवाय अन्तर देखिएको छैन[37] । तर वंशावलीहरूमा भने हर्षसिंहदेव र स्थितिमल्लमा बढीमा दश पुस्ता, घटीमा पाँच पुस्ताको अन्तर देखाइएको छ: जुन कुरा कल्पित हो भन्ने स्वतः स्पष्ट छ । यस कारण स्थितिमल्ल कुन वंशका हुन् भन्ने कुराको टुङ्गो लाग्ने लक्षण देखापर्दैन ।

## टिप्पणीहरू–

1. धनवज्र वज्राचार्य, 'शक्तिशाली भारादार रामवर्द्धनहरू र तात्कालिक नेपाल' पूर्णिमा ७ पूर्णाङ्क, संशोधन-मण्डल, काठमाडौं, वि. सं. २०२२, पृ. १२
2. रक्षाव्यवस्थातिर स्थितिमल्लले विशेष ध्यान दिएको कुरा गोपालवंशावलीबाट थाहा पाइन्छ । ५७,५९,६०,६१ पत्र ।
3. धनवज्र वज्राचार्य, 'चीनका मिङवंशी बादशाहले शक्तिसिंहरामलाई पठाएको परवाना' भ्वाइस् अफ्-हिस्ट्री, भाग १ त्रि. वि. इतिहास सङ्घ, वि. सं. २०३१, पृ. २५-२८
4. गोपालराजवंशावलीबाट यस कुराको पुष्टि हुन्छ । त्यहाँ एक ठाउँमा 'श्रीश्रीजयस्थिति-राजमल्लदेवस विजयराजस लिछिबु ह्वीनो चानो खुंमदो जुरोम् (श्रीश्रीजयस्थितिमल्लदेवको विजयराज्यभरि रातमा पनि दिनमा पनि चोरी भन्ने नै भएन) भनेर लेखिएको छ । गो. वं. ५७ पत्र ।
5. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, पाञ्चाली शासन पद्धतिको ऐतिहासिक विवेचना त्रि. वि. नेपाल र एशियाली अनुसन्धानकेन्द्र, काठमाडौं, वि. सं. २०३५, पृ. १३४-१३८
6. स्थितिमल्लको पालामा लेखिएका 'भैरवानन्द' नाटक आदि ग्रन्थले त्यसवेला विद्याको क्षेत्रमा पनि उन्नति भएको कुराको पुष्टि गर्छन् ।
7. उनका पालाका धातुका मूर्ति आदिबाट उक्त कुराको पुष्टि हुन्छ ।
8. तात्कालिक अभिलेखबाट यस कुनाको पुष्टि हुन्छ ।
9. 'भारतीय नाट्यशास्त्र' भन्ने एक हस्तलिखित ग्रन्थको खाली पानामा तत्काल टिपिएको सो पद्य यसप्रकारको छ–

CC-0. In Public Domain. Digitization by eGangotri

"याते कामशरंकभूतसहिते नेपालिके हायने
षष्ठयां भाद्रपदेऽसिते रविदिने ऋक्षे तथा त्वष्टरि ।
मध्याह्ने स्थितिराजमल्लनृपतिः स्वर्गाविरोह गतो
हाहाकारखः सशोक वचन व्याप्तं प्रजानां मुखम् ॥"

संशोधन-मण्डल, इतिहास संशोधनको प्रमाणप्रमेय जगदम्बाप्रकाशन, ललितपुर, वि. सं. २०१६, पृ. ३८

10. योगी नरहरिनाथ, दिव्यउपदेश सातौं संस्करण, वि. सं. २०१६, पृ. १२

11. गोपालवंशावलीमा ने. सं. ५०६ सम्मका घटना टिपिएका छन्; स्थितिमल्लका साना साना घटनालाई पनि महत्व दिई वर्णन गरिएको छ; यसबाट गोपालवंशावली स्थितिमल्ललाई रिझाउन लेखिएको हो भन्ने स्पष्ट छ

12. गोपाल वंशावली, २९, ३० पत्र

13. भोलानाथ पौडेल, धनवज्र बज्राचार्य र ज्ञानमणि नेपाल, 'अर्जुनमल्ल-जयस्थितिमल्लसमयाभिलेख,' संस्कृत-सन्देश १।१०, काठमाडौं वि. सं. २०१०, पृ. १४

बाबुराम आचार्य र नयराजपन्त, 'मल्लसमयाभिलेख' संस्कृतसन्देश १।८, काठमाडौं वि. सं. २०१०, पृ. ४६

14. संशोधन-मण्डल, इतिहास-संशोधनको प्रमाणप्रमेय जगदम्बाप्रकाशन, ललितपुर, वि. सं. २०१६, पृ २९

15. योगी नरहरिनाथ, 'जयज्योतिर्मल्लशिलालेख' संस्कृत-सन्देश १।१२, पृ ६६

16. भक्तपुर तौमढीटोलको वृहत् शिलालेख र यक्षमल्लका अरू शिलालेखमा पनि उनका लामा प्रशस्ति परेका छन् ।

17. गौतमवज्र वज्राचार्य, हनूमानढोका राजदरबार त्रि. वि. नेपाल र एशियाली अध्ययन संस्थान, १९९,२०२ संशोधन-मण्डल अभिलेख-संग्रह भाग ६ पृ. ९

18. शङ्करमान राजवंशी र ज्ञानमणि नेपाल, 'काष्ठमण्डपे प्रतापमल्लस्य शिलालेखः 'संस्कृतसन्देश' १।३ वि सं २०१०, पृ. १-३

योगी नरहरिनाथ, 'जयप्रतापमल्लदेवस्य शिलालेख' संस्कृत-सन्देश १।२, पृ १८

19. रामजी तेवारी र अरू, अभिलेख संग्रह भाग ६, संशोधन-मण्डल. काठमाडौं, वि. सं. २०१६, पृ ९

20. हनूमान्ढोका राजदरबार पृ. २३६

21. देवीप्रसाद लंसाल, भाषावंशावली श्री ५ को सरकार शिक्षा मंत्रालय पुरातत्वविभाग, राष्ट्रिय पुस्तकालय, काठमाडौं, वि. सं. २०२३, पृ. ३५-३७

22. धनवज्र वज्राचार्य, 'मध्यकालका शुरूका केही अभिलेख' परिशिष्ट, कन्ट्रिब्युसन टु नेपालिज् स्टडिज् भाग ५ अङ्क १, त्रि. वि. नेपाल र एशियाली अनुसन्धान केन्द्र, काठमाडौं वि. सं. २०३४, पृ. १२१

CC-0. In Public Domain. Digitization by eGangotri

23. कर्कप्याट्रिक, ऑन् ऐकाउन्ट अफ् द्वि किङ्गडम् अफ् नेपाल मञ्जुश्री पब्लिशिङ्ग् हाउस न्यू दिल्ली, पुनर्मुद्रण ई. सं. १९६९, पृ. २६६
24. डेनियल राइट, हिस्ट्री अफ् नेपाल द्वितीयसंस्करण, सुशीलगुप्त प्राइभेट लिमिटेड, कलकत्ता ई. सं. १९५८, पृ. १०८-९
25. स्थितिमल्लको वंशबारे चर्चा गर्दा सिलमाँ लेभी लगायत पछिका इतिहासकारहरूले प्रायः उही कुरा शब्दान्तरमा दोहऱ्याएका छन् । तिनको विवरण दिनु आवश्यक नदेखिएको हुँदा यहाँ खुलाएर नलेखिएको हो ।
26. धनवज्र र ज्ञानमणि, इतिहास-संशोधन १ संख्या. काठमाडौं, वि. सं. २०१०, पृ. २-३
27. संशोधनमण्डल, इतिहास-संशोधनको प्रमाणप्रमेय पृ. २९
28. धनवज्र वज्राचार्य 'शक्तिशाली भारादार रामवर्द्धनहरू र तात्कालिक नेपाल' पूर्णिमा ७ पूर्णाङ्क, १४-१५
29. उही, पृ. १४
30. उही, पृ. १५-१६
31. उही, पृ. १६-१७
32. उही पृ २०
33. संशोधन-मण्डल, इतिहास संशोधनको प्रमाण प्रमेय पृ. ३३
34. पूर्णिमा ७ पूर्णाङ्क, पृ. १५
35. स्थितिमल्लका पालाका शिलालेख, हस्तलिखित ग्रन्थहरूमा यो कुरा परेको छ। तिनमा केहीको उल्लेख माथि परिसकेको छ।
36. संस्कृत-सन्देश १।११, पृ. ४६,
37. हरसिंहदेवको मृत्यु वि. सं. १३८२ माघमा भएको हो । स्थितिमल्लको राजल्लदेवीसंग विवाह वि सं. १४११ मा भएको हो । यसबाट ती दुइको समयमा साधारणतः २९ वर्षको मात्र अन्तर रहेको पाइन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

# टिप्पणी

–श्री नयनाथ पौडेल

श्री धनवज्र वज्राचार्यले आफ्नो लेखमा जयस्थिति मल्लको वंश पत्ता लाग्नेलक्षण देखापर्दैन भनी अप्रत्यक्ष रूपमा जयस्थिति मल्लको वंशबारे खोजनीति गर्नु आवश्यक छैन भन्ने विचार व्यक्त गर्नु भएको छ। तर इतिहासको खोजीको क्रममा कैयन वर्ष पछि पनि सामग्रीहरू फेला पर्दै जाने भएकोले जयस्थिति मल्लको वंश सम्बन्धि अनुसन्धानको काम जारी नै रहनु पर्दछ भन्ने मेरो विचार छ। जयस्थिति मल्लको वंश टुङ्गो लाग्ने लक्षण छैन भनी अहिले नै निर्णयगर्नु उचित देखिँदैन।

◈

–भुवनलाल प्रधान

जयस्थिति मल्लको सम्बन्धमा यो पनि सम्भव छ कि उनी आफैं मल्ल वंशका थिएनन् तथा मल्ल गद्दीका हकदार राजल्लदेवी मल्लसित विवाह गरेको एवं मल्ल गद्दीमा बसेको आधारमा 'मल्ल' पदवी धारण गरेका थिए अथवा अघिल्लो मल्ल वंशका संस्थापक अरिदेव (सं. १२५६–१२७३), नागराजा जितारि (सं. १३४५); पालराजा आदित्य (सं. १३८५) ले पछि मात्र 'मल्ल' पदवी ग्रहण गरेझैं स्थितिमल्लले पनि पछि 'मल्ल' पदवी लिएका थिए।

तर डि. राइटको हातमा परेको वंशावली, राजभोगमाला वंशावली, केशरपुस्तकालय वंशावलीमा यसो लेखिएको छः

"...यी (भक्तपुरका राजा) श्यामसिंहका छोरा नभई नरेन्द्र लक्ष्मी, नृपेन्द्र लक्ष्मी र मुनीन्द्र लक्ष्मी नाउँको तीन छोरी मात्र थिए। जेठी नरेन्द्र लक्ष्मीलाई यिनका पुर्खानान्य-देवले नेपाल स्वाधीन गर्दा तिरहुत भगाएका नेपाली मल्ल राजाका सन्तान जयभद्र नामक मल्ल क्षत्रियसंग विवाह गरिदिएका थिए। आखिरसम्म पनि छोरा नहुँदा तिनै जयभद्रलाई राज्याभिषेक दिई आफू बाग्मती आर्या तीर्थमा प्राण त्याग गरेर परलोक भए। यी जयभद्र मल्लले वर्ष १५ राज्य गरे। यिनका राज्य समयमा अघिका यश शहरका राजाका सन्तति फेरि राजा हुन आए भनी नवदुर्गागणहरू बहुत प्रसन्न भए। उनका राज्यकालदेखि त्यस देशका

CC-0. In Public Domain. Digitization by eGangotri

आग्नेय तर्फका खेतमा धान झाट्दा अन्नको ठूलो रास भई मानिसले धेरै ओसार्दा पनि नसकिएर पूर्ण भइरहेको रास थुंको... अद्यापि छंदेछ।"

उपरोक्त उद्धरणमा उल्लिखित नान्यदेव उपत्यकामा हमला गर्न आएको, जयभद्र भक्तपुरको राजा भएको, (पछि अशोकमल्ल ललितपुरका राजा भएको) इत्यादि कुरा ऐतिहासिक तवरले नमिले पनि त्यही कारणबाट स्थितिमल्ल तिरहुते जयभद्रमल्लका सन्तान अशोकमल्लका छोरा हुनै सक्तैनन् भन्ने प्रमाणित हुंदैन।

तसर्थ जयस्थिति मल्ल अगाडि कुनै समयमा, कुनै कारणले तिरहुततिर गएका भक्तपुर राजघरानका कुनै मल्लका सन्तान जयभद्रमल्लको चार पुस्ता (नागमल्ल, जगज्जयमल्ल, नागेन्द्रमल्ल, उग्रमल्ल) पछिका अशोकमल्लका छोरा हुन सक्नु असम्भव होइन। वंशावलीहरूमा किटानसाथ दिइएका नाउँहरू कोरा काल्पनिक एवं एकदम विचारणीय छंदैछैनन् भन्न पनि हुंदैन। गोपाल वंशावलीको 'कोयनम् विज्याङा' शब्दले स्थितिमल्ल तलतिर, सम्भवतः दक्षिणी इलाका, मध्येश, तराई, तिरहुत कतैबाट ल्याइएको संकेत गरेकै छ। सं. १४११ ताका उपत्यकाको दक्षिणी, पश्चिमी इलाकामा यताउति मल्लहरूको राज्य वा बस्ती भएको प्रमाणित इतिहासबाट भइरहेकै छ।

◈

-सूर्यमणि अधिकारी

आफ्नो गोष्ठीपत्रको निष्कर्षमा श्री धनवज्रजीले लेख्नु भएकोछ- "यसकारण स्थितिमल्ल कुन वंशका हुन भन्ने कुराको टुंगो लाग्ने लक्षण देखा पर्दैन।" उहाँले आफ्नो लेखमा स्थितिमल्ल कर्णाटवंशी होइनन् भन्ने कुरा चित बुझ्दो तवरबाट स्पष्ट गर्नु भएकोछ। उनी नेपाल उपत्यकाका पनि होइनन् भन्ने कुरा उनकै पालामा लेखिएको गोपाल राजवंशावलीको निम्न उद्धरणबाट विदित हुन्छ।

"ने. सं. ४७४ (वि. सं. १४११) आश्विन शुक्ल नवमीको दिन श्री जयस्थितिराजमल्लदेव विदेशबाट आउनुभई भक्तपुरमा पसी त्यखोमा बस्नुभयो। पांच महीनापछि विवाह भयो।"

-गो. व. ५३ पत्रबाट (नेवारीबाट नेपालीमा अनुवाद गर्ने श्री धनवज्र वज्राचार्य)

स्थितिमल्ल नेपाल उपत्यकाका पनि होइनन् र कर्णाटवंशी पनि होइनन् उसोभए यिनी को हुन् त यही कुराको निर्णय नभएको हो।

स्थितिमल्ल पश्चिम नेपालका खसिया मल्लका वंशज हुन् कि भन्ने शंका उठाएकाछन् लुशियानो पेटेकले (Medieval History of Nepal P. 123)। यसैगरी स्थितिमल्ल

CC-0. In Public Domain. Digitization by eGangotri

सिजापति मलयवर्माका भाइ भतिजा हुन सक्छन् भन्ने अनुमान गरेका छन् – मोहन बहादुर मल्लले पनि (सिजा इतिहासको डोरेटो पृ. ४०,४१)। निम्नलिखित कुराहरूको स्थितिमल्ल पश्चिम नेपालका खसमल्लका वंशज हुन् भन्नें मेरो पनि अनुमान छ।

१) गोपाल वंशावली अनुसार स्थितिमल्ल विदेशी थिए। त्यसवखत नेपाल उपत्यकाको लागि विदेश भन्नाले हिन्दूस्थानमात्र नभएर पश्चिम नेपालको खस राज्य पनि हुन सक्दथ्यो।

२) राजल्लदेवीको आमा नायकदेवीको पहिलो विवाह काशीका युवराज हरिश्चन्द्रसंग भएको थियो। हरिश्चन्द्रको हत्या गराएपछि नायकदेवीलाई कर्णाटवंशका जगतसिंहले राखे। जगतसिंहकी रखैल नायकदेवीबाट जन्मिएकी छोरी राजल्लदेवीलाई हिन्दुस्थानका शुद्ध क्षत्रीय भनी आँफूलाई गर्व गर्ने राजकुमारले विवाह गर्न तत्कालीन सामाजिक परिपेक्ष्यमा अलि अप्ठचारै थियो। त्यसोहुंदा स्थितिमल्ल हिन्दुस्थानका तथाकथित शुद्ध क्षत्रीय थिएनन् भन्ने देखिन्छ। कुल घरानाका शुद्ध क्षत्रीय भए कुल घरानाको त्यस्तो विघ्न महत्व भएको वेलामा स्थितिमल्लले पनि सगर्व आपनो वंशको बखान गर्ने थिए तर उनले यस विषयमा केही लेखाएका छैनन्।

३) त्यसवखत हिन्दूस्थानमा खसहरूलाई हेय दृष्टिले हेरिन्थ्यो। दक्षिणका भागवत धर्मावलम्वीहरूले खसहरूलाई शुद्रको श्रेणीमा पुऱ्याएका छन् (मनु स्मृति–१० : ४३,४४)। यसो हुंदा सिञ्जाका खस मल्ल राजाहरूले आफूलाई खस भन्न हिचकिचाएर आपनो वंशको उल्लेख गरेका छैनन्। त्यहांका राजा आदित्यमल्ल पुण्यमल्लहरूले आपनो वंशवारे केही लेखेका छैनन्। दुल्लुको कीर्तिस्तम्भमा तेतिस जना राजा तथा राजकुमारहरूको नाउँ लेखाउने पृथ्वीमल्लले खस राज्यका संस्थापक नागराज कुन वंशका थिए त्यतिसम्म पनि जानकारी दिएका छैनन्। यसरीनै आपनो वंशको उल्लेख नगर्नेमा स्थिति मल्ल पनि देखिएका छन्। स्थितिमल्ल खस मल्लका सन्तान भएकाले आपना पूर्खाहरूको नाम दिन नचाहेका त होइनन् भन्ने प्रश्न यहांनेर उठ्दछ।

४) नेपाल उपत्यकामा डोलाजी प्रथा प्रचलित भए पनि सुदूर पश्चिम नेपालमा जस्तो घर-ज्वाईं बस्न आउनेले शशुराकै थरगोत्र अपनाउनु पर्ने चलन यतातिर रहेनछ भन्ने देखिन्छ। त्यस्तो चलन यतातिर पनि भए स्थितिमल्लले आपना शशुरा जगतसिंहको जस्तै पारिवारिक नाम 'सिंह' लेख्नु पर्ने थियो। स्थितिमल्लले सिंह नलेखिकन मल्लनै लेखेकाले उनका वावुको मल्ल रहेछ भन्ने देखिन्छ। राजघरानाका कुमारी राजल्ल-देवीलाई विवाहगर्न उपयुक्त हुने खालका मल्लहरू नेपाल उपत्यका बाहिर नेपालको निकटवर्ती भूभागमा पश्चिम नेपालका खसिया मल्ल बाहेक अरु मल्ल भएको देखा पर्दैनन्। एकातिर राजल्लदेवी त्याइते पट्टिकी छोरी थिइन्, अर्कोतिर शक्ति र वैभव आर्जन गरे पछि पश्चिम नेपालका खस मल्लहरूले आंफूलाई क्षत्रीको दर्जामा विस्तारै

CC-0. In Public Domain. Digitization by eGangotri

उकास्तै लगेका थिए। नेपाल उपत्यकामा पहिलो पटक आक्रमण गर्ने खस राजा जितारीले आफ्नो बाबुको 'चल्ल' पद छोडेर मल्लपद लिएका थिए । यसो हुँदा जातिगत दृष्टिले पनि राजल्लदेवी र खसका सन्तान स्थितिमल्लको वैवाहिक सम्बन्ध मिल्दो जुल्दो देखिन्छ।

५) स्थितिमल्लले आफ्ना पूर्खाहरूको नामोल्लेख नगराएको भए तापनि आँफूलाई 'सूर्यवंशी क्षत्रीय' सम्म भनाएका छन् । पश्चिम नेपालका पुण्यमल्ल पृथ्वीमल्लहरू पनि पैतृका लाइनका हिसावले आदित्य वंशी पालका सन्तान थिए (इतिहास प्रकाश, २१ पृ. ५८–६१) । पुण्यमल्लले खस राजकुमारी शकुनमालालाई विवाह गरी घर ज्वाईं बसेका हुनाले मात्र त्यतातिरको चलन अनुसार उनले आफ्नो पैतृक थर पाल छोडेर शशुराको थर मल्ल लिएका थिए । स्थितिमल्ल पनि पुण्य मल्ल पृथ्वीमल्लका वंशज भएमा नेपाल उपत्यका तिरको चलन अनुसार उनले आँफूलाई सूर्यवंशी भनेर लेख्न मिल्ने देखिन्छ ।

६) श्री मोहनप्रसाद खनालजीका प्रयाशबाट प्राप्त हुन आएका प्रमाणअनुसार खस राज्यको सीमाना पूर्वमा कमसेकम त्रिशूली नदीसम्म फैलिएको थियो । आक्रमण गर्ने अथवा घर्मगर्ने उद्देश्य लिएर पश्चिम नेपालका खस राजाहरू तथा उनीहरूका सैन्यहरू सातपटकसम्म नेपाल उपत्यकामा आएको कुरा गोपाल वंशावलीले उल्लेख गरेको छ । यस कुराको पुष्टी अन्य प्रमाणहरूबाट पनि भएको छ । पुण्य मल्लको पालामा वि. सं. १३९१ मा नेपाल उपत्यकामा आक्रमण गर्न आएको खस सैन्य छ महीनासम्म यहाँ बसेर स्वदेश फर्केको थियो । यसरी नेपाल उपत्यका र खस राज्यको सीमाना जोडिएको तथा दुवैतिरका राजा र भाइ भारदारहरू जस्तोसुकै उद्देश्यले भए पनि बराबर संपर्कमा आएका देखिँदा यी दुवै राज्यका बीचमा वैवाहिक सम्बन्ध कायम हुनु असंभव देखिदैन ।

७) श्री धनवज्रजीले पुण्यमल्लको पालामा नेपाल उपत्यकामा आएको खस सैन्य तिरहुतेहरूको विरूद्ध एकपक्षको मद्दतगार बनी आएको अनुमान गर्नुभएको छ (कर्णाली प्रदेश एकबिटो अध्ययन, पृ. ३९) । त्यसबखत तिरहुतेहरू नेपाल उपत्यकामा आफ्नो प्रभाव जमाउनमा प्रयत्नशील थिए । हरिसिंहदेवकी रानी देवलदेवीले यस कार्यमा मुख्य भूमिका खेलेकी थिइन् । देवलदेवी अत्यन्त योग्य महिला थिइन् । छ महीनासम्म नेपाल उपत्यकामा बसेको खस सैन्यलाई दण्ड बुझाई उपत्यकाबाट फिर्ता पठाउन देवलदेवी र उनका सहयोगी सफल भएको देखिन्छ । त्यसबखत यस भेकमा खस राज्य शक्ति ज्यादै महत्वपूर्ण शक्ति थियो । यस कुरालाई देवलदेवी जस्तो चतुर महिलाले नबुझ्ने कुरै थिएन । जहिले पनि नेपाल उपत्यकालाई खस राज्य शक्तिबाट भय भइरहन्थ्यो । यसोहुंदा नेपाल उपत्यकामा आँखा लगाएका तिरहुते र खसहरूको बीचमा सम्बन्ध कायम गराई नेपाल उपत्यकालाई भय र खिचातानीबाट मुक्त गराउन देवलदेवीले आफ्नो नातिनी-

CC-0. In Public Domain. Digitization by eGangotri

राजल्लदेवीको विवाह खस कुमार स्थितिमल्लसंग गराई राजनैतिक दृष्टिले दूरदर्शितापूर्ण कदम उठाएको पनि त हुन सक्दछ।

जुनवखत राजल्लदेवी र स्थिति मल्लको विवाह भयो त्यसवेलासम्म पृथ्वीमल्ल जीवितै थिए र खस राज्यको गौरव चरमोत्कर्षमा थियो। जितारिमल्ल पछि पृथ्वीमल्ल पहिलेका धेरै खस राजाहरूले नेपाल उपत्यकामा आक्रमण गरेका थिए। तर यातायात र अन्य कठिनाईहरूले गर्दा उनीहरूले स्थायी रूपमा नेपाल उपत्यकामाथि अधिकार कायम गर्न सकेनन्। यो परिस्थितिलाई पृथ्वीमल्लले पनि बुझे। यसो हुँदा नेपाल उपत्यका माथि वरावर आक्रमण गर्नु भन्दा यहाँ आफ्नै घरानाका स्थितिमल्ललाई पठाएर राजल्लदेवीसंग विहेगर्न लगाएको हुनसक्छ।

८) लिच्छविकालीन नेपालको सामाजिक व्यवस्था सुसंगठित भए पनि पूर्वमध्यकालीन नेपाल उपत्यकामा भने राजनैतिक अस्थिरता, वज्रयानको प्रभाव तथा मुसलमानहरूको आक्रमण आदि कारणहरूले गर्दा हिन्दू परम्परा अनुसारको सामाजिक व्यवस्था नराम्रोसंग खलवलिएको थियो। आंफूले राजसत्ता प्राप्त गरे पछि विभिन्न जात जातिहरूलाई पेशा तथा दर्जागत आधारमा वर्गिकरण गरी स्थितिमल्लले स्थिति बांधेका थिए। उता खस राज्यमा पनि यस प्रकारको चलन रूढ भएको थियो। अधिकारी, कार्की, खड्गा, भण्डारी, उपाध्य, आचार्य, जोइसी (जैसी) थापा, रोकाया आदि दर्जा तथा पेशाका नामहरू थिए। कालक्रमेण थरमा परिणत हुन गएका थिए। यसप्रकारको व्यवस्थालाई स्थितिमल्लले पनि नेपाल उपत्यकामा लागु गराएको देखिन्छ।

९) वि. सं. १४३३-३४ तिर खस राज्यका राजा अभय मल्लले जारी गरेका दुईवटा ताम्रपत्रमा जयतवर्मा भन्ने व्यक्ति दृष्टसाक्षीको रूपमा रहेका देखिन्छन् (यी ताम्रपत्रका प्रतिलिपी मसग पनि छन्)। यतातिर नेपाल उपत्यकामा स्थितिमल्लको उत्थान गर्ने कार्यमा महामात्य जयतवर्माको महत्वपूर्ण हात रहेको देखिन्छ (D. R. Regmi-Medieval Nepal, Vol. I. PP. 345-59)। वि सं. १४३३-३४ तिर अभयमल्लको ताम्रपत्रमा देखिएका जयतवर्मा यसको दुईवर्षपछि वि. सं. १४३६ मा स्थितिमल्लका प्रधानमन्त्रीको रूपमा रहेका देखिन्छन्। संयोगले गर्दा नाम मिलन गएको ठानेमा पनि एउटा अर्को पक्ष पनि विचारणीय छ। स्थितिमल्लको उत्थानकालताका नेपाल उपत्यकामा प्रभावशाली वर्मान्त नामधारी व्यक्तिहरूको अस्तित्व रहेको जानकारी छैन। एक्कासी जयतवर्मा स्थितिमल्लका महामात्य हुन आईपुगेको देखिंदा अभयमल्लले आफ्ना सामन्त जयतवर्मालाई आफ्ना भैयाद स्थितिमल्लको सहयोगको लागि पठाएका हुन् कि भन्ने देखिन्छ।

१०) राजल्लदेवी राजघरानाकी कुमारी भए पनि राजगद्दीको उत्तराधिकारिणी भने थिइनन्। यसो हुँदा स्थितिमल्ल राजल्लदेवीका पति हुँदैमा राजा हुन पाउने अवस्था थिएन।

CC-0. In Public Domain. Digitization by eGangotri

देवलदेवीको सहयोग मात्रले पनि स्थितिमल्ल राजा हुन सकेका होइनन् । त्यसवखतका शक्तिशाली भारादार रामवर्धनहरू र गद्दीनसिन राजा अर्जुन मल्लको मुकाविला गरी राजगद्दी हत्याउन स्थितिमल्ललाई ठूलै शक्तिले साथ दिएको महशुश हुन्छ । त्यो शक्ति पश्चिम नेपालको खस राज्य शक्ति हुनमा धेरै संभावना छ । वैवाहिक सम्बन्धले गर्दा खसहरूको तिरहुतेहरूसंग राम्रो संवन्ध छँदै थियो ।

यस्तो अवस्थामा आफ्ना भैयाद खस मल्लहरूको सहयोगले स्थितिमल्ल नेपाल उपत्यकाको राजगद्दी हात लगाउन सफल भएका हुन सक्छन् ।

११) नेपाल उपत्यकाका स्थितिमल्ल भन्दा पहिलेका राजाहरूले आफ्नो विरूदावलीमा 'असुरनारायण' भनी विशेषण लिएको देखिदैन। ने. सं. ५१२ को पाटन कुंभेस्वरको अभिलेखमा स्थितिमल्ललाई 'असुरनारायण' भनिएको छ (D. R. Regmi–Medieval Nepal, Vol. III, P. 33) । यसै प्रकार पश्चिम नेपालका पृथ्वीमल्ल, अभयलल्लहरूले 'वलिनारायण,' 'असुरनारायण' आदि विरुद लिएको पाइन्छ । अतः यी दुवैथरि 'असुरनारायणहरू' एउटै वंशका हुन सक्ने संकेत पाइन्छ ।

यसरी उपरोक्त कुराहरूको आधारमा स्थितिमल्ल पश्चिम नेपालका खस मल्लका सन्तान हुन् भन्ने देखिन आएको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

# The 1923 Treaty Of Friendship Between Great Britain And Nepal : A Critical Appraisal

-Hemanta Rana

This mini paper is designed specifically to raise a few related questions regarding the real significance or "place" that the said Treaty occupies in the history of this country. Was this Treaty the crowning achievement of the Rana ruler who signed it or was it a mere camouflage through which the British further whittled away Nepal's sovereignty ? Did this Treaty raise Nepal's status as a full and equal member of the comity of nations or did it simply confirm her position as a glorified member of British India's Protectorates ? And finally, can we acknowledge this Treaty as the principal if not the only contribution of the Ranas in their 104-year old rule or misrule, if yon like, of this country, or do dismiss it as just another ploy i. e. Rana-British Collaboration by which they tightened or/ and lengthened their family dominance over the Nepalese people ? These are evidently very controversial questions. I hope that by raising them here in this rather abrupt form and by attempting to answer them basically in the light of primary source materials which I had the privilege of copying from the Ministry of Foreign Affairs' archives, Singha Durbar; I will have succeeded in arousing your interest and eliciting your comments on one or other aspect of this controversy.

After an extensive research and analysis of diplomatic correspondence between the then British and Nepalese Governments, Asad Husain testifies that this Treaty could be looked upon by Prime Minister Chandra Shumsher "with justification as the crowning achievement of almost a quarter of a century of diplomatic effort".[1] After going through those correspondence myself, I cannot but endorse this particular pronouncement of Dr. Husain. One can appreciate Chandra Shumsher's success in getting this Treaty signed by the British

CC-0. In Public Domain. Digitization by eGangotri

Government only after accounting for the immense hurdles that he had to overcome before finally "compelling" them to mutually "acknowledge and respect each other's independence, both internal and external"[2] in Treaty form itself. This unequivocal recoginition of Nepal's independence may seem to the present generation of Nepalese youths to be quite insignificant in the light of their country's active role and position in current international affairs. They may tend to dismiss it as simply "academic". But to Chandra Shumsher and his contemporaries this was no simple academic matter. It was a question of vital importance. British recognition or otherwise of Nepal's independent status meant continued existence as a distinct and free nation or eventual absorption into the British Empire. This realization marked the cornerstone of Maharaja Chandra's policy towards the British. It may be noted here that from the very beginning of his Prime Ministership Chandra Shumsher had to contend with such hard line British Imperialists like the redoubtable Nathaniel Hawthorne Curzon-better known to students of Indian history as Lord Curyon. It was ironic that propounder of the Forward School of British Imperialism should be the incumbent Viceroy in India when Maharaja Chandra took over the reins of administration in 1901 A. D. It was even more ironic and coincidental that the same Lord Curzon should be the Foreign Secretary of England when the question of framing this Treaty arose in 1921 ! One can imagine the mental and diplomatic tug of-war that these two giants indulged in pursuance of their respective policy objectives. While it was Chandra's avowed aim to secure an independent status for his country it was equally an avowed aim of Curzon's to subordinate if not incorporate Nepal in the Indian Empire.[3] Thus, despite of Chandra's uncalled for help in making a grand success of the hasty Younghusband Mission of 1903-4 A.D., Curzon paid back his debt of gratitude by creating Chandra a Grand Commander of the Star of India while at the same time equating Nepal with native Indian States in the 1908 edition of the Imperial Gazetteer of India. As Shushila Tyagi notes:

> Referring to the political status of Nepal, the editor of the Imperial Gazetteer remarked that it was "some-what difficult to define". It may be said to stand intermediate between Afghanistan and the native States of India. The point of resemblance to Afghanistan is the complete freedom which Nepal enjoys in the management of its internal affairs, while in both countries foreign relations are controlled by the Indian Government. The analogy to the native States is that by a specific treaty Nepal is obliged to receive a British Resident at Kathmandu, and cannot take Europeans into service without the

CC-0. In Public Domain. Digitization by eGangotri

sanction of the Indian Government.[4]

The above wording to the Gazetteer, it may be noted, is markedly similar to the words used by Curzon in his Memorandum on Nepal in 1903 A.D.[5] Furthermore, this quotation of part of Curzon's letter to the Secretary of State in London on 11 June 1903, makes clear whose words if not views regarding the status of Nepal were used by the editor of said Gazetteer:

> It does not seem to be necessary to define the precise nature of **our protectorate.** It is less stringent than our relations with **other** native states; it is more stringent than our treaty protectorate over Afghanistan. It approximates perhaps more closely to our connection with Bhutan than with any other native state.[6] (bold mine.)

This attitude of Curzon and the pointed derogation of his country in the Imperial Gazetteer came as great shock to Chandra Shumsher–specially since the former i. e. 1878 edition of same Gazetteer had listed Nepal as a "purely foreign and independent kingdom".[7] But What could Chandra do under the given circumstances ? A small Asiatic country like Nepal was in no position to take any kind of action against the British Empire which was then at the zenith of its power and prestige. Chandra Shumsher, therefore, could either follow the policy of his predecessors by further isolating his country and himself from the British or endeavour to "correct" or improve Nepal's status by gradually convincing the British through persuasion and diplomacy. And it was precisely this latter option which he chose to pursue. At first this policy of ingratiating the British seemed incapable of inducing them to voluntarily acknowledge Nepal's independent status. But, through a consistent show of friendship, respect, and most important of all, service Chandra Shumsher was able eventually to get the desired result for his country. After all, why else would a great world power like Britain undertake to acknowledge the independece of a state which it regarded for all practical purposes to have fallen within its jurisdiction ? Nepal had to offer something substancial or/ and demonstrate her usefulness as friend and ally before Britain would even consider such an acknowledgement. Chandra Shumsher offered the prospect of freer recruitment of Gurkhas for the British Indian armies and did not fail to offer military assistance whenever required by them. His prompt and wholehearted support for the British cause in the First World War and the Third Anglo-Afghan War of 1919 not only demonstrated the worth of Nepal as friend and ally, but also placed the British Government under heavy obligation to himself and his country. And Chandra Shumsher tactfully used this sense of gratitude on the

CC-0. In Public Domain. Digitization by eGangotri

part of the British to raise the status of Nepal unmistakably by asking them to sign a new Treaty of Friendship in which they were required to acknowledge unequivocally the independence of this country. Viewed from this angle, therefore, we can see why Asad Husain has designated it as the crowning achievement of a quarter of a century' diplomatic effort of Maharaja Chandra Shumsher.

But there are some cynics like the late Colonel Bhim Narsingh Rana who see all kinds of sinister hidden meanings in the wordings of the Treaty.[8] They argue that inspite of the unequivocal wording in Article I of said Treaty, it nevertheless brought no change in Nepal's status as a protectorate of British India. Kanchanmoy Mojumdar, for example, opines that.

> In fact, the recognition of Nepal's de jure independence made little change in her de facto subordination to the British Government Nepal had definitely come within the political framework of the British empire, in India, being looked upon by the Indian Government as a political and military outpost of that empire. Nepal's internal autonomy was guaranteed by the British Government, but her external relations had, in effect, been adjusted to the requirements of British policy, and her independence in this respect was clearly limited to the extent allowed by the British.

Leo E. Rose also adds rather cautiously that

> The scope of Nepal's independence however, was limited somewhat by the third clause, which obligated each Government "to exert its good offices" to remove causes of "any serious friction or misunderstanding with the neighbouring states whose frontiers adjoin theirs."[10]

He then comments in a most irresponsible manner that

> Although defined in terms of mutual obligation, in fact this meant that Kathmandu would continue to "consult" the Government of India on relations with Tibet, Sikkim, Bhutan and China[11]

Kanchanmoy Mojumdar may be right, but to a certain extent only, when he says that in actual practice, the recognition of Nepal's de jure independence made little change in her de facto subordination to the British government. It was only to be expected that in the context of the early 1920's when great Britain still held sway over half of the world, a tiny Asiatic frontier state like Nepal should, for its own interest, act the part of British India's subordinate ally. But this did not mean that she had, legally speaking, surrendered or forfeited any part of her sovereignty to the British

CC-0. In Public Domain. Digitization by eGangotri

To blindly assert that the British had taken over or controlled Nepal's external relations is to ignore completely the unequivocal declaration in Article I which stipulates clearly that the High contracting parties "acknowledge and respect each others" independence, both internal **and external.** "And Leo Rose's interpretation of Article III, as noted above, is nothing less than malicious insinuation against Nepalese sovereignty and an ackward attempt to relegete Nepal's status on a par with Bhutan's – whose external relations was expressly brought under British control in the Anglo-Bhutanese Treaty of 1910. I would further like to put on record that Maharaja Chandra stubbornly resisted all British attempts during and even before the negotiation of the Treaty to surrender or compromise Nepal's freedom of action in regard to her external relationship, - with Tibet in particular.[12] It is therefore clear that the Treaty of 1923, instead of bringing Nepal closer into the orbit of the British Indian Empire, gave her a distinct and seperate personality outside that orbit. Thus the contention that this Treaty was a mere camouflage through which the British further controlled and dominated Nepal is baseless and cynical at best.

To the question as to whether this Treaty raised Nepal's status as a full an equal member of the comity of nations, I would definitely give a clear "yes" for answer. As I said before, from the international legal point of view, Nepal was clearly recognized as an independent country And the wording of Article I signified that Britain and Nepal stood on an equal footing. It is the recognized rule of International law that all nations enjoying full sovereignty in internal and external affairs - however big or small, are equal members of the comity of nations. The British have in this Treaty scrupulously followed this rule which consequently brought the international status of Nepal at par with Britain and all other members of the International community. It seperated Nepal from the category of native states of India like Hyderabad and Kashmir as from the category of Biritish protectorates like Bhutan. This distinction had far-reaching consequences, which, as I shall explain, determined their future destinies. At the time of British withdrawal from the Indian subcontinent, the Nehru government signed standstill agreements and latter treaties with Nepal, Bhutan and Sikkim during 1948-50 which were based on their respective treaties with the British. As a result, Nepal remained and still remains a completely independent country while it enabled the Indian Government to absorb Sikkim within the Union and treat Bhutan as a protectorate if not to this days, at least till a few years back. It is is therefore impolitic if not outright foolhardiness to

CC-0. In Public Domain. Digitization by eGangotri

assert that despite of this Treaty Nepal continued to remain as simply a glorified member of British India's Protectorates.

We now come to the last question. It has been charged by many Nepali and foreign writers that this Treaty was a mere ploy or or instrument through the Ranas, in collaboration with the British, further aggrandized and perpetuated there dictatorship over the country. The comment of Colonel Bhim Narsingh that Maharaja Chandra "plays 'ringeli' (merry-go-round ?) over our heads while he is unaware or oblivious of the fact that the British play 'Ringeli' over his head"[13] and the following remarks of such criticism:

> The Rana aligarchy .. was thereby able to appease the peoples and lull them into as sense of national pride by putting up a show of independence. The reality of the situation was that, for all practical purposes, Nepal had bartered away her independence for a Rana hegemony, aided and abetted by the clever diplomacy of the British in India .. ..It was a different thing that the people of Nepal had to groan under a heavy yoke, while the Ranas helped the British Government and the latter propped up their rule in Nepal.[14]

It is quite understandable for Indian authors like Shushila Tyagi and Kanchanmoy Mojumdar to try to show that the Ranas had bartered away Nepal's sovereignty in exchange for British assistance in perpetuating their family rule in Nepal. By so doing they continue to imply that even today India is "Nepal's guardian and pace-setter."[15] When it comes to the present-day Nepali critics of Ranacracy, we encounter a paradoxical situation. They don't hesitate to condemn the Ranas for selling Nepalese sovereignty while at the same time claiming that Nepal has since eternal times maintained her sovereign and independent status. Obviously, they have to choose between the two contradictory views; either the Ranas sold away Nepal's sovereigenty or they managed to preserve it intact despite of the heavy odds and obstacles which have been detailed above. Inspite of the charge, which may be substantiated to some extent, that the Ranas used the British connection to lengthen and tighten their rule in Nepal, it cannot be refuted that they made a lasting contribution by maintaining if not actually raising the independent status of this country. I would like to conclude by observing that whatever their excesses, which were many and quite unpardonable in the realm of domestic administration, the Ranas nevertheless must be credited for contributing much in the field of external affairs. And thus this Treaty can rightly be acknowledged as a lasting contribution of the Ranas. After all when even the Devil must be given his due, why should we grudge the Ranas this one credit which they rightly deserve ?

CC-0. In Public Domain. Digitization by eGangotri

## NOTES

1. Husain, Asad, *British India's Relations with the Kingdom of Nepal; 1857–1947* (London: george Allen and Unwin Ltd., 1970), p. 208.
2. Article I of the Treaty of Friendship between great Britain and Nepal (1923A. D.)
3. Husain, Asad, *British India's Relations with the Kingdom of Nepal*, p.174.
4. Tyagi, Shushila, *Indo-Nepalese Relations: (1858–1814)* (Delhi: D.K. publishing House, 1974), p. 195.
5. Husain Asad, *British India's Relations with the Kingdom of Nepal, p. 174.*
6, Mojumdar, Kanchanmoy *Political Relations between India and Nepal: 1877-*1923 (New Delhi: Munshiram Manoharlal publishers Pvt. Ltd., 1973), pp. 190 91.
7. Tyagi, Shushila, *Indo-Nepalese Relations*, p. 196.
8. Sama, Balakrishna, *Mero Kavitako Aradhan* (Kathmandu: Sajha Prakashan,
9. Mojumdar, Kanchanmoy *Political Relations between India and Neqal*: 1877-1923, pp. 274-75.
10. Rose Leo E , *Nepal: Strategy for Survival* (Bombay: Oxford University Press, 1971), p. 171.
11. Ibid.
12. See "Provisional Draft between Britain and Nepal about Tibet" and the following discussions on this Draft between Maharaja Chandra and Envoy O' Connor on 8-4-1923 in EPoka I, of the *Foreign Office Archives Singha Durbar*.
13. Same. Balakrishna, *Mero Kavitako Aradhan*, Vol. 2, p. 33.
14. Tyagi, Shushila, *Indo-Nepalese Relations*, pp. 199 & 258.
15. Mojumdar, Kanchanmoy, *Political Relations between India and Nepal:* 1877-1923' p. 278.

CC-0. In Public Domain. Digitization by eGangotri

# टिप्पणी

-माणिकलाल श्रेष्ठ

अग्रलेखमा सन् 1923 को नेपाल-बृटेन सन्धिले नेपाललाइ विश्वमा एक सार्वभौम राज्यको रूपमा प्रस्तुत गरेको छ।

नेपालको स्वाधीनता र सार्वभौमिकतामा नै केही आँच आउने ढङ्गले सन् 1792 मा नेपाल-चीन सन्धि र सन् 1816 मा नेपाल-बृटिश-भारत (सुगौली) सन्धि भएको छ। यी दुई सन्धि हट्नु नेपालको स्वाधीनताको परिपुष्टि हो तसर्थ सन् 1792 को सन्धि खारेज गर्ने सन् 1911 को चीनको एकपक्षीय घोषणा र सन् 1815 को सन्धि हटाउने सन् 1923 को नेपाल बृटेन सन्धि दुवैको संयुक्त फलको रूपमा विश्व-समुदायमा नेपालको स्वाधीन अस्तित्व कायम भएको हो । श्री हेमन्त राणाको अग्रलेखमा उल्लेख भए भैं सन् 1923 को सन्धि एउटाको मात्र देन यो होइन।

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

मुद्रकः– प्रभात प्रिन्टिङ प्रेस, झोछैं, काठमाडौं ।